ISSN 2350-8523


# इसीलीम

# ISILIM

(अर्धवार्षिक दुमी भाषिक पत्रिका)

*(Half Yearly Dumee Language Magzine)*

२०७६ बो (वर्ष) २० खीस्सी (अंक) २० थेले बो ५०७९ छीरीयाम्लो (उधौली) September 2019



भाषा प्रवर्द्धन विशेषाङ्क










## हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २००९/१०/१०

पितृबास:
वि.सं. २०७५/१२/२४

**स्व. लक्ष्मी राई (कोयी)**

हाम्रा ममतामयी आमा तथा दुकिराफको संस्थापक कोषाध्यक्ष श्री तेज बहादुर सत्म राईकी धर्म पत्नी **श्री लक्ष्मी राई** ६६ वर्षको उमेरमा पितृबास हुनुभएकोले उहाँको आत्माको चिरशान्तीको लागि सिमेभुमे, सुप्तुलु, युङ्खुलु एवम् सुम्निमा पारुहाङसँग प्रार्थना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

**छोरा/बुहारीहरु**
बज्र कुमार राई/कल्पना थापा राई
सन्तोष दुमी (स्नाइड)/देवीका राई
हेमन्त कुमार राई (साबु)
मनोज राई
मुरलीधर राई

**छोरी/ज्वाईहरु:**
डम्बर कुमारी राई/किशोर कुमार राई
धन कुमारी राई/चन्द्र बहादुर राई
ध्रुव कुमारी राई

**नाती/नातीनीहरु:**
पृथ्वीमाड राई, एन्जल राई, नातीबाबु राई
गोपीकला राई, श्याम सुन्दर राई
ममता राई, ज्यासिन्थ राई

**पनाती:**
जादोउ राई

## हार्दिक श्रद्धाञ्जली



जन्म:
सन् १९४४-०४-२७

पितृबास:
सन् २०१९-०८-२८

**स्व. मुगासेर राई**

इन्डीयन आर्मी नं.- ९४०६०६१ nk ६११ GR

केपिलासगढी गा.पा.-४, लाम्दीजा (बाक्सिला) निवासी मेरो श्रीमान, हाम्रो पापा **मुगासेर राई** ७७ वर्षको उमेरमा पितृबास हुनुभएकोले उहाँको आत्माको चिरशान्तीको लागि सिमेभुमे, सुप्तुलु, युङ्खुलु एवम् सुम्निमा पारुहाङसँग प्रार्थना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै यस शोकको घडीमा हाम्रो परिवारलाई साथ सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नर-नाता, इष्टमित्र एंव शुभचिन्तकहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**श्रीमती:**
ज्ञान शोभा राई

**छोराहरु:**
कृष्णमणि राई
नन्द कुमार राई
शैलेन्द्र राई

**छोरीहरु:**
सम्झना राई
ज्ञवली राई


# इसीलीम ISILIM

अर्धवार्षिक दुमी राई भाषिक पत्रिका


वर्ष २० अंक २० २०७६

जि.प्र.का. दर्ता नं. ४५/०५६, काठमाण्डौ

**सल्लाहकार :**
सह-प्रा. चतुरभक्त दुमी राई
पूर्व सांसद श्री टंक दुमी राई
क्या. श्री पर्ज बहादुर दुमी राई

**प्रधान सम्पादक :**
डा. नेत्रमणि दुमी राई

**सम्पादक :**
तेजमाया दुमी राई
किर्ती कुमार दुमी राई

**प्रकाशक :**
दुमी किरात राई फन्सीकीम

**मुद्रण :**
पाथीभरा अफसेट प्रेस
बागबजार, काठमाण्डौ
मो. ९८४१६४९६४४

**कम्प्युटर/डिजाइनर :**
लक्ष्मण थामी

**पत्राचार ठेगाना**
इसीलीम दुमी भाषिक पत्रिका
पो. ब. नं. २०२११, काठमाण्डौ
फोन नं. ०१-४९१५०७२
ईमेल ठेगाना: kirti.dumeerai@gmail.com,
isilim.dumi@gmail.com


## विषयसूची


| क्र.स. | शीर्षक/लेखक | पृष्ठ |
|---|---|---|
| १. | केपीलासगढी संरक्षण......../चतुरभक्त राई | १ |
| २. | प्राज्ञ सचिन राई........भेटवार्ता/चतुरभक्त राई | १९ |
| ३. | हामी पनि दुमी........./कुबेर राई | २७ |
| ४. | गायक कुबेर राई ...भेटवार्ता/चतुरभक्त/सन्तोष दुमी | २९ |
| ५. | भाषा सम्बन्धी......./भैरव सत्म | ४० |
| ६. | खामीले र जालपाली.../जगत बहादुर सरचु | ४२ |
| ७. | दिग्भ्रमित.../उमेश लुप्पो दुमी | ४४ |
| ८. | दुमी भाषा कक्षा ........./सुरेश ब्राक्सुपा | ४५ |
| ९. | साखेल गीत ......../दुर्गा बहादुर राई | ४६ |
| १०. | गरिबीको पिडा ..../तिर्थ हलक्सु | ४७ |
| ११. | समाजसेवी........भेटवार्ता/डा.नेत्रमणि राई | ४८ |
| १२. | शुभकामना ........./रत्नमाया साम्पाङ दुमी | ५३ |
| १३. | चारपाछा..../मातेराज सत्म | ५४ |
| १४. | वर्णमाला प्रवर्द्धन.../सम्पादक | ५५ |
| १५. | चितामाथी ......./युवराज छिद्र | ७१ |
| १६. | जीवन ......../हेम हलक्सु | ७१ |
| १७. | सार-संक्षेप..../सम्पादक | ७२ |
| १८. | दुम्कीम गतिविधि......... | ७६ |
| १९. | आर्थिक विवरण ....../सम्पादक | ७८ |
| २०. | तोदिप्पुको विवाह .../भिम राई | ८४ |
| २१. | किराती दुमी .........../डा.नेत्रमणि राई | ८५ |
| २२. | दुमी गान ........... | ९० |
| २३. | इसीलीमको कुरा | ९३ |


**इसीलीम प्रतिनिधी**
श्री लीला राई- बाक्सिला,
दुम्कीम बाक्सिला, दुम्कीम जालपा, दुम्कीम धरान, दुम्कीम माक्पा, दुम्कीम काठमाण्डौ

**मूल्य:**
ने. रु. १५०/-, भारु. १५०/-, H.K. $ 30, सिंगापुर/बुनाई $ 10, U.K. 5, US $ 7

## दुमी थर अन्तर्गतका ७ सामे, २१ पाछाहरू

| क.स. | पाछा | इसीलीम अंक | सामे (सामेत्) | | सामे संख्या | बलसदेल् |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| १. | हलक्सु | ४ | दीक्पा | दीक्मा | १ | लङ्खु, सप्तेश्वर |
| २. | हजुर | १२ | | | | |
| ३. | वालक्पा | ५ | | | | |
| ४. | खारुबु | ७ | | | | |
| ५. | खवचु | ७ | छछुपु | छेकुमा | २ | भुताप्सु पहरा, दारेगौडा र चिउरीखर्क बीचको भाग |
| ६. | रीप्लचु | ९ | | | | |
| ७. | जीपुचु | १२ | | | | |
| ८. | राईचु | १२ | | | | |
| ९. | तुरचु | १२ | | | | |
| १०. | छाचुङ | ८ | | | | |
| ११. | वालक्पु | १३ | बुसुरु | युयुमा | ३ | साइखा नेउखा |
| १२. | हरसी | ११ | | | | |
| १३. | सरचु | १३ | | | | |
| १४. | दीम्मच | ७ | | | | |
| १५. | हम्रुचु | ११ | | | | |
| १६. | रत्कु | ४ | छछुपु | छेकुमा | ४ | साम्फेलु (चिलिम ढुंगा) |
| १७. | हदी | ४ | | | | |
| १८. | रंकासु | ४ | | | | |
| १९. | सत्म | ४ | ब्राक्सुपा | ब्राक्सुमा | ५ | लीक्पादेल् |
| २०. | लुप्पो | ६ | धीक्मी | धीखामा | ६ | नक्ती |
| २१. | मुरह | ४ | बसपा | बसमा | ७ | तुल्सीङटार |

*स्रोत: इसीलीम, अंक-१ (२०५६), अंक-९ (२०६३)*



## केपिलासगढी संरक्षणको लागि जिर्णोद्धार: पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम २०७५।०७६ एक ऐतिहासिक कार्य



**चतुरभक्त राई**
**पूर्व सह-प्राध्यापक**

**सारांश:**
नेपालको प्रदेश नं १ अन्तर्गत खोटाङ जिल्लास्थित केपिलासगढी गाउँपालिकामा रहेको एक ऐतिहासिक गढीको नाम केपिलासगढी हो । गढीलाई बेबारिसे अवस्थामा छाडेर अतिक्रमण गर्दै जाने र रमितेले रमिता हेर्दै जाने क्रमलाई तोडेर यसको संरक्षण र संवर्द्धन गर्नु अत्यन्त जरुरी छ भन्ने दृष्टिकोणले दुमीहरूको हितको लागि मात्र नभएर समग्र जाति र मुलुककै लागि उपयुक्त हुन्छ भन्ने आधारमा दुमी किरात राईहरूको गौरबशाली संस्था दुमी किरात राई फन्सिकिमको पहलमा २०६८ सालदेखि नै जग्गा संरक्षण गर्न जग्गा खरिदको कार्य सम्पन्न गर्दै आएको सन्दर्भमा केपिलासगढीमा सरकारी जग्गा बाहेक फाल्टो ६ रोपनी १० आना ३ पैसा जग्गा संस्थाको अधीनमा ल्याइएको थियो । संघीय संरचना निर्माण भएपछि अघि साविकको बाक्सिला, सप्तेश्वर, बास्पानी, सुङदेल, खार्ताम्छा, फेदी र दिप्सुङ गाउँ विकास समितिहरूलाई एकमुष्टमा गाभिई संयुक्त नयाँ नाम केपिलासगढी गाउँपालिका राखिएपछि केपिलासगढीले इतिहासको मोडमा अर्को महत्ता प्राप्त गर्न सफल भयो । यो गढी ऐतिहासिक, धार्मिक, सांस्कृतिक विशेषता बोकेको पर्यापर्यटन विकासको यथेष्ट संभावना रहेको महत्वपूर्ण ऐतिहासिक क्षेत्र पनि भएकाले नेपालको प्रदेश सरकारको पर्यापर्यटन प्रवर्द्धन शीर्षक अन्तर्गत छुट्टिएको आर्थिक वर्ष २०७५/७६ को बजेटमा केन्द्रित रही डिभिजन वन कार्यालय खोटाङ दिक्तेलमा दुमी किरात राई फन्सीकीमको तर्फबाट प्रस्तुत रु. १० लाखको कार्ययोजना प्रस्ताव स्वीकृत भएकाले त्यस अन्तर्गत केपिलासगढीका विविध संरचनाहरू जिर्णोदार कार्य सम्पन्न गरिएको जानकारी सबैमा रहोस् भन्ने उद्देश्यले त्यसको सारगत विवरण यस लेखमा प्रस्तुत गरिएको छ ।

### १. केपिलासगढीको परिचय

केपिलासगढी गाउँपालिका वडा नं ५ सम्प्तेश्वर र वडा नं ४ बाक्सिलाको शीरमा रहेको लगभग ६ हजार फिट उचाइमा अवस्थित एक किरात ऐतिहासिक गढीको नाम केपिलासगढी हो । केपिलागढीलाई 'गढिडाँडा' को नामले पनि चिनिन्छ। माल र नापीशाखा कार्यालयहरूमा यसको नाम 'केपिलास' वा 'केप्लासगढी' भनेर जनाइएको पाइन्छ । मल्लकालमा यसलाई कविलासपुर पनि भनिन्थ्यो । कविलाको अर्थ 'पुरानो जाति' वा 'आदिवासी' र 'पुर' को अर्थ नगर, शहर, बजार वा इलाका भन्ने जनाउँछ । कबिलाको समानान्तर अङ्ग्रेजी शब्द ट्राइब (Tribe) हो । माथिको अर्थलाई नियाँल्दा कविलासपुर मल्लकाल अगाडिदेखिकै विकसित गढी हो भन्ने देखिन्छ । मानवशास्त्रीय आधार बाट नियाल्दा 'कबिला र आवास' जस्ता शब्दहरूबाट



**केपिलासगढी दरबारको पश्चिम तर्फको मुहार**

केपिलास वा केप्लास हुन गएको बोध हुन्छ । सो अनुसार यही कविला र आवास शब्दको अपभ्रंश रूप नै केपिलासगढी हो ।

भौगोलिक संरचनाको आधारबाट हेर्दा केपिलासगढीको भू-आकार तत्काल धनरूप सत्म राईहरू जस्तो मुद्दुमी तायामी पुर्खाहरूको भनाइमा बन्दुकको 'केप' राख्ने छुची जस्तो देखिन्छ । 'प्लास' को अर्थ- फब्ल्याटो वा सुगाको चुच्चो टुँडोजस्तो आकार भन्ने जनाउँछ । जाल्पा, खार्मी क्षेत्रबाट केपिलासगढीलाई नियाल्दा यसको भू-आकार ठ्याक्कै यसै आकारमा देखिन्छ । यसै क्षेत्रमा अघि हाम्रा वीर पुर्खा किरातीहरूले आफ्नो सुरक्षाको लागि एक किल्ला एवं गढी खडा गरी यसको नाम केप्लासगढी वा केपिलासगढी रहन गयो । यसर्थ यही "केप" र "प्लास" शब्दको संयुक्त रूप केप्लास वा केपिलासबाट केपिलासगढी भएको देखिन्छ ।

**२. केपिलासगढीले समेटेको क्षेत्र**

ऐतिहासिककालमा केपिलासगढी शासकीय क्षेत्र भएकाले यसको क्षेत्र निकै ठूलो थियो भन्ने लाग्छ । यसको क्षेत्र पूर्वमा साम्पाङहरूको गढीक्षेत्र ढाल तरबार, सम्पहँ ओडार, दक्षिणमा रूपाकोट, पेर्मागढी हौचुर, पश्चिममा डुम्रेकोटगढी, उत्तरमा राखागढी पर्दछ । तर लगभग २५० वर्षपछि केपिलासगढीको हालको क्षेत्रफल ५४० मिटरको घेराभित्र केन्द्रित रहेको छ । यसले लगभग १५ रोपनी जग्गा ओगटेको देखिन्छ । केपिलासगढीको सीमाना उत्तरमा आफ्नै सँधियार भएको चप्लेटी रानी सामुदायिक वन पश्चिममा थानागाउँ, दारेगौडा, उत्तर पूर्व सँधियार भएर बसेको घिनुवन बाक्सिला र साक्सिलागाउँ रहेको छ । दक्षिणतिरको सीमामा निजी वन रहेको छ जो पोक्लु, चिउरीखर्क, दारेगौंडा, दामथला गाउँहरूसँग सम्बन्धित रहेको छ ।

**३. केपिलासगढीको इतिहास**

केपिलासगढीको सांस्कृतिक प्राचीनतालाई खोज्ने हो भने किरातको अलिखित धर्मग्रन्थ 'मुद्दुम' (१० हजार वर्षभन्दा अगाडिको) मा यसलाई 'पिपिरी पिरिरिचो' (घाम झुल्कने डाँडा) भनेर पुकार्ने गरिएको पाइन्छ । नेपालको पूर्वमा रहेका पचासौं गढीहरूका समान यसको इतिहास समकालीन रहेको अनुमान गर्न सकिन्छ । यस गढीलाई वि सं १८२५ मा पृथ्वीनारायण शाहको राज्य एकिकरणको अभियानमा गोर्खाली सेनाले डुम्रेकोटगढी नियन्त्रणमा लिएपछि लगत्तै यस गढी उपर आक्रमण गरेको बुझिन्छ । त्यसताका यस गढीका अन्तिम किराती शासक निगुहाङ र रोकोबासी थिए । उनीहरू दुमी वंशसँग सम्बन्धित देखिन्छन् । साम्पाङवंशी प्रतिनिधि पनि केपिलासगढी युद्धताका बासपानी डाँडामा मारिएका थिए भन्ने पुर्खाहरूको भनाई रहेको छ ।

शाह वंशीय इतिहासमा राजा रणबहादुर शाह एवं प्रधानमन्त्री भीमसेन थापाको कार्यकालमा राज्यले बेहोर्नु परेको युद्धको कारण र रणबहादुर शाह स्वयं काशीमा रहँदा लागेको ऋणबाट छुटकरा पाउन सिपाहीहरूबाट सलामी उठाउनु परेको थियो । त्यसैगरी यसअघि माफिमा पाएका जग्गा, गुठी र विर्ता जग्गालाई हरण गर्नुपर्ने भएकाले वि.सं. १८६२ सालमा गुठविर्ता जग्गाहरणको अभियान चल्यो जसलाई बासठ्ठी हरण भनिन्छ । त्यसै अभियानमा कसको हरण गर्ने कसको थमौती गर्ने भन्ने छुट्याउन जाँचकी टोलीहरू पूर्व-पश्चिम लागेका थिए । त्यसमध्येका एक टोली केपिलासगढी आइ जाँचबुझ गर्दा अघि मल्लकालमा शङ्कर भण्डारीले पाएको कविलासपुर को घडेरीको सँधियार उंगेप राई-१, विराठेकी राई-१, प्रितिवल राई-१, जनासिं राई-१, अंबर्या राई-१ यति पाँचथरका किराती जिमी भएको थाहा पाएका थिए । (नेपाल, ज्ञानमणि (२०४५) "माझकिरातको संक्षिप्त





सिंहावलोकन" । यी राईहरू उनै कबिला वंशबाट विस्तार हुँदै हाल दुमी वंशजको रूपमा फैलिएर बसेको पाइन्छ ।

**४. हाल केपिलासगढीको संरक्षकत्वको जिम्मेवारी पक्ष**

यो गढी २०४२ सालमा पहिलो पटक जग्गा नापी हुँदा लगभग एक रोपनी जग्गा गढीको नाममा राखिएको पाइन्छ । यस बाहेक गढीको पूर्व र पश्चिम साँधमा ६ रोपनी १० आना ३ पैसा जग्गा हाल दुमी किरात राई फन्सीकीम (संस्था) को नाममा संरक्षणमा रहेको छ । यो संस्था दुमी भाषी किरात राईहरूको भाषा, धर्म, संस्कार संस्कृति, इतिहास, पुरातत्व तथा वंशावलीको संरक्षण गर्दै विविध जातिहरूवीच सामाजिक सांस्कृतिक सहिष्णुता र सद्भाव कायम राख्दै बृहद् राष्ट्र निर्माण कार्यमा राज्यलाई टेवा पुऱ्याउने संस्था हो । उक्त संस्था २०५५ सालमा प्रमुख जिल्ला अधिकारीको कार्यालय खोटाङमा दर्ता भएको हो । यो संस्थाले बेवारिसे अवस्थामा रहेको र व्यक्तिको निजी सम्पत्तिको रूपमा भोग चलन भई ऐतिहासिक निधी र पदचिन्हहरू लोप हुँदै गएको अवस्थामा त्यसलाई बचाएर राख्न २०६७ सालमा बस्नेत परिवारहरूबाट ३ रोपनी जग्गा सशुल्क खरिद गरी खोटाङ माल कार्यलयमा रजिष्ट्रेशन पासगरी संस्थाको दायरामा ल्याइएको हो । यसैगरी २०६८ सालमा दुमी किरात राई फन्सिकिमका मानार्थ सदस्य जग्गादाता सप्तेश्वर पोक्लु निवासी धामी अष्टबहादुर हदी दुमीराईबाट ३ रोपनी १० आना ३ पैसा जग्गा निशुल्क दानको रूपमा प्राप्त गरिएको हो ।

**५. केपिलासगढीको संरक्षण, जिर्णोद्दार र पर्यपर्यटकीय क्षेत्र निर्माण गरिनु पर्ने आधार**

नेपालका प्रायः सबैजसो ऐतिहासिक गढीहरू पर्यटकीय क्षेत्र बन्ने संभावना रहेको देखिन्छ, र बन्नु- बनाइनु आवश्यक पनि छ । केपिलासगढी नै पनि यसको अपवाद बन्न सक्तैन । त्यसैले केपिलासगढी हरेक दृष्टिकोणले पर्यपर्यटकीय क्षेत्र वन्ने आधारहरू देखिएकाले त्यसको संरक्षण, संवर्द्धन र जिर्णोदार गरिएको हो ।

१. सर्वप्रथम त केपिलासगढी स्वयंमा एक ऐतिहासिक, धार्मिक, सांस्कृतिक क्षेत्र हो । गढीमा आगो लगाउने, संरचनाहरूलाई भत्काइ दिने, बहुमूल्य पुलिक माला झिक्न जतातते उधिन्ने, ढुङ्गाहरू लडाइदिने, फुटाइदिने जस्ता विध्वंसात्मक र निन्दनीय कार्यहरू हुँदै गएकाले गढीको ऐतिहासिक स्वरूप नै विग्रदै गएको अवस्थामा चाँडोभन्दा चाँडो यसको अस्तित्वलाई बचाई राष्ट्रिय सम्पदाको रूपमा संरक्षण गरिन आवश्यक थियो ।

२. केपिलासगढीको सँधियार २९ हेक्टरमा फैलिएको रानी सामुदायिक वन चप्लेटी र १९ हेक्टरमा फैलिएको घिनु सामुदायिक वन बाक्सिला रहेको छ । यी दुवै वनहरूले केपिलासगढीलाई सुन्दर र शोभायमान बनाएको छ । केपिलासगढी यी वनहरूको शिर र वनहरू शरीर, पाउ र हातजस्ता देखिएकाले तीनवटै क्षेत्र एक अर्काका परिपुरक भएर नै रहेका छन् । रानी सामुदायिक वन केपिलासगढीकै शासकहरूले हुर्काएको हुनाले यसको नाम रानीवन नामाकरण हुन गएको हो । यहाँ पछिल्लो कालमा भगिवन्त सखिवन्त नाम गरेका तालुकी राईहरूले एक शिद्धदेवीको थान समेत स्थापित गरेकाले यसको पूजनकार्य तिनै वंशजहरूले गरिआएको पाइन्छ । प्रस्तुत प्राकृतिक विशेषताहरूलाई जोगाउन अत्यन्त आवश्यक थियो ।

३. केपिलासगढी पुग्न पूर्वबाट आउँदा घिनुवन र उत्तर र पश्चिम दिशाबाट आउँदा रानीवनको बाटो लिइआउँदा अत्यन्त रमाइलो र आनन्ददायक अनुभूत हुन्छ । त्यसैले केपिलासगढीसँग यी वनहरूको पर्यावरणीय सम्बन्ध रहेको छ ।

४. केपिलासगढीबाट अन्य ऐतिहासिक सांस्कृतिक

भूभागहरू सहजै देख्न सकिन्छ । जस्तै आफ्नै बगलमा रहेको चिनागढी, पूर्वमा ढालतरवारडाँडा, ढोलटाँसे, मैयुडाँडा, उत्तर पूर्वमा लौरेडाँडा, साल्पा सिलीचोङ, चिलिमदुङ्गा, पश्चिममा ऐसेलुखर्क बजार, सोलु सल्लेरी, लुङ्गुर हिमाल, दुधकोशीस्थित रम्बुआ, चात्मे राईको डुम्रेकोटगढी, ओखलढुङ्गा स्थित चिसंकुगढी, तलुवागढी, बाहिङ र वाम्बुले राईहरूको ऐतिहासिक महत्वको पवित्रस्थल लिब्जु-भुम्जु, ओखलढुङ्गा बजार, पश्चिम दक्षिणमा लामीडाँडा हवाइमैदान, हौचुरको पेर्मागढी, मौरेगढी,. उत्तरमा बिखे, चन्दु, विस्काम, हरिसे, रावाखोला, राखागढी, बहाने पोखरी, दक्षिणमा तापखोला, रूपाकोट, पैयाडाँडा, सिपुरी भञ्ज्याङ, तोयामा खियामाडाँडा आदि । पर्यटकीय दृष्टिले यस प्रकारको भूमिको संरक्षण गरिनु अत्यन्त आवश्यक थियो ।

५. केपिलासगढीको पुराना आन्तरिक संरचनाहरू अत्यन्त महत्वपूर्ण रहेका छन् । यसलाई जस्ताको तस्तै निर्माण गर्न सकेमा गढी आफैमा एउटा ऐतिहासिक, पुरातात्विक क्षेत्र बन्न सक्ने आधार रहेकाले हराएको इतिहासलाई उजागर गर्न र राष्ट्रिय इतिहासको वास्तविक निर्माणमा सघाउ पुऱ्याउन प्रस्तुत कार्य गरिएको हो ।

६. गढीको भ्रमण, अवलोकन र अध्ययनबाट जोसुकैले पनि एउटा नयाँ दृष्टिकोणको निर्माण गर्नसक्ने आधारहरू रहेका छन् । अनुसन्धानमा लागेका इतिहास, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र र संस्कृतिका विद्यार्थीहरूका लागि यो क्षेत्र अध्ययनको केन्द्र बन्न सक्ने संभावनाहरू प्रशस्त रहेका छन् ।

७. केपिलासगढी उच्च भूभागमा रहेकाले डाँडाको भ्रमण जोसुकैको लागि पनि प्रिय भएको पाइन्छ । स्थानीयरूपमा उहिल्यैदेखि नै साउने सक्रान्तिको भोलिपल्ट राँकेबजार यही केपिलासगढी हुँदै घिनुडाँडासम्म लाग्ने गरे कालो यो क्षेत्र सबैको एक मनोरञ्जनात्मक क्रिडास्थल बनेको छ ।

८. केपिलासगढीको भ्रमण गर्दा पूर्ववाट शिखर चढ्दा घिनुडाँडादेखि शुरु भएर र केपिलासगढीमा गएर अन्त्य हुन्छ । यसको लम्बाई १ किलोमिटर रहेको छ । त्यसै गरी पश्चिमबाट शिखर चढ्दा रानीवन, केपिलासगढी र चिनागढी हुँदै घिनुडाँडा पुगेर अन्त्य हुन्छ । त्यसैगरी चप्लेटीबाट आउँदा उत्तर र दामथला, चिउरीखर्कबाट आउँदा दक्षिणपाटोबाट उकालो चढी केपिलासगढी आइपुगिन्छ । गढीको जुनसुकै पाटाबाट होस जङगले जङ्गल भएर लगभग एकघण्टाको यात्रा हाँसखेल गर्दै पुरा हुने आनन्ददायक पर्यटकीय यात्राको लागि एउटा इटा थप गर्न आवश्यक थियो ।

९. यहाँ धेरै पहिलादेखि नै वनभोज खान जाने, मनोरञ्जनका लागि घुम्न आउने गरिएको पाइन्छ । घिनुडाँडामा अहिले एनसेलको टावर राखिएकाले सञ्चारको सुविधामा वृद्धि भएको पाइन्छ ।

१०.२०७६ सालको माघे सक्रान्तिको दिन यलम्बर दिवश मनाउन केपिलासगढीमा साकेला सिली नाचको प्रदर्शन पनि आयोजना गर्न थालिएको छ ।

११. घिनुडाँडाबाट देखिने साक्सिला गाउँको दृष्य पनि अत्यन्त रमाइलो मानिन्छ । अघि साक्सिलामा एक पोखरी थियो भन्ने विश्वासले त्यस्तै परिकल्पनामा घिनुको यात्रा तय हुने गर्दछ । यहाँ दूध, दही, मही खान पाइन्छ । यहाँ बस्नेत मूलमा क्षेत्रीहरू बसोवास गर्दछन्, जो एकिकरणताका सेनाको रूपमा आई वसोवास गर्न शुरुगरेको भन्ने भनाई रहेको छ ।

११. यस ठाउँमा चैत्र महिनामा लालीगुराँस फूलेको दृष्य अत्यन्त मनमोहक देखिन्छ ।

१२. केपिलासगढी गाउँपालिका बाक्सिला बजार सेरोफेरोमा आइपुग्ने जो सुकै नव आगन्तुकहरूको लागि र विशेषगरी स्थानीयवासीहरूका लागि प्रिय भ्रमणीयस्थल भएको छ ।





१३. भविष्यमा यहाँ भ्युटावर राख्न सकियो भने पर्यटकीय स्थल बन्नमा अझै सहायक बन्नेछ ।

**६. केपिलासगढीको जिर्णोदार : स्थानीय पर्यटन प्रवर्द्धन विकासको कार्यक्रम**

गढीको पुराना आन्तरिक संरचनाहरूलाई यथास्थानमा ल्याउन सकियो भने यसबाट गढीको संरक्षण र स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको अध्ययन भ्रमण एवं अनुसन्धानशास्त्रीहरूको लागि अध्ययन अनुसन्धान केन्द्र बन्नसक्ने भएकाले त्यसको लागि २०७६ साल जेठदेखि साउनको आधासम्ममा दुई तहका कार्य सम्पन्न गर्ने जिर्णोदार कार्य भएको छ ।

**६.१. परियोजना प्रस्ताव निर्माण र प्रस्तुतीकरण**

ऐतिहासिक केपिलासगढीलाई संरक्षण गर्न यसमा रहेका लोपोन्मुख आन्तरिक संरचनाको जिर्णोदार गर्दै राष्ट्रिय इतिहासको निर्माण गर्न अत्यन्त आवश्यक थियो । नेपालको सन्दर्भमा भन्ने हो भने सरकारी पक्षबाट अगाडि सारिएका कतिपय कार्यक्रमहरू र त्यसका बजेट यथेष्ट सूचना र जानकारीको अभावमा त्यसै फ्रिज भएर जाने अनि उपभोक्ता एवं जनताहरूको तर्फबाट भने सँधै सरकारलाई गाली गर्नुपर्ने यथार्थबाट कोही पनि टाढा छैनौं । यस पटक यस्तो परिपाटीबाट खोटाङ जिल्लास्थित केपिलासगढी गाउँपालिका अलिकति भए पनि लाभान्वित भएको महशुस भएको छ ।

यो प्रस्तोता काठमाडौंको लामो जागिरे जीवनको अवकास (रिटायरमेण्ट) पछि केही दिन आराम गर्न २०७६ जेठको पहिलो हप्ता केपिलासगढी गाउँपालिका पुग्यो । गाउँपालिका अध्यक्ष श्री कृष्णकुमार राईबाट प्रस्तोतालाई जेठको १७ गते कार्यालयमा बोलाइएकाले गा. पा. कार्यालय पुग्दा अध्यक्षको जानकारीबाट प्रदेश सरकारको बजेट योजनामा परेको पर्यटन प्रवर्द्धन शीर्षकमा रहेको रु १० लाखको बजेटको सदुपयोग गर्न सकिने बारे सौहार्द्रपूर्ण छलफल भयो । साथमा अध्यक्षसँगको सल्लाहबाट उक्त बजेट र कार्यक्रमलाई हेर्ने डिभिजन वन कार्यालय खोटाङ दिक्तेलमा एक परियोजना प्रस्ताव पेश गर्ने सरसल्लाह गरियो । समय निकै घर्कीसकेको थियो । कार्यक्रम प्रस्ताव पेश गर्ने निर्धारित मिति (डेटलाइन) ५ वा ६ दिन मात्र बाँकी हुँदा एक प्रस्ताव हतार हतारमा तयार पारी, सब-इन्जिनियरद्वय मनी सुनुवार र वीर बहादुर सुनुवारको प्राविधिक सहयोग र केपिलासगढी गा. पा. का सहयोगी कर्मचारी वर्गको एकमुष्ट सहयोगमा परियोजनाको सामान्य विवरण (डिपिआर) तयार गरी जेठ २० गते डिभिजन वन कार्यालय दिक्तेलमा पेश गरियो ।

यस परियोजनामा तारवेरको व्यवस्था, ट्रेन्चको जिर्णोदार, बाटोको निर्माण, ट्रेन्चमा पुलको व्यवस्था, जेलखानाको जिर्णोदार, मुख्य दरबारको सबै संरचनाहरूको जिर्णोदार, परेड मैदानको संरक्षण, सुरक्षा पोष्टको जिर्णोदार, गढीको सरसफाई, होर्डिङ बोर्ड र विभिन्न नामाङ्कित प्लेटहरू लेखेर राख्ने रहेको थियो । असारको २ गते गइसकेको थियो । परियोजना स्वीकृत हुने नहुने कुनै टुङ्गो थिएन योजना परिचालनको त कुरै थिएन । अकस्मात असार ३ गते परियोजना स्वीकृत भएकाले डिभिजन वन कार्यालयबाट संभौताको लागि खबर आएकाले ४ गते दिक्तेल गइयो तर उक्त दिन वनसम्बन्धी कर्मचारीको महत्वपूर्ण प्रशिक्षण गोष्ठी भएकाले कार्यालय नै खाली भएकाले संभौता हुन सकेन । तसर्थ यो प्रस्तोता त्यसै बाक्सिला फर्क्यो । तर कार्यक्रम स्वीकृती भएको खबर आएकाले कार्यक्रमलाई सञ्चालन गर्न दुमी किरात राई फन्सीकीमको एक वैठक बाक्सिलामा बसी परियोजना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

परियोजना प्रस्ताव स्वीकृत भएसँगै पुरातत्व

विभागबाट कोही विशेषज्ञ स्थलगत अध्ययनका लागि केपिलासगढीमा ल्याउन पाए सान्दर्भिक बन्थ्यो होला भन्ने नलागेको होइन, तर नेपालको सन्दर्भमा त्यो कार्य 'आकाशको फल आँखा तरी मर' भनेजस्तै थियो, कारण २० दिन भित्रमा गढीको कार्य समाप्त गरेर एक आर्थिक वर्षको कार्यक्रमलाई सरकारी स्रेस्तामा मिलान गर्नुपर्ने परिपाटीले गर्दा यो काम अवश्य नै चानचुने भने थिएन, तर पनि कोही न कोही विज्ञको आवश्यकता हुन्छ भन्ने अभिप्रायले गढीको इतिहासको अध्येता एवं लेखक भोजपुर क्याम्पसका इतिहासका प्राध्यापक कमलजङ राईलाई कार्यक्रम सञ्चालन अघि गढीको पर्यवेक्षण गराउन बाक्सिला आउन मौखिक अनुरोध गरियो । अन्तिम घडीमा भनेको बेला को आइदिने, यो जोसुकै लाई पर्ने समस्या हो तथापि कमलजङ राइले यो हाम्रो बाध्यता बुझिदिनु भएकाले उहाँ जेठ ८ गते केपिलासगढी गाउँपालिकामा आइपुग्नु भयो । उहाँको आगमन पछि एक संयुक्त बैठक बसी केपिलासगढी पर्यटन प्रवर्द्धन कार्यक्रम निर्माण समिति (जिर्णोदार समिति) को गठन गरी असार १० गतेबाट विज्ञको परामर्शमा युद्धस्तरमा काम थालनी गरियो । यो कार्य साउन १४ गतेसम्म नै लगातार कार्य अघि बढाइ सम्पन्न भए र प्रस्तावमा उल्लेख भएको कार्यहरूभन्दा पनि अझ बढी कार्यहरू सम्पन्न गरिए ।

**६.१.१. केपिलासगढी पर्यटन प्रवर्द्धन कार्यक्रम समिति (जिर्णोदार समिति)**

केपिलासगढीको कार्य कसरी सम्पन्न गर्ने भन्ने बारेमा दुमी किरात राई फन्सीकीमले एक बैठक बोलाई निम्न व्यक्तिहरू समावेश रहेको माथि भनिए अनुसारको एक समिति गठन गरेको थियो-

१. लवकुमार लुप्पो राई, शिक्षक तथा दुमी किरात राई फन्सीकीम दुम्कीम अध्यक्ष, बाक्सिला अध्यक्ष-संयोजक
२. राजकुमार दिम्मचु राई, पूर्व शिक्षक, चोखुम- सचिव
३. रुद्रकुमार राई, शिक्षक, चिउरीखर्क- सदस्य
४. हिराकुमार बस्नेत, समाजसेवा तथा राजनीति साक्सिला- सदस्य
५. प्रदिप राई, दुम्कीम सदस्य, बाक्सिला- सदस्य
६. पदमबहादुर राई, पूर्व सचिव, दुमी किरात राई फन्सीकीम बाक्सिला- सदस्य
७. दिर्पणा सत्म राई, शिक्षिका, चप्लेटी- सदस्य

प्रमुख सल्लाहकार तथा अनुगमन समिति

१. चतुरभक्त राई, अध्यक्ष दुमी किरात राई फन्सीकीम
२. खगेन्द्र राई, वडा अध्यक्ष, केपिलासगढी गा पा-५
३. गणेश अधिकारी, वडा अध्यक्ष, केपिलासगढी गा पा-४

गढी अध्येता : उप प्राध्यापक कमलजङ राई इतिहास विभाग, भोजपुर बहुमुखी क्याम्पस

**६.२. परियोजना कार्य सम्पन्नता**

उक्त समितिको पहलमा २०७६ असार १० गतेबाट मसान्तसम्म गढीका मुख्य मुख्य संरचनाहरूको जिर्णोदार कार्य सम्पन्न गर्दा निम्नानुसार कार्य सम्पन्न भएका छन्-

**६.२.१. गढीको पूर्वतर्फको खाई र यसमा निर्मित पुलको निर्माण** (east side trench of the fortress and constructed bridge)

शत्रुबाट सुरक्षित हुन र आक्रमणलाई निस्तेज तुल्याउन यो पूर्वतर्फ निर्माण भएको एक महत्वपूर्ण खाई हो । आजभन्दा ३०० वर्ष अघि निर्मित यो खाई ढुङ्गा, माटो, वन र झाडीहरूले पुरीसकेको अवस्थामा केही पुराना पदचिन्हहरू, अवशेषहरू मात्र बाँकी रहेकाले त्यसैको आधारमा त्यसलाई यस पटक जिर्णोदार कार्य सम्पन्न गरिएको छ । हाल यस खाईको लम्बाई ४५ फिट, चौडाई ८ फिट ३ इञ्च र उचाई ६ फिट रहेको छ । खाईलाई यथास्वरूपमा ल्याइएपछि बाटोघाटो हिँड्न कठिन भएको हुनाले त्यस खाईमा





एउटा गतिलो छानासहितको काठेपुल थापिएको छ । शुरुमा फलामको पुल थाप्ने भनिए पनि असार २१ गते अब्जर्भेसनमा आइपुगेका डिभिनज वन कार्यालय खोटाङ दिक्तेलका प्रमुख श्री अम्बिका प्रसाद पौडेलको टोलीले स्थलगत निरिक्षणपछि दिएको निर्देशनअनुसार ऐतिहासिकताको लागि काठेपुल नै राख्न उचित हुन्छ भन्ने परामर्श प्राप्त भएकाले जस्ताको छानाहाली एक काठेपुलको निर्माण गरिएको छ ।

हाल उक्त पुलको लम्बाई ११ फिट ५ इञ्च, चौडाइ ५ फिट १० इञ्च रहेको छ । पुल मुनीको उचाई ६ फिट र पुलमाथिको छानोको उचाई ९ फिट रहेको छ । यसमा आगमन पाटातर्फ "केपिलासगढी हार्दिक स्वागत गर्दछ" र प्रस्थानको पाटातर्फ "पुनरागमनको लागि हार्दिक अपेक्षा गर्दछौं" भनेर संकेतपाटी (साइनबोर्ड) राखिएको छ ।



पूर्वको खाइमा निर्मित पुल

पुलकै अगाढि पूर्वतर्फ केपिलासगढीको परियोजना विषयमा उल्लेख गरिएको एक होर्डिङ बोर्ड राखिएको छ । यसलाई फोटोमा जस्ताको तस्तै प्रस्तुत गरिएको छः

**६.२.२. जेलखाना** (jail)

केपिलासगढीका शासकहरूले खतुकीलाई सजाय दिन वा किरात शासनको खिलाफमा लाग्ने जोसुकैलाई सजाय दिलाउने उद्देश्यले एक जेलखानाको पनि व्यवस्था गरेका थिए छन् भन्ने प्रमाण हालसम्म रहेको केपिलासगढीको प्राकृतिक पनि झ्यालखानाले सावित गरेको छ । यो जेलखाना पहिलो खाई छेउको केब्ल माथिल्लो काँल्लोमा रहेको छ । यसको गहिराई १२ फिट र चौडाई सरदर ४ फिट रहेको छ भने लम्बाई सरदर ३० फिट रहेको छ । यो जेलमा प्रवेश र निष्काशन दुवै अप्ठ्यारो रहेकाले यस पटकको जिर्णोदारको कार्यमा १६ फिट लम्बाई रहेको एक काठे लिस्नु लगाई आवत जावत गर्न सजिलो बनाइएको छ । यसमा एक फलामे ढकनी लगाई सुरक्षित गर्ने कार्य बाँकी नै रहेको छ ।

**६.२.३. सुरक्षा ढुङ्गासहितको दोस्रो खाई** (second trench with defensive stone)

पहिलो खाई पछि केही माथिल्लो खण्डमा लगत्तै अर्को खाई रहेको छ । यो शत्रु आक्रमण र सुरक्षा दुवै उद्देश्यले निर्माण गरिएको खाई हो । यसको लागि ठूलो च्याप्टो आकारको ५ वटा ढुङ्गाहरू उठाइएका छन् । साविकमा यी ढुङ्गाहरू यत्रतत्र ढालिएको अवस्थामा थियो । संभवत केपिलासगढी बिजयपछि पुनः यहाँका शासकहरू व्युतन नसकुन भन्ने उद्देश्यले यी डिफेन्सिभ ढुङ्गाहरू तोडफोड र विनाश गरिएका थिए भन्ने देखिन्छ । यो खाई जेलखानाको नजिकै रहेको छ । यसको लम्बाई २३ फिट, गहिराई ३ फिट र चौडाई ४ फिट रहेको छ । यसमा जम्मा ६ वटा ढुङ्गाहरू उठाइएका छन् ।

६.२.४. **बाटो** (Road)

पूर्वबाट पहिलो खाई तरेर केपिलासगढीमा प्रवेश गरेपछि दुईटा बाटो फाटिन्छ । एउटा बाटोले केपिलासगढी दरबार क्षेत्र र अर्को बाटोले सैनिक परेड मैदानतिर दिशाबोध गर्दछ । यो बाटो अघि गढी चालु रहेकै अवस्थामा निर्मित बाटो हो । पछिल्लो अवस्थामा दरबार क्षेत्रतिर जाने बाटो भग्नावशेष मात्र रहेको र परेड मैदानतिर जाने बाटो टुटफूट अवस्थामा रहे को गोरेटो बाटो जो हाल पनि चालु नै रहेको छ त्यस अवस्थालाई ध्यानदिई यस पटकको परियोजना अन्तर्गत यसै बाटोलाई मर्मत गरी फराकिलो बनाउने कार्य सम्पन्न भएका छन् । हाल जिर्णोदार गर्दा यो बाटोका लम्बाई = ३६० फिट र चौडाई सरदर ३ फिट रहेको छ ।

६.२.५. **जग्गादाताको चौतारो निर्माण** (making of platform of land donor)

२०६७ सालमा दुमी किरात राई फन्सीकीमले समग्र केपिलासगढीलाई संरक्षण गर्ने कार्य योजना अगाडि सार्दा सप्तेश्वर पोक्लु निवासी नक्षो अष्टबहादुर हदी राईले ३ रोपनी १० आना ३ पैसा जग्गा संस्था( लाई निशुःल्क रूपमा उपलब्ध गराउनु भएकाले उहाँको परिवारको सम्मानमा एक चौतारो निर्माण गरिदिने भन्ने वचनबद्धता गरिएको थियो । त्यसै परिप्रेक्ष्यमा यस पटक त्यही उद्देश्यलाई पुरा गर्न त्यस परिवारको सम्मानमा सरदर १२ह१० फिटको एक चौतारो र ढुङ्गे फलैचा निर्माण गरिएको छ । यसमा निज दाताको एक शिलालेख राख्ने कार्य हुँदैछ । त्यही चौतारोसँगै गढी उद्दारको क्रममा फेला परेको सुँगुर, कुखुरा आदिले चारो खाने ढुङ्गे डुँढलाई पनि यसै चौतारोमा स्थापित गरिएको छ ।

६.२.६. **गढीकै पूर्वीभागमा रहेको एक सानो खाई** ( a small trench at the east side of fortress)

खाईको भाग पूर्णतः पुरिनगई छेउको थोरै भाग मात्र बाँकी रहेको अवस्थामा यो खाई भेटिएको हो । यो खाई सरदर १५ फिट लम्बाई, ४ फिट चौडाई र ३ फिट उचाई रहेको छ । यो खाई विशेषतः भोजपुर क्याम्पसका इतिहासका प्राध्यापक तथा गढीका अध्येता कमलजङ राईको अध्ययनमा फेला परेको हो । यसमा सामान्य तवरको एक पुल निर्माण गरिने लक्ष्य रहेको छ ।

६.२.७. **सुरक्षात्मक ढुङ्गाहरूको उठान** (raising of defensive stone)



**पूर्व तर्फ सत्रु आक्रमणबाट बच्न उठाइएको सुरक्षात्मक ढुङ्गाहरु**

माथि भनिएको खाईको छेउछाउमा च्याप्टो आकारका विभिन्न ढुङ्गाहरू कोल्टे अवस्थामा यत्रतत्र लडाइका, भूँइमा फ्याँकिएका यत्रतत्र छरिरहेका अवस्थामा रहेका थिए । यी ढुङ्गाहरू केपिलासगढी युद्ध विजयपछि त्यहाँ सत्रुहरू (गोर्खाली सेना) एक महिनासम्म रहेका बेला यी सबै ढुङ्गाहरू तहस नहस पारिएको अनुमान लाग्छ । अहिले उठाइएका जम्मा ९ वटा सुरक्षात्मक ढुङ्गाहरूको उचाई सरदर ४ फिट र २.५ फिट चौडाईका रहेका छन् । यो ढुङ्गाको उठानले गढीको ऐतिहासिकता निकै झल्केको आभास पाइन्छ ।





६.२.८. **पूर्वतर्फको चौथो खाई** (the fourth trench of the east side)

सुरक्षात्मक ढुङ्गाहरूको नजिकै उत्तर दिशामा अर्को एक खाई रहेको अनुमानमा पातपङ्गिर, स्याउलाहरू सफा गर्दै, माटो, ढुङगोहरू झिक्दै लैजाने क्रममा करिब ३ फिट तल त्यहाँ एक लोहोरो ढुङ्गा, कोइला र इटाका टुक्राहरू फेला परेकाले त्यो खाई नै रहेको प्रमाणित भएको छ । त्यसैले यस खाईको पनि जिर्णोदार गरिएको छ । यसको लम्बाई सरदर १५ फिट र चौडाई दुरी ४ फिट र उचाई ३ फिटको रहेको छ ।



**गढीको पूर्व तर्फ रहेको दुई सुरक्षा पोष्ट गोल घेरामा**

६.२.९. **केपिलासगढी दरबारको पूर्वतर्फ रहेको दुई सुरक्षा पोष्ट** (two centry post at the east side of palace)

केपिलासगढी दरबारको पूर्वतर्फ नजिकै दुईटा सुरक्षा पोष्ट रहेको कुरा त्यहाँ अलपत्र रहेका ढङ्गाका थुप्रोहरूबाट थाहा लाग्यो । यहाँबाट अपराधिक चरित्रका मानिसहरूले जमिन खनी ऐतिहासिक सामग्रीहरू चोरी गरिसकेको थियो । तथापि यस पटक केपिलासगढी दरबारको पश्चिमतर्फ आँगनमा रहेको एक सुरक्षा पोष्टको स्वरूपको आधारमा पूर्वतर्फ पनि सोही प्रकार को सुरक्षा पोष्ट हुनुपर्ने आधारमा निम्न दुईवटा सुरक्षा पोष्ट जिर्णोदार गरिएका छन् ।

१. पहिलो सुरक्षा पोष्ट (first centry post) : यत्रतत्र छरिएको ढुङ्गाहरूको आकार प्रकारलाई विचार गरी यसमा ४५ फिटको व्यासमा एक सुरक्षा पोष्टको निर्माण गरिएको छ । यसको उचाई ३ फिट रहेको छ ।

२. दोस्रो सुरक्षा पोष्ट (second centry post) : यसै गरी पहिलो सुरक्षा पोष्टकै नजिकमा रहेको पूर्वपट्टि पुरानो जग ढुङ्गाको आधारमा दोस्रो सुरक्षा पोष्टको पनि जिर्णोदार गरिएको छ । यसको लम्बाई ३० फिटको व्यासमा निर्माण गरिएको छ । यसको उचाई पनि ३ फिट रहेको छ ।

६.२.१०. **केपिलासगढी दरबार** (Kepilasgadhi palace)

केपिलासगढीको मुख्य केन्द्रीय भाग भनेकै केपिलासगढी दरवार हो । यो दरबारका अन्तिम राजा वा किराती शासक निगुहाङ र उनका सहयोगी रोकोवासी र साम्पाङतर्फको पनि एक सहयोगी थिए भन्ने भनाई रहे को छ । पछिसम्म बृद्ध पुर्खा धनरूप दुमीराई, वीरबहादुर दुमीराईहरूले भन्ने गर्थे- "केपिलासगढी युद्धताका धेरै किरात फौजहरू काटीई मारिएको अवस्थामा निगुहाङ र रोकोवासी दक्षिणको ढोकाबाट ज्यान बचाउन भागी वनको लहरालुहुरी हाङ्गाविङ्गा समात्दै हालको चिउरीखर्क गाउँसम्म झर्दा विहानको झिसमिसे भैसकेको थियो । त्यसपछि उनीहरू ज्यान जोगाउन पूर्वतर्फ लागे । उनीहरू लुक्दै छिप्दै सिपुलुङ गाउँदे खि तल पर्ने ब्लङ्गु भन्ने ठाउँमा पुगी सिमलको जर ामा आड लागेर बसेको अवस्थामा गोर्खाली सेना पनि



**केपिलासगढी दरबारको भित्री संरचना भग्नावशेष**

त्यहाँ नै आइपुग्यो । मूठभेटमा एक दुई गोर्खाली सेना त्यहाँ मारिए र मृत सेनाहरूको साथबाट धनु, तिर,

ढाल र तरबार लिई निगुहाड र रोकोवासी मैयुडांडातिर लागे । ती हतियारहरूमध्ये पृथ्वीनारायण शाहको छाप लागेको एक तरबार चिउरीखर्क वीरबहादुर दीराईको घरमा सुरक्षित रहेको छ ।" साम्पाङतर्फको एक पदाधिकारी चाहीं जसोतसो केपिलासगढी दरबारबाट ज्यान जोगाएर भाग्दै गर्दा दुस्मनले लखेट्दै लगेर बासपानी डाँडामा पुऱ्याएर मारे भन्ने भनाई सुङ्देल निवासी वेदमाया कोयुराई बताउँनु हुन्छ ।

जिर्णोदार अघि यो गढी दरबारको खास स्वरूप र संरचना विषयमा निश्चित्ता थिएन । कारण यसमाथि पूर्णतः रुख र झाडीहरू पलाएर छोपिएको, जराजुरीहरूले बेरिएर नचिनिने अवस्थामा रहेको हुँदा दरबारको भित्री बाहिरी संरचना नै बिलोप भइसकेको थियो । तसर्थ यसलाई मिहिन रूपबाट अध्ययन नगरी कार्य थाल्नु भनेको अध्यारोँमा ढुङ्गा हान्नु सरह थियो । तसर्थ यस आकृतिमा रहेको दरबारको मिहिन रूपबाट अध्ययन गरी कार्य सुरुयात गर्न आवश्यक थियो र सोही मुताविक नै कार्य अगाडि बढाइ सम्पन्न पनि गरियो । यसर्थ प्रस्तुत अध्ययनबाट गढीको मापन र जिर्णोदारको कार्य निम्नानुसार सम्पन्न गरिएका छन् ।

**१. दरवारको भित्री अंश र यसको मापन** (internal part of the palace and its measurement)

पूर्णतः भग्नावशेष अवस्थामा रहेको यो दरबारको चारवटा तहदार चौघेरो र वारपार गर्ने ९ वटा सिंढीहरू रहेका छन् । अहिले यो दरबारको केवल भुँइतलाको गारो मात्र बाँकी रहेको छ र अन्य सबै पर्खाल भत्कीई दोस्रो चौघेरोसम्म पुगेको अवस्थामा देखिन्थ्यो । यो दरबार भवन पश्चिमतिर रहेको परेड मैदानतिर फर्केको देखिन्छ । हालको अलपत्र रहेको ढुङ्गाहरूको थुप्रोलाई हेर्दा यो दुईतलेसम्म दरबार भएको बोध हुन्छ । यसको भित्री भुँइको मापन १३ ह १९ फिटमा निर्मित परिमाणमा रहेको पाइन्छ । भवनभित्र एक ढुङ्गे खाट रहेको छ । यसको चौडाई ४ फिट र लम्बाई ५ फिट ६ इन्च रहेको छ । भवनभित्रको ढुङ्गे खाट छेउमा २ फिट चौडाई र २.५ लम्बाई भएको एक अगेना पनि रहेको छ । भवनको उत्तर पर्खालमा एक खोपा पनि रहेको छ । भवनभित्र प्रवेश गर्नलाई हालको अवशेष अनुसार ४ फिट चौडाई भएको एक प्रवेशद्वार रहेको छ । भवनको पर्खालको मोटाई ३ फिट रहेको छ । केही स्थानीयवासी शम्भु बस्नेतको भनाई अनुसार अघि उन्नाइस वीस सालसम्म यो दरबारको पूर्व, पश्चिम र दक्षिण दिशातर्फ एक-एकवटा झ्याल पनि रहेको थियो । त्यस्तै अर्को स्थानीय ८५ वर्षीय जहानसिंह थापाको भनाईमा "भूइँ तलामा चारैपट्टि हेर्नसक्ने चार वटा चौकुने दुलोहरू पनि थिए" तर अहिले त्यस्तो अवशेषहरू कतै पनि देखिँदैन । बरु अपराधिक विचारका मानिसहरूले खाटको कुनातिरको पर्खाल तोडेर संवेदनसील सामग्रीहरू चोरी गरेको कुरा भत्किएका पर्खालहरूले सिद्ध गर्दछ । हाल यो दरबार को भित्री अंशलाई सरसफाई गर्ने, झाडीहरू पन्छाउने कामहरू सम्पन्न गरिएका छन् । यो संवेदनसील क्षेत्र भएकाले यसलाई पुरातत्व विभागबाट पनि अनुसन्धान गराइनु पर्दछ भन्ने परामर्श असार २१ गते परियोजना पर्यवेक्षणका लागि केपिलासगढी आइपुग्नु भएका डिभिजन वन कार्यालय खोटाङ दिक्तेलका कार्यालय प्रमुख डि एफ ओ अम्बिका प्रसाद पौडेल ज्युको पनि सल्लाह भएकाले यो भाग र यसैसँग जोडिएको माथिल्लो चौघेरोको भागलाई जस्ताको तस्तै छोडिएको छ । यो गढीको पहिलो जगको रूपमा रहेको चौघेरालाई मापन गर्दा सरदर १८० ह २९४ फिट परिधिमा गढीको दरबार भवन निर्मित रहेको पाइन्छ ।

**२. दरबारका चौघेराहरूको जिर्णोदार र यसको मापन** (renovation of supporting round wall and its measurement)



ऐतिहासिक खोज

केपिलासगढी दरबारको ४ वटा चौघेराहरू तहदार प्रणाली (प्यारामिडिकल स्ट्रक्चर) अनुसार निर्मित रहेको पाइएको छ । यी चौघेराहरूले दरबारको चारैतिर बाट छेकेको छ । पुरानो पर्खालका जग ढुङ्गाहरू ठाउँ-ठाउँमा भग्नावशेषको रूपमा जस्ताको तस्तै रहेकाले यसैलाई आधार मानेर ३ वटा चौघेराहरूको जिर्णोदार गरिने काम निर्म्नानुसार भएको छ भने चौथो चौघेरो थप अनुसन्धानका लागि यथावत छोडिएको छ ।

**१. पहिलो चौघेरो** (ground floor supporting round wall) .

दरबारको सबैभन्दा तल्लो भागमा एक चौघेरो रहेको छ । ढुङ्गाका पुराना जगहरू ठाउँ-ठाउँमा पाइएकाले त्यसैको आधारमा उक्त दरबारको जग एवं चौघेरो दुवै हो भन्ने ध्ययले यसको पुनःनिर्माण गरिएको छ । यो चौघेरोको जिर्णोदार सम्पन्न हुँदा यसको लम्बाई २३१ फिट ९ इन्च र चौडाई २.५ फिट रहेको छ ।

**२. दोस्रो चौघेरो** (second supporting round wall)

प्रथम चौघेरोभन्दा माथि अर्को दोस्रो चौघेरो रहेको छ । यसमा पनि पुराना ढुङ्गाहरूको जग ठाउँ-ठाउँमा पाइएकाले त्यसैको आधारमा नयाँ पर्खाल लगाई जिर्णोदार गर्दा हाल यसको लम्बाई १९५ फिट ८ इन्च र चौडाई सरदर २ फिट र उचाई सरदर २ फिटको तयार भएको छ ।

**३. तेस्रो चौघेरो** (third supporting round wall)

यो चौघेरो सबभन्दा ठूलो र आकर्षक रहेको चौघेरो हो । यसको लम्बाई १५१ फिट ५ इन्च, उचाई डेडफिट र मोटाई त्यत्तिकै मापनमा रहेको छ । दरबार अगाडि अर्को एक सानो चौघेरो पनि रहेको छ त्यसको लम्बाई ३६ फिट रहेको छ ।

**४. चौथो चौघेरो** ( fourth supporting round wall)

दरबारको पर्खाल भत्की चौथो चौघेरामा थुप्रिएर बसेको छ । यसलाई दक्षिण र पूर्वका भागहरू यथावत छाडेर पूर्व र उत्तरतर्फका ढुङ्गाहरू पन्छाएर एकठाउँमा दुइवटा पिल लगाउने कार्य गरिएको छ । यी ढुङ्गाहरू पनि अनुसन्धानको सामग्री बन्न सक्छन् भन्ने ध्येयले ढुङ्गालाई पिल लगाइएको हो । यसबाट उक्त दरबारको आकार प्रकार र तलाहरूको अनुमान गर्न सजिलो हुनेछ । उस बखत ढुङ्गालाई चिल्याउने, आकार प्रकार मिलाउने सामग्रीहरूको



गढी दरबार प्रवेश गर्ने पूर्व तर्फ रहेको जोडी सिढी

अभावले हुनसक्छ पर्खालका ढुङ्गाहरू प्राकृतिक आकार मा नै अधिकांश रहेका छन् ।

**५. दरबारको ९ वटा ढुङ्गे सिंढीहरूको जिर्णोदार र यसको मापन** (renovation of stone based ladder and its measurement)

केपिलासगढी दरबारको अर्को भव्य विशेषता भनेको पहिलो चौघेरादेखि तेस्रो चौघेरा र आगनसम्म आवत जावत गर्न सक्ने ९ वटा ढुङ्गे सिढींहरूको व्यवस्था हुनु हो । यो सिंढीमध्ये पूर्वतर्फ एकै ठाउँमा जोर सिंढी रहेको छ । यो जोरसिढी हुनु अर्को थप विशेषता हो । गढीका सबै सिंढीहरूको लम्बाई र यसका खुडकिलाहरू फरक-फरक भएको तथ्य तलको विवरणले जनाए पनि चौडाई भने सरदर ३ फिटको रहेको छ ।

१. प्रथम सिंढी (दरबार अगाडि) : लम्वाई १७ फिट र ८ वटा खुडकिलाहरू

२. दोस्रो सिंढी (दरबार अगाडि) : लम्बाई १४ फिट र ७ वटा खुडकिलाहरू

३. तेस्रो सिंढी (दक्षिणतिरको) : लम्बाई १० फिट र ६ वटा खुड्किलाहरू

४. चौथो सिढी (पूर्वतर्फको) : लम्बाई ११ फिट र ८ वटा खुड्किलाहरू

५. पाँचौ जोर सिढी (पूर्वतर्फको) : लम्बाई १३ फिट र ९ वटा खुड्किंलाहरू

६. छैटौं सिंढी (उत्तरतर्फको) : लम्बाई ६ फिट र ४ वटा खुड्किलाहरू

७. सातौं सिंढी (उत्तर पश्चिमतर्फको) : लम्बाई ७ फिट र ६ वटा खुड्किलाहरू

८. दरवार अगाडिको अर्को सानो सिंढी : लम्बाई ६ फिट र ५ वटा खुड्किलाहरू

यसमा गन्तीमा ८ वटा सिंढीहरू भए पनि जोरसिंढीलाई २ वटा सिंढी मानिदा खेरी ९ वटा सिंढीहरू भएको देखिन आउँछ। यी सवै सिंढीहरूका सरदर चौडाई ३ फिटको रहेका छन् । यही सिढीहरू र चौघेराहरूको कारणले यो घर वा भवन भन्नु भन्दा पनि दरवार को भग्नावशेष भन्न सुहाउँछ । यों दरवारको उत्तर तर्फको सिंढीहरू जिर्णोदार गर्दा करिब २ फिट तल हातमा लगाउने बच्चाको बाला, चुरा, लोहोरो ढुङ्गा र हण्डीका चोइटाहरू फेला परेका छन् । युद्धताका त्यसवेला महिला केटाकेटीहरू पनि यस दरवारमा रहेका थिए भन्ने प्रमाण यसैले सिद्ध गर्दछ ।

**६.२.११. सभामञ्च तथा मुख्य सुरक्षा पोष्ट** (assembly stage or main centry post)

६० फिट व्यास भएको एक गोलघेरामा निर्मित मुख्य सुरक्षा पोष्ट केपिलासगढीको अर्को आकर्षक ऐतिहासिक धरोहर हो । दरवारबाट सभामञ्च पुग्नलाई वीचको दुरी लम्बाई १५ फिट ५ फिट रहेको छ । सुरक्षा पोष्टलाई बेला-वेलामा सभा समारोह गर्दा मञ्चको समेत दोहोरो काम गर्नसक्ने यो मञ्च एवं पोष्ट अहिलेसम्म बाँचेका ऐतिहासिक धरोहरमध्येको एक संरचना हो । मध्य खाईसँगै जोडिएको यो सुरक्षा पोष्टको पर्खाल रुखहरूले विकृत बनाइसकेको थियो तर यसको व्यासलाई राम्ररी पहिचान गर्न सकिने अवस्थामा थियो । यस पटक उक्त सभामञ्चको पर्खाललाई पुन जिर्णोदारगरी आकर्षक बनाइएको छ । यो मञ्चको उचाई सरदर ३ फिट रहेको छ ।



मध्य सुरक्षा पोष्ट तथा सभामञ्च

**६.२.१२. उत्तरतर्फ उठाईएको सुरक्षा ढुङगा** (fefensive stone raised in north side)

केपिलासगढी दरबार अगाडि उत्तरतर्फ रहेको विभिन्न आकारका च्याप्टो च्याप्टा ढुङ्गाहरू यत्रतत्र पल्टाएर फ्याँकिएका वेवारिसे अवस्थामा थिए । त्यसमध्ये दुईवटा ढुङगा मात्र यथास्थानमा कोल्टे अवस्थामा रहेको थियो। केही ढुङ्गा डिलमुनी ओल्टेको ल्टे अवस्थामा थिए । ती सबै ढुङ्गाहरू केपिलासगढी आक्रमण पश्चात तहस नहस पारिएको अनुमान लाग्छ । त्यसलाई यथास्थानमा ल्याउन परिश्रमपूर्वक जिर्णोदार को कार्य सम्पन्न भएका छन् । यत्तिखेर यथास्थानमा ल्याइएका १४ वटा ढुङ्गाहरूले गढीको अर्को आकर्षण थप्ने कार्य गरेको छ। अहिले यसको जम्मा लम्बाई १४ फिट र उचाई ४ फिट रहेको छ।



शत्रुबाट सुरक्षित हुन उठाइएका ढुङ्गाहरु



**६.२.१३. सभामञ्च र सुरक्षात्मक ढुङ्गावीचको पर्खालको जिर्णोदार** (renovation of stone wall between main centry post and defensive stone)

माथि भनिएका उठाइएका सरक्षात्मक ढुङ्गाहरूदेखि सभामञ्चसम्म पुग्न एक पर्खाल निर्माण गरिएको छ । यसले मध्यखाईको सीमाको काम पनि गरेको छ । यहाँ रुखहरू पलाएर जराजुरीले छोपेको हुँदा पुरानो पर्खालको नमूना मेटिइसकेको भए पनि मध्यखाईपट्टिको सिमामा पुराना जग ढुङ्गाहरू स्पष्ट रहेकाले त्यसैको आधारमा यो पर्खालको जिर्णोदार गरिएको हो । यसको सरदर लम्बाई १४ फिट रहेको छ ।

**६.२.१४. मध्यखाईको जिर्णोदार र नयाँ पुलको निर्माण** -renovation of middle trench and building of new bridge)

हाल केपिलासगढीको मध्य भागमा यो खाई रहेकाले यसलाई मध्यखाई भनिएको हो । यो सवभन्दा ठूलो खाई हो। पश्चिमतिरबाट आउने शत्रुको आक्रमणलाई परास्त गर्न यो खाई बनाइएको स्पष्ट बोध हुन्छ। तीन-चार सय वर्षपछि पनि मध्यखाईको अवस्था यथावत रहेकाले केपिलासगढीको अर्को थप पहिचान र विशेषता यस खाईले प्रदान गरेका पाइन्छ । जिर्णोदार अघि सरदर ६ फिट गहिराई, १५ फिट चौडाई र ७५ फिट लम्बाई रहेको यो खाईलाई रगते खोल्सा भनेर पनि चिनिन्छ । केपिलासगढी युद्धताका यहाँ तैनाथ रहेका किरात सेनाहरूलाई गोर्खाली सेनाले काटी-काटी मार्दा यही खाईबाट रगतको खोलो बगेको थियो रे । त्यसैले अहिले पनि त्यस खाईलाई रगते खोल्सा भनेर नामकरण गरिएको पाइन्छ । यो खोल्सी भएर बग्ने मुहानको पानी अहिलेसम्म पनि यताका राई जातिले आफ्नो पुर्खाको रगत सम्झेर पिउँदै नन् ।

यहाँको पानी खाएमा पाप लाग्ने, व्यथा उठ्ने, पुर्खाप्रतिको अपमान ठान्ने र सवैभन्दा ठूलो कुरा त अस्तित्व वोधसँग गाँसिएको विश्वास गरिन्छ । अन्य खाईको तुलनामा यो खाईको जिर्णोदार गर्दा बढी परिश्रम परेको छ । यसलाई गहिरो बनाई यथास्थानमा ल्याउन, दुवैपट्टिवाट पर्खाल उठाई माथिसम्म चिठान र यहाँ पलाएका रुखझाडीहरू फडानी गर्न निकै मेहनत परेको थियो। खाईको दक्षिणपाटामा जिर्णोदारको क्रममा लोहोरो ढुङ्गा, कोइला र हण्डीका चोइटाहरू फेला परेका छन् । खाईको उत्तर दिशामा एक सानो सिंढी पनि रहेको फेला परेकाले त्यसलाई पनि यथास्थानमा ल्याउन एक नयाँ सिढीको निर्माण गरिएको छ। उक्त सिंढीको लम्बाई ८ फिट रहेको छ । मध्ये खाईको सम्पूर्ण रूपमा जिर्णोदारको कार्यहरू सम्पन्न गर्दा हालको मापनमा खाईको गहिराई ८ फिट, चौडाई १५ फिट, लम्बाई ७५ फिट भएको छ । तर पर्यावरण बचाउको लागि जमिन क्षेती नहोस भन्नाको खातिर केही २० फिट लम्बाइको खाईलाई जस्ताको तस्तै छोडिएको छ ।

**६.२.१५. मध्येखाईमा काठेपुलको निर्माण** (Making of New Bridge in Middle Trench)

मध्ये खाईलाई यथास्थानमा ल्याउन माटो, स्याउला रुख कटान गरेर गहिराएपछि बाटो वारपार गर्न कठिन भएको हुनाले त्यहाँ एक काठेपुलको निर्माण गरीएको छ । पहिले यस्तो पुल उपलब्ध थियो वा थिएन जानकारीमा छैन । तथापि मकवानपुरगढीको खाईमा फलामे पुल थापिएको हेर्दा यहाँ पनि एक पुलको जरुरत भएकाले एक काठेपुल निर्माण गरिएको हो । प्रस्तुत पुलको निर्माणबाट दरबार र सैनिक परेड मैदानवीच आवतजावत हुने कार्यलाई

सहज तुल्याइएको छ । मध्य खाईमा निर्माण गरिएको



मध्य खाई र त्यसमा निर्मित पुल

उक्त पुलको लम्बाई १० फिट ४ इन्च, चौडाई ३ फिट ८ इन्च, उचाई पुलमाथि ९ फिट र पुलमुनीको गहिराई ६ फिट रहेको छ । पुलको सुरक्षा दीर्घकालसम्मै रहोस् भन्ने ध्येयले यस पुलमा पनि जस्ताको छाजन समेत लगाइएको छ । त्यस पुलमा परेड मैदान प्रवेश पूल भनेर आगमनतर्फ एक सानो बोर्ड राखिएको छ भने पश्चिम दिशाबाट आउने आगन्तुकहरूको लागि "दरबार प्रवेश पूल" भनेर साइनबोर्ड राखिएको छ ।

**६.२.१६. सैनिक परेड मैदानको सुधार र सरसफाई** (Reconstruction of Military parade Ground and its sanitary function)

हालको परेड मैदानको मापन सरदर ११६ ह २१० फिट परिधिमा अवस्थित रहेको छ । केपिलासगढीमा त्यस बखत किरात शासकहरूले आफ्नो सुरक्षार्थ सेनाहरूको व्यवस्था गरेको कुरा यस मैदानमा रहेको तीनवटा भवनहरूको भग्नावशेषले पनि सिद्ध गर्दछ । यस मैदानलाई परेड मैदानको रूपमा प्रयोग गरिएको देखिन्छ । यस मैदानमा रहेको ढुङ्गा माटोको थुप्रोलाई कटान गरी सम्याउने कार्य गरिएको छ । वनमारा झार, घङ्गरुकाँढा र ढुङ्गाहरू अन्साई पन्साई गरी मैदानलाई सफा र सुग्घर बनाइएको छ । मैदानको बीचमा किरात संस्कृति झल्कने इसीलीकको विरुवा पनि रोपन गरिएको छ भने ऐतिहासिक सैनिक परेड मैदान भनेर एक सानो साइनबोर्ड पनि राखिएको छ । यसै मैदानमा रहेको आदेश ढुङ्गालाई जनाउँन सोही नामको साइनबोर्ड र जिर्णोदार गर्न र बाँकी भवनहरूको पहिचानको लागि "ऐतिहासिक सैनिक व्यारेक भवन भग्नावशेष गृह" भन्ने जनाइएको सानो साइनबोर्ड राखिएको छ ।

**६.२.१७. एक भग्नावशेष सैनिक भवन क्षेत्रलाई पर्खालद्वारा घेरावन्दी कार्य** (Fencing the Ruined Military building by Stone Wall)

माथि उल्लेख गरिएको तीनवटा भवनहरूमध्ये



परेड मैदानमा रहेको सैनिक भवनको भग्नावशेष

परेड मैदानको पश्चिमतिर रहेको एउटा भग्नावशेष सैनिक भवनको जगलाई ढुङ्गे पर्खालद्वारा घेरावन्दी गर्ने कार्य गरिएको छ । पर्खालको उचाई २ फिट ५ इन्च रहेको छ । प्रारम्भमा यो कत्रो र कुन आकारको थियो यसै भन्न नसकिए पनि पर्खालको अस्तव्यस्तता र थुप्रोलाई हेरी यसलाई प्राविधिक मापन अनुसार पर्खाल लगाउँदा यसको दक्षिण र उत्तरतर्फको लम्बाई ३०।३०



परेड मैदानको पश्चिम दिशामा रहेको सुरक्षा पोष्ट





फिट ९।९ इन्च र पूर्व र पश्चिम तर्फको चौडाई १६।१६ फिट ५।५ इन्च हुन पुगेको छ ।

**६.२.१८. पश्चिमतर्फको सुरक्षा पोष्ट** (Centry Post of West side)

माथि भनिएको पश्चिमतर्फ रहेको एक भग्नावशेष सैनिक भवनको छेउमा एउटा सुरक्षा पोष्ट रहेको अध्ययनबाट थाहा लोको छ । त्यहाँ अलपत्र रहेका ढुङ्गाका थुप्रोलाई अनुमान गर्दा पनि त्यहाँ एक सुरक्षा पोष्ट रहेको जानकारीमा आउँछ । तसर्थ त्यसै आधारमा हाल ३० फिटको परिधि एवं गोल घेरामा निर्मित ३ फिट उचाईको पर्खाल उठाई जिर्णोदार गर्ने कार्य सम्पन्न भएको छ । अपराधिक चरित्र बोकेका खराब मानिसहरूद्वारा पहिले नै यस क्षेत्रबाट चोरी गरी ऐतिहासिक सामग्रीहरू लगिसकेको भए पनि ढुङ्गाका जाँतो झैं लाग्ने एक ढुङ्गे सामग्री यस ठाउँमा फेला परेको छ ।

**६.२.१९. उत्तर र उत्तर पश्चिम र पश्चिमतर्फको चार वटा खाईहरू** (Four Trenchs of the North, West and West side)

केपिलासगढीको पश्चिम दिशामा गढीको सुरक्षार्थ चारवटा खाईहरू निर्माण गरिएको पाइन्छ । डुम्रेकोटगढीबाट आएको फौजले पहिलो आक्रमण गर्दा उक्त चारवटा खाईमा तैनाथ रहेका सुरक्षा दस्तालाई ध्वस्त गर्दै परेड मैदान प्रवेश गरेर व्यारेक ध्वस्त गरी दरबारतर्फ आक्रमण गरेको सोझै अनुमान लगाउन सकिन्छ । कारण हरिनन्द र त्रिलोचन पोखेलहरूको मुख्य निर्देशन र सहयोगमा गोर्खाली सेनाहरू केपिलासगढीको मुख्यद्वार रहेको दारेगौडा (द्वारगौडा : एक पुरानो नाम), थानागाउँ पारगर्दै केपिलासगढी आइपुग्ने सबल र सजिलो बाटो भनेको यही पश्चिम दिशापट्टिको बाटो थियो । त्यसैले किरात शासकहरूले यसै पश्चिम दिशामा बढी संख्यामा खाईहरूको निर्माण गरेको हुनुपर्छ । यहाँ आक्रमण हुँदा निगुहाङ र रोकोवासी ज्यान जोगाउन भाग्दा हालको चिउरीखर्क गाउँ पुग्दा भूकभूके उज्यालो भएको थियो भन्ने पुर्खाहरूको भनाइले यो आक्रमण रातको बाह्र बजेतिर भएको अनुमान लगाउन सकिन्छ । अतः यस दिशातर्फ रहेका खाईहरूको जिर्णोदार निम्नानुसार गरिएका छन-

**६.२.१९.१. उत्तरतर्फको खाई- पहिलो** (first trench of north side)

परेड मैदानको उत्तरतर्फ रहेको यो खाई झाडी बुट्यानहरूको कारणले यस बेलासम्म पूर्णत विलोप भइसकेको भए पनि खाईको नमूना अल्प रूपमा बाँकी नै थियो । त्यसैलाई आधार मानेर उक्त खाईको जिर्णोदार गर्दा ३० फिट लम्बाइको एक खाई तयार भएको छ । तर यसैसँग सटिएको ४२ फिट लामो खाई खन्न बाँकी नै रहेको छ ।

**६.२.१९.२. उत्तरतर्फको खाई- दोस्रो** (second trench of north side)

उत्तर दिशामा नै अर्को एक खाई रहेको छ । यो पनि रूख, झाडी बुट्यानहरूको कारणले अदृष्य भइसकेको अवस्थामा जिर्णोदार गरिएको छ । अहिले यसको लम्बाई ४५ रहेको छ तर यसमा ३८ फिट जमिन खन्न बाकी नै रहेको छ ।

**६.२.१९.३. उत्तर पश्चिमतर्फको खाई-तेस्रो** ( third trench of north west side )

परेड मैदानको उत्तर पश्चिम दिशामा रहेको एक खाईको आधा भाग पुरानै अवस्थामा रहेको थियो । यसलाई रूख र झाडीहरूले पूर्णतः छोपेको थियो । पुर्खाहरूले यसलाई पनि रगते खोल्सा भन्दै आएका थिए । कारण केपिलासगढी आक्रमण हुँदा यस खाईमा तैनाथी रहेका फौजहरूलाई पनि काटेर मारिएका थिए र तीनको रगतले यो खाई रक्ताम्य भएको थियो । हाल यस खाईलाई जिर्णोदार गर्दा यसको लम्बाई ६० फिट, चौडाई सरदर ३ फिट र गहिराई ३ फिट हुन गएको

छ । खाईको निर्माण गर्दा वर्षाको भेलले माटो कटान



केपिलासगढीको पश्चिम दिशामा रहेको सुरक्षात्मक खाई

गरी ठूलो खोल्सी बनाएर बग्ला भनी पर्यावरणीय वातावरणलाई जोगाउन यसमा तल्लो आधा भागमा ढुङ्गाको सोलिङ गरिएको छ ।

६.२.१९.४. **पश्चिमको खाई** ( trench of the west side)

गढीका छेउछाउका जग्गाहरू आवादी भइसकेकाले गढीका सामरिक महत्वका धेरै संरचनाहरू हराएर गइसकेको पाइएको छ । तथापि अहिलेसम्म अनुमान गर्न सकिने अल्प आकारको एक लामो खाई गढी र परेड मैदानको पश्चिम दिशामा रहेको फेला परेकाले यसलाई पनि जिर्णोदार गरिएको छ । अहिले यसको लम्बाई ७५ फिट, चौडाई ३ फिट र उचाई सरदर ३ फिट रहेको छ । यसै खाईको तल्लो भागमा पनि अन्य खाई रहेको अनुमान लाग्छ तर त्यसलाई भविष्यमा थप अध्ययन गर्न आवश्यक छ ।

७. **केपिलासगढी पर्यपर्यटन प्रवर्द्धन कार्यक्रमबाट भएको उपलब्धि** (achievements from the Kepilasga-dhi tourism empowerment program)

७.१. ऐतिहासिक धरोहरको संरक्षण गर्दै केपिलासगढी गाउँपालिकाको नामलाई ऐतिहासिक पहिचानको रूपमा स्थापित गरेको छ । अव कसैले पनि केपिलासगढी भने को के हो भनेर औंला ठड्याउनु पर्ने, अनभिज्ञ रहनुपर्ने अवस्थाबाट मुक्त भएको छ ।

७.२. राष्ट्रिय इतिहासको निर्माणमा डिभिजन वन कार्यालय खोटाङ र केपिलासगगढी गाउँपालिका जस्तो सरकारी कार्यालयहरूले दुमी किरात राई फन्सीकीम जस्तो सामाजिक संस्थाहरूसँग एकाकार भएर उदाहरणीय कार्य गर्न सक्दा रहेछन् भन्ने देखाएको छ ।

७.३. केपिलासगढी गाउँपालिकामा आन्तरिक पर्यपर्यटन प्रवर्द्धनको कार्य अभिबृद्धिको लागि यो ऐतिहासिक ढोकाको रूपमा शुरुवात भएको छ । आगामी दिनमा अन्य क्षेत्रहरूमा पनि यस्ता कार्यक्रमहरू अगाडि बढ्ने र बढाउने कुरामा प्रेरणादायी स्रोत बनेको छ ।

७.४. जिज्ञासु व्यक्ति एवं अध्ययन, अनुसन्धान शास्त्रीहरूको लागि अध्ययनको क्षेत्र निर्माण भएको छ भने विद्यार्थीहरूको लागि शैक्षिक भ्रमणको केन्द्र बनेको छ । यसै २०७६ साउनको २ गते राँके बजारका दिन बेबी केयर बोर्डिङ स्कुल बाक्सिलाले विद्यार्थीहरूलाई केपिलासगढीमा शैक्षिक भ्रमण गराएर पहिलो उद्घाटन गरेको थियो । आशा एवं विश्वास छ कि भोलीका दिनमा यो क्रम अन्य क्षेत्रहरूबाट पनि जारी रहने छ ।

७.५. धार्मिक सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रको पहिचान स्थापित भएको छ । कस्तुरीले आफै भित्रको विणा नचिनेर खोजेझैं आफैभित्रको सम्पदा, गुण र पहिचानबाट अपरिचित भइरहेको अवस्थाबाट अव केपिलासगढी र यहाँका जनताहरूले आफैलाई बुझ्ने अवसर पाएका छन् ।

७.६. केपिलासगढी केपिलासगढी गा पा भित्रको केन्द्र एवं हृदय भाग हो । हृदय फाट्यो भने शरीरको अस्तित्व विलिन हुन्छ । यसर्थ नामसँग स्थानीय सरकारको नाम पनि मिलेकाले सुनमा सुगन्ध प्राप्त भएको छ ।

७.७. केपिलासगढी मनोरञ्जन एवं आमोदप्रमोदको क्रिडास्थल पनि बनेको छ । सदा पनि वर्षमा एक दिन लाग्ने राँके बजार यसपटक ऐतिहासिक रूपमा नै भव्य रूपमा लागेको छ । भिजिटर्सहरूको संख्या पाँच गुणाले बढेको छ । यसको कारण केपिलासगढीको पर्यपर्यटन प्रवर्द्धन कार्यक्रमको प्रभावले नै हो । यसलाई एउटा





शुभ सङ्केतको रूपमा लिन सकिन्छ । आगामी माग महिनामा तय हुने यलम्बर दिवस पनि अझ भव्य हुने कुरामा विश्वास गर्न सकिन्छ । अन्य चाडवाडहरूको शूरुवात पनि यस ठाउँमा हुन नसक्ने भन्ने कुनै कुरा छैन । यी कारणहरूले भोलीका दिनमा यहाँका सरोकारवाला (stakeholder) संस्थाहरूले केही न केही अग्रगतिको बाटो सोच्न वाध्य बनाएको छ भन्ने देखिन्छ ।

७.८. केपिलासगढी सरोकारवाला र व्यवसायीहरूको लागि आय आर्जनको आधार बनेको छ, भोलीका दिनमा अझै मार्ग प्रशस्त हुनेकुरामा शङ्का रहन्न ।

७.९. पुर्खाले छोडेको ऐतिहासिक सम्पदाको हस्तान्तरण यो पुस्ताले प्राप्त गरेको छ र भोलीका दिनमा भावी पुस्ताले यसरी नै उच्च स्तरमा ग्रहण गर्ने छन् भन्ने पाठको शुरुयात भएको छ ।

८. **धन्यवाद ज्ञापन** (thanks giving)

केपिलासगढी पर्यटन विकास प्रवर्द्धन कार्यक्रम २०७५।०७६ लाई अगाडि बढाउन आर्थिक



पर्यवेक्षणमा आएका डिभिजन वन कार्यालय खोटाङ तथा वन महासंघका पदाधिकारीहरु

वर्षको अन्तिम घडीमा भए पनि उचित परामर्श दिई कार्यक्रमप्रति जानकारी गराउने र संस्थाको तर्फबाट लिखित र मौखिक रूपबाट बारम्बार सिफारिस गर्ने केपिलासगढी गाउँपालिकाको अध्यक्ष श्री कृष्णकुमार राई, यो कार्यक्रम स्वीकृत गरेर बजेट उपलब्ध गराउने देखि पर्यबेक्षणमा समेत आई महत्वपूर्ण परामर्श प्रदान गर्नुहुने तालुक कार्यालय डिभिजन वन कार्यालयका प्रमुख श्री अम्बिकाप्रसाद पौडेल, वन महासंघ खोटाङका अध्यक्ष तथा पदाधिकारीहरू, स्थानीय वन उपभोक्ता समितिका अध्यक्ष तथा सदस्यहरू, नासु हरिकाजी राईसहित अन्य पदाधिकारीहरूज्यूहरू, स्थानीय वन कार्यालयका कर्मचारी वर्ग, गढीका अध्येता भोजपुर क्याम्पसका इतिहासका प्राध्यापक श्री कमलजङ राई, व्यस्त समयका बाबजुद पनि केपिलासगढीसम्म आएर परामर्श र प्रेरणा जगाइदिनु सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद छ ।

त्यसै गरी केपिलागढीलाई पर्यपर्यटन प्रवर्द्धन कार्यक्रममार्फत केपिलासगढी बचाउ अभियानमा लागेको जानकारी फोनमार्फत गराउँदा थप हौसला र प्रेरणा दिने किरायाका अध्यक्ष दिवस राई, किरात राई प्रज्ञा परिषदका उपकुलपति डा. नेत्रमणि राई, महासचिव डा. तारामणि राई, तुवाचुङ जायजुम संरक्षण समितिका महासचिव दिनेश राई, केपिलासगढी गापाका कर्मचारी वर्ग, प्राविधिक द्वय श्री वीरबहादुर सुनुवार, मनिकुमार सुनुवारलगायतका प्रत्यक्ष अप्रत्यक्ष रूपबाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूलाई दुकिराफ र यो प्रस्तोताको तर्फबाट हार्दिक धन्यवाद छ । दुकिराफ केन्द्रीय कार्य समितिका पदाधिकारीहरूको सक्रियताको अभाव हुँदा हुँदै पनि दुमकिमबाट निर्मित केपिलासगढी जिर्णोदार समितिमा रहेर अहोरात्र खटेर कार्यक्रम सफल तुल्याउन योगदान पुऱ्याउने टिमका सबै साथीहरूलाई धन्यवाद प्रदान गरिन्छ र आगामी दिनमासमेत यसप्रकारको रचनात्मक सहयोग प्राप्तिको सधैं आशा र विश्वास गरिन्छ ।

त्यसैगरी दुमी किरात राई फन्सिकिमको आह्वानमा केपिलासगढीमा कुटो, कोदालो, बेल्चा, फरुवा जस्ता औजारहरू लिई श्रमको लागि तयार हुने सम्पूर्ण श्रमिक वर्ग, राँकेबजारमा शान्ति सुरक्षाको व्यवस्था मिलाउने प्रहरी वर्ग, केपिलासगढी के कस्तो भएछ त भनेर रमिता हेर्न आउने बालक, विद्यार्थीवर्ग,

नवजवान वयस्कहरूदेखि ८५ वर्षीय बृद्धपुर्खा श्री जहानसिंह.थापालाई पनि धन्यवाद दिन चाहन्छु ।

**९. चुनौतीहरू** (challenges)

केपिलासगढीलाई साझा ऐतिहासिक धरोहरको रूपमा स्वीकारी यसको संरक्षणमा नजुटेसम्म गढीको सरक्षण र संवर्धनको कार्य कठिनाई हुनेछ । अहिले को कार्यलाई प्रारम्भिक कार्य ठानी आगामी दिनमा विस्तृत परियोजना विवरण प्रतिवेदन (detail proj ɘct report) बनाएर कार्यक्रम कार्यान्वयनमा नगएसम्म गढीको कार्यलाई तिव्रता दिन कठिनाई हुनेछ । गढीलाई संरक्षण गर्न नसकिएको अवस्थाबाट ऐतिहासिक सामग्रीहरूको चोरीचकारी हुनु, वन डढेलो लगाउनु, जतातते स्याउला, घाँस काटेर विरुवालाई बढ्न नदिनु, खुला रूपमा चरीचराउ गर्नु, गढीको ऐतिहासिक महत्वलाई गहिर ाइमा बुझ्न नसक्नाले बेवास्ता गर्नु, स्टेकहोल्डरहरूले डिपिआर मार्फत कार्यक्रम बनाई सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्न नसक्नु, विचार र कार्यमा समन्वय नहुनु, गढीको व्यवस्थापनमा ध्यान नजानु, गढीको वरपरका जग्गाहरू स्थानीय सरकारले आफ्नो दायरामा ल्याई वनभोज, मनोरञ्जन जस्ता कार्यक्रम गर्ने छुट्टै स्थलको तयारी नगर्दासम्म हालको गढीको महत्व वनभोज गर्ने स्थलमात्र हुन सक्ने डर लाग्दो स्थितिबाट मुक्त हुनसक्नु पर्ने अवस्था यसका चुनौतीहरू रहेको बुझिन्छ ।

**१०. अन्त्यमा :**

जनताको अरु केही समुह गाउँमा आफूले मागेको बजेट पाएनौ भनेर ललकारी रहेको बेला दुमी किरात राई फन्सीकीमले केपिलासगढीमा दैनिक ४० जना श्रमिकहरूमाझ गढीको धरोहर बचाउन काममा व्यस्त रूपमा लागीरहेको थियो । सानो १० लाखको बजेट भए पनि सरकारी कन्टेन्जेन्सी कटाई पाउने बजेटबाट कार्य अगाडि बढाई प्रक्ष्येपण गरिएको कार्यभन्दा बढी कार्यहरू सम्पन्न गरेर केपिलासगढीलाई ऐतिहासिक धरोहरको रूपमा स्थापित गर्न केपिलासगढी पर्यटन प्रवर्द्धन कार्यक्रम सफल भएको मानिएको छ । डिभिजन वन कार्यालयबाट पनि पर्यपेक्षणको दौडानमा आशा गरिएभन्दा बढी राम्रो काम भएको प्रतिक्रिया र केपिलासगढी गा.पा.को तर्फबाट भएको टिम भिजिटबाट समेत सन्तोषजनक काम भएको प्रतिकृया प्राप्त भएकाले केपिलासगढी पर्यटन प्रवर्द्धन निर्माण (जिर्णोदार समिति) २०७५।०७६ बाक्सिला र यसका सल्लाहकारमा बसेका समूहले गौरब महशुस गरेको छ । यस्ता कार्यक्रमहरूमार्फत स्थानीय क्षेत्रको बिकासमा जुट्न सकेमा राष्ट्र निर्माणको कार्यमा इटा थपिदै जाने मा निश्चित्ता हुन सक्नेछ । यस्तो अवसर सबैलाई जुटोस् भन्ने कामना छ। होईन भने फरि बजेट पाएनौं भनेर ललकार्नुको कुनै बिकल्प छैन ।

॥ नीरी (समाप्त) ॥

**यही कार्तिक २, ३ र ४ गते जालपा जाऔँ, दुमी किरात राई फन्सीकीमको छैठौं महाधिवेशन सफल पारौं ।**





# प्राज्ञ सचेन राईसँगको भलाकुसारी

आजभन्दा तीन पुस्ता अघिमात्र खोटाङ बाक्सिलाबाट दार्जिलिङ बसाई सरी गएका जगमानसत्म रिङ्दु दुमीराईको नाती सचेन सत्म दुमीराई हाल दार्जिलिङको घुम सुकिया बस्तीमा बसोवास गरिरहनु भएको छ। दार्जिलिङमा जन्मी त्यहाँबाटै आफ्नो शैक्षिक योग्यता प्राप्त गर्दै त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा सन् १९७३ मा मास्टर्स तह र त्यसपछि पुन अङ्ग्रेजी विषयमा समेत मार्स्टस डिग्री प्राप्त गरेका सचेन राईले नेपालको ताप्लेजुङ जिल्लाका विभिन्न विद्यालयहरूमा प्रधान अध्यापकको जिम्मेवारी सम्हाल्दै पुनः दार्जिलिङमा नै फर्की चार दशकको सफल अध्यापनपछि चुङथुङ उच्च विद्यालयबाट सन् २००४ मा प्रधान अध्यापककै जिम्मेवारीबाट अनिवार्य अवकाश लिई समाज सेवा, साहित्य, अनुसन्धानको क्षेत्रमा निरन्तर लागिरहनु भएको छ। प्राज्ञिकताका धनी सचेन राईले साहित्यिक, भाषिक, पर्यावरणीय विषयका विविध पत्रपत्रिकाहरूका सम्पादन र लेखनको कार्य गर्नु भएको छ। कक्षा ४ सम्मका



प्राज्ञ सचेन राई, उहाँकी नाना र अन्तरवार्ताकार चतुरभक्त राई

लर्निङ इङ्गिलस पाठ्यपुस्तक लेखन लगायत बालगीत, शिक्षा, अध्यात्म, प्रवन्ध, समीक्षात्मक कृतिहरू, गीत तथा कविताहरूको संङग्रहसहित पन्ध्रवटा भन्दा बढी कृतिहरू रचना गरिसक्नु भएको छ । उहाँ चुङथुङ उच्च माध्यमिक विद्यालय दार्जिलिङको प्रधान अध्यापक, शिक्षा विकास माध्यमिक विद्यालयको संस्थापक सचिव, माध्यमिक विद्यालय संघ, दार्जिलिङको अध्यक्ष, नेपाली साहित्य सम्मेलन दार्जिलिङको पूर्व सहसचिव, पर्यावरण संरक्षक परिसंघको मूल सचिव, किराती खम्बु राई सांस्कृतिक संस्थानको आजीवन सदस्य, दार्जिलिङ किरात संगठनको अध्यक्ष, घुम जोर बङगला बजार एवं बस्ती कल्याण संगठनको संस्थापक अध्यक्ष, भारतीय राष्ट्रिय निधि दार्जिलिङको सदस्य जस्ता महत्वपूर्ण सङ्घ संस्थाहरूमा रहेर आफ्ना सेवा र योगदान पुर्‍याइसक्नु भएको छ । उहाँको परिचय अझै विशाल छ हाललाई पाठकहरू समक्ष प्रस्तुत छ- २०७४ साल माघ १० गते बुधवारका दिन उहाँकै घर निवास घुम सुकियावस्तीमा वंशावली संकलनको सिलसिलामा भेटघाट हुँदा लिएको भेटवार्ताको संक्षिप्त अङ्स -

**◐ इसीलीम : दाजुलाई नमस्कार छ । सचेन दाइ तपाई दार्जिलिङ निवासी सत्म राई, रिटायर्ड शिक्षक, दार्जिलिङको साहित्यिक व्यक्तित्व पनि हुनु हुन्छ, दाइको शैक्षिक योग्यताको बारेमा केही बताइदिन सक्नु हुन्छ कि ?**

मैले दुई विषयमा एम. ए. गरेको छु । सन् १९७३ मा त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम. ए. गरेको छु त्यो बेलामा दुई वर्षमा डिग्री कोर्स पुरा हुन्थ्यो । मैले प्राइभेट परीक्षार्थीको रूपमा परीक्षा एटेण्ड गरेको थिएँ । म त्यसबेला कीर्तिपुरमा बसेर पढेको हुँ । पछिल्लो वर्षबाट मास्टर्स तहलाई तीन वर्षे कोर्स डिजाइन गरेको थियो । त्यसपछि सन् १९८८ मा मैले अङ्ग्रेजी विषयमा दोस्रो मास्टर्स गरें । अङ्ग्रेजी विषयको अध्ययनले मलाई पश्चिमी साहित्यको इतिहासतर्फ रुची बढायो ।

**◐ इसीलीम : त्यत्तिखेर नेपाली विषयमा कुन-कुन विषयको अध्ययन गर्नु पर्थ्यो ?**

त्यो बेलामा नेपाली बाहेक हिन्दी, अङ्ग्रेजी पनि पढ्नु पर्थ्यो एक-एक सय नम्बरको । नेपाली साहित्यको विधा, कथा, उपन्यास, इतिहास विषयको अध्ययन गर्नुपर्थ्यो ।

**◐ इसीलीमः तत्काल एक विद्यार्थीले प्राइभेट विद्यार्थीको रूपमा परीक्षा एटेण्ड गर्न कति रूपैयाँ खर्च गर्नु पर्दथ्यो संभन सक्नु हुन्छ ?**

यो आजभन्दा ४६ वर्ष अगाडिको कुरा भएकाले मैले भुलिसकें । सायद १०५ रूपैयाँ जत्ति पर्थ्यो होला ।

**◐ इसीलीमः दाईको समयमा कीर्तिपुरमा प्राध्यापन गर्ने प्राध्यापकहरू को-को थिए होलान् संभना छ कि ?**

त्यसबेलामा बालकृष्ण पोखेल, मोहन थापा हिमांसु, विश्वबन्धु, तारानाथ शर्माहरू थिए । तर उहाँहरूसँग मेरो प्रत्यक्ष भेट र परिचय भएन, कारण म प्राइभेट विद्यार्थीको रूपमा अध्ययन गर्थें । म तत्काल सिधै प्रोजेक्ट पेपर बनाएर कार्यालयमा पेश गरी जाँचमा बसेको थिएँ । तत्काल म सुकिया पोखरीको हाई स्कुलमा हेडमास्टरको जिम्मेवारी लिई काम गरिरहेकाले नियमित अध्ययन गर्ने मौका नै पाइनँ ।

**◐ इसीलीमः प्रसंग अलि मोडौँ, तपाईहरू किपटिया थातथलो नेपालबाट कहिले दार्जिलिङ आउनु भयो ?**

मेरो पुर्खा जगमानको पालामा रावाखोला बाक्सिलाबाट दार्जिलिङ आएको हो । यो कुरा मेरो बुबाले भन्नु भएको हो । उहाँले सँधै यही कुरा हामीलाई सुनाइरहनु हुन्थ्यो ।

**◐ इसीलीमः दार्जिलिङमा तपाईंको सरकारी सेवा कहिलेबाट शुरुवात भयो, कुन-कुन ठाउँमा सेवा पुऱ्याउनु भयो ?**

सन् १९६३ सालमा सर्वप्रथम म दार्जिलिङको एक प्राथमिक विद्यालयमा हेड मास्टरको रूपमा सरकारी सेवा शुरु गरेको थिएँ। त्यसबेला मेरो तलब ८० रूपैयाँ थियो । त्यसभित्रै पाँच रूपैयाँ हेड मास्टर भत्ता र २८ रूपैयाँ खुराकी भत्ता भनेर छुट्याएको हुन्थ्यो । त्यो बेलामा जिनिस सस्तो भएकाले यत्ति पैसा पनि बचत गर्न सकिन्थ्यो । त्यसपछि मैले मिरिकको हाइस्कुलमा काम गरें, त्यहाँ रु.११५।- मासिक तलब थियो । त्यसपछि मैले दार्जिलिङ छाडेर नेपालमा पाँचथरको याङरुक गएँ र निलगिरी हाईस्कुलमा हेड मास्टरकै रूपमा काम गरें । त्यतिखेर मेरो तनखा रु.२५०।- थियो । उत्तिखेर एन. सी. र आई. सी. को मूल्य दर बराबर थियो । म चाहिँ छात्राबासमा बसेको थिएँ ।





**◐ इसीलीमः तपाईंलाई तत्काल २५० रूपैयाँले जीवन गुजारा चलाउन पुग्थ्यो के त ? फेरि तपाई त दार्जिलिङ निवासी ?**

पुगेकै थियो । विद्यार्थीहरूलाई बेलुकी ट्युशन पढाउथें । उनीहरूले ट्युशन पढाएबापत घिउ, चामल, सागसब्जी ल्याइदिन्थे । खानासमेत पनि पकाइदिन्थे । मेरो पैसा चोखै बाँच्थ्यो । पछि त्यस ठाउँलाई पनि मैले छाडें कारण म छुट्टिमा सुखिया दार्जिलिङ घर मा आएको बेला मलाई ताप्लेजुङको ठेचुमबाट लिन आएका रहेछन्, त्यसैले म त्यहाँ पुगेर रु.३००।- तलबमा काम गर्न थालें । त्यो बेलामा नेपालमा राजा महेन्द्रको शासन थियो । त्यस बेलाको एउटा रमाइलो घट्ना मलाई याद आइरहन्छ । सायद त्यो प्रसङ्ग यसमा राख्न मिल्छकि मिल्दैन ? ताप्लेजुङ जिल्लामा राजा महेन्द्रको जन्म जयन्ती मनाउने कार्यक्रम रहेको थियो । त्यसमा एउटा वादविवादको कार्यक्रम पनि राखिएको थियो - त्यसको शीर्षक थियो -"राजा महेन्द्रको तार्किक शक्ति स्पष्ट छ वा छैन" भन्ने बारेमा । वक्ता भएर बोल्नुपर्ने थियो । यस्तो कार्यक्रम दार्जिलिङमा हामीले फेस गर्दै आइरहेकै थियौं । म पनि वक्ताको रूपमा बोल्नेमा भाग लिएकोमा प्रथम पुरस्कार प्राप्त गरेको थिएँ । अञ्चलाधीसहरूसमेत रहेको त्यस कार्यक्रममा वितरण भएको पुरस्कारमा टुथपेष्ट, भ्यासलिन, काइँयो पुरस्कार दिइयो । मलाई ताजुब लागेर यसको सट्टा एउटा पुस्तक पुरस्कार दिइएको भए राम्रो हुन्थ्यो भन्ने प्रतिक्रिया दिएको थिएँ ।

**◐ इसीलीम : आफ्नो शैक्षिक सेवा कति वर्षसम्म प्रदान गर्नु भयो ?**

पुग नपुग ४० वर्ष शैक्षिक सेवा गरें । पछि म ताप्लेजुङ छाडेर सुखिया नै फर्के र त्यहाँ पनि हेडमास्टर भएर नै बिताएँ । त्यसपछि पनि पुनः चुङथुङ हाईस्कुलमा सरुवा भएँ र त्यसै विद्यालयँबाट नै सन् २००४ मैले अवकाश लिएँ ।

**◐ इसीलीमः यत्ति लामो शैक्षिक सेवा गर्दा भारतीय सरकारबाट केही मानपदवीहरू पनि त प्राप्त भए होलान् नि हैन, जानकारी पाउन ?**

त्यस्तो मान पदवी त मैले पाइनँ तर पनि पश्चिम बङ्गालको गन्यमान्य हाई स्कुलहरूमध्ये म टपटेनमा क्वाइलिफाइड हेडमास्टरको रूपमा रहेको थिएँ । म सेवाबाट अवकाश लिंदा रु.२३,०००।- तलब पुगेको थियो जबकि सहायक शिक्षकहरूले १५ वा १६ हजार मात्र तलब पाउँथे । तत्कालको तेइस हजार तलब भनेको वेष्ट बङ्गालको अफिसर ऱ्याङ्कको जागिर बराबर हो ।

**◐ इसीलीमः यत्तिका वर्ष सेवा गर्दा पनि यसरी एवार्ड पाउन नसक्नाको खास कारणहरू भारतीय समाजको सन्दर्भमा के थिए होलान ?**

यो सरकारले इन्क्वायरी गर्न नसकेको कारणले हो जस्तो लाग्छ । तत्काल म भिडभित्र नचिनेको पात्रको रूपमा रहेको थिएँ । त्यसताका डिजिएसी वा दार्जिलिङ गोर्खा परिषदले राष्ट्रिय पुरस्कारको लागि एउटा क्राइटेरिया तोकेको थियो । त्यसमा दीर्घकाल सेवा, साहित्यिक कृतिको प्रकाशन, शैक्षिक क्षेत्रमा योगदान दिएको हुनुपर्ने थियो । यी तीनवटै क्राइटेरिया मैले पुरा गरेको थिएँ । भारतीय शिक्षा नीति र दार्जिलिङ शीर्षक नामक कृति पनि थियो । यो कृतिले तत्कालको विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको रूपमा काम पनि गरेको थियो । यत्ति भएर पनि मैले कुनै पुरस्कार भने पाइनँ । पुरस्कार त्यस्ता व्यक्तिहरूले मात्र पाए जो राजनीति गर्थे वा राजनीतिज्ञको नजिक थिए, विद्यालय नियमित नजानेहरूले पाए, कृति नलेखेकाहरूले पाए । हुन त मैले पुरस्कार पाउँला भनेर कृति लेखेको पनि थिइनँ केवल आत्मसन्तुष्टिको लागि नै लेखेको थिएँ त्यो

प्रकाशनमा आउनुमा नै मेरो सन्तुष्टि थियो । तसर्थ यसमा कुनै गुनासो चाहिँ छैन ।

◐ **इसीलीम: दाइले आफ्नो जीवनमा यत्तिका वर्ष कार्यरत रहँदा धेरै तीतो मीठो अनुभव पनि प्राप्त गर्नु भएको छ होला, यसबारे भन्न मिल्छ कि?**

भाइ, धेरै तीतो र थोरै मीठो अनुभव सँगालेको छु । सुरुमा जत्ति तीता छन् त्यो पछि मीठो हुँदो रहेछ । त्यो पनि भोग्दै आएको छु । दार्जिलिङबाट जब नेपालको पूर्वी जिल्लाहरूमा शैक्षिक सेवा गर्न आएँ, त्यो बेला नेपालको बाटाघाटाहरू जटिल थियो, घोडा, मोटर केही थिएन । दार्जिलिङ सुखियाबाट पाँच दिन हिँडेर नेपालको ताप्लेजुङ, याङरुक, निलगीरी हाई स्कुल पुग्नुपर्थ्यो । युवा जवान भए पनि हिँड्दा-हिँड्दा थाकिन्थ्यो । आफ्नै पितृथलो भएता पनि जानपहिचान नभएको ठाउँमा पुग्नुपर्ने, अचिनारु घरहरूमा बास मागी बस्नुपर्ने, यी जटिलताहरू पनि थिए । आफूले अध्ययन गर्दा पनि नियमित अध्ययन गर्ने मौका पाइनँ । आफू सेवामा रहँदा हेडमास्टरको जिम्मेवारी पुरा गर्दै डिग्रीको अध्ययनलाई पुरा गर्नुपऱ्यो । दार्जिलिङबाट काठमाडौं जाने आजको जस्तो बाटो थिएन, हामी भागलपुर, मुजफपुर हुँदै बीरगञ्ज पुगेर भैरहवा हुँदै काठमाडौं जानु पर्थ्यो । मैले यी सबै यात्राहरूमा ट्रेन र बसहरूमा किताव साथैमा बोकेर पढेर परीक्षामा सामेल हुनु पर्थ्यो । यो दुःखले काठमाडौं पुग्दा फेरि जाँच सरेर अर्को दुःख भोग्नुपर्थ्यो । मैले पटक-पटक यस प्रकार को हण्डर खाएको छु । हेडमास्टरको कार्य चुनौतीपूर्ण थियो कसैले केही नमीठो भनिदेलाकी भन्ने डर हुन्थ्यो । चाहेको बेलामा विदा मिल्दैनथ्यो । जहाजबाट आउन जान पर्दा किम्मत पनि अलि बढी नै चुकाउनु पर्थ्यो त्यो पनि चुनौतीपूर्ण परिस्थितिहरूमा गरियो । जे होस् मेरो जीवन संघर्षमय थियो र त्यसलाई भोगेँ र उतारेँ ।

◐ **इसीलीम : उसो त मीठा अनुभवहरू पनि होलान् नै ?**

छन् नि, आफू जहाँ पुगे पनि नानीहरूलाई राम्रोसँग पढाउन सकेँ । समय बचाएर, थुतेर साहित्यिक कृतिहरू प्रकाशन गर्न सकेँ, पुस्तक प्रकाशन गर्न सकेँ, आफै प्रकाशक, आफै सम्पादक, आफै व्यवस्थापक भएर कृतिहरू बाहिर ल्याएँ । अहिले तेह्रौं कृति "अतितका रडहरू" आइसकेको छ । जीवनमा कहिल्यै दिक्दारी महसुस पनि भएन, त्यो शब्द नै म आफूमा लागु भएन । एक-एक मिनेट समयलाई पनि किम्मतको रूपमा उतारेको छु जस्तो लाग्छ आज ।

◐ **इसीलीम : जीवनको चालीस वर्षसम्म सेवामा रहँदा आफूले पाएको शिक्षा चाहिँ के हुन् जस्तो लाग्छ ?**

ठूला अफिसर हुनुभन्दा एउटा मान्यता प्राप्त शिक्षक हुनु महान कुरा हो । शिक्षकलाई तलब पकाउने पेशाको रूपमा लिनु हुँदैन । शिक्षक अत्यन्तै इमान्दार हुनु पर्दछ । बेइमान शिक्षकले आदर्श विद्यार्थी उत्पादन गर्न सक्तैन । भविष्यसम्म प्रभाव पार्न सक्ने कुनै पेशा छ भने त्यो शिक्षण नै हो । जीवनलाई बाँच्न सक्ने साधन सम्पन्न बनाउन ज्ञानगुणका खुराक दिलाउने आदर्श र उत्कृष्ट पेशा शिक्षाभन्दा अरु हैन सक्दैन । एउटा शिक्षक आफैमा सबै कुरा हो । पाठ्यपुस्तकमा नभएको कुरा समेत भन्न सक्ने बुद्धिमत्ता गुण एउटा शिक्षकमा हुनु पर्दछ, हुन्छ र उसले दिलाउने अवसर प्राप्त गर्दछ पनि । त्यसैले शिक्षक भनेको एकिकृत ज्ञानको भण्डार हो ।

◐ **इसीलीम: एउटा अनुभवी शिक्षकको नाताले अरु शिक्षकहरूलाई कुनै सुझाव दिनु पर्दा ?**

शिक्षक शिक्षक जस्तै हुनु पर्दछ । ऊ स्यालरी होल्डर मात्र रहनु हुँदैन । राज्यको अन्य अधिकारी वर्गले जाँड, रक्सी, मदिरा, भाङ जे खाँदा पनि त्यसले सीधा





रूपमा सामाजिक असर पुऱ्याउँदैन, तर एउटा शिक्षकले त्यसरी खान नै हुँदैन । मदिरा खान हुँदैन, भट्टी धाउन हुँदैन, चुरोट खैनी खान हुँदैन । यदि यसो गर्न हुँदैन भन्ने कुनै मर्यादित पद र पेशा छ भने त्यो शिक्षक पेशा नै हो । तसर्थ शिक्षक इमान्दार हुनु पर्दछ । आत्म संयमी हुनु पर्दछ । एउटा शिक्षकले धेरै अध्ययन गर्नु पर्दछ । आदर्श व्यक्तिहरू, आविष्कारक, प्रेरणादायी महान व्यक्तित्वहरूको जीवनी अध्ययन गर्नु पर्दछ जसले एउटा शिक्षकलाई आदर्श र नैतिकवान बनाउनको लागि बल प्रदान गर्दछ । हामी धेरै अरुबाट सिर्जित वस्तुहरू उपभोग गर्नेमा छौं तर हामी आफैसिर्जना गर्न सक्ने हुनु पर्दछ ।

◐ **इसीलीम: तपाईंले लामो समय सरकारी विद्यालयमा अध्यापन गर्नु गराउनु भयो जस्तो दार्जिलिङमा, त्यहाँ त कन्भेण्ट नामका निजी अङ्ग्रेजी विद्यालयहरू पनि छन् के उक्त कन्भेण्ट स्कूल, सेण्ट जेभियर्स स्कुलको पाठ्यक्रम र सरकारी विद्यालयको पाठ्यक्रममा समानता थियो ?**

यी दुईमा समानता थिएन । कन्भेण्ट स्कुलको पाठ्यक्रम आई सी ए सी दिल्ली बोर्डले बनाएको हुन्थ्यो जो केन्द्रसँग सम्बन्धित हुन्छ, तर सरकारी विद्यालयको पाठ्यक्रमको तयारी चाहिँ प्रदेश सरकारले बनाउथ्यो जो कलकत्ता बोर्डले बनाउँथ्यो । त्यसैले फरक त हुने नै भइहाल्यो ।

◐ **इसीलीम: तपाईंले ताप्लेजुङको याङ्रुकमा हेडमास्टर भएर काम गर्नुभयो र दार्जिलिङमा पनि धेरै वर्षसम्म पढाउनु भयो, के नेपाल र भारतको पाठ्यक्रममा समानता छ ?**

नेपालको पाठ्यक्रम भारतको पाठ्यक्रमसँग प्रभावित भएको पाएको छु । हामीले भारतमा पढाएको नागरिकशास्त्र, जीव विज्ञान, भूगोलजस्तो विषय नेपालमा पनि त्यही पढाइन्थ्यो । नेपालमा पढाउने शिक्षकहरू धेरै त दार्जिलिङबाट आएको पाइन्थ्यो । त्यसको प्रभाव पनि परेको हुन सक्छ ।

◐ **इसीलीम: तपाई पितृथलो नेपाल र मातृथलो भारत गरी दुवैतर्फको शिक्षक हुनुहुन्छ, यी दुई देशको प्रणाली, पदाधिकारी, व्यवस्थापकहरूवीच के फरक छन् ?**

यो पनि फरक नै रहेको पाएँ । त्यसबेलाको एउटा घट्ना झलझली याद आइरहन्छ । त्यो घट्ना बारे मा भन्न मिल्छ कि मिल्दैन यहाँ, तैपनि भनौं । एकपटक नेपालको पूर्वीय जिल्लामा काम गर्दा मेरो विद्यालयमा मन्त्रीको आगमन हुने भयो । मैले विद्यार्थीलाई स्वागत गर्न सिकाएँ, ताली पड्काउन सिकाएँ, शिक्षकरू आफै क्यारेम बोर्ड खेल्थे । उनीहरूलाई उक्त दिन मन्त्रीहरू आउने भएकाले क्यारेम बोर्ड खेल्न रोकें, तर मन्त्रीसँग आएको उच्च ओहोदाका मानिसहरूले आफै क्यारेम बोर्ड झिकेर खेलेको देख्दा नेपालको उच्चकोटीको मानिसहरूको हैसियत र सोचाई के कस्तो रहेछ भन्ने कुरा स्पष्ट थाहा पाएँ । भरै मन्त्रीको संवोधनमा विद्यालयको बारेमा कुनै कुरा संवोधन नभएको पाउँदा अर्को अचम्ममा परें । यो भन्दा धेरै फरक र उच्चता भारतमा पाइन्छ । यी नै कुराहरू भारत र नेपालमा फरक छन् ।

◐ **इसीलीम: हालमा यहाँको सेवा निवृत्त जीवन कसरी वितिरहेको छ र अब उसो कसरी लैजाने योजना बनाउनु भएको छ, जानकारी गराउन मिल्छ कि ?**

मैले सेवा निवृत्त जीवन आदर्शका साथ बिताइरहेको छु । यो फुर्सदिलो समय मेरो नितान्त नीजि समय पनि हो । म बन्देजमुक्त भएकाले यो समयलाई साहित्यिक रचनाहरूको सिर्जनामा भरमग्दुर सदुपयोग गर्न पाएको छु । सामाजिक सेवाको कार्यमा होस् वा साहित्यसम्बन्धी कार्ययोजना होस्, म बारम्बार

क्रियाशील छु । अहिले ७६ वर्ष पुगें, त्यति धेरै बोल्न चाहिँ सक्तिन, जिब्रोले प्रष्ट भाका टिप्दैन तैपनि कसैले स्रद्धाका साथ बोलाएको ठाउँमा गएकै छु । विशेषगरी म आफू दार्जिलिङमा साहित्य एकाडेमीको उपाध्यक्ष भएकाले वार्ताको लागि बेलाबखतमा निम्ता आइरहन्छ । त्यहाँ कैयौंचोटि वक्ताको लागि जानुपर्छ । दार्जिलिङ, दिल्ली, मिजोरम, सिक्किम, कलकत्ता, मेघालय आदि ठाउँहरूमा कैयौंचोटि गइसकेको छु । दिल्लीले केही अघि १८८ वटा हिन्दी कवितालाई नेपालीमा रूपान्तरण गर्ने जिम्मा मलाई दिएको थियो त्यो पनि यथा समयमा सम्पन्न गरेर बुझाएको छु, उक्त कृति प्रकाशोन्मुख अवस्थामा रहेको छ । अहिले प्रेसमा नेपाली अङ्ग्रेजी गरी चारवटा कृतिहरू दिएको छु, ती सबै प्रकाशनको क्रममा छन् । मेरो विधा भनेको शिक्षा, साहित्य र पर्यावरण हो, त्यसैलाई आधार मानेर कृति तयारी गर्ने गर्छु । हालमा म यसरी साहित्यमा साधनार त रहेको छु ।

◐ **इसीलीमः केही वर्ष अघि किरात येले संवतको छलफल नेपालमा जसरी चलेको थियो तपाई पनि सहभागी हुनुहुन्थ्यो यसको विश्राम कसरी गर्ने भन्ने वारे के सोच्नु भएको छ ?**

यो अत्यन्त जटिल प्रश्न हो । यो नेपालको किरात राई यायोख्खा संस्थाको लागि निकै चुनौतीपूर्ण विषय हो । म त तपाईंहरूलाई पो सोध्न चाहन्छु कि यसको समाधान कसरी गर्नु भयो ? यदी येले सम्वतको वारेमा कसैले सोधेमा यसको स्पष्ट जवाफ दिने ठाउँ छैन । नेपालका विद्वानहरू गोपाल वंशसम्म पुगेका छन् तर त्यहाँबाट उता जान सकेका छैनन्, उता जान सक्यो भने धेरै कुराहरू उजागर हुन्छ, त्यो इतिहासको लागि पनि विशेष खुराक नै हुन्छ । यलम्बर राजाको बारेमा इतिहास पाइन्छ, तर यलम्बरभन्दा अगाडि पनि किरात वंश थियो, तर त्यसको वारेमा कुनै ठोस अनुसन्धान हुन सकेको छैन । त्यसैले त्यहाँभन्दा परसम्म जान सक्नु पर्दछ । त्यो नेपालको विद्वानहरूले नै गर्नु पर्दछ । तपाईलाई थाहा होला कि किरात येले संवतको परिकल्पना खासगरी दार्जिलिङका किरातीहरूले गरेका हुन । किरात चुम्लुङमा एकजना लिम्बुले किरात येले संवतको समय उनले तत्काल ५,०२२ भनेर लेखेका थिए । त्यो कसरी भयो ? हामीले पनि गहिरिएर सोधेनौं । तर यसैको आधारमा नेपालमा किरात येले संवतको बहस शुरु भएको हो भन्ने लाग्छ ।

◐ **इसीलीमः दुमी किरात राई फन्सीकीमले भाषा बचाउने, संस्कार संस्कृति जोगाउने भन्ने उद्देश्यले काम गर्न थालेको पनि वीस बाइस वर्ष भइसक्यो तर यो वाइस वर्षको दौरानमा खासै प्रगति हुन सकेको छैन एक विज्ञ र जेष्ठ व्यक्तिको हैसियतले के सुझाव दिन चाहनु हुन्छ ?**

मैले त दार्जिलिङको दुमी राईहरूको हैसियतलाई हेरेर मात्र कुरा गर्न सक्छु । यहाँका दुमीहरू आर्थिक रूपले एकदम विपन्न छन् । शैक्षिक स्थिति त्यति उच्च छैन । सुरुबुरु मात्र पुऱ्याइखाने छन् । उपल्लो तहमा कोही छैनन् । तसर्थ हाम्रो हैसियत कमजोर छ । हामीकहाँ यथेष्ट रूपमा संस्कार संस्कृति, भाषा, मुद्दुमसँग सम्बन्ध राख्ने पुस्तकहरू पनि छैनन । त्यसैले दुमीको हितको लागि यत्ति लामो समयसम्म निरन्तर काम गरिरहने नेपालका दुमीहरूले नै यसलाई अगाढि वढाउनु पर्छ । दुमी शब्दकोश निकाल्न सक्ने, कथा कहानी लेख्न सक्ने, इसीलीम प्रकाशन गर्न सक्ने तपाईंहरू नै महान हुनु हुन्छ । विश्वमा दुमी व्याकरण लेख्ने जर्ज भान्द्रीमलाई भेट्न पाए कतिपल्ट ढोग्ने थियौं । तपाईंहरू अगाडि बढ्नै पर्छ । मुद्दुमलाई अगाडि बढाउनुहोस् ता कि त्यसले कुरान, त्रिपिटक र बाइबलको जस्तो महत्व राखोस् । यसर्थ म तपाईंहरूलाई सुझाव भन्दा पनि





सुभेक्षा प्रकट गर्न चाहन्छु । इसीलीमको प्रकाशनलाई जारी राख्नुहोस् । हामीले पनि पढ्न पाइयोस्, काँकडभित्तामा प्रेम वास्तोलाको पुस्तक पसल छ, त्यहाँ बाट चाहिएको नेपाली पुस्तकहरू हामी दार्जिलिङ्गेहरूले किनेर लैजान्छौं, तसर्थ त्यहाँसम्म तपाईंहरूको पुस्तक, पत्र-पत्रिकाहरू पठाइदिनुहोस् हामीले सजिलोगरी पाउन सक्छौं । यसरी हाम्रो प्रगाढ सम्बन्ध कायम हुँदै जावोस् भन्न चाहन्छु ।

◐ **इसीलीमः अहिले वंशावलीको पनि तथ्याङक संकलन र प्रकाशन गर्न लागेका छौं यसप्रति दाईको सुझाव केही छन् कि ?**

यो सबभन्दा ठूलो काम गर्नु भएको छ । यसको लागि ठूलो त्याग र तपस्या चाहिन्छ । यो एकदम सराहनीय कार्य भएको छ । यो ठूला कृति एवं ग्रन्थ हो । यसको लागि ठूलो समय दिनु भएको छ त्यसै को लागि दार्जिलिङसम्म आइपुग्नु भएको छ । अहिले नै नभए पनि आउने समयमा दुमीहरूले यसबाट ठूलो लाभ उठाउन सक्ने छन् । वंशावली बारे भारतमा एउटा किंवदन्ती नै बनेको छ । हङ्गेरीको एउटा गाउँमा मग्यार नामको एक जाति रहेछ । त्यो मग्यार जातीय समाजको एक मानिस युनिभर्सिटीमा पढ्दा एसियाली मुलका जातीय नश्लको वारेमा पढेको रहेछ कि मङ्गोलहरू पहेंलो वर्णको मङ्गोलियन जस्ता हुन्छन् भनेर । यत्तिकै भरमा ऊ आफू पनि त्यस्तै पहेंलो भएकाले आफ्नो वंशीय इतिहास खोजी गर्न हङ्गेरीबाट निस्क्यो । ऊ ठ्याक्क हेर्दा मङ्गोलियन अनुहार र कदको रहेछ । ऊ त्यस्तै वर्णको समुदाय खोज्दै तिब्बत पुग्यो । त्यहाँ तिब्बतीय भाषा सिक्यो र आफ्नो वंशको खोजि गऱ्यो, तर व्यर्थ भयो उसले आफ्नो जाति फेला पारेन । अनुहार मिल्ने धेरै भेट्टायो तर मग्यार जाति फेला पारेन । ऊ आफ्नो वंश खोज्दै भारतको कलकत्ता हुँदै अन्तमा दार्जिलिङ आइपुग्यो । त्यत्तिखेरसम्म ऊसँग एकजोर निलो सुट र भात पकाउने एक दुई भाँडाकुँडा मात्र थियो, अरु केही थिएन । तैपनि ऊ मग्यार जातिको अथक प्रयासमा थियो । आखिर त्यो मग्यारमा एउटा अङ्ग्रेजी लेटर एन छुटेकाले मङ्गार वा मङ्यार हुन सकेन र मग्यार हुन गयो । त्यो मगर वा मङ्गार समाज नेपालको पश्चिमी इलाकामा जनजातिको रूपमा ठूलै सङ्ख्यामा रहेका छन् तर पनि मग्यार फेला पार्न सकेन र ऊ आफ्नो वंश खोज्दा खोज्दै अन्त्यमा भारतामा नै बितेर गयो । उसको समाधिमा बनेको एक प्रतिमामा अहिले पनि हङ्गेरियन राज्यप्रमुख, सरकार प्रमुखहरू आएर स्यालुट गर्दछन् । यसरी जातीय इतिहासको खोजी गर्नु, वंशीय इतिहास पहिल्याउनु चानचुने कुरा होइन रहेछ भन्ने कुरा यस घट्नाले सिद्ध गर्दछ । यसरी हङ्गेरीको मानिसले आफ्नो वंश खोज्दा-खोज्दै जीवन अर्पण गरेको घट्नाले वंशावली भन्ने कुरा कत्ति महत्वपूर्ण हुँदो रहेछ भन्ने कुरा थाहा पाउन सकिन्छ । वंशावली भन्ने कुरा क्रेजी नोबल जस्तो हुन्छ । यो वंशको खोजी जुन गर्दै हुनुहुन्छ यो निकै भद्र कर्म (नोबल टास्क) हो । सुम्निमा पारुहाङले तपाईंहरूलाई आशिर्वाद दिऊन् ।

◐ **इसीलीमः धन्यवाद दाइ साहैं मीठो कुरा सुनाउनु भयो वंशावलीको वारेमा । अनि दाइ तपाई हाम्रो वंशज, समय सन्दर्भले दार्जिलिङ आएर तपाईको पितापुर्खा जगमान दुमीराई बसे, तपाईहरूको पढाई, लेखाई सबै यतै भयो, के दार्जिलिङ आफ्नै जस्तो लाग्छ कि पराय जस्तो लाग्छ ?**

अब मैले भनिआएकै छु, मेरो पितृभूमि नेपाल नै हो, तर मातृभूमि दार्जिलिङ हो । मानिसको जन्मभूमि एउटा हुँदो रहेछ भने कर्मभूमि अर्को हुँदो रहेछ । पितृभूमिलाई मैले किपट सम्झेको छु । मलाई बाबाले सधैंजसो भन्नुभएको थियो- “हामी रावाखोला बाक्सिलाबाट यहाँ आएका हौं ।” मलाई पछुताउ

केमा भैरहेको छ भने उहाँसँग बृहत ज्ञान थियो पुर्खाको, वंशको, औषधिपानी, जडीबुटी, संस्कृति संस्कारको, तर मजाले बसेर त्यो ज्ञान लिन पाइनँ । मेरो सधैंको ड्युटी वृद्ध आमा बाबुको गोडा कम्मर मिची मिची तेल मालिस गर्नु थियो । उहाँले आशिर्वाद अर्ति उपदेश दिनु हुन्थ्यो-" घोप्टो परेर नहिँड्नु, ठाडो शिर पारेर हिँड्नु, नखाए पनि खाएजस्तो गरेर हिँड्नु, नभए पनि भएजस्तो गरेर हिँड्नु, मागिखाने नहुनु दिइखाने हुनु....।" हाम्रो घरमा सदासदा बेलुकी आरती गाइन्थ्यो -"ओम जगदीश्वरे, जो धावे वही दुख पावे......" भनेर । बाबाले पल्लकोठाबाट आरतीको अर्थवारे प्रष्ट पार्नु हुन्थ्यो । "त्यो आरतीको अर्थ बुझिस्के त ? त्यो भनेको जसले धाउँछ उसले दुःख पाउँछ र अन्त्यमा ऊ सफल भएर छाड्छ भनेको हो .... आरतीको अर्थ बुझ्नुपर्छ त्यसै गाएर मात्र हुँदैन ।" यही हो उहाँको शिक्षा हामीलाई । हाम्रो किपटको बारेमा, वंश, इतिहास, संस्कृति विषयमा धेरै कुरा थियो उहाँसँग, तर ज्ञान लिन सकिएन अहिले पछुतो भएको छ । म यत्तिका बृद्ध भइसकें, तर रावाखोला हेर्न जान सकिनँ, किपट चिनेको छुइनँ, तुवाचुङ पुग्न सकिनँ, तर अझै आगामि दिनमा त्यहाँ पुग्नेबारे आशा भने मारेको छुइनँ ।

**◐ इसीलीमः बाँकी कुनै छुटेजस्तो लागेको केही कुरा छन् कि दाई ?**

मलाई संझेर त्यत्ति टाढाबाट आउनुभयो आभार व्यक्त गर्दछु । आउने दिनमा भाग्यले साथ दिएछ भने म जरुर आफ्नो किपटतिर घुम्न आउने छु ।

॥ नीरी (समाप्त) ॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**बि.स. १९९१ साल बैशाखे पूर्णिमा**

**पितृबासः**
**बि.स. २०७५ फागुन ११ गते**

**राम बहादुर खवचु दुमी राई**
**दिक्तेल रुपाकोट मझुवागढी न.पा.-१२, जालपा, खरदेल**

दुमी राईहरूको भाषा, संस्कार, संस्कृतिलाई संरक्षण र संबर्द्धन गर्न सदा तत्पर रहनु भएका दुमी किरात राई फन्सीकीमद्वारा प्रकाशित अर्धवार्षिक दुमी राई भाषिक पत्रिका इसीलीमका सल्लाहकार तथा समाजसेवी राम बहादुर खवचु दुमी राई ज्यूको असामयिक निधन भएको दुःखद घडिमा शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै दिवंगत आत्माको चिर शान्तीको लागि सिमेझुमे, सुप्तुलु, युङखुलु एवम् सुम्नीमा-पारूहाङसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**दुमी किरात राई फन्सीकीम तथा इसीलीम परिवार**





# हामी पनि दुमीराई



**कुबेर रत्कु छछपा दुमीराई**
**सूर्योदय नगरपालिका-४, इलाम**

'उस् ! उस् !! उस् !!! तुक्माना भुस,' । ए बाक्सिले, गापा सुस्ता ? म सानो छँदा पापा र तेतेहरूसित (हामीले शब्द अपभ्रंश गरेर हो कि ! देमदेम भन्थ्यौं) हरूसित पछ्याएर गाउँतिर जाँदा बाटोको अलिपर घर भएको सुबेदार बेबे नरबहादुर थुलुङ राईले मलाई जिस्काउँदै मायागरी बोलाउनुहुन्थ्यो टाढैबाट, र उस् ! उस् !! उस् !!! तुक्माना भुस भन्दाखेरी किराती तालबाजा ढोलको तालमा नाचेजस्तै गर्नुहुन्थ्यो । अवकास प्राप्त भारतीय सेनाका सुवेदार बेबेले फुस्रो खाकिको हाफपेन्ट लाउनुहुन्थ्यो । जुन हाफपेन्टको एउटै ढुङ्ग्रोमा मेरो साइजका नानीहरू २-३ जना अरु अटाउथ्यो होला जस्तो लाग्छ अचेल ।

उहाँको जेठा छोरा विष्णु राईका अनुसार सुविदार बेबेले दुमी भाषा खररर बोल्नुहुन्थ्यो रे, किनभने उहाँको आमा दुमीभाषी दुमी चेली हुनुहुन्थ्यो रे । अहिले भएदेखि बेबेसँग धेरै कुरा सिक्ने प्रयास गर्थें होला म । त्यो समय म आफू पाँच वर्षको आलाकाँचा फुच्चे केटो, वहाँ उसै परिपक्व बुढो मान्छे, तसर्थ उहाँसँग दोहोरो बोल्ने मैले के नै आँट गर्न सक्नु र ! म जन्मेको गाउँ परापूर्वक कालको पचेबुङ भएता पनि पछिल्लो समयमा सोलुखुम्बुको सल्लेबाट आएर गाउँको थरी, मुखिया भएका थुलुङ राईहरूलाई अन्य गाउँका थरी जिम्मावालहरूले सल्लेरी थरी भन्दाभन्दै पचेबुङ गाउँ सल्लेरी गाउँमा परिवर्तित भएता पनि इलामको नापीशाखाको ढड्डा (फिल्डबुक) मा त अझैपनि पञ्चेबुङ उल्लेख गरिएको पाइन्छ ।

यही पञ्चेबुङमा चार पुस्ता अघि बाक्सिलाबाट आएर हाम्रा बराजु बसोबास गर्न थालेको भनेर जेठोपाको बाट सुनिआएको हो, र सुन्ने दाजुहरूमध्ये एकजना प्रेम बहादुर भनिने हर्क बहादुर, मेरो भाइ अक्बर र म मात्र दुमीराईहरू छौं, अरु भने सबै नै बितिसके । हामी सही छौं या गलत छौं कसैलाईथाहा छैन । पापाले हामी रत्कु पाछाको दुमी राई हौं भन्नुहुन्थ्यो । त्यसैले हामी दुमीमध्येको एउटा पाछाको दुमी भएता पनि पूर्वजहरू बाक्सिलाबाट यहाँ आएकाले गैर दुमीहरू हामीलाई बाक्सिले राई वा बाक्सिले खलक नै भन्थे । हामीहरू हुर्केपछि अरुहरू पनि जान्ने, बुझ्ने भएपछि यिनीहरू बाक्सिले राई हुन् भन्ने अरुको मनमा खिलिएर रहेको भ्रम चिर्न सकियो, तर अझै पनि हाम्रो गाउँघरका कोयु राईहरू हामी सोइदेले राई हौ नै भन्छन् । यसरी जुन ठाउँबाट स्थानान्तरण भएर आयो, त्यही आएको ठाउँको थर धारण नगरे पनि अन्य थरका मान्छेहरूले सो थर भिडाइदिने प्रचलन र उदाहरणहरू धेरै भेट्न सकिन्छ । जस्तैः बाक्सिले, सोइदेले, हतुवाली, छिनामखोले, दिल्पाली, दाँवाली, देउसाली राई । हाम्रो गाउँमा बाक्सिलाबाट एक घर बसाई सरिआएका हाम्रा बुढो चुचुका सन्तानहरू हामी सात घर छौं र जनसंख्या ३१ जना मात्र ।

विशेषः हामी दुमी राईहरूको केही वर्ष अघिको वंशावली अनुसार ठीक चार पुस्ता अघि दुई भाई रत्कु दुमीहरू आफ्नो थातथलोबाट हिँडेकामध्ये एक भाई मुग्लान पसेको र अर्को भाइ इलामको जितपुरमा बसाई सरिगएको भनिएको कुनै एक भाइमा हामी पर्छौं अथवा पर्‍यौं भने चाहिँ हामी दुमी वंशावलीमा जोडिन्छौं, नत्र त अब यो विषयमा किटान गरेर भन्न सक्ने अग्रजहरू यो ठाउँमा कोही पनि जीवित नरहेको अवस्थामा यसै विषयमा घामपानी, भोकप्यास नभनि अहोरात्र खटेर खोज, अनुसन्धान गर्नुहुने सह-प्रा.श्री चतुरभक्त दुमीराई बताउनुहुन्छ । केही घर रत्कु पाछाको दुमी राई पान्थर जिल्लाको रवि बजारमुनि रहेको कुरा मलाई थाहा छ । त्यस्तै एक जना भाइसित भेट भएको छ मेरो । उहाँको

नाम तारा दुमीराई, स्थायी घर चुलाचुली गा.पा र, पहिलो चोटी भेट्दा उहाँ ग्रीस (युरोप) मा हुनुहुन्थ्यो, अहिले बेलायत बस्नुहुन्छ । उहाँका अनुसार चुलाचुलीमा पनि आफ्नो सन्तान धेरै नरहेको जानकारी गराउनु हुन्छ । पितापुर्खा कताबाट आए भन्ने जानकारी पनि त्यति नभएको बताउँनुहुन्छ तारा भाइ ।

तर हाम्रा चुचुपीपीहरू चाहिँ उबेलामा सायद बाक्सिला आऊजाऊ गर्नुहुन्थ्यो जस्तो लाग्छ, किनभने पीपीले हाम्रो घरबाट मुलथलो जाने भोजपुरको बाटो मा पर्ने फलाम खानीमा राती फलाम बिलाएर फ्रेममा खसाल्दा आगोको डल्लाझैं लाग्ने रातो चिज लुतुतुतु झरेको देखिन्छ, भनेर हाम्रो पापाहरूलाई सुनाउनु हुन्थ्यो रे । भनेपछि कि त यहीबाट बाक्सिला गएर हाम्रो चुचुले पीपी ल्याएको अथवा चुचुको पालासम्म आउजाउ थिएछ किनभने बसाई सरेर आउने त मेरो पापाको पनि चुचु हो। हाम्रो पीपी कोयुको चेली हुनुहुन्थ्यो रे। सोइदेलको कुन गाउँबाट भोजपुरको कुन ठाउँमा फलाम बिलाएर खसालेको देखिन्छ, सोही छेउछाउको गाउँ नै हाम्रो उद्गम थलो हुनसक्छ । अर्को प्रसङ्ग चाहिँ 'रावाखोलाको माछाले बाक्सिलाको कोदो खाइसक्यो' भन्ने ठट्टा पनि प्रचलित थियो रे त्यो बेला ।

हाम्रो गाउँको ठीक उतापट्टि (भारत) सियोक र थर्पु दुवै कमानमा दुमी राईहरू छन् । सियोकमा केही वर्ष अघिसम्मै ६ घर थियो, थर्पुको चाहिँ थाहा भएन । मैले भेटेका जति पनि दुमी बन्धुहरू हुनुहुन्छ, उहाँहरू सबै माझ किरातका नै हुनुहुन्छ, त्यो पनि बाक्सिलाकै । यतातिर छरिएर रहेकाहरूलाई खोज्न र भेट गर्न सकिएको छैन । आफ्नै घरव्यवहारले बाँधिएर । इलाम जिल्लास्थित सूर्योदय नगरपालिका-१, गोर्खेमा रंकासु पाछाका दुमीहरू हुनुहुन्छ । त्यस्तै फिक्कल छेउ मलिममा सिधै रावाखोलाबाट आएकाहरू एक घर हुनुहुन्छ र पाछा सोद्धा धिक्पा भन्नुहुन्छ, भेट्न भने बाँकी नै छ । एक जना संगीतकर्मी पनि हुनुहुन्छ, सिक्किमको ग्यान्टोकमा, तर वहाँसित आजसम्म पनि बातचित बातलिन भने अवसर मिलेको छैन ।

आजको दिनसम्म धेरै कुरामा हामी अन्यौलमै छौं । हामी वर्षमा एक पल्ट पित्र गर्छौं, दशैंको नवरात्र अगावै अथवा दशैंकै दिन पनि गर्ने चलन छ, हामीहरू सही छौं या गलत खुट्याइ दिने कोही छैन र हाम्रा केही कर्मकाण्डहरू थुलुङको जस्तै गर्दै आएकाले कतिपय ठाउँको कर्मकाण्डमा 'यिनीहरू थुलुङको रीत पछ्याउछन्' भनेर हेयको दृष्टिले हेर्ने गरेको तीता पलहरू पनि मनभरि आकै छन्, तर ती बन्धुहरूलाई धन्यवाद छ किनभने दुई वर्षअघि नयाँ परिष्कृत र बृहत वंशावलीको तयार 'मा आउनु हुने सह-प्रा. श्री चतुरभक्त दुमीराईज्यूलाई मेरी श्रीमती माया थुलुङ राईले माथि उल्लेखित विषयमा सोधखोज गर्दा 'कतिपय रीतहरू थुलुङसित नजिक नै छ, र हुने गर्दछ र तपाईंहरूले गरिआएको रीत पनि सही नै रहेछ' भन्नुभएपछि र शब्दहरू पनि केही नजिक भएको जानकारी दिनुभएपछि हामी ढुक्क भएका छौं ।

धेरै दुमी दाजुभाइहरू त हङकङ, बेलायत, क्यानडा र सिड्नी (अष्ट्रेलिया) तिर भेटिएका छन् । सामाजिक सञ्जालको सुबिधाले गर्दा जर्मनी बस्ने दुमी भाइसँग पनि चिनजान भएको छ, तर रत्कु पाछाका दुमीहरू एकदमै न्यून मात्रामा भेटिन्छन् । जे होस्, अहिलेसम्म हामीहरू मूल किलाथलोदेखि सम्पर्कविहीन भएर रहेता पनि अबदेखि भने सबै दुमी बन्धुहरूसित चिनजान बढ्दै छ र दुमी संस्था 'दुमी किरात राई फन्सीकीम' सित पनि सम्पर्क बाक्लिएको छ । यही क्रमले हामीबीच सामिप्यता बढ्दै गएमा आफ्नो वंश र थातथलो का बारेमा धेरै कुराहरू सिक्न र बुझ्न पाउने आशामा छौं, हामी एक्लिएर रहेका दुमीहरू । यही आशा र अभिलाषाका साथ हामी सबैजना मिली केही गर्न सकौं भन्ने कामना गर्दै आजलाई कलम बिसाएँ । जय दुमी वंश, जय दुमी किरात राई फन्सीकीम !

॥ नीरी (समाप्त) ॥





# गायक कुबेर राईसँग भेटघाट

वरिष्ठ गायक कुबेर राई एउटा सफल गायक हुन् भन्ने परिचय नेपाली समाजले जानकारी पाइसकेको छ । "मायाले मुलबाटो भुलेछ" भन्ने गीतबाट उहाँलाई अझ बढी चिन्ने गरिन्छ । हाल इलामको सूर्योदय नगरपालिका अन्तर्गत इलाम फाकफोक सङ्कुचोकमा उहाँ आफ्ना परिवारसहित जीवन विताइरहनु भएको छ । कला र सीपको विकासमा पूर्व सन्तान र अग्रजहरूका गुणहरू पनि थप आधार हुन्छन् भन्ने विश्वासमा रहेका कुबेर राईका अग्रज गायक दाजुहरू मानसिंह थुलुङ, सूर्य थुलुङहरूका सानिध्यताबाट गायनमा लागेपछि यसैबाट आफूले नेपाली जनमानसमा आफ्नो परिचय बनाउँदै युरोप, एसियाली मुलुक र अष्ट्रेलियासम्म गायन प्रस्तुतीकै लागि पुगेको कुरा उहाँ बताउनु हुन्छ ।

एउटा राम्रो मीठो गीतले त्यतिखेर न्यायको महशुस गर्छ जति खेर उसको एउटा सुमधुर आवाजले मीठो धुनमा ऊ आफू सजिएको पाउनेछ । यस्तै सुमधुर स्वरका धनी सर्वप्रिय गायक हुनुहुन्छ वरिष्ठ गायक कुबेर राई ।



चराचुरुङ्गीको चिरविर, कोइलीको कुहुकुहु, खोलाको कलकलसँगै मिश्रित बतासको भाकाहरूको स्पर्ससँगै डाँडाकाँडा, छाँगाछहराहरूलाई साक्षी राख्दै स्वर्ग जस्तो सुन्दर ठाउँ इलामको श्रीअन्तुमा दुमी कुलभित्र बाबा खिने राई र आमा लाखशोभा राईको कोखबाट वि.स. २०१९ साल चैत्र १९ गते जन्म भएको हो ।

गायक कुवेर राईको वंशीय परिचय खोज्दै जाँदा उहाँ दुमी राईअन्तर्गत रत्कु पाछासँग सम्बद्ध रावाखोला बाक्सिलाबाट पाँच पुस्ता अघिका पुर्खा अम्बरसिंह दुमीराई विभिन्न गाउँठाउँहरू घुम्दै फिर्दै इलाम पुग्नु भएको रहेछ । उहाँको वंशावली केलाउँदै जाँदा अम्बरसिंहका छोरा बिरगञ्ज, बिरगञ्जका छोरा निरबहादुर र निरबहादुरका छोरा खिने र खिनेको छोरा कुबेर राई भएको थाहा लागेको छ । उक्त वंश इलाम सल्लेरी र फाकफोकमा हाल सात घर बसोबास गरिरहेको पाइएको छ । भाग्यको भागमा लहरी लहरी पुगें मरुस्थलमा कसरी भन्ने कविता झैं लाग्ने विशेष नेपालको पूर्वी भागमा छरिएर रहेका यी रत्कु पाछाहरूको वंशावली खोज्ने क्रममा वि.स.२०७४ साल माघ ११ गते विहिवारका दिन उहाँकै घर निवास सङ्कुचोकमा फन्सीकीम अध्यक्ष श्री चतुरभक्त राई तथा गीत रेकर्ड गर्नको लागि काठमाडौं आउनुभएको अवसरमा वि.स. २०७६ साल साउनमा उनै कुवेर राईसँग गायक, संगीतकार तथा दुम्कीम काठमाडौंका उपाध्यक्ष सन्तोष दुमीले गर्नुभएको कुराकानीको संक्षिप्त अंश पाठकहरूका सामु प्रस्तुत छ -

◐ **इसीलीम : यहाँलाई नमस्कार**

मेरो पनि नमस्कार ।

◐ **इसीलीम : यहाँको जन्म कहिले भएको हो बताइदिनुहोस् न ?**

मेरो वास्तविक जन्म २०१९ साल चैत्र १९ गते ईलामको श्रीअन्तु-७, सल्लेरीमा भएको हो । अहिले यो सूर्योदय नगरपालिका-४ भएको छ ।

◐ **इसीलीमः यहाँको पारिवारिक पृष्ठभूमिबारे थोरै बताइदिनु हुन्छ कि ?**

हालमा बाबा आमा दुवैजनै हुनुहुन्न । हामी दुई दाजुभाइ मात्र छौं । म जेठा हो, भाइ कान्छा ऊ छुट्टै घर व्यवहार सम्हालेर बसेको छ । उसको एउटा छोरा र एउटी छोरी छिन् । अहिले मेरो चाहिँ साथमा श्रीमती र छोरा छन्, छोरीको चाहिँ विहे भइसकेको छ ।

◐ **इसीलीमः यहाँले गायन कहिलेबाट शुरुवात गर्नुभएको हो ?**

गीतहरू गाउने भनेको त हामी त्यतिखेर स्कूल पढ्दाखेरी शुक्रबारैपिच्छे अतिरिक्त क्रियाकलाप गराउनु हुन्थ्यो सरहरूले । त्यतिखेर कि नाँच्नु पर्ने कि गाउनु पर्ने, कि त कविता नै भएपनि भन्नु पर्ने । त्यतिखेर केही न केही त गर्नु नै पर्थ्यो । म चाहिँ लजाइ-लजाइ गीत गाउथेँ । त्यसरी मेरो गायन यात्रा सुरु भएको हो र सार्वजनिक हिसाबले चाहिँ मैले गायन शुरु गरेको करिव २०३६।०३७ सालतिर हो । त्यस बेलादेखि नै स्टेजमा गाउन शुरु गरेको हुँ । त्यही गाउँतिर हुने पुजा, विहेतिर हामी गीत गाउथ्यौं । सरस्वती पूजा गर्दा गाइन्थ्यो । दसैं तिहारमा दाइहरूले गाउँमा कहिलेकाहीं नाटकहरू गर्नुहुन्थ्यो, त्यतिखेर हामी गीत गाउथ्यौं । त्यसरी नै सुरुवात भयो, र त्यहीबाट गाउन थालियो ।

◐ **इसीलीम : यहाँको योग्यताको बारेमा पनि केही सोधी हालौं न ?**

त्यस्तो खास योग्यता मेरो केही छैन । त्यस्तो औपचारिक शिक्षा मैले प्राप्त गर्ने मौका पाइनँ । त्यसैले साधारण योग्यता मात्र हो ।

◐ **इसीलीम : के त्यो बेलामा आफ्नो क्षेत्रमा विद्यालयको अभाव भएकाले हो ?**

विद्यालयको अभावभन्दा पनि पारिवारिक जटिलता आयो । बाबा अलि पाको हुनुहुन्थ्यो । त्यसैले घर सम्हाल्न सक्नु भएन । त्यसमाथि उहाँ बिरामी पर्नुभयो । त्यसैले त्यो पारिवारिक जिम्मेवारी मैले लिनु पर्‍यो । हाम्रो दुईजना आमा हो । जेठी आमापट्टि सन्तान भएन । धेरै वर्षसम्म पर्खँदा पनि सन्तान नभएपछि बाबाले कान्छी विवाह गर्नु भएको रहेछ । कान्छीबाट म र भाइ जन्म्यौं । त्यसैले हामी जतिखेर जन्म्यौं बुवा एकदम पाको भइसक्नु भएको थियो । त्यसपछि म पढ्दापढ्दै बाबा थला नै पर्नुभयो । ठूली आमा पनि बितिहाल्नु भयो । अनि आमा एक्लै पर्नुभयो । भाइ सानै थियो । त्यसैले मैले घर सम्हाल्नु पर्ने भएकाले पढाईलाई अगाडि दढाउने सम्भावना रहेन । भाको कुरा चाहिँ त्यही हो । त्यसमाथि विद्यालय पनि टाढै थियो । त्यतिखेर हाइस्कुल पढ्न जान पर्‍यो भने कि मिरिक जानु पर्थ्यो कि दार्जिलिङ, कि त थर्पु जानु पर्थ्यो । टाढै थियो त्यसैले ती अवसरहरूबाट म पूर्णतः बञ्चित हुन पुगेँ ।

◐ **इसीलीमः यहाँले गाएको पहिलो गीत कुन होला ?**

रेडियो नेपालमा गाएको थिएँ -"मैले रोजेको फूल....." भन्ने शब्दमा । त्यसलाई चन्द्र सेवा दाइले रचना गर्नु भएको थियो र मानसिंह थुलुङ दाइ जो मेरै गाउँको दाइ पनि हो, उहाँले संगीत भर्नु भएको थियो । त्यत्तिखेर हामी मानसिंह दाइसँगै साथी भएर उहाँकै सहयोगमा काठमाडौंसम्म पुगेका थियौं । उहाँकै टिउनमा मैले गाएको थिएँ त्यो गीत ।





◐ **इसीलीम : त्यो गीतको शब्दहरू कस्ता थिए बताइदिन सक्नु हुन्छ ?**

मैले रोजेको फूल रोदनको कथावीच
तिमीलाई भित्र कहीं बचाएको छु ।
तर यो गीत रेडियो नेपालमा धेरै समय बजेन ।

◐ **इसीलीम : यसरी गायनमा लाग्ने वातावरण कसरी तयार भयो तपाईमा ?**

त्यत्तिखेर भन्ने हो भने रहरै रहरमा लागिएको हो । उतिखेर आजको जस्तो सुविधा थिएन । रेडियो नेपाल, ग्रामोफोन रेकर्ड सुन्ने वाहेकको केही पनि माध्यम थिएन । टेलिभिजन धेरै पछाडि मात्र आएको हो । त्यतिखेर हाम्रो गाउँठाउँमा रेडियो नेपाल, गोहाटी केन्द्र, कारसङ रेडियो सुनिन्थ्यो । विशेषगरी त्यतिखेर गाउँमा मनोरञ्जनको साधन नभएकाले स्टेज कार्यक्रमहरू भइरहन्थ्यो, बाक्लो नभए पनि वर्षमा एक दुई चोटी । पछाडि त्यस अवस्थामा हाम्रो गाउँबाट पहिलो चोटि सूर्य थुलुङ दाइ काठमाडौं जानुभयो र रेडियो नेपालमा छिर्नसक्नु भयो ।

त्यसपछि मानसिंह थुलुङ दाइ अलिपछि जानु भयो । त्यसपछि म पनि रेडियो नेपालमा प्रवेश गरें । त्यो सबै वाध्यताभन्दा पनि रहरै रहरमा गाइएको थियो । त्यत्तिखेर गीत रेकर्ड गर्न पैसा लाग्दैनथ्यो । बरु गीत रेकर्ड गरेबापत गायकलाई २० रूपैया दिन्थे । आजकलको जस्तो गायकीले नै मात्र खर्च गर्नु पर्दैनथ्यो । त्यतिखेर हामी 'ग' श्रेणीमा पास भएका गायक थियौं । उनीहरूले दिएको २० रूपैयाको चेक राष्ट्रबैंक थापाथलीमा साटेर बाहिर आई गर्वका साथ चिया खाजा खाइन्थ्यो । त्यसरी रहरले गीत गाइयो । त्यतिखेर आजको जस्तो व्यावसायिक गायन थिएन ।

त्यतिखेरको व्यावसायिक गायन भनेको निजी विद्यालयमा सानोतिनो म्युजिक व्यवसाय स्कुलमा चलेको थियो, जस्तो गोपाल योञ्जन दाइले सेण्ट जेभियर स्कुलमा म्युजिक सिकाउने काम गर्थे रे भन्ने सुनेको थिएँ तर त्यस्तो व्यावसायिक आधार केही पनि थिएन । म आफैले देख्दा एकराज दाइ त्यतिखेर सेण्ट जेभिएरमा संगीत टिचर र नविन किशोर दाइ डान्स टिचर थिए । त्यसो गर्दै तत्कालका गायकहरू बाँचेका थिए । आजकलको जस्तो व्यावसायिकता कहाँ हुनु र ।

◐ **इसीलीमः तपाईंले व्यावसायिक गायन यात्रा चाहिँ कहिलेबाट सुरु गर्नुभयो ?**

व्यावसायिक कसरी लिने ! अब व्यावसायीक नै हुने हिसाबले मैले संगीतलाई व्यावसाय बनाएको हो भने त करिव वि.सं. २०४९ सालतिरबाट मैले काठमाडौंमा होटल गायन गर्थें साथै स्कूलहरूमा संगीत विषय पढाउने गर्थें । त्यसरी सुरुवात गरेको हो, अब यो रेकर्डिङहरूको सिष्टममा चाहिँ अलि पछाडिबाट मात्र मैले सुरुवात गरें ।

◐ **इसीलीम : गायनमा यहाँको प्रसिद्धी सुनिएकै छ, यसमा तपाई आफूलाई कस्तो महसुस गर्नुहुन्छ ?**

संगीत भनेको यत्ति धेरै विशाल छ कि त्यो कुरा गरेर साध्य नहोला । म भनेको संगीतको एउटा सिकारु विद्यार्थी मात्र हो । हामीले आदर गर्नुपर्ने आदर्श व्यक्ति भनेको अम्बर गुरुङ हो । उहाँले भन्नु हुन्थ्यो- "संगीत भनेको यस्तो महासागर हो कि मैले तीनवटा जुनि पाएँ भने मात्र संगीतको रस्वास्वादन गर्न सक्छु होला, यो मैले पाएको एक्लो जुनीले पुग्दैन ।" प्रस्तुत भनाइलाई आत्मसात गर्ने हो भनेदेखि हामीले आफूलाई यो र त्यो हुँ भनेर आफूले आफैलाई ठूलो हुँ भनिरहन

असहज लाग्छ ।संगीतलाई माया गर्दै यसैको माध्यमबाट आफ्नो संस्कार, संस्कृतिको उजागर गर्ने पात्रको रूपमा म आफूलाई उभ्याउन चाहन्छु ।

**◐ इसीलीम : यहाँले रेडियो नेपालमा कुन सालतिर स्वर परीक्षण उत्तीर्ण गर्नुभएको थियो नि ?**

वि.स. २०३८ सालमा म स्वर परीक्षणको लागि रेडियो नेपाल छिरेको थिएँ । पछिल्लो वर्ष मात्र 'ग' श्रेणीमा पास भइएको नतिजा आएको थियो । त्यसमा त्यही साल माथि भनिएको "मैले रोजेको फूल रोदनको कथावीच, तिमीलाई भित्र कहीं बचाएको छ" नामक गीत रेकर्ड गराएको थिएँ । उतिखेर वर्षमा एक पल्ट मात्र गीत रेकर्ड गर्ने मौका पाइन्थ्यो । त्यसमा चाहिने सबै खर्चबर्च रेडियो नेपालले नै मिलाउँथ्यो । त्यसपछि रचनाकार, संगीतकार र गायकलाई अघि भनिएको जस्तो अलि-अलि खर्च पनि दिन्थ्यो । आजकलको जस्तो आफैले पैसा भने तिर्नु पर्दैनथ्यो ।

**◐ इसीलीमः गीत रिकर्ड गराउँदा के तत्काल कसैको पाउ पूज्नु परेको थियो कि ?**

पहिले-पहिले अलिअलि त नपरेको होइन, हुन चाहिँ हामीलाई नचिनेर पनि त्यस्तो पर्न गयो होला, त्यो इलामबाट आएको भर्खरको नयाँ फुचे मान्छे भनेर ठाने होलान् । रेडियो नेपालमा व्यवस्था गरिदिने आफन्त कोही नभएकाले त्यस्तो पर्न गयो केही-केही तर पनि त्यस्तो धेरै परेन । यद्यपि असहज त यसभित्र पनि हुने नै भइहाल्यो ।

**◐ इसीलीमः स्वर परीक्षण गर्दाको गीतको शब्दहरू कस्तो थियो होला ?**

मैले त्यो दार्जिलिङबासी नर्देन रुम्बाले लेख्नु भएको गीत गाएको थिएँ । उहाँ हालमा बितिसक्नु भएको छ । त्यस गीतको शब्दहरू थिए- "जोवनको आँचल तिम्रो अल्झाइदिए के होला, सँधैभरलाई एउटा घाउ बल्झाइदिए के होला" भन्ने गीत गाएको थिएँ । यसको संगीतकार धनन्जय थापा हुनुहुन्थ्यो । उहाँ पनि बितिसक्नु भएको छ । उनै नर्देन रुम्बा र धनन्जय थापाको रचना संगीतलाई मैले स्वर परीक्षणमा प्रयोग गरेको थिएँ । नातीकाजीले हार्मोनियम बजाइदिनु भएको थियो । त्यसमा मैले एक्लै स्वतन्त्र रूपमा गाएको थिएँ । त्यसमा पास गरें र आफ्नो सांगीतिक जीवनलाई अगाडि बढाएँ ।

**◐ इसीलीम : तपाई इलाम सल्लेरीबासी यहाँबाट दार्जिलिङ, खर्साङ पुग्न एक घण्टा लाग्छ तर दार्जिलिङ खर्साङ जस्तो गीत, संगीतको सिर्जना हुने क्षेत्रलाई छाडेर एकदिन नै टाढा पर्ने काठमाडौं नै जानुपर्ने कारण के थियो होला ?**

तपाईंले ठीक सवाल उठाउनु भयो । काठमाडौंभन्दा दार्जिलिङ नै नजिक हो । खर्साङमा पनि भ्वाइस टेस्ट गराउँथ्यो । त्यहाँ पनि गीत रेकर्ड गराउने चलन अझै पनि छ होला, व्यवस्था होला सायद, थाहा छैन । तर त्यतातिर चाहेर पनि मेरो अलिक सम्पर्कस्थापित भएनछ । आफूलाई माया गर्ने र सँगसँगै स्टेज कार्यक्रमहरू गरिहिँड्ने सहयोगीको रूपमा रहेको नजिकको मानसिंह दाइले काठमाडौं बोलाई हाल्नुभयो, म पनि सपनामा कल्पिँदै उतैतिरै गइहाले छु । त्यसपछि मात्र दार्जिलिङतिर अलिअलि चिनजान भएको हो । पहिले दार्जिलिङतिर चिनजान थिएन नै भन्नुपर्छ । त्यतातिर कोही साथीहरू पनि थिएनन् । अग्रज दाइहरूसँग पनि त्यस्तो घनिष्टता थिएन त्यतातिर ।

**◐ इसीलीम : त्यही त यत्ति नजिकमा सांगीतिक वातावरण हुँदाहुँदै पनि काठमाडौं नै पुग्नु भयो, यो त एक खालको अचम्म जस्तो लाग्छ ? दार्जिलिङमा पनि डेजी बराईलीहरू थिए नि होइन र ?**

हो, हो त्यस्तै भयो । डेजी बराईली, कर्म योञ्जनहरू पनि थिए दार्जिलिङतिर । तर पनि अग्रज दाइहरू काठमाडौंमा नै भएको हुनाले उतैतिर सम्पर्क बढ्ने नै भयो, भएको चाहिँ त्यही नै हो ।

**◐ इसीलीमः तपाईको आफ्नै रचनाहरू चाहिँ कति छन् होला ?**

म गीत लेख्दिनँ, केवल गायक मात्र हुँ । कता-कता एक-दुई वटा ट्युन गरेको छु, त्यसमा भूपाल राईको गीत ट्युन गरेको छु । अरुको त गरेको छुइनँ, अहिलेसम्म ।

**◐ इसीलीम : भूपाल राईको कुन गीतको ट्युन गर्नु भएको छ होला ?**

त्यो जीवनवादी गीत हो । त्यसमा भएको शब्द यस प्रकार रहेको छ- "मेरो मृत्यु केही होइन, भए शब्द मात्र, म मरेको भोलिपल्ट केवल दुई दिन मात्र" भन्ने रहेको छ । मृत्युपछि आफ्नो अवस्था कस्तो हुन्छ भन्ने कुरालाई उहाँले राम्ररी दर्शाउनु भएको छ त्यो गीतमा, र यहाँहरू जस्तो बौद्धिक व्यक्तिको लागि एकदम मनपर्दो हुने ठानेको छु मैले । शब्दै पढ्दा मात्र पनि मन छुन्छ । मैले त्यो गीतको ट्युन गरेको छु, यद्यपि म त ट्युन नै गर्ने मान्छे नभएर केवल गाउँछु मात्र ।

**◐ इसीलीम : यहाँको पालामा गीतको एक खालको क्षेत्र थियो केही माया प्रिती र केही प्रगतिशील गीतहरू पनि थिए । तपाईको गीत कुन विधाको हो ? बताईदिन सक्नु हुन्छ ?**

मेरो त्यसताका एकजना साथी थियो । उ भर्खर-भर्खर राजनीतिमा लागेको रहेछ । उसले मलाई जबरजस्त गीत सिक्न लगाएर तान्दै लगेर स्टेजमा जनवादी यानेकी प्रगतिशील गीत गाउन लगाएको थियो र मैले गाएँ पनि, तर त्यसपछि कहिले पनि त्यस्ता क्रान्तिकारी गीतहरू गाइनँ । केवल संसारिक सुगम संगीत तथा माया प्रीतीका गीतहरू मात्र गाएँ । मैले राजनीति विचारधारा बोकेको, कुनै झण्डामुनी बसेर पार्टीको गीत पनि गाइनँ, पञ्चायतलाई सघाउने, राजाको स्तुतीगान वा कुनै राजनीतिक पार्टीको प्रशस्ती गाउने गीत पनि गाइनँ । केवल विशुद्ध लोक गायन नै मात्र गरियो ।

**◐ इसीलीम : अब ठ्याक्कै सङ्ख्यामा भन्नुपर्दा अहिलेसम्म कति वटा गीत गाउनु भयो होला ?**

मैले ठ्याक्कै भन्नका लागि त गनि भ्याउन समय लाग्ला नै । तर अनुमानमा भन्नु पर्दा आफ्ना एल्बम चारवटा छन् । अरुको एल्बम, रेडियो नेपालसमेत गरी लगभग दुई सयदेखि अढाई सय जति छन् होला, मोटामोटी मलाई त्यस्तो लाग्छ ।

**◐ इसीलीम : आफूले निकालेको एल्बमका नामहरू बताइदिन सक्नु हुन्छ ?**

पहिलो 'अन्तराल', दोस्रो 'निरन्तर', तेस्रो 'अविरल' र चौथो 'आबृत्ति' भनेर नाम राखेको छु । यी सबै गरेर यसमा तीस, चालीसवटा गीतहरू अटाएका छन् ।

**इसीलीम : तपाईका त्यत्तिका गीतहरू छन्, सबै नै पनि राम्रै होलान्, तथापि तीमध्ये तपाईलाई मनपर्ने गीतहरू चाहिँ कुन-कुन होलान ?**

शब्दको हिसाबले भूपाल राईको रचना राम्रो लागेको छ, तर विशेष त धेरै मेरा शुभचिन्तक श्रोता, दर्शकहरूले सुनेका, देखेका गीतको स्तरलाई हेर्दा "मायाले मूलबाटो भुलेछ" भन्ने गीत राम्रो लाग्छ

। त्योभन्दा अगाडि 'नेपाली हो राष्ट्र गौरव बढाइ देऊ' भन्ने गीत पनि अलिक चलेको नै मान्नु पर्छ। रेडियोबाट धेरै बज्ने गर्थ्यो त्यो गीत, अलि चलेको थियो शुक्मित गुरुङसँग गाएको थिएँ मैले । अरु पनि छन् । एक पटक गाएपछि बिर्सि जाने तर पछिसम्म पनि रहिरहने गीतहरूको प्रतिक्रिया अनलाइनतिर आइनै रहेका छन् ।

**◐ इसीलीम : तपाई आधुनिक गीतकार हो कि लोक गायक हो ? के भनेर चिन्नु पर्दछ ?**

मलाई सुगम संगीतको विद्यार्थी भनेर चिन्दा नै राम्रो होला। यो भनेको न त शास्त्रीय न त आधुनिक गायन हो, न त पूर्णतः लोक गायन नै हो। म आफूलाई दुवैको मिश्रित्त वा मध्यम धारमा रहेर नै आफ्नो गायनलाई अगाडि बढाउन चाहन्छु।

**◐ इसीलीम : आजकल गायकहरूले गीत, संगीतको लागि खुबै स्वर सिकाइको अभ्यास गरेको देखिन्छ, यहाँले पनि संगीतमा स्वर अभ्यासको लागि कसैसँग गुरु थाप्नु पऱ्यो कि ?**

म आफूले पनि सिकेको थिएँ, र छु। यतैतिर मानसिंह दाइबाट सरगमहरू सिकेको थिएँ, तालहरूको बारेमा अलिअलि सिकेको थिएँ । काठमाडौं स्वर परीक्षा दिने समयताका एकराज राईबाट गीतलाई सरगमको रूपमा कसरी उतार्न सकिन्छ र उतारिएको नोटेशनलाई कसरी पढ्ने भन्ने वारेमा सिकें। त्यसपछि प्रज्ञा प्रतिष्ठानमा तालीम दिइन्थ्यो त्यहाँ अम्बर गुरुङ सरबाट एकवर्ष गीत संगीतबारे सिकें । कहिलेकाहीं दिपक जङ्गमबाट पनि सिक्ने मौका पाइयो। शास्त्रीय संगीतको सत्र (वा कक्षा) चाहिँ पाटनको कृष्ण नारायण श्रेष्ठसँग दुई वर्षसम्म सिकें । शास्त्रीय संगीत सबैको गुरु हो भन्ने सुझाव अरुहरूबाट पनि प्राप्त भएकाले यसरी साधनामा लागेको थिएँ ।

**◐ इसीलीम : यहाँले गायनमा लाग्दा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा कुन ठाउँहरू भ्रमण गर्नु भयो ?**

मैले राष्ट्रिय क्षेत्रमा गायन गर्ने उद्देश्यले खासै भ्रमण गरेको छुइनँ । पाल्पा, पोखरा, इलाम, फिदिम, काठमाडौं, सुनसरी, ताप्लेजुङ, झापा, मोरङ जस्ता ठाउँहरू तथा जिल्लाहरूको भ्रमणसम्म गरेको छु। तर अन्तर्राष्ट्रिय क्षेत्रको भ्रमण बढी नै स्मरणयोग्य भएका छन् । हङकङ सात पटक गएको छु गायन कै लागि । त्यसपछि पटक-पटक कोरिया, बेलायत, अष्ट्रेलिया आदि मुलुकहरूसम्म पुगेको छु ।

**◐ इसीलीम : राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा यसरी गीत गाउन जाँदा स्रोताले वान्स मोर रिपिड भनेर जोड दिएको गीत कुन होला ?**

त्यो त "मायाले मुलबाटो भुलेछ" भन्ने बोलको गीत नै हो । त्यो पहिलो चोटि पहिचान दिने गीत भएछ र स्रोताले मन पराएकै छन् । हुन त अरु पनि नभएका होइनन् तर पनि गीत सुन्ने वित्तिकै नाच्ने खालको गीत पनि छन् तर पनि शब्दलाई नियाल्ने र मनन गर्ने स्रोताहरूको स्तर पनि भएकाले मायाले मुलबाटो भुलेछ भन्ने गीतलाई बढी मन पराएका छन् । (गायकले यसलाई एक चरण गाएर पनि सुनाउँछन्) - "मायाले मुलबाट भुलेछ .....।"

**◐ इसीलीमः यसको रचनाकार र संगीतकार को हुन त ?**

रचना बुद्धवीर लामा र संगीतकार मानसिंह थुलुङ हुन् । अन्ततः मलाई गीतकार कुबेर राईको परिचय दिलाउने गीत पनि यही नै बन्यो ।

**◐ इसीलीमः गायन यात्रामा तपाईंको कुनै अविस्मरणीय क्षण पनि त होलान् नि, बताइदिनु मिल्छ भने...?**





त्यस्तो विशेष अविस्मरणीय क्षण त छैन तर मैले रेडियो नेपालमा वि.स. २०५१ सालमा श्रवण मुकारुङको शब्द र मान सिंह थुलुङ दाईको संगीतमा चाहिँ अधिराज्यव्यापी आधुनिक गीत गायन प्रतियोगितामा गाउँदाखेरी प्रथम भएको थिएँ । अनि त्यतिखेर मैले शास्त्रीय संगीत सिकाउनु हुने गुरु कृष्ण नारायण श्रेष्ठ जो पाटनमा बस्नुहुन्थ्यो । उहाँ उमेरले पाको हुनुहुन्थ्यो । अनि त्यसपछि म जब प्रथम भएँ पाटन अस्पतालमा हुनुहुन्थ्यो मेरा गुरु । गुरुलाई भेट्न एकजना संगीतकर्मी बालन्द भाइसँग म त्यहाँ गएको थिएँ ।

बालन्दले हाम्रो दाइ त अधिराज्यव्यापी आधुनिक गीत प्रतियोगितामा प्रथम हुनुभयो नि भनेर गुरुलाई सुनाउदाखेरी उहाँ खुशीले गदगद भएर उहाँको आँखाभरी आँशुले भरिएको थियो । त्यसरी आँशु बग्दा वहाँको छोरी पुछिदिएको क्षण मेरो मानसपटलमा आजसम्म पनि अमिट छाप बनेर रहेको छ । त्यो पललाई सम्झिँदा पक्का गुरुले आफ्ना चेलाहरूलाई पनि आफ्नो सन्तान जत्तिकै समान रूपले माया गर्दा रहेछन् भन्ने अनुभूत गरें । जो चाँही मेरो जीवनमा नै अविस्मरणीय क्षणको रूपमा लिएको छु

**◐ इसीलीमः अहिलेसम्म तपाईंले गीत, संगीतमा पाउनु भएको सफलताका कथाहरू भनिदिनु हुन्थ्यो कि ?**

अब कस्तो भने त्यस्तो चर्चाको पछि नदौडेर त अल्लि टिकाउ हुने किसिमको अथवा भावुक गीतहरूमा लगाव भयो । त्यसैले त्यस्तो धेरै चर्चा नभएता पनि जे होस् मलाई मैले जे जति गरें त्यसको मूल्याङ्कन गरेर मलाई सबै साथीहरूले बाहिरतिर पनि बोलाउनु भयो । म गाउँघरमा जन्मेहुर्केको एउटा साधारण किसानको छोरो अनि अनपढ आमा बाबुको छोरो, यहि संगीतले त्यस्ता विश्वका महंगा शहरहरूमा डुल्ने अवसर दियो मलाई ।संगीतले दिएको सफलता नै भन्नुपर्छ यसलाई । म अहिले पनि इलामको एउटा गाउँमा बस्छु । मलाई काठमाडौंमा बस्नुहुने शुभचिन्तकहरूले कहिले पुरस्कृत गर्नुहुन्छ, कहिले यहाँ आएर गीत गाइदिनलाई आग्रह गर्नुहुन्छ। यो पटक पनि म त्यसरी नै यहाँसम्म आएको हुँ । यज्ञनिधि दाहाल दाइले वहाँ बितेर जानुभए पनि एउटा सिडि बनाउँदै हुनुहुन्थ्यो रहेछ, त्यसको लागि लोचन भट्टराईले बोलाउनु भएर म यहाँ काठमाडौं गीत रेकर्ड गर्न आएको। त्यो मेरो लागि खुशी र सफलताको रूपमा ठान्छु । अ.....दुई, चार वटा देशहरू डुलेको छु यी मेरा सबै सफलता नै हुन् ।

**◐ इसीलीमः गायन विधामा लाग्दाखेरी यहाँलाई राज्यबाट पनि त सम्मानहरू प्राप्त भएको होला नि ?**

केही प्राप्त भएको छैन र सम्मान पाउँला भनेर गाएको पनि होइन । तर संघ-संस्थाहरूबाट भने धेरै सम्मान पाएको छु । बेलायत, कोरिया, हङकङ, अष्ट्रेलिया जहाँ-जहाँ गइयो, त्यहाँबाट सम्मान पाएको छु। नेपालमा संस्थाको तर्फबाट राष्ट्रिय स्तरको पुरस्कार पनि पाएको छु। जस्तो धनकुटाबाट इन्द्रमोहन पुरस्कार राष्ट्रिय स्तरको पुरस्कार हो त्यो पाएको छु, त्यसैगरी झापाको ससाङ्क प्रतिष्ठानबाट पनि पाएको छु, त्यो पनि राष्ट्रिय स्तरकै पुरस्कार हो ।

**◐ इसीलीम : एउटा गायकको जीवन र साधारण मानिसको जीवनमा के कत्ति फरक छ होला ?**

होइन खास फरक छैन, आम मानिसको जस्तै हो, केही फरक छ जस्तो त लाग्दैन । तर धेरैले भन्छन् संगीतकर्मी, कलाकर्मी, गायकहरू, कविहरू, साहित्यकर्मीहरू अलि असाधारण खालका हुन्छन् भन्ने गरेको धेरैतिरबाट सुनेको छु। अलि अरुभन्दा सचेत, भावुक, अनि अलि-अलि बढी स्वाभिमान भएको जस्तो लाग्छ, मलाई कहिलेकाहीं । अनि अरु त आम मानिस जस्तै हो । त्यत्ति मात्र हो, अलि अनौठो

जीव जस्तो लाग्छ म आफूलाई पनि । धेरैको त्यस्तो देख्छु, कतिपय त अनुशासनमा नै नबस्ने, विहान-विहान जाँड-रक्सी खाएर हिँड्ने, त्यो राम्रो चाला जस्तो भने देख्दिनँ, अजीव लाग्छ ।

**◐ इसीलीम : लक्ष्मीप्रसाद देवकोटा, हरिभक्त कटुवालहरूको आनीवानी पनि एकखालको थियो रे नि ?**

हो हरिभक्त कटुवाल, भूमि शेरचन पनि असाधारण जस्तो देखेको थिएँ । अहिले समकालीन पुस्ताका गायकहरू पनि मात्ने खाने र लापरवाही भएर हिँडेको देखिन्छ । त्यसैले अन्य अग्रजहरूले भनेजस्तो कलाकार, गायक, संगीतकर्मीहरू असाधारण नै हुन्छन् भनी गरेको टिकाटिप्पणी गरिदिंदा त्यो असाधारण कलाकारहरूको व्यावहारिक जीवनसँग त्यो कुरा मेल पनि खान्छ । म आफू पनि यसो विचार गरिहेर्दा त्यस्तै लाग्छ । तर त्यो सबैमा लागु नहुन सक्छ ।

**◐ इसीलीम : के नेपालको परिवेशमा एउटा गायकले गायनबाटै जीविकोपार्जन गर्नसक्ने संभावना देख्नु भएको छ ?**

व्यावसायिक भएर जीवन गुजार्ने, व्यावसायिकता भित्रको धर्मकर्मलाई आत्मसात गरेर जाने हो भने त्यो नभएको होइन । धेरैको भइराखेकै पनि छ । तर त्यो चाहिँ अब व्यावसायिक भएर जानको लागि अनेकौं प्रकारको कुराहरू पचाउन सक्नु पर्दछ । आफूलाई मन नपरेको गीतहरू पनि गाउन सक्नु पर्दछ, जे जे खोज्छ त्यो त्यो प्रस्तुत गर्न सक्नु पऱ्यो, नेप्टो चेप्टो भएर स्टेजमा उत्रन सक्नु पर्दछ । त्यसरी गर्ने हो भने बाँचेको पनि देखिन्छ । राम्रै पनि अवस्था छ । होइन भने राज्यपक्षबाट भने खास तवरको केही पनि पृष्ठपोषण छैन, जत्ति खेलकुदलाई राज्यले दिएको छ ।

संगीत र साहित्यलाई अनुत्पादक क्षेत्र ठानी अवहेलना गरिएझैं लागेको छ राज्यको तर्फबाट । यदि संघसंस्था, वैदेशिक क्षेत्रमा हाम्रा साथीभाइहरू नहुने हो भने र संगीतलाई नहेरिदिएको भए हाम्रो अहिले को गीत, संगीत धरासायी भएर कहाँ पुगिसक्थ्यो होला, मलाई त्यस्तो लाग्छ । विदेशमा बस्नु हुन्छ, गीत लेख्नु हुन्छ, उनीहरूले लेखेको गीत रिकर्ड गर्न पनि नेपाल पठाउनु हुन्छ, रेकर्ड पनि हुन्छ । गायक-गायिकाले पैसा पाउँछन् त्यसबाट । त्यसरी पनि बाँच्छन् । विदेशमा कन्सर्टमा बोलाउँछन् त्यताबाट डुल्न पनि पायो, देश पनि हेरिने, भेष पनि फेरिने भने जस्तो त्यो अवसर पनि पाइन्छ ।

त्यसरी पनि बाँचेको देखिन्छ । तर यत्ति हुँदा-हुँदै पनि अति व्यावसायिक भएर म आफू चाहिँ हिँडिनँ । तर पनि जे जत्ति गरायो मलाई त्यो चाहिँ गीत, संगीतकै कारणले नै हो । बाँच्नलाई सहज बनाएको यो संगीतकै कारणले हो । चिनजान बनायो, म एउटा काँढाघारीमा जन्मेको, एउटा अनाकन्टार गाउँमा हुर्केको, अविकसित ठाउँको मान्छे, मैले गीत गाएर हडकङ जाउँला भनेर सोचेको पनि थिइनँ, झन लण्डनको त कुरै थिएन, लण्डन भनेको कहाँ हो थाहा पनि थिएन ।

विकसित देशहरू हेरौंला भन्ने केही आशा भरोशा थिएन, त्यहाँसम्म गायनले नै पुऱ्याएको हो । यसमा धैर्य गरेर इमानदारीतापूर्वक लाग्यो भने त्यसमा नराम्रो छ भन्ने लाग्दैन । यो कुराको पहुँच जे भइराखेको छ त्यो हाम्रो दाजुभाइहरू विदेशमा रहनुको कारणले नै हो भन्न सकिन्छ । बाहिरबाट मुद्रा भित्रिन्छ, विदेशले गायन, गीत, संगीतको क्षेत्रमा धेरै धानेको छ भन्ने लाग्छ । तर स्वदेशमा भने अत्यन्त न्युन छ ।

**◐ इसीलीम : नेपाली समाजको परिप्रेक्ष्यलाई हेर्दा बाबु वा दाजुको पेशा छोरा, छोरी वा भाइले पछ्याएको देखिन्छ, के यो गायन भनेको पनि वंशानुगत नै हो त ? कि कला हो ?**

अलिकति त यो वंशानुगत पनि हो जस्तो लाग्छ । यो क्रम धेरैमा देखिन्छ पनि । खेलाडीको छोरा खेलाडी नै भएको देखिन्छ । केही अपवादलाई छाडेर, गायक, गायिकाको छोरा गायक, गायिका भएको, ड्राइभरको सन्तान ड्राइभर हुन मरिमेटे को देखिन्छ । व्यापारीको छोरा व्यापारी, बोटगुनाको फल भनेजस्तो डाक्टरको छोरा डाक्टर, न्यायाधीशको छोरा न्यायाधीश नै भएको, राजनीतिज्ञको छोरा त्यतैपट्टि नै लागेको देखिन्छ ।

**◐ इसीलीम : गायनबाट मुलुकका जातिलाई के योगदान गर्न सकियो भन्ने लागेको छ ?**

त्यस्तो त केही पनि लागेको छैन । आफ्नो नेपालीपन अलि-अलि दिलाउन सकियो कि ! भन्ने लागेको छ, तर पनि त्यो क्रम जारी नै रहने छ । सांस्कृतिक हिसाबले दिन प्रयत्नरत छु जस्तो लाग्छ । यो जीवन रहुन्जेल अझ धेरै गरौं भन्ने नै लागेको छ ।

**◐ इसीलीम : पछिल्लो अवस्थामा आफ्नो मुलुकको जातिको हितको लागि पहिचान दिने गीतहरू जस्तो तामाङ, राई, शेर्पा आदिको धमाधम आइरहेको देखिन्छ यसमा तपाईंले चाहीं कत्तिको गाउन पाउनु भएको छ ?**

त्यस्तो केही गरेको छैन । एउटा साकेला सिलीसँग सम्बन्धित राजकुमार दाइले लेखेको र आभा मुकारुङले ट्युन दिएको गीत गाएको छु, त्यो १५ मिनेट जत्ति लामो छ । यसलाई अलिकति आधुनिकतामा ढालेर संगीत एरेन्ज गर्न लगाएको छु । त्यस्तै अर्को त्यसै प्रकारको गीत पनि एरेन्ज गर्न लगाएको छु, त्यसबाट नयाँ युवालाई पनि नाच्न मिल्ने, ध्यान तान्न सक्ने बनाउन लगाएको छु । यी गीतहरू चाहिँ राई जाति विशेषलाई पहिचान दिने सिलीसँग सम्बन्धित रहेको छ ।

**◐ इसीलीम: पछिल्लो पिढीका गायक गायिका भाइबहिनीहरूलाई के कस्तो गीत गाउनको लागि सल्लाह सुझाव दिन चाहनु हुन्छ ?**

भन्नु त अब त्यस्तो खास के छ र, अहिले भनेको विश्व चाहिँ आफ्नै हत्केलामा छ, त्यतैबाट पनि सिक्नुहुन्छ भाइबहिनीहरूले । यो एकदम विश्व साँगुरिएको अवस्थामा हामीले भन्नु त नपर्ला तर जे होस् आ-आफ्नो माटो, परिवेश सुहाँउदो गीतहरूलाई प्राथमिकता दिएर अघि बढे हुन्थ्यो भन्ने लाग्छ, किनभने हामीले कसैसामु देखाउने भनेको हाम्रो मौलिक संगीत नै हो जस्तो लाग्छ मलाई । अहिलेको लोकतन्त्रमा यसो गर, उसो गर भनेर अराउनु, भन्नु चाहिँ ठिक नहोला, सबैको आ-आफ्नो स्वतन्त्रता होला । तर पनि मैले मेरो भित्री मनले भन्नु पर्दाखेरी हामीले के चाहिँ दिने त अरुलाई, भन्ने कुरा प्रमुख हो जस्तो लाग्छ ।

त्यसैले आफूले आफैभित्र देखाएर आफैभित्र रमाएर खुसी हुनेभन्दा पनि अन्तर्राष्ट्रिय क्षेत्रमा आ-आफ्नो पहिचान,संस्कृति कसरी दिने, प्रस्तुत गर्ने हो भन्ने लाग्छ मनमा । उनीहरूको मुलुकबाट आएको चलन चल्तीको गीत संगीतलाई हुबहु नक्कल गरेर उनीहरूलाई नै सुनाउँदा त्यो त अचम्म लाग्दो हो उनीहरूलाई । वहाँहरूबाटै आएको हामीले त्यसलाई उनीहरूकै सामू पठाउनु भनेको छ सूर्यलाई सायद त्यो टुकी देखाउनु जस्तो हुन सक्छ । हाम्रो मौलिक संगीत नै उनीहरूलाई चाहिँ मीठो पनि लाग्छ र त्यही नै हामीले देखाउने होला जस्तो मलाई लाग्दछ ।

त्यसैले आफ्नोपनको गीतहरू नेपाली हो भन्ने पहिचान बनाउने किसिमका गीतहरू दिनुपर्छ होला जस्तो लाग्छ । त्यस्तो चाहिँ वास्तवमा पहिचान र योगदान हुन्छ, किनभने हाम्रा दिग्गज संगीतज्ञ गीतकारहरूलाई पनि कहिलेकाहीं अप्ठ्यारा आइपरेको सुनिन्छ विदेशमा । एकपटक बरिष्ठ गायक अम्बर गुरुङ सरलाई चाइनामा भनेछन्- "तपाईंको गीत त इण्डियन

जस्तो लाग्यो" भनेर टिकाटिप्पणी गऱ्यो रे भन्नु हुन्थ्यो । कतिपय छापामा पनि पढ्नमा पाइन्छ कि चीनमा माओत्सेतुङले चीनीया गीतकार संगीतकारहरूलाई प्रष्ट भनेका थिए- "तपाईहरूले संसारको जुनसुकै बाजा बजाउनुहोस् तर धुनचाहिँ चीनिया ढाँचाको निकाल्नु होस् ।"। त्यसैले आ-आफ्नै जाति वा आ-आफ्नो पहिचान झल्किने प्रकारका गीतहरू दिदाखेरी योगदान दिएको ठहर्छ होला जस्तो लाग्छ ।

◐ **इसीलीम : यो भन्न त्यत्तिको उचित नठहर्ला कि अहिलेको केही नेपाली युवाहरूको पप र ऱ्याप गीतहरूले नेपाली संगीतको मर्मलाई प्रतिनिधित्व गर्छ जस्तो लाग्दैन, यो कत्तिको जायज भनाई हो ?**

यो सही कुरो हो । त्यो त उतैबाट आएको हो, त्यो बिटल्सको जमानादेखि चलेको गीत हो । यहाँको युवा वमातलाई नेपाली गीत गाउँदा-गाउँदा, ढिँडो र गुन्द्रुक खाँदा-खाँदा चामलको भात खाउँ न त भनेजस्तै लागेको हुन सक्छ । त्यसैले पप र बिटल्सको स्वाद लिन खोजेका होलान् । एउटै चिज ग्रहण गर्दागर्दा वाक्क भएर स्वाद फेर्न चाहेका होलान् । त्यही भएर त्यतातिर ढल्केका हुन् कि ! त्यो उमेर पनि होला तर हामी को हो त भन्दा हामी नेपाली नै हौं, हाम्रो आफ्नो भने को धेरै छन् । नेपालको विविध किसिमका संस्कृतिहरू छन् त्यसलाई देखाउन सकियो भने विदेशीहरूको सामु हाम्रो नाम उजागर गर्न सकिन्छ जस्तो लाग्छ ।

उनीहरूले मन पराउने भनेको त नेपाली लोकगीतहरू नै हुन् । अब दुनियाँ दिवाना उतैबाट आएको संस्कार, संस्कृति यहाँकाहरूले नक्कल गरेर उनीहरूलाई नै देखाउनु भनेको त बहुत हाँस्यास्पद कुरा हो जस्तो लाग्छ । आफ्नै ठाउँमा त ठिकै होला, दुई-चार चोटिलाई राम्रै पनि होला मनोरञ्जन गर्नसम्मलाई, तर संगीतमा किन लाग्ने भन्ने विषयमा पनि कुरो आउँछ, योगदानको लागि लाग्ने हो कि रमाइलोको लागि लाग्ने हो त्यसमा पनि भर पर्ला ।

◐ **इसीलीम : अहिलेसम्म यहाँको गायन सफल पनि रहँदै आएको छ, अब जीवनको उत्तरार्धमा संगीतलाई कसरी अगाडि बढाउने भन्ने सोचमा हुनुहुन्छ ?**

त्यो चाहिँ असल शब्द र असल साहित्यको नजिक रहेर, स्तरीय साहित्यको नजिक भएर त्यसलाई आफ्नो नेपालीपनमा ढालेर बरु थोरै होस् तर असल होस् र त्यसले म को हुँ भन्ने योगदान पुऱ्याउन सकोस् भन्ने किसिमको गीत संगीत प्रस्तुत गरौंला भन्ने भित्री चाहना छ । अपितु तुरुन्तै वास बसिहाल्ने अवस्थामा भने छुइनँ ।

◐ **इसीलीम : तपाई अहिले इलामवासी हुनुहुन्छ, के इलामको सन्दर्भमा सानोतिनो सांगीतिक एकाडेमी स्थापित गर्ने केही सोच राख्नु भएको छ त छैन ?**

त्यस्तो छ छैन तर अब हुन सक्छ भविष्यमा यदि संयोग जुरेमा वा मिलेमा, सबैजनासँग सरसल्लाह मिलेमा, केन्द्रीकृत अवस्थाबाट विकेन्द्रीकृत अवस्थामा आइएमा त्यो हुन सक्छ । अहिले मानसिंह दाइहरू पनि काठमाडौंबाट यतै इलाम आउँदै हुनुहुन्छ । सबैजना मिलेर गर्दा हुने हो भने संभावना छ । मानसिंह दाईले त यतै संगीतको तालीम पनि गराउँदै हुनुहुन्छ । तसर्थ यस बारेमा प्रशस्त संभावनाहरू भने छन्, तर तत्कालै गरिहाल्छु भन्ने मेरो योजना नै चाहिँ छैन ।

◐ **इसीलीम : गीत, संगीतको क्षेत्रमा लाग्नु भएको लामै समय भइसकेको छ, के यस क्षेत्रलाई उजागर गर्ने कितावहरू पनि लेख्ने योजनामा हुनुहुन्छ ?**

हालसम्म त्यतातर्फ त छैन, तर संस्मरण भने लेख्न थालेको छु । यसमा दुईवटा संस्मरण छापिइसकेको छ । पहिलो बरिष्ठ गायक तथा संगीतकार अम्बर गुरुङ दाइको संस्मरण नेपाल प्रज्ञा-प्रतिष्ठान





कमलादी, काठमाण्डुले छापेको छ भने अर्को चाहिँ इलाम समाज हडकडले इलामको वारेमा लेखिएको संस्मरण छापेको छ । अझै आफूले गरेको दुःख आगामी पुस्ताका भाइबहिनीहरूका लागि प्रेरणा र मार्गदर्शन बन्न सकोस् भन्ने अभिप्रायले अर्को संस्मरण पनि लेख्ने सोच भने बनाएको छु ।

◐ **इसीलीम : दुमी किरात राई फन्सीकीमको बारेमा के कति जानकारी छ हजुरलाई ?**

त्यस्तो धेरै जानकारी त छैन । मैले तपाईंहरू सन्तोष भाइ, प्रोफेसर चतुरभक्त राई सरबाट नै धेरै सुनेको छु । हडकङ बस्नु हुने कमल भाइबाट पनि सुनेको छु । मलाई लाग्छ, यसले आफ्नो पहिचानलाई, आफ्नो संस्कार-संस्कृतिलाई, समुदायलाई अगाडि बढाउछ, अगाडि बढाउने एउटा संस्था हो जस्तो लाग्छ मलाई । म भाषामा अलि कमजोर छु, मलाई हाम्रो दुमी भाषा बोल्न आउँदैन । भर्खर सिक्ने क्रममा छु, त्यो फेसबूकतिरबाट मैले ग्रुपमा जोडिएको छु, अब बल्ल हेर्दैछु ।

◐ **इसीलीम : फन्सीकीमलाई भन्नुपर्ने केही कुराहरू छन् कि ?**

मुरी-मुरी धन्यवाद र शुभकामना दिन चाहन्छु । फन्सीकीमले प्रगति गर्दै जाओस, आफ्नो संस्कार संस्कृति, भाषा, लीपी हरेक क्षेत्रमा अगाडि बढाउने कुरामा अग्रणी भूमिका निर्वाह गर्दै जाओस, ओझेलमा परेका कुराहरू उजागर गर्दै जाओस भन्ने उत्तरोत्तर प्रगतिको शुभकामना दिन चाहन्छु ।

◐ **इसीलीम : इसीलीम दुमी भाषिक पत्रिकालाई पनि केही भन्नु छ कि ?**

अ....इसीलीमले निरन्तर रूपमा अहिलेसम्म १९ औं अंकसम्म फड्को मार्दै आएको थाहा पाएको छु र यो निरन्तर जारी रहोस् भन्ने म चाहन्छु र विशेष गरी अब सबै दुमी राईहरूलाई समेटेर सबैको कुराहरू राखेर संस्कार, संस्कृतिलाई टेवा पुऱ्याउँदै इसीलीमले आगामि दिनमा आफ्नो पहिचान र संस्कृतिहरूलाई उजागर गर्दै जाओस्, म यसै भन्न चाहन्छु ।

◐ **इसीलीम : अन्त्यमा, हामीले सोध्न छुटाएका केही कुराहरू छन् कि ?**

त्यस्तो खास त केही छैन जस्तो लाग्छ । जे होस् अब हाम्रा दाजुभाइ दिदीबहिनीहरू जहाँ बसेर रहे पनि राम्ररी बसून् सुखी साथ रहून् र आफ्नो यो संस्थालाई जसरी योगदान दिइ राख्नु भएको छ, जसरी आफ्नो संस्कार, संस्कृति फैलाउनलाई तपाईंहरूको योगदान जे जसरी पुगेको छ त्यो निरन्तर जारी रहोस्, यही शुभकामना व्यक्त गर्दछु ।

॥ नीरी (समाप्त) ॥

**यही कार्तिक २, ३ र ४ गते जालपा जाऔँ, दुमी किरात राई फन्सीकीमको छैठौं महाधिवेशन सफल पारौं ।**

# भाषा सम्बन्धि संभावना र चुनौतीहरू



**भैरव सत्म दुमी राई**
केपिलासगढी-५
हाल-काठमाडौं

जब हाम्रो जन्म हुन्छ। हाम्रो मुखबाट आवाज निस्कन्छ। त्यही आवाज, स्वरलाई हामी भाषा भन्ने गर्दछौं। त्यही आवाजको विकास हुँदै बोलीको विकास हुँदै आज आएर दुमी भाषा लगायत विभिन्न भाषाहरू भएका छन्। संसारभरिका मानिसहरू किन फरक-फरक भाषा बोली रहेको छन् ? यो त एउटा प्रकृतिको नियम नै हो जो कोहीले जन्मदा आफ्नो भाषा लिएर जन्मेको हुन्छ। जन्मेपछि विस्तारै एकले अर्काको भाषा सिक्दै जान्छौं, बुझ्दै जान्छौं।

काठमाडौं दुम्कीमले पनि हालै पहिलो चरणको १७ दिने दुमी भाषा सिकाई तथा प्रशिक्षण कार्यक्रमको समापन गरिसकेको छ। दुम्कीम काठमाडौंको सदस्य भएर मैले अहिलेसम्मको अनुभवलाई विचार गरेर हेर्दा दुमी भाषा विकास गर्ने सम्बन्धमा मुख्य गरी तीन प्रकारले हेरेको छु:

**१. संभावना:**

दुमी भाषा विकासको संभावनाहरू धेरै छन्। कसरी संभावना देखिन्छ भने हामी नेपाली भाषा १० वर्षसम्म पढेर परीक्षामा फेल गर्छौं। तर विदेशी भाषा कोरियन भाषा तीन महिना पढेर परीक्षामा सत प्रतिशत (१०० प्रतिशत) नम्बर ल्याएर पास गर्ने हामी धेरै छौं। यो मध्येमा म पनि एक हुँ। विदेशी भाषाहरूको तुलनामा दुमी भाषा सिक्नको लागि केही पनि होईन। यसको मतलब के हो ? यसको कारण खोज्न जरूरी देखिन्छ। दुमी भाषा गाह्रो भन्नेहरूको लागि गतिलो झापड हुनसक्छ किनकी दुमी भाषा सिक्नको लागि मुख्य कुरा इच्छाशक्ति चाहिन्छ। अर्को कुरा म को हुँ ? र के को लागि दुमी भाषा पढ्ने ? दुमी भाषा पढेर के हुन्छ ? थाहा पाउनु जरूरी छ।

दुमी भाषा भर्खरै हामीले सुरुवात गर्दैछौं। पहिलो पाईला टेक्न खोज्दै छौं। दगुर्न बाँकी नै छ। दगुर्नको लागि विशेष दीर्घकालीन गुरू योजनाहरू ल्याउनु पर्ने देखिन्छ। दुमी भाषाको कक्षामा सहभागी भएको भनेर प्रमाण-पत्र दिएरमात्र पुग्दैन। भाषा जानेको, सिकेको हरूलाई विशेष खालको सम्मान हुनु पर्‍यो। उदाहरणको लागि: किरात राईहरूको छाता संगठन भनिएको किरात राई यायोक्खामार्फत प्रदान गरिदै आएको छात्रवृद्धि अभियानमा दुमी भाषा जानेकाहरूलाई प्राथमिकता दिनुपर्छ। अर्को कुरा दुमीहरूको बाहुल्यता रहेको थातथलोहरूमा दुमी भाषाको अत्यधिक प्रयोग हुनु पर्‍यो। मोवाईल, कम्प्यूटर, ल्यापटपहरूमा फन्ट (दुमी भाषा) को व्यवस्था गर्नु पर्‍यो। यस्तै खाले विभिन्न योजनाहरूको आवश्यकता देखिन्छ।

**२. चुनौती:**

अहिलेको विश्वका विकसित भनिने मुलुकमा हाम्रो जस्तो सानो मुलुक। सानो मुलुकभित्रको हामीजस्तो सानो समुदायको भाषाहरूका लागि धेरै चुनौतीहरू रहेका छन्। आफ्नो भाषा बचाउन धेरै कठिन देखिन्छ। मेरो बाबा दुमी, मेरो आमा साम्पाङ, म कुन भाषा बोलम ? बाबा दुमी तर नेपाली भाषा बोल्नुभयो। मैले त्यही सिके, बोले। मैले जीवन धान्न, चलाउनको लागि मलाई नेपाली भाषाले पुगेन। मैले अंग्रेजी, अरवी, कोरियन भाषा सिके। अहिले म दुमी हुँ, मेरी श्रीमती लिम्बु, मेरा नानीहरू आधा नेपाली, आधा अंग्रेजी। दुमी भेट्नलाई समय निकालेर जानुपर्छ। त्यो पनि दुमी भाषा बोल्दैनन्। अनि कसरी सिक्ने ? दुमी भाषाको के कुरा नेपाली भाषा नै हराउने क्रम, लोप हुने क्रम तीव्रगतिले बढिरहेको देख्छु म। नेपालको शैक्षिक क्षेत्रलाई नियाल्ने हो भने अधिकांश शिक्षा प्रणाली अंग्रेजीमय छ। बच्चादेखि बुढापाकाको बोली आधाजति अंग्रेजी भाषा मिसिएको सुनिन्छ। अधिकांश सामानहरूमा अंग्रेजीमात्रै छन्। देशभरी कुना कुनामा साईनबोर्ड, भित्ताहरूमा अंग्रेजी देखिन्छ। सरकारी कार्यालयहरूमा समेत नेपाली अक्षेर हराउँदै गइरहेको पाईन्छ। यही तरिका हो भने नेपाललगायत संसारभरी नै अंग्रेजी अंग्रेजी हुने छ। यति ठूलो संसार प्रविधि र विकासले खुम्चिएर सानो हुँदै गइरहेको छ। प्रकृतिको नियम झै चक्र घुमिरहेको देखिन्छ। यो चक्रलाई कसैले पनि रोक्न सक्ने स्थिती देखिदैन। तर पनि प्रयास गरेमा केही न केही भाषालाई बचाउँन भने सकिन्छ।

**३. विकल्प:**

अहिलेको परिस्थितीमा केही विकल्पको खोजी गर्नु पर्ने देखिन्छ। हामीले आफ्नो भाषालाई कुनै हालतमा बिर्सनु हुँदैन। सधै आफ्नो भाषालाई अगाँलेर बस्ने स्थिती पनि छैन। यो अवस्थामा हामीले के गर्ने त ? उदाहरणको लागि हाम्रो शरीर प्रकृतिको नियम अनुसार बनेको प्रकृतिसँग हामी टाढा रहन सक्दै नौं। हाम्रो शरीरको अंगहरू सुगर, प्रेसर आदि विभिन्न चिजहरूको एउटा नर्मल तह हुन्छ। मध्यम भयो भने राम्रो, हाई भयो भने पनि लो भयो भने पनि हामी रहन सक्दैनौं। यसै गरी हाम्रो भाषालाई पनि नर्मल रेन्जमा राख्नु पर्ने देखिन्छ। दुमी भाषामात्र बोलेर पनि हुँदैन। अरू भाषामात्र बोलेर पनि हुँदैन। ब्यालेन्स मिलाएर लानु पर्ने देखिन्छ। जय सुम्नीमा पारूहाङ।

॥नीरी (समाप्त) ॥

## हार्दिक श्रद्धाञ्जली



| जन्म: | पितृबास: |
|---|---|
| वि.स. २०२७ असोज १३ गते | वि.स. २०७५ माघ १३ गते |

**मन कुमारी साम्पाङ दुमी राई**
**दिक्तेल रुपाकोट मझुवागढी न.पा.-१२, जालपा, खरदेल**

दुमी किरात राई फन्सीकीमका पूर्व कोषाध्यक्ष अशोक कुमार खवचु दुमी राईको जीवन संगिनी तथा दुमी किरात राई फन्सीकीम दोलोकुम्मा समिति काठमाडौंका पूर्व उपाध्यक्ष मन कुमारी साम्पाङ दुमी राईको असामयिक निधन भएको दुःखद घडिमा सोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै दिवंगत आत्माको चिर शान्तीको लागि सिमेभुमे, सुप्तुलु, युङखुलु एवम् सुम्नीमा-पारूहाङसँग प्रार्थना गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछौं।

**दुमी किरात राई फन्सीकीम तथा इसीलीम परिवार**

# खार्मीले र जालपाली ५ पाछाका दुमी राईहरू बाघको सन्तानहरू



**जगत बहादुर सरचु बुसुरु**
**दुमी राई**
(दुम्कीम् धरान पूर्वअध्य)

१. हरसी २. दिम्मचु ३.सरचु ४. हम्रुचु ५. वलक्पु यी ५ पाछाको दुमी राईहरूको बाजे सत्य युगमा लामाखुबाट डोकोमा माटोको भाडा, थाङ्ना भोगोटा बोकेर बुवासुङ, दोर्पा, नेर्पा हुँदै खार्मीको तुरुखामा सबै परिवार बसाई सरी आएको हो भन्ने भनाई छ। यही कुरालाई चाम्लीङ भाषामा यसरी भनेको छ। बुसुरी, लम्लमी, डाप्छापा, खारुमी, भनेर बु भनेको हाडी री भनेको डोको डाप्छापा भनेको छोरा खारुमी भनेको आउने व्यक्तिको नाम भएको हुँदा सोही नामबाट हाल खार्मी नाम हुन गएको हो भन्ने भनाई नेर्पाको सरचु कर्ण बहादुर राईको हो। खारुमीको श्रीमती एक छोराहरू सात भाई र एक बैनी चेली सहित तुरुखमा आएर आफैले आरन थापेर हातहतियार काँड, धनु बनाएर बाबु खारुमी आफै पनि सिकारी काम गर्दथ्यो अरे । त्यसपछि बस्दै रहँदै जाँदा सातै भाई छोराहरूले सपना दिक्षा देख्न थालेछन् कि केलासी चुचु दहमा हाम्फालेर निगाले बाघ बनेर शिकार मारेर घरमा ल्याउने सपना देख्दथेन् अरे। यस्तै केही समयसम्म सपना देख्दै रहयो। सबै परिवारलाई सपना सुनाई रहन्थ्यो अरे। बाघ बनेर सिकार मारेर घर आई पुग्दा आमाले के-के काम गर्न पर्ने सबै आमालाई सिकाएर मात्र जान्थेन् अरे। आमाले आँगनभन्दा केही पर मकै भुट्ने हाँडी तताएर राखी दिनु पर्ने । पालै पालो हाँडी कोरेपछि नङ्रा फुक्लने अरे। आगानमा आई पुग्दा बेसारले रंगाएको चामलले हान्न पर्ने त्यसपछि मात्र घर भित्र पस्नु पर्ने अरे । ७ भाईहरू सधैं सपनामा मात्र दहमा हाम्फाल्थेन् । एक दिन तः आटै गरेर बिपनईमा हाम्फाल्न गएछन् । साँच्चि नै दहमा हाम फालेर निगाले बाघ बनी केलासीको उकालो लागेछन्। सपनामा सिके अनुसार अहिलेको केलासी थुम्की डाँडामाथि सिम्पानी नेवार डाँडा मुनी बदेले पाखामा सानो पाहारा छ । त्यो पाहाराको ढुंगालाई बागे ढुंगा, जखना ढुंगा भन्छौ । त्यो ढुंगालाई सातै वटा बाघले लहरै उभेर कोर्दै सुङ्दै गरी जखना हेर्थेन् अरे । ताकी आज कति शिखार पाएला भनेर सात भाईको यही शिकार खेल्ने काम चलिरहयो । बहिनीको बिबाह भै सकेको थियो । तर ज्वाई चाई कसैले भन्छन् चाम्लीङ कसैले भन्छन् साम्पाङ, जे होस् ससुरालीकै छेउमा घर बनाएर बसेको रहेछ र एक दिन जेठुहसंग सिकार खेल्न जाने भएछ । श्रीमतीले भनेछ : नजाउ भरै दाजुहरू बाघ बन्छन् डराउछौ भनेछ जेठुहरूले पनि नजाउ भरई डराउछौ भन्दा जुवाई मानेन म रुखको टुप्पमा बस्छु भनी जबरजस्ती गएछ र जेठुहरूले चिलाउनको टुप्पोमा पटुकाले बाधी राखी भरै हामी आउदा नडराई यो चामलले हामीलाई हान्नु भनी पहेलो चामल मन्तरेर दिई राखेछन् । जेठुहरू दहमा हाम्फाली बाघ बनी केलासीको उकालो घर्याक घर्याक गर्जिदै लागे छन् । जुवाई चाई जेठुहरूको घर्याक,घर्याक्को गर्ज र बाघको स्वरुप देखेर डरले चिलाउनेको रुख हल्लिने गरी कामे छ र बाघ बनेका जेठुहरू केलासीको उकालो लाग्नु बित्तिकै तुरुन्तै चिलाउनेको रुखमा बाधेको पटुका फुकालेर घरमा फर्कि आएछ र श्रीमतीसँग बाझ्नु थालेछ । तेरो माईतीहरू त मान्छे होइना रहेछन्। यस्तो जानेको भए तलाई बिहे गर्ने थिईन भन्दै झगडा गरेछन् । त्यही जुवाइको रिस छुल लागेर त्यो दिन शिकार पनि मार्न सकेनन् र रित्तै फर्केछन् । दहमा हाम् फाली मान्छेको स्वरुप मात्र





हुने नङ्ग्रा चाहिँ तातो हाँडी नकोरी नफुक्लीने हुनाले घर छेउ आई पुग्दा आमाले तातो हाँडी राखी दियो । सदाझैं सबै भाईले हाँडी कोर्यो नङ्ग्रा फुक्लेना दुई तीन दोहोर कोर्दा पनि नङ्ग्रा नफुक्ले पछि जेठा दाजुले कान्छा भाईलाई जा हेर् बैनी जुवाईपो झगडा गर्‍यो कि भनेर पठायो रहेछ । झगडा त गर्दै रछ नै तर जेठा दाजु साह्रै रिसाहा छ। बा जुवाईलाई कुट्छ भनेर दाजुलाई बाजेको छैन भनेर ढाटेछ । फेरि पनि कोरी हेर्‍यो फुक्लेना चित्त नबुझेर माईला भाईलाई पठाएछ । उस्ले पनि तेरो माईतीहरू जंगली जनावर रहेछ भन्दै बाजेको सुने पनि माईलाले पनि बाजेको छैन राम्रै बात मार्दै बसेको छ भनी ढाटेछ। तातो हाँडी फेरि कोरी हेर्छन् नङ्ग्रा फुक्लेना जेठाको रिस उठेर आफैं गएछ । घरभित्र हेर्दा त झन ए जनवारको चेली भन्दै बाज्दै रहेछ। नङ्ग्रा नफुक्ली घरभित्र पस्नु नहुने रहेछ कारण सत गिरी बाघ बन्न नपाउने हुनाले जुवाईलाई बाहिर निकाल्नको लागि कुखुराको खोरमा हात हाल्दा कुखुरा हच्किएर क्वयाँक-क्वयाँक कराउँदा श्रीमतीले दाजु पो रहेछ नजाउ भन्दा भन्दै बाहिर निस्केछ। जेठाले सिधै झम्टेर गएर नङ्ग्राले जुवाईको किल्किले फोरेर मारि दिएछ । त्यसपछि बैनी उदास भएर रुन थालेछ । बैनीको रुवाई सुनेर अरु पनी दौडेर त्यँहा पुगेछ । जेठा दाजुले रिसले भनेछ सबैले किल्किलेबाट निक्लेको रगत नङ्ग्राले छुव भनेछ र सबैले रगत छुएपछि सबैको नङ्ग्रा फुक्लेछ । दाजुहरूले श्रीमान मारी दिएपछि बैनी श्रीमानको सोकले रोएको रोएकै भएछ । सात भाईको एउटै चेली रोएको देख्दा दाजुहरूले पनि गल्ती गरिउकै रहेछ भन्ने महसुस भएर बहिनीलाई सान्त्वना दिन थालेछन्। बैनी नरौ, त्यस्तै जुवाई खोजी दिन्छौ भने छन् बैनी मानेना, तिम्रो जीवन भरी पाल्छौ ढिकी जातो सबै दिन्छौ भन्दा पनि मानेना र अब हामीले के गरी दिउत भन्दा मलाई अरु केही चाहिएना । त्यो माथीको घाम समाती दियौ भने मात्र मेरो मन बुच्छ भनेपछि दाजुहरूले बैनीको सान्त्वनाको लागि छिप्रुङ थाप्लोको लिम्चोबुङ (पुमा) डाँडा घाम समात्नुको लागि गारो लगाउनु थालेछन्। त्यहाँ अहिले पनि गारो भत्केको भग्नाबशेष छ सात भाईहरू पनि जुवाईको रिस लागेर बाघ बन्न पनि सकेनन् । घाम समात्ने गारो चाहिँ लगातार लगाई रहेन् । घाम तातो हुन्छ कसरी समात्ने होला भनी आपसमा कुरा चल्यो अरे उनीहरूको साथमा कुकुर पनि रहेछ कुकुरले अगाडिको खुट्टा सानासो जस्तो बनाएर सुतेको देखेर यही कुकुरको खुट्टा जस्तो औजार बनाएर समात्नु पर्छ भनी चर्चा चल्यो अरे । गारो चाहिँ यती नै अग्लो लगाई सकेको थियो भन्ने काहानी कैरन चाहिँ कही कतैबाट सुनेको छैन। गारो लगाउने क्रममा गारो भत्केर छ भाई गारो थिची मार्‍यो कान्छा भाई चाहिँ ढुंगा बोक्नु कतै गएको हुनाले बाँच्नु सफल भएको हो भन्ने कहानी छ। छ भाई माईती मरेपछि चेलीले अब बराबर भयो मलाई केही चाहेना भनेछ। हरसी जेठाको सन्तानबाट जेठा छोरा गाह्रो भत्केको ठाउँमा जानु हुँदैन भन्ने भनाईछ। गयो भने त्यो मान्छे मर्ने वा के ही घट्ना हुने भन्ने भनाईछ। आबो सात भाई मध्ये छ भाई गारोले थिची मारेको एक भाई कान्छा बुसुरु नाम भएको बाँचेको हो भनिएको छ। यो कान्छा बुसुरुको छोराहरू हरसी जेठा राजुहँ, माईला दिम्मचु जोकर म, साईला सरचु छेम्मा राजा, काईला हम्रुचु कान्छा वलक्पु बाक्लु, यो भनाई खार्मी टारी खेत बस्ने सेले कुवी गजुरमान दिम्मचु दुमीराई र बाक्सीला सिपुलुङ बस्ने सेले कुबी रसुले वालक्पु राईको हो।

एकाईस पाछा दुमी राईहरू मध्ये पाँच पाछा हरसी, दिम्मचु, सरचु हम्रुचु, वलक्पु, को बाजेहरू बाघ बन्थ्यो नै त भन्ने प्रमाणहरू यस प्रकार छन् । छिप्रुङ र बास्पानीको राईहरूले घाम पक्रिने पर्खाल लगाएको

ठाउ लिम्चोपुमा डाँडा पैरो गयो भने खामीले राईहरु मर्छन भनेर अहिले पनि भनी राखेको छन् । सोल्माली, नेपालीहरूको चेली विहे गरी जन्ती गयौ भने बाघको सन्तान भनेर राँगाको काँचो सिंगै खुट्टा जन्ती बस्ने डेरामा झुण्डयाई दिन्छन् । हाम्रो खामी निभारे बस्ने रतन्छाली माईला भनेर चिनीने चाम्लीड राई दोर्पा बुवासुड आफ्नो दाजु भाईकोमा जाँदा उन्को दाजु भाईहरूले खामीलेहरूको चुचु दहमा हाम् फालेर बाघ बनेर हाम्रो पूर्खा मारेको अरे त्यो दह कहाँ र कस्तो छ हामी पनि हेर्न आउँछौ भन्ने समचार ल्यउने मान्छे अहिलेसम्म जिबीतै छन् । यी चाम्लीडहरू बुत्तेपाछा हुन् । त्यसको अनुसार हाम्रो बाजेले मारेको जूवाई बुत्ते पाछा नै हुनु पर्दछ ।

।।नीरी(समाप्त)।।

## दिग्भ्रमित घामका सन्तानहरू




**उमेश लुप्पो दुमी राई**
केपिलासगढी-४, लाम्दीजा
सिम्पानी, गैरीगाउँ


किन घामका सन्तानहरु
रुमलिरहेका छन् हुस्सुभित्र
र खोजी रहेछन्
मल-बाढीले छोपेको खोला बगरमा
थिबिया/थुबियु चरी झैं
आफ्नो सन्तानको चित्र
हिजो पनि विश्वास गुमाएको सर्वस्व
श्रृङ्खलावद्ध आज पनि गुमाइरहेको किन
किन घामका सन्तानहरु
अलमली रहेछन् नक्कली ईश्वरको लालचमा
केली मान्छेहरुको संगतमा

ए घामका सन्तानहरु
आफैंभित्र खोज्नु मुहान ज्योतीको
आफैंभित्र रोप्नु बीऊ सिर्जनाको
पछ्याउँदै जानु मुन्धुमको मुहान
केलाउँनै जानु पितृ पुर्खाको आहान र आव्हान
अनि पता लाउने छौ सृष्टिको बिहान
र बुझ्ने छौ जीवनको विज्ञान

ए घामका सन्तानहरु हो
प्रलयको कैयौं पहर खेपेर बाँच्न सिकाउने तिमी
आफ्नै इतिहास भुलेर हुन्छ र ?
यो माटोमा अंकुरित प्रथम मूल जरा हौ
यो हावामा लहलाएको पहिलो पात हौ
तिमी रंग सुवास हौ
यो ढुंगाको, माटोको हावा, पानी र आकाशको

ए घामका सन्तानहरु
अब ढिला नगरी खोज्नु दैलो चेतनाको
फुटेर हैन जुटेर गाउनु साझा गीत एकताको
ए घामका सन्तानहरु....

ए घामका सन्तानहरु बिन्तीपत्र बोकेर
बिदाको लागि बिन्ती बिसाउनु छोड अब
बहिरो सताको स्तुतिभन्दा
स्वराजी चेतनाको आगो जलाउनु उठ अब
कम्सेकम आफ्नै घरमा बास माग्न सरम मान्न थाल अब।
आफू भएर बाँच्न जाग अब

॥नीरी (समाप्त) ॥





# दुमी भाषा कक्षा सञ्चालनमा देखिएका चुनौतीहरू




**शुरेस ब्राक्सुपा सत्म राई**
सचिव-दुम्कीम काठमाडौं


वैदेशिक रोजगारीको २-४ वर्षको बसाई र नेपाल फर्किसकेपछि दुम्कीम काठमाडौंमा संगठित भएर काम गर्ने अवसर जुऱ्यो । नियमित बैठक, छलफल हुँदै, गर्दै जाँदा साकेला उभौली सम्पन्न गर्ने पहिलो जिम्मेवारी रहयो र गरियो पनि । लगत्तै दुमी भाषा कक्षा सञ्चालन गर्ने हाम्रो दोस्रो कार्यसूची बन्यो । काठमाडौंको बसाई हामी सबैको आ-आफ्नो कार्य व्यस्तता हुँदा हुँदै पनि १७ दिने दुमी भाषा अभ्यास तथा प्रशिक्षण कार्यक्रम हप्ताको दुई दिन हरेक शुक्रबार र शनिबार बेलुकी चार बजेपछि सुकेधारास्थित गोरखा वेसक्याम्पमा कक्षा सञ्चालन गर्ने निधो गरियो ।

हामी दुम्कीम काठमाडौंका पदाधिकारीहरूले आफ्नो सक्दो, आफ्नो सम्पर्कमा रहनु हुने, आफ्नो पहुँचले सक्दो प्रचार-प्रसार गरी सहभागिताको लागि धेरै दुमीजनहरूलाई जानकारी गराएका थियौं । धेरै जना दुमीजनहरू सकारात्मक प्रतिक्रिया दिनुभयो । हाम्रो सूचना, निम्तोलाई स्वीकार गरेर, आफ्नो भाषा सिक्नुपर्छ भन्ने आत्मवोध गरी कक्षामा सहभागिता जनाउनुभयो । जसले हामीलाई थप हौसला मिल्यो । कक्षामा सहभागी जनाउनु हुने, कक्षा सञ्चालन गर्न हल उपलब्ध गराइ दिनुहुने, कक्षा सञ्चालन गर्न सहजिकरण गरिदिनुहुने तथा दुम्कीम काठमाडौंका सम्पूर्ण पदाधिकारीहरू लगायत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा दुम्कीम काठमाडौंको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं ।

कक्षा सञ्चालन गर्दै जाँदा सबैभन्दा ठूलो चुनौती भनेको सहभागी अर्थात प्रशिक्षार्थीहरूको उपस्थिती कम हुँदै जाने क्रमले केही निरासा बनायो । सुरुका दिनहरूमा राम्रै उपस्थिती रहेता पनि पछिल्ला दिनहरूमा सहभागीहरूको संख्या कम हुँदै गयो । आ-आफ्नो कार्य व्यस्तताले पनि हुनसक्छ भाषा सिक्ने इच्छा हुँदाहुँदै पनि कति जनाले भाषा कक्षालाई निरन्तरता दिन सक्नुभएन, सहभागी हुन सक्नु भएन होला । यसमा हाम्रो पनि केही कमीकमजोरीहरू अवस्य रहे होलान् ।

तर पनि हाम्रो अपेक्षा अनुरुप सहभागिताहरूको संख्या कम हुनुलाई मैले आफ्नो व्यक्तिगत बुझाइमा यसरी बुझेकी अझै पनि हामीहरूलाई आफ्नो भाषा, संस्कारलाई जोगाउनुपर्छ भन्ने चेतनाको कमी र वेवास्ता रहिनै रहेको रहेछ भन्ने । कुनै पनि जाती, समुदाय आफ्नो भाषा, संस्कारमा जति सम्पन्न छ ऊ समाजमा उत्तिनै अग्रज र सभ्य मानिन्छ । हामीलाई अहिले यो कुराले पिरोलेन भने अहिले हामीले यसतर्फ ध्यान दिएनौं भने हामी नाममात्रको मानिस हुनेछौं । जसको कुनै अस्तित्व नै हुने छैन । मानिसलाई आफ्नो भाषा, आफ्नो धर्म, संस्कार किन चाहिन्छ यसको कति महत्व छ भनेर आज आफूले आफैंलाई प्रश्न गरे पुग्छ भन्छु म ।

विश्वमा काला जातीहरूको इतिहास हेर्ने हो भने गोरा जातीहरूबाट शासित दासी बनाइएका दर्दानक अवस्थाहरू आलै छन् । सन् १९४५ मा बेल्जियमको एउटा चिडिया खानामा काला जातीको बच्चालाई राखिएको थियो जसलाई गोरा जातीहरूले जनावरजस्तो हेरेर खानेकुरा दिएर रमाउने गर्थे तर नेल्सन मण्डेलाजस्ता उनै काला जातीका प्रतिनिधिहरूले काला जातीहरूको मुक्तिको लागि सारा जीवन समर्पण गरे । अफ्रिकाका कयौं मुलुक र त्यहाँ बस्ने आदिवासी जनजातीहरूको इतिहास हेर्ने हो भने उनीहरूलाई

गोराहरूले जंगलमा लगेर छाडेका थिए । हजारौंलाई मारेर फालेका थिए । तै पनि आज उनीहरू मासिएर गएनन् । किनकि उनीहरूसँग आफ्नो भाषा, आफ्नो संस्कार जीवित थियो । तपाई आफ्नो नामको पछाडि दुमी लेख्नु अघि छातीमा हात राखेर सोच्नुस् तपाईले यो शब्दलाई कति न्याय गर्नुभएको छ । यति सोचेर तपाईलाई यो कुराले पिरोल्छ भने तपाईले पक्कै आफ्नो भाषा र समुदायको लागि केही गर्नु नै हुन्छ । तपाईको घरपरिवारले गर्ने छ, समुदाय र समाजले गर्ने छ । अनि त्यो दिन तपाईलाई आफूप्रति गर्व महशुस हुनेछ आहा परिवर्तन त साँच्चै यो पो हो !

सुनिन्छ राजनीतिक नाराहरूमा किरात राज्य आदिवासी जनजाती आरक्षण, हिजो आठ सय वर्षभन्दा बढी नेपालमा शासन गरेका हाम्रो समुदाय आज कसरी यो अवस्थामा आइपुग्यो, सोच्ने बेला होइन र ? हिजो राणाहरूको आरक्षणमा बसेर शिक्षा आर्जन गरेका बाहुन, क्षेत्रीहरू कसरी आज हाम्रो आरक्षण कटौती गर्ने हैसियत बनाए सोच्ने बेला होइन र ? त्यसैले हामी भित्रबाट बलियो हुने समय बित्न लागेको छ, एकजुट भएर अहिले नलागे कहिले लाग्ने ? हातेमालो गरौं है दुमी वन्धुहरू ।

॥नीरी (समाप्त)॥

## साखेल गीत

**दुर्गा बहादुर मुरहचु ब्रस्मी दुमी राई**
(उापध्यक्ष दुम्कीम धरान)



बाक्सीला, माक्पा र जालमा
दुमी राईहरूको मुल थला
पूर्खाको चिनो सकला
ए नानौ, ए चेलेउ पूर्खाको चिनो सकला
सोई सोईला हो सोई सोईला ॥

सिम्पानी खार्मी हाराहर
दुमी राई हामी बराबर
चेली र माईती भएर
साकेला सिली नाचेर
उधौली उभौली नाचेर
मनाउ है पर्व हाँसेर
रमाईलो गरौं नाचेर
ए नानौ ए चेलेउ मनाउ है पर्व हाँसेर
सोई सोईला हो सोई सोईला ॥

हिले र फलाटे खकैंले
बिगार्ला संस्कार अकैंले
नुन्थला चोक्टी भुसुने
संस्कृती नमै नहुने ॥
ए नानौ ए चेलेउ संस्कृती नमै नहुने
सोई सोईला हो सोई सोईला ॥

नाचेर सिली टिपौंहै
पूर्खाको भाषा सिकौ है
बोली र भाषा नहराउ
अर्काको नक्कल नगरौ
ए नानौ ए चेलेउ अर्काको नक्कल नगरौ
सोई सोईला हो सोई सोईला ॥

भेष भुषा हाम्रो आफनै छ
देख्दामा पबित्र जस्तै छ
गुन्यू र चोला फरिया
दौरा र सुरुवाल पहिरीदा
ए नानौ ए चेलेउ भेषभूषा आफ्नो पहिरीदा
सोई सोईला हो सोई सोईला ॥

ढोल ढयाङ्ग्रो झयाम्टा गजैले
संस्कारलाई मानौ मजैले
ए नानौ, ए चेलेउ, रमाईलो गरौ नाचेर
ए नानौ, ए चेलेउ संस्कारलाई मानौ मजैले
सोई सोईला हो सोई सोईला ॥

दुमी राई हामी छौं भने
एकाईस पाछा सात सामे
हलक्सु हजुर खारुबु
वलक्पा रिप्लचु खबचु
वलक्पु छाचुङ तुराचु
हम्रुचु राईचु जिपुचु
हरसी सरचु दिम्मचु
हदी र रत्कु रंकासु
सत्म र लुप्पो मुरह
बिर्सने भुल्ने नगर
नराम्रो नहोस् कैलेनी
भेट घाटै हवस् जैलेनी
ए नानौ, ए चेलेउ भेट घाटै होस् जैलेनी
सोई सोईला हो सोई सोईला...॥





## गरिबीको पिडा

**तीर्थ हलक्सु**
ऐसेलुखर्क गा.पा.-७, माक्पा, नोरुङ



नचाहाँदा नचाहँदै
बाँच्नु पर्ने यो जिन्दगी
रुँदै, हाँस्दै आँसु पिउदै भए पनि
जिउनै पर्ने यो जिन्दगी ।

खै, खै कहाँ लुक्या ?
सुख कुन चरीको नाम थियो र त्यो
मर्दा मर्दै बाँच्ने अभावमा पनि
जिउनै पर्ने यो जिन्दगी ।

हुनेको निम्ति त सबै थोक होला
नहुनेहरूको त भोको र प्यास नभनी
बोरा बिछ्याएरै सुते पनि भएकै छ
त्यसैले त यहाँ भएको छ मेरो
नाथे जिन्दगी ।

हुनेहरु भन्ने गर्छन्
भएरै पनि छैन केही
हामी नहुनेहरू भएरै पनि
बिवस्थाले हातमुख जोर्न पाएकै छ
फेरि पनि रहर होइन
मेरो,
बाध्यताले बनेको छ आज खाते जिन्दगी ॥

बिन्ती छ,
दया छ भने हे भगवान
म गरिवको बिन्ती सुनिदेऊ
मैले मात्रै कति पुकार्नु तिमीलाई ?
पाप पखाल्नु र पुन्य कमाउनु म कहाँ जाऊँ ?
दया गरी आज्ञा हुन्छ भने,

कुन मन्दिर हो त्यो ?
त्यहाँ पुग्ने बाटो देखाइदेऊ
प्रिय जिन्दगी.........॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. २०१० माघ १५ गते

पितृबासः
वि.स. २०७५ कार्तिक २ गते

**रेक बहादुर मुरह दुमी राई**
केपीलासगढी गा.पा.-४, बाक्सिला, खोटाङ

दुमी किरात राई फन्सीकीमका कोषाध्यक्ष तथा इसीलीम सम्पादक तेजमाया मुरह दुमी राईको बुबा रेक बहादुर मुरह दुमी राईको असामयिक निधन भएको दुःखद घडिमा सोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै दिवंगत आत्माको चिर शान्तीको लागि सिमेभुमे, सुप्तुलु, युङ्खुलु एवम् सुम्नीमा–पारुहाङसँग प्रार्थना गर्दै **हार्दिक श्रदाञ्जली** अर्पण गर्दछौं ।

**दुमी किरात राई फन्सीकीम तथा इसीलीम परिवार**

## दुमी तुम्लो क रीदुम-हदुमपो नीक्लम सफो

# सुलाम् SULAM (मेसो) The Way

खीस्सी-९ | येले थो ५०७९ जम्लु | थो-९ | September, 2019

### सुलाम तुम

- ब, रीदुम-हदुम मीस्ताखो दुमाये मीस्ता, ससीये मीस्ता ।
- तमहेम छुडङ तुम सागो क काक्छी/ताक्छीबी तुतो दुमी रदु ससीपो छेन्सी, तोइसी भारा-भारा ठोक नाम्मोछीम्मोतुम्बु जीङ्जोनु छाम्छेनु आचुक तम सुलामपो खुलु छुकुम् गोता ।
- सुलाम खुलु छुकुम थोलक तीदाम, घल्पु महे ममहेम राप्खम, चाप्खमआ चीम्तोखोए लम्लु बुर्नु रकबोल मुजोता ।
- सुलामबी नीक्लम दुमी तुम मात्तोइ चप्तो लस्थत्ता ।
- दुमी तुम माचुक्पुमुलपो लागी लु ब लकये चप्तुम गोता ।
- तम दुमी तुम जीङ्नु चेन्नु, चुक्नु, कुक्नुबी भारापो नु सानु लोजोना ।
- इङ्की भारा छायाममायामबी दुमी तुम्लोपो खारु मुनु हुर्फुक्जोना चुपीमुलपो साखदबरथ लो जोना ।

-चुरीसु (सम्पादक)

### चप्सामुल


| खीसी. चप्सामुल | सफो खी. |
|---|---|
| १) दुमी जीसी/तेजमाया | क |
| २) तोदुसे/प्रयास दुमी | ख |
| ३) चीयोपा......./तेजमाया | घ |
| ४) रावाकुपो नुः ....../सन्तकुमार | ज |
| ५) आभ्रोचुःचु..../बल बहादुर | झ |
| ६) बुपो नुः ...../मान बहादुर | ञ |
| ७) ओरीराम्पो ......./दुर्प बहादुर | ट |
| ८) दुमी नाम ......./तेजमाया | ठ |
| ९) इङ्की छेन्सी...../भैरव दुमी | ड |
| १०) चुःचु बीम मीम्सी ...../जिनुकला | त |
| ११) कावाबी ....../अस्मिता राई | द |
| १२) आङु चुःचु ....../सन्तोष दुमी | न |




## दुमी जीसी (दुमी बोली)-३

-तेजमाया दुमी राई

दुमी भाषाका केही क्रियाका रुपहरू क्षेत्र-बाक्सिला/लाम्दिजा

**क) टिप्नु क्रिया** — बर्तमान काल

| | नेपाली | दुमी |
|---|---|---|
| १ | मैले फूल टिप्छु। | अङ पुमा पेत्त। |
| २ | हाम्दुई (तिमी र म ) फूल टिप्छौ। | इन्चीआ पूमा पेत्ती। |
| ३ | हामीहरू (तिमीहरू र म) ले फूल टिप्छौ। | इङ्कीआ पूमा पेक्ती। |
| ४ | हाम्दुई (उ र म)ले फूल टिप्छौ। | अन्चुआ पुमा पेत्तु। |
| ५ | हामीहरू (उनीहरू र म) ले फूल टिप्छौ। | अङ्कुआ पुमा पेक्तु। |
| ६ | तिमीले फूल टिप्छौ। | आनाआ पुमा आपेत्ता। |
| ७ | तिम्दुईले फूल टिप्छौ। | आन्चीआ पुमा आपेत्ती। |
| ८ | तिमीहरूले फूल टिप्छौ। | आन्नीआ पुमा आपेक्नी। |
| ९ | उसले फूल टिप्छ। | उम्आ पुमा पेत्ता। |
| १० | उन्दुइले फूल टिप्छन्। | उन्चीआ पुमा पेत्ती। |
| ११ | उनीहरूले फूल टिप्छन। | उन्नीआ पुमा हाम्पेत्ता। |

**ख) हाँस्नु क्रिया** — भूतकाल

| | नेपाली | दुमी |
|---|---|---|
| १ | मैले हाँसे। | अङआ रेङ/रे। |
| २ | हाम्दुई (तिमी र म) ले हाँस्यौ। | इन्ची रेयी। |
| ३ | हामीहरू (तिमीहरु र म)ले हाँस्यौ। | इङकी रेक्की। |
| ४ | हाम्दुई (उ र म)लै हाँस्यौ। | अन्चुआ रेयु। |
| ५ | हामीहरू (उनिहरू र म) ले हाँस्यौ। | अङ्कुआ रेक्कु। |
| ६ | तिमीले हाँस्यौ। | आनाआ रे। |
| ७ | तिम्दुईले हाँस्यौ। | आन्चीआ आरेयी। |
| ८ | तिमीहरूले हाँस्यौ | आन्नीआ रेयनी। |
| ९ | उसले हाँस्यो। | उम्आ रे। |
| १० | उन्दुइले हाँसे। | उन्चीआ रेयी। |
| ११ | उनीहरूले हाँसे। | उन्नीआ रेनी। |

**ग) टिप्नु क्रिया** — भूतकाल

| | नेपाली | दुमी |
|---|---|---|
| १ | मैले फूल टिपे। | अङ्आ पुमा पेतु। |
| २ | हाम्दुई (तिमी र म )लै फूल टिप्यौ | इन्चीआ पुमा पेक्की। |
| ३ | हामीहरू (तिमीहरू र म )ले फूल टिप्यौ। | इङ्कीआ पुमा पेक्की। |
| ४ | हाम्दुई (उ र म)लै फूल टिप्यौ। | अन्चुआ पुमा पेयु। |
| ५ | हामीहरू (उनिहरू र म) ले फूल टिप्यौ। | अङ्कुआ पुमा पेउ। |
| ६ | तिमीले फूल टिप्यौ | आनाआ पुमा आपेतु |
| ७ | तिम्दुईले फूल टिप्यौ। | आन्चीआ पुमा आपेइ |
| ८ | तिमीहरूले फूल टिप्यौ। | आन्नीआ पुमा आपेनी |
| ९ | उसले फूल टिप्यो | उम्आ पूमा पेद् |
| १० | उन्दुइले फूल टिपे। | उन्चीआ पुमा पेसी |
| ११ | उनीहरूले फूल टिपे। | उन्नीआ पुमा पेनी |

**घ) दिनु क्रिया** — बर्तमान काल

| | नेपाली | दुमी |
|---|---|---|
| १ | मैले दिन्छु। | अङआ बीङ्त/बीत। |
| २ | हाम्दुई (तिमी र म )ले दिन्छौ। | इन्चीआ बीती। |
| ३ | हामीहरु (तिमीहरू र म)ले दिन्छौ। | इङ्कीआ बीक्ती। |
| ४ | आम्दुई (उ र म)ले दिन्छौ। | अन्चुआ बीतु। |
| ५ | हामीहरू(उनीहरू र म)ले दिन्छौ। | अङ्कुआ बीक्तु। |
| ६ | तिमीले दिन्छौ। | आनाआ आबीता। |
| ७ | तिम्दुईले दिन्छौ। | आन्चीआ आबीती। |
| ८ | तिमीहरूले दिन्छौ। | आन्नीआ आबीतीनी |
| ९ | उसले दिन्छ। | उम्आ बीता। |
| १० | उन्दुइले दिन्छन्। | उन्चीआ बीतासी। |
| ११ | उनीहरूले दिन्छन्। | उन्नीआ बीतीनी |

**ङ) दिनु क्रिया** — भूतकाल

| | नेपाली | दुमी |
|---|---|---|
| १ | मैले फूल टिपे। | अङ्आ पुमा पेतु। |
| २ | हाम्दुई (तिमी र म )लै फूल टिप्यौ | इन्चीआ पुमा पेक्की। |
| ३ | हामीहरू (तिमीहरू र म )ले फूल टिप्यौ। | इङ्कीआ पुमा पेक्की। |
| ४ | हाम्दुई (उ र म)लै फूल टिप्यौ। | अन्चुआ पुमा पेयु। |
| ५ | हामीहरू (उनिहरू र म) ले फूल टिप्यौ। | अङकुआ पुमा पेउ। |
| ६ | तिमीले फूल टिप्यौ | आनाआ पुमा आपेतु |
| ७ | तिमुदुईले फूल टिप्यौ। | आन्चीआ पुमा आपेइ |
| ८ | तिमीहरूले फूल टिप्यौ। | आन्नीआ पुमा आपेनी |
| ९ | उसले फूल टिप्यो | उम्आ पुमा पेदु |
| १० | उन्दुइले फूल टिपे। | उन्चीआ पुमा पेसी |
| ११ | उनीहरूले फूल टिपे। | उन्नीआ पुमा पेनी |

## "तोदुसे"



**प्रयाश दुमी राई**
**ऐसेलुखर्क गा.पा.-७, माक्पा, नोरुङ**

आतासाबा,
हीःकायो कङ्कुआ आकोङ्तो
छुक्सो-छुक्सो,
ओ भुबी रेप्सा
होपुपो कुरीउआ आकोङ्तो
हो आउँलाइ-
फतक्कै दुमुम नाम्छोकायो
नाम्लुङ हेप्चो र्याप्पनाआ
नुगोबी आकोङ्तो ।

आतासाबा,
ग्रेमलाङ्का आल्सा पुमाआ आकोङ्तो,
होपुङा रीक्सा माम
लोल्मुतुआयो आकोङ्तो
हो आउँलाइ-
सीनम आल्ताम सीतआ ङा
नुःगोबी दुमोङा आकोङ्तो ।

पाआ,
माम खुट्कीलो माम्बीङा गोता
मोहोम्ङा गोता,
माम्लाइ आनी होपुआङा आफुक्नीम ग
आम्ना,
माम खुट्कीलोङा गप्ना
आनी फलुआ डीन्ता
खीम्साने फलुआ ङा हो
खोयो डीङ्तो आतासाबा
आनी तुम्छु कोङ्ता ।

माया आनीमुलाइ
माम कीम्पो धुरी
सङ्गेर हेद्दुङा याका लोता
होपुपो खुरआ ङा आखुइस्नीम तुक्सुहाम ङा
रुमीपामी आलोतानी
आनी चु रीराम्दु राप्कुबी
सरुमा गप्तीका खुचीम्बीका
दुलो छुकुम छानाआ आकोङ्तानी ।

पाआ,
नाम्पारुबी कङकु सीता
ङु सीतानो र'छ
आनीमुयो आचुक्तानी ङा
फ्वाइसीम सेमुआ
मीक्सी मोनो, चुवागुयु कोङ्ता ।

सुतीथातीपो कुरुवा कुर्सोआ
आउँ छुङा तुक्दीन होतो
हुङ्नु पाआ, हुङ्नु
आउँ चेस्थइस्तु
सरुमाबी लाम्थीना
माम छेम्आ आउँ छुङा होतो
मोदुछेम्आ कङ्कुचोबी लाम्थीना चाप्तो ।

माया आनीमुलाइ
होपुपो सोमुआङा आकोङ्तानी
ताया आउँलाइ,
सीनम-सीनम
साहुपो कफुआ आकोङ्तो
आम्नाने बात्तो
डेनी पाआ,
आउँलाइ आतासाबा,
तोदुसे छुनाआ छोते ङा आकोङ्तो ॥

नीरी





अनुवाद

## "जेठो छोरो"

आजकाल,
हावा र पानीले बिझाउँछ
हुँदा-हुँदा
आफुअघि उभिएको
आफ्नै छायाँले बिझाउँछ
हो मलाई-
फतक्कै पाकेको घामसँग
पश्चिम डाँडा उभिनुले
भित्र मनमा बिझाउँछ ।

आजकाल,
हागाबाट झर्ने फुलले बिझाउँछ,
एक्लै हाँस्ने त्यो
जुनले बिझाउँछ
हो मलाई,
रातसँग खसेको शितले नै
भित्र मनमा बिझाउँछ ।

बा,
खुट्किला त्यही छ
त्यस्तै छ
जुन,
तिमी आफैले उठाएको थियौ
आज,
तिनै खुट्किला नाघ्न
तिम्रा गोडा डराउँछन्,
टेक्ने त पैतालाले नै हो
तर सुन्छु-
आजकाल,
तिम्रा घुँडा बिझाउँछ ।

उता तिमीलाई
त्यो आफ्नै घरको धुरी
तारा जत्तिकै टाढा लाग्छ
आफ्नै हातले गाडेका खाँबाहरू नै
भव्य सहारा लाग्छ ।
सुन्छु-
तिम्रो छोरा, जिन्दगी टाल्न
समुन्द्र तरेदेखी
भ्वाँड परेको छानोले बिझाउँछ

बा,
आकाशमा पानी फल्छ
माछा फल्दो रहेनछ
तिमीलाई पनि त थाहा छ नै
छुटेका सपनाले
आँखा हैन, भित्र मुटु बिझाउँछ ।

सुखदुःखको भारी बोकेर
म साँच्चै जरुर आउँला एकदिन
पर्ख बा पर्ख !
म सिक्दैछु
समुन्द्रमा हिड्न
त्यो दिन पक्कै आउँछ
जुनदिन, पानीमाथी हिड्न सक्छु ।

उता तिमीलाई
आफ्नै घाँटिको घ्यार्र-घ्यार्र गर्ने सासले बिझाउँछ
यता मलाई
हर रात
साहुको अनुहारले बिझाउँछ
आज त भन्छु-
सुन त बा,
मलाई आजकाल
जेठो छोरो हुनुले साह्रै बिझाउँछ ।

समाप्त स्रोतः अन्तराष्ट्रिय मातृभाषा दिवसः- २०१९ को अवसरमा नेपाल प्रज्ञाप्रतिष्ठानमा वाचित कविता ।

# चीयोपा चीयापा गुर्जुपो दुबी बुप्स छेन्सी



-तेजमाया दुमी राई
केपीलासगढी-४ लाम्दीजा, खोटाङ
किरात प्रदेश
dumitejmaya@gmail.com

**१. छीखम**

चीयोपा चीयोमा गुर्जु छुङ खोटाङ जिल्लापो नाम्प्य थम्पुबी मुम्पु दुमी किरावा रदुमुलआ सालुन्ने थो बी मुसधसकाइ मुतीनी । चीयोपा चीयामा पो नु दुमी रदुपो ब बी चीयोपा-लन्चुप बी क चीयोमा-मीचुम बी आत्पु छुक्ता । तम सुगुर्जु किरावा रदुमुल, खेम खल ससी, मु ब जेक्पु क सुसु मुक्पुमुलआ होप्पो-होप्पो रीदुम-हदुम खे-खे नुलक मुतीनी । जोस्तोइः रीखीतर पुर्ने, चीयम पुर्ने, जनइ पुर्ने, रखे बन्दन । तम गुर्जु चीयम मइनाबी छुक्ता । हेम-हेमबी तीथीमीती तोउमोउ छुकुमबेला पातालु मइनापो चोलम्बु छुक्ता । चीयोपा चीयोमा गुर्जुपो लम्लुमा नक्छो नक्छोमेमुल सोम्नालक सीनाभोरी ड खाप्खोर मुतीनी क दीस्य ड होप्पो होप्पो तुबीम चारीकु सुबुकुबी थुलपुलु, हर तुप्तो, छुम्तो, ले लुतो, रुल्सीतो खुस्तीनी । छुडङः पातालु मइनाभोरी खल छीमोदीमोमुल फु्लीबी मोतीनी तेत्लाक फु्लीबी मोनीम छीमोदीमोमुल मोम गुर्जुपो मा नक्छोमुलआ होप्पो दाखुरुलेलक नुछाम चारीकु सुबुकुबी खुचुक छुमुक, लेलुक, सुरुक सद्दे मुनु, खानोते मुनु खारु मुतीनी । नक्छोमुलआ होप्पो रीसीमुल बात्तो होप्पो चुक्सबसमुल, मसुमेमुल क रुमीपामी वात्तोछारीपो साखारुरी काइ रीमेमपो रखेपो पसना मुतो दाखुरुले मुतीनी । खेम रुमीपामीमुलआ रीदुम-हदुमपो ले, मी( नपो रीरामदुपो भुक्तो नुसीपो तुम्लोमुल धोतुम अन्सार लेमुल पुदुक "सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ" पो मीरी ले खाप्सुक खलचु, तुकलम क सकलमलक ले लुतो दुवाङ हसहलकाइ तम गुर्जु माने मुतीनी । तमहेम लेमुल छुडङः सक खाले छुक्ता ।

**(क) खलचु तुकलम**

जोस्तोइः
(तीदाम चुने कोक्रोबी)२
छुम्नु खुस्ती ताम्माकुबी
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

(बरमेपो फुर्कु सुर्कु)२
छम्तो खक्ती तीदाम घल्पु
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

(साल्पै होमा साल्पै होमा)२
म जुनु काकु म जुनु फेजा
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

(पुमाने पतु चीमालैपो)२
सेवा मुक्ती रुम्जुचोपो
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

(सु चम्नु फप्लेटीबी)२
तम रीराम डीर्ता चप्लेटीबी
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

(तुम नम्बर भसपुर छीनाम्खु)२
रखे मोनी पारु निनाम्बु
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।





**(ख) सकलम**

तम ले लोम बेला छुडङ साइनो अन्सार बीर्मे चेल्पु, डसु/यङ्पु, रीमे/रेव, पापा/मीस्माचु, चाचा/पीपी हेमखोये तुकहेमबी सीङ्सीबु क उतारा बीतो लेलुतीनी ।

जोस्तोइः
चाचुमेः (मेसीपो चुने गलमेबी)२
यीरीनी पीपी सलमेबी
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

पिपीः (रेकलाइतेन कीमपो तीरीरी झेला)२
म मुता नानी तुबुपो खेला
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

रेवः (हलेसी बुजुपो माहादेउ)२
डमे हाङ्मा हेम्पा मोनी
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

डमेः (मुक्तालु धारापो कङ्कु तुङ)२
रेव हाङ्पो तुबी मोङ
सोइ होपा सोइ सोइ सोइ होमा सोइ सोइ....।

**२. छीमोखम, चारीकु, सुबुकु खत्नु नु**

नक्छोमुलआ खल थो चीयोपा चीयोमा गुर्जुपो मा खे-खे थम्पुपो छीमोखममुलबी सुर्नु खत्नु छुङ खारु चाइ रुरी सोङ्सा छुक्नु सारीसुमर मान्दु छुक्नु क हीतो याकाबीम ताम्माकुमुलबी खुस्ती मोम्हेम दुमो रुरी दोक्ती आस्पु नु गोता । तम्हेमङ खेम मीनमुल ये नक्छो नक्छोमे चुक्सबस मसुमदीकाइ कुप रुल्सीनु खुस्तीनीखो सारीसुमरआ लुप्तुन, सुब्यफाब्य छुक्ता आत्पु नु गोता । मेत्लाक, तम मा झारा मीनमुलआ होल्टो धो लात्तीनीक होप्पो तुबी छुक्पु क खत्नु चाप्पु थम्पुमुल जोस्तोइः बरमे सुबुक, मुक्तालु सुबुकु, बाहाने ताम्माकु, साल्पा ताम्माकु, दुत कुन्ड, साप्सु ताम्माकु खममुल खुस्तीनीक तम चीयोपा चीयोमा गुर्जुपो मा लक नक्छोमुलआ दाखुसम्दु मुतीनी जोखना सेन्नु खारु मुतीनी ।

**३. रीक्सु सामानमुल**

लम्लु सोलोतुमबी तोनीम मलुम ची, मलुमचीआ छेम्तो, रीक्तो बुलुदाम, धुप, अछेता, सीन्दुर, सुपारी, यम्लोसी, बुर्सी, परक्छसी, मुलससी, पुमा, तुक्यारी पुमा, सीप्सुम, मेयर्सा, मलुम ची झारा चारीकु सुबुकुबी तुतीनी । तेत्लाक, आजङ्खीनी २०७२ थो लक यलखोम मुक्पु ललितपुर, भक्तपुर जिल्लाबी मुतो होनीम दुमी रदुमुलआ सुम्नीम धोलक मुतो होनीम रीदुम-हदुम साल्नु, जीङ्नु क छाम्छेनुपो लागी दुमा खेम कीरावामुलकाइ यलखो म साखु मनीचुड ताम्माकुबी खुचुक चीयोपा चीयामा गुर्जु मुतो होनीम गोता ।

**बीक्पुः**

रत्न कुमारी हदी दुमी(लाम्दीजा)
सेले नक्छो धनकुमारी हदी दुमी (सप्तेश्वर)
कुबी नक्छो प्रेम ब. राईचु दुमी (सप्तेश्वर)
सेले नक्छो तित्र ब. हदी दुमी ( लाम्दीजा )
सेले नक्छो ललित ब. रंकसु दुमी (सप्तेश्वर)

**अनुवाद**

**१.पृष्ठभूमि**

चियोपा चियोमा पर्व मूलत खोटाङ जिल्लाको उत्तरी भेगमा बसोबास गर्ने दुमी किराती राईहरूले हरेक साल धूमधामका साथ मनाउने गर्दछन् । चियोपा चियोमा को शाब्दिक अर्थ भने दुमी राई भाषामा चियोपा (नाग र चियोमा नागिनी भन्ने हुन्छ । यो पर्व किराती राईहरूको अलावा अन्य सबै जाति, भाषी र धर्मावलम्बीहरूले आ-आफ्नो रितिविधि एवं फरक-फरक नामबाट मनाउने गर्दछन् । जस्तैः रिखितर पुर्णे, भदौरे पुर्णे, जनैपुर्णे, रक्षाबन्धन आदि । यो पर्व भाद्र महिनामा पर्दछ ।

यदि कुनै बखत तिथिमिति तलमाथि परेको अवस्थामा यदाकदा श्रावण महिनाको अन्त्यतिर पनि पर्न जान्छ । चियोपा चियोमा पर्वको अघिल्लो दिन धामीधमिनीहरू साँझबाट रातभरि नै खाप्खोर (आफ्नो छीमोहरूको थान थपना राखी मान मनितो गर्ने) बस्छन् र बिहान सबेरै आ-आफ्नो पायक पर्ने चारिकु सुबुकु (पानी धाराको स्रोत भएको ठाउँ) मा ढोल ढ्याङ्ग्रो झ्याम्टा बजाउदै, नाच्दै, गाउदै जाने, घुम्ने गर्दछन् ।

विशेषतः श्रावण महिनाभरि सम्पूर्ण देउ देउताहरू गुफा बस्ने गर्दछन यसरी गुफा बसेको छिमो (देउदेउता) हरूलाई उक्त पर्वको दिन नक्छो (धामी) हरूले आफ्ना मुदुमी विधिद्वारा प्रचलित चारिकु सुबुकुहरूमा गई नाचेर, गाएर, नुहाई, धुवाई, सुद्ध पार्ने, चोखोनितो गर्ने कार्य गर्दछन् । धामीहरूले आफ्नो मुदुमी रिसियाहरू वाचन गर्दै आफ्नो, ढोले (ढोल बजाउने व्यक्ति) हरू, मसुमे(झ्याम्टा बजाउदै धामीलाई साथदिने महिला) हरू र रुमीपामी (इष्टमित्र, छरछिमेकहरूको दीर्घायु एवं प्रकृतिको रक्षाको प्राथना, कामना गर्दै दाखुरुले (मुदुम मन्त्र) गर्दछन् भने अन्य तिर्थालु रुमीपामीहरूले चाहि संस्कार संस्कृतिको अलावा मानवीय जीवनका दुःखसुखका कुराहरू एवं परिस्थितिजन्य गीत बुनेर "सोइ राजा सोइ सोइ, सोइ रानी सोइ सोइ" को पुच्छे गीत जोडेर सामूहिक, एकोहोरी र दोहोरी तवरबाट गाएर अत्यन्तै मनोरञ्जनका साथ यो पर्व मनाउछन् ।

यस्ता गीतहरू मूलतः दुई तरिकाको हुन्छ ।

**(क) सामूहिक तथा एकोहोरी**

*जस्तैः*

*(सानो नानी कोकरीमा)२*
*नाची आउँ है पोखरीमा*
*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ सोइ...*

*(बरमेको धुलो मुलो)२*
*नाच्दै जाउँ है सानो*
*ठूलो सोइ राजा सोइ सोइ, सोइ रानी सोइ सोइ...*

*(साल्पै राजा साल्पै रानी)२*
*का खानु खाजा का खानु पानी*
*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ...*

*फुलैन टिप्नु चिमालैको,*
*दर्शनै गरौं हिमालैको*
*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ...*

*(दाउरामा चिर्नु फप्लेटीमा)*
*यो जीवन मर्ने भो चप्लेटीमा*
*सोइ सोइ, सोइ रानी सोइ...*

*(चार नम्बर भोजपुर छिनाम्खु)*
*रखे गर पारु निनाम्बु*
*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ...*

**(ख) दोहोरी**

*यो गीत गाउँदा विशेषगरी साइनो अनुसार, चेली/माइती, साथी/सँगी, सोल्टी/सोल्टिनी, बाबु/छोरी, नाति/बोजु जोसुकैबीच एक-आपसमा सवाल र जवाफ गर्दै गाइने गरिन्छ ।*

*जस्तैः*

*नातिनी-*

*(भैंसीको पाँडा गलमेमा)२*
*हाकार्थेउ पिपी सलमे(युवती)मा*
*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ...।*

*बजुः*

*(तीनताले घरको तिरिमिरी झ्याल)२*
*के गर्छस नानी कर्मेको ख्याल*





*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ...।*

*सोल्टी*

*(हलेसी थानको महादेउ है)२*
*सोल्टिनी रानी काहाँथ्यौ*
*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ...।*

*सोल्टिनी*

*(मुक्तालु धाराको पानी पिएँ)२*
*सोल्टी राजाको नजिकै थिएँ*
*सोइ राजा सोइ सोइ, सोइ रानी सोइ...।*

**२. देउधाम, धारा, पोखरीमा जाने कारण**

धामीहरूले हरेक साल चियोपा चियोमा पर्वको दिन विभिन्न ठाउँको देउधामहरूमा नुहाउन जाने मुख्य कारण चाहि रुरी(आयु) लम्बिने, थपिनुको साथै सुस्वस्थ्य हुने र जति धेरै टाढाको पोखरीहरूमा गयो उति धेरै आयु अजम्बर पाउने विश्वास रहि आएको छ । यसरी नै अन्य सर्वसाधरणवर्गहरू पनि धामीधमिनी ढोले मसुमदीसँगै पोखरी घुम्न गएको खण्डमा दुःखबिमार हुनबाट जोगिने, सुब्यफाब्य हुने जनविश्वास रहिआएको छ । त्यसैले, यो दिन सबै मानिसहरूले फुर्सद निकालेर आफ्नो पायक पर्ने र जान सम्भव भएको ठाउँहरूमा जस्तैः बरमे धारा, मुक्तालु धारा, बाहाने पोखरी, साल्पा पोखरी, दूधकुण्ड पोखरी, साप्सु पोखरी आदि ठाउँ जाने गर्दछन र यही चियोपा चियोमा पर्वको दिनदेखि धामीहरूले पूर्णरूपले झार फुक, हेरकोर गर्ने कार्यलाई पुनः सुचारु गर्दछन् ।

**३. चढाउने सामग्रीहरू**

सर्वप्रथम चिन्डोमा राखेको चोखो जाँड, चोखो रक्सीले छर्कदै, पछिर्दै भेटी, धूप, अक्षता, सिन्दूर, सुपारी, मौसमी फलफूल, सिङ्गो काँक्रा, नास्पाती, हरियो मकैको झुत्ता वा घोगा, फूल, बाबरी फूल, तितेपाती, फुर्के, चोखो जाँड, आदि धाराको शिरमा, पोखरीको किनारामा चढाइन्छ ।

यसरी, गत २०७२ सालबाट काठमाण्डौ, ललितपुर, भक्तपुर जिल्लामा बसोबास गर्दै आएका दुमी राईहरूले आदिम कालदेखि मनाउदै आएका संस्कार र सस्कृतिलाई संरक्षण, सम्बर्दन, विकास र विस्तारको लागि समुदाय लगायत अन्य किराती वर्ग सहित काठमाण्डौ साँखु स्थित मणिचुड पोखरीमा गएर चियोपा चियोमा पर्व मनाउदै आएका छन् ।

**चित्र १**



**चित्र १ कुबी धामी अष्ट बहादुर दुमी सहित रुमीपामी चियोपा चियोमा पर्वमा साँखु स्थित मनिचुड पोखरी जाँदै (२०७३) ।**

**चित्र २**



**चित्र २ दाँयाबाट क्रमश सेलेमी धमिनी धनकुमारी हदी दुमी, बीर्ख बहादुर नाछिरिङ, मिना राई बरमे धारा नुहाउन जाँदै (२०७४) ।**

**स्रोतः**

रत्न कुमारी हदी दुमी (बाक्सिला)
सेले नक्छो धनकुमारी हदी दुमी (सप्तेश्वर)
कुबी नक्छो प्रेम ब. राईचु दुमी (सप्तेश्वर)
सेले नक्छो तित्र ब. हदी दुमी (बाक्सिला)
सेले नक्छो ललित ब. रंकसु दुमी (सप्तेश्वर)
प्रा.चतुरभक्त सत्म दुमी (सप्तेश्वर)

# रावाकुपो नुःतुसी



सन्त कुमार हजुरचु दीक्पा दुमी राई
अध्यक्ष- दुम्कीम माक्पा
ऐसेलुखर्क गाउँपालिका-७,
बेप्ला, माक्पा

रावाकु खोटाङपो छाम्छेक कु । रावाकुआ तुक्दीन मीम्दुछ । अब आउँ ओप्पो मुक्दाम खुलुयु खुस्तो का ओ वा तावा यो तुहेङा आउँकायो खत्तो । वा युम्पीकायो याचे खप्सीछ का फेदीबी दुम्सा याचे खप्सीछ । वा युम्पी तावाकु बुल्सो ताइसीछ । नाना रावाकु जम लेक्सा उदुसुदु मुसो ताइसीछ । वा युम्पी दोभानबी हुङ्बाखु छ । नाना बलो मायेनो म्बी वा युम्पी तावाकुआ मीहीका बलो आयेनीनोम ?

नानाआ आची, ओ वा युम्पी जम लेक्सा उदुसुदु मुसो येङुयो बलो माछुक्नो । नाना रावाकुआ जम लेक्सा उदुसुदु मुसो येम्आ रावाकु नुः तुइसी आक्सा तुम इङ्की चुपीहाम्पो गोता । माम्पो सेन्सी नाछीरीङ भ्रला जमपो नुः राः हाम्आस्ता । माम्लाङा नाछीरीङ भ्रला रावा खोला नुः तुइसीम आक्सा गोता ।

नाना रावाकु वा तावा दोभानबी दुमीका उन्ची खुलुखुक्सुपो लाम दीत्सी । खुचीखुचीयो युक्कुला ब्लब्लकुकायो दुमीका तुहेतुहे गो हाक्सो खुलुयु हाम्ताइसी ।

खुलु हन्पान्ना तुम्बी ब्लब्लकुकायो नाना रावाकु हपाचुछ । का वा तावाकु माहपाचुनो छ । माम्लाका ङा नाना रावाकुलाइ पारुहोपा, पारुहोमा सक्लीआ उ दाम मुसो हन्पो आक्सा इङ्की भुबीम खुलुहाम्पो तुम गोता ।

**अनुवाद**

## रावाखोलाको नामाकरण

रावाखोला खोटाङको प्रख्यात नदीमा नाम आउँछ । रावा खोलाले एक दिन सोचेछन् अब म मेरो गन्तव्य समुन्द्र पुग्नुपऱ्यो र बैनी तावालाई पनि सँगै लानुपऱ्यो । बैनीसँग सल्लाह गरेछन् र फेदीमा भेट्ने सल्लाह भएछ । बैनी तावा दगुर्दै झरेछन् । दिदी रावा धानखेत बनाउँदै झरेछन् ।

बैनी तावा फेदीमा पर्खी रहिन् । दिदी ढिलो आएकोमा बैनी तावाले किन ढिलो गर्नुभयो ? दिदीले भनिन्, बैनी धानखेत बनाउँदै झर्दा ढिलो भयो । दिदी रावाले धानखेत बनाउँदै झरेको कारण रावाखोला नामकरण भयो भन्ने भनाई पुर्खाहरूको रहेको छ । त्यसको उदाहरण नाछिरिङ भाषाबाट धानलाई राः भनिन्छ । त्यसैले नाछिरिङ भाषाबाट रावाखोला भनिएको भन्ने भनाई छ ।

दिदी रावा र बैनी तावा फेदीमा भेटेपछि आफ्ना गन्तव्य समुन्द्रतिर लागे । जाँदा-जाँदा तलतिर दुधकोशीसँग भेट भयो र सँगसँगै रमाउँदै, गीत गाउँदै गन्तव्यतिर लागे । गन्तव्य पुग्ने क्रममा दुधकोशीसँग दिदी रावा पुगेछन् । बैनी तावा पुग्न सकेनन् । त्यसै कारण रावालाई भालेपोथी जोडी कुखुराले पुजा गर्दै आएको भन्ने पुर्खाहरूको भनाई छ ।

**समाप्त**





# आझो चुचु, पापाहाम्पो तुम



बल बहादुर (विमल) वालक्पा दिक्पा दुमी राई
ऐसेलुखर्क गाउँपालिका-७,
माक्पा, बेप्ला

आझो चुचु, पापा, दुस्पीहाम्आ हाम्आस्थीङु, ए चाचाचुहाम होपुपो सुलाम दुवापो दुबी लाम्थीना छुक्ता मेइ, खेम लाम्दु मोनो । खेम लाम्दु लाम्थीक्तीखो धाम्रोगो बाल हुक्पाक्ती, साउलो गोयु हुङ्खक्ती, इङ्कीपो खल चाम्ता । ताम थाम्पुबी इङ्की दुमी चुआ रीप्तीम खानुक्सा यो छुक्तानो । मका आनीमु झारा दुमी चुहाम्आ होपुपो सुलाम (लाम्दु) खमु आनाका नुः लम्सीनी । छुङा आनीमु झारा चाचा चुहामलाइ आसीर्वाद (साया साम्तु) बीक्ता खोतीला । त्यसो ङा पुर्खाहाम्आ बात्नीम ग । माम्बीका रावाकु, तावाकुहाम्आयो ले लुसो, तुम मुसोआ ब्लब्लकुबी थुम्सीनापो लागी केन्सो, छुम्सो हाम्बुल्लीङ्ता, हाम्खुस्थीङ्ता खो सल्चुहाम, ओ पे, ओ वा, ओ बीर्मे हाम इङ्की ने समाचु ओ मका । मःका अब इङ्कीआ यो नुः लम्सेक्ती, पुर्खापो लाम्दुबी लाम्थीक्ती इङ्की झाराआ ङा । पुर्खाहाम्आ बात्नीम तुम्बी मीन्सो चप्तुम तुम मुचु ।

**अनुवाद**

## उहिले बाजे, बाउहरूको कुरा

उहिले बाजे, बाउ, जेठोपाको हरूले भन्नुहुन्थ्यो, ए छोरानाती हो आफ्नो बाटो (भाषा, संस्कृति), मेलोमा हिड्नुपर्छ, पछ्याउनुपर्छ है, अर्को बाटो होइन । अको बाटो हिडियोभने अप्ठेरो भीरमा पुगिन्छ । अध्यारो जंगलभित्र पुगिन्छ, सबै हाम्रो बाटो हराउँछ । यो धर्तीमा दुमी भनेर उभिन व्यर्थ हुने छ । त्यसैले तिमीहरू सबै दुमीहरूले आफ्नो बाटो कता हो भनेर ज्ञान खोज । पक्कै गन्तव्यमा पुग्ने छौं । अनि हामी तिमीहरूलाई आशिर्वाद दिनेछौं माथिबाट । यसरी नै पुर्खाहरूले भन्नुहुन्थ्यो । त्यसपछि रावाखोला, तावाखोलाले पनि गीत गाउदै, नाच्दै नदी महासागरतिर जम्मा हुनको लागि दौडधुप गरी रहेका छन् भने द्वालेहरू, मेरो दाइ, मेरो भाई, मेरो चेलीहरू हामी त मनुष्य पो त । त्यसैले अब हामी सबैले ज्ञान खोजौं, पुर्खाको बाटोमा हिडौ हामी सबैले नै । पुर्खाहरूले भनेका कुरा संझेर लेखेको कुरा समाप्त भयो ।

# बुपो नुः
## (बोट विरुवाहरूको नाम)



**मान बहादुर राई**
एसेलुखर्क गा.पा.-७, माक्पा, बेप्ला

दुमी रदुहाम्आ छोर्‌सु उक्तीयो, छीदाम मुक्तीयो रोङ्सा बु जीउलीबु । चुःपी जेक्सा नोक्छोलाइ दुमी ब्रबी कुबी आक्ती । कुबीआ ग्लम्बु बन्तानीनो, रुङ्तानीनो । इसीबु का जीउलीबु रुङ्तानी । सेलेमी नोक्छोआ ग्लम्बु, इसीलीम, साप्तुमा रुङ्तानी । आउँआ कुखोम, डीङुम बुहाम्पो नुः सुङोम गोता ।

(दुमी राईहरूले पितृमा छोर्सु पोल्दा, छीदाम गर्दा चाहिने रूख घुर्विसा हो । कुलको धामीलाई दुमी भाषामा कुवि भनिन्छ । कुविले काउलो छुँदैन, चलाउँदैन । इसीबु र जीउलीबु चलाउँछ । सेलेमी धामीले काउलो, इसीलीम, अम्लिसो चलाउँछन् । मैले जाने, सुनेको केही बोटविरुवाको नाम टिपन गरेको छु ।)

| दुमी भाषा | अनुवाद | दुमी भाषा | अनुवाद | दुमी भाषा | अनुवाद |
|---|---|---|---|---|---|
| जीउलीबु | घुर्बिसा | पाबु | मल बाँस | पीमासी | अमला |
| सीपुमा | तीतेपाती | लीसबु | चोया बाँस | खाउसी | कपास |
| बर्‌नाम्बु | भीमसेन पाती | खीकन्दु | सिङ्गाने | भेन्दारानी | गोलभेडा |
| यासुबु/यसीबु | चिलाउने | अबु | सल्ला | चुचुर्‌पा | निभुवा |
| पन्चबु | पट्मेरु | जीबु | सिमली | बार्‌नाम्बु | बडहर |
| हलसुबु | फलेदो | इसीबु | डाले कटुस | तुरु | ढुङ्ग्रे बाँस |
| रीसीबु | भकिम्लो | साप्तुमा | अम्लीसो | साउलो पाबु | वन बाँस |
| ग्लम्बु | काउलो | अबु | सल्ला | चील्लीबु | पिपिरी काठ |
| वासेउ | ठाडो उनीउ | कोक्तुम्बु | बादरे | खाम्सी | आरु |
| ग्रोलु | कालो निउरो | ओर्‌तीबु/वार्‌तीबु | उत्तीस | नापातुङ | किम्बु |
| हातीछेर | कालो अंगेरी | कोलोबु | मलता | | |
| लीमु | खर | यबु | लाम्पाते | | |
| दम्बी | काँस | पोसुबु | दार | | |
| जाख्ली | अल्लो | पोवासेउ | उनीउ | | |
| अम्री | सुनाखरी (सानो) | ग्रुसीबु | असेलु | | |
| खल | गिठा | रीम्सीबु | भिङ्गुना | | |
| जीवु | कोइरालोको रुख | चारी | दुबो | | |
| जुङ्गेलवा | कुरो | ग्रनम | सिस्नु | | |
| बुर्‌सी | काँक्रा | दाङ्खुरी | पाङ्ग्रा | | |
| पासाङ साक | रायो साग | पोअम्री | सुनाखरी (ठूलो) | | |
| बार्‌सी | कटहर | साउलोकी | वन तरुल | | |

**उखान टुक्का**

**आम्ना ने ताम्बी आसाला ने खम्बी**
**आजो आजोम तुम्लो होतानो कम्बी**
**(आज त यहाँ भोलि त कहाँ**
**पहिला-पहिला कुरा आउँदैन मुखमा )**
**हुनायो होता**
**नुःबीयो गोता**
**थुम्सीनाका तुम मुक्तीयो होता**
**होपुपो सुलाम तइसीक्ती**
**आम्ना तुदुङा फइसीक्ती**
**(आउनु पनि आउँछ**
**मनमा पनि छ**
**भेला भएर कुरा गरे आउँछ**
**आफ्नो भाषा, भेषभूषा राखौं**
**आज यती नै छुटौं)**





# ओ रीराम्पो छुङ सम्लु



**दुर्प बहादुर दुमीराई**
केपिलासगढी गाउँपालिका-४
माक्पाली डाँडा

झारावी सेवा, अङ चाइ दुर्‌प बादुर दुमी ओ देल केपीलासगढी-४, माक्पाली देल । अङलाइ य तम इसीलीम सक सु अङकपो लागी तुक-सक तुम चप्नु अप्सर बेनीमबी इसीलीम कीममीबी दुमो छीलछील आस्त ।

आम्नुतुम्ब २३-२४ थो लम्लु हेम बेला अङ तीदाम मो । अङ भन्दा घल्यु नाना मोइक दाजेमुल मोनीम गो । नानापो ने मेदुम य छुकुम गो । दाजेमुल चाइ चेन्कीम खुस्तीनीम गो । अङ य जाखा हाममुलकाइ चेन्कीम खत्नु बातु । मोमबेला ङ कीमबी मीस्मावापो बुक्स छुका । मोमपक मीस्मावा कुर्‌त आचुक ङुक्जोङु । पापाआ चाप्तुन आस्तीनीम गो मोइक य अङ रकबोल माङु । मोमपक मामाआ मीस्माचुवा लुफीनीक बेनी । मोइक अङ मीस्माचु कुरुक मोङु । मेत्ना मोङपक अङ फुचु नुसी छुकु । मीस्माचवा कोक्रोबी मो अङ सेन्नु पर्‌थ्यो । हीनाहीनाने मीस्माचुवाकाइ थीइ ये । मामा-पापा धैयी खारु मुजोनीम गो । मामा होनीक इङ्की थीयीम खमबी समुल पुम्तो तुक्तुरीपो चोआ पुस्तीनीम मो । मोइक इङ्की थीयीम थम्पुबी खुन्तो रोघो-रोघो आस्तो लावा देफत्नी ।

तुक मा अङ पापाकाइ लोस लोनु खुचुम गो । पापा चाइँ दोचेर ङेप्तुम थम्पुबी दाँदे भक्जोनीम गो । अङ दुवाङ नुसी छुक्तो दाँदेबी उङ्तो मो । मोमबेला पापालाइ चाइ एदीर लो छ । पापाआ तुकछीन माचतावो आचीनीम गो । ओ पाली पापापो तुम्लो माङीना दाँदेबी उङुक लोस तुक्तुरीआ यम्दुम लासेने लम्लु लम्थीया । मोमबेला ओ फत्लु चाइ दाँदेपो यबी उङाक लात्लु माचाफुन । लोस याकाम छेउ खुचुक मो । याकामछेउ होपाचुये ओ सक्बो तुम्छु ने पील्खुचाछ । पापा होनीक बुस्नी । मोमपक अङने ङुक्नु बातु । पापाआ सात्लुस नुकनीक भक्खन्दीनी । मोइक ने धेयी मोक सेन्नुबातु । मोमबेला इङ्कीलम्बु चाइँ दुमोआ दुमी तुम जेतीनीन गो । पापामुलआ हीना-हीना जेतीनीम गो । मोमबेला याद छुक्तुनथ्यो इङ्की । तेम्बेला होक चुक्थीङ्त तुम्लो क रीदुम-हदुममुल चेन्सीनु जरुर गोता । मेत्नाङ अङ ये दुमी किरात राई फन्सीकीम दुम्कीम यलेखमआ रुजुमुम तुक सुम मा दुमी ब चेङ्सा क चेन्सीकसा खारुनामबी खुचुक दुमी तुम चेन्सीनु औसर दोक्तु । (नेपालबाट दुमी अनुबादकः तेजमाया दुमी राई)

॥ डीरा/नीरी ॥

**खस नेपाली अनुवाद**

सबैमा नमस्कार । म चाही दुर्प बहादुर दुमी । मेरो गाउँ केपिलासगढी गाउँपालिका-४, माक्पाली डाँडा । मलाई पनि यो इसीलीम **२० औं अंक**को लागि दुई-चार शब्द लेख्ने अवसर दिनु भएकोमा इसीलीम परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

आजभन्दा २३-२४ वर्ष पहिला जतिबेला म सानो थिएँ, मभन्दा ठूलो नाना अनि दाजेहरू हुनुहुन्थ्यो । नानाको त विवाह पनि भइसकेको थियो । दाजेहरू चाहिँ स्कूल जानुहुन्थ्यो । म पनि विस्तारै उहाँहरूसँग स्कूल जान थालें । त्यतिकैमा घरमा बहिनीको जन्म भयो । त्यसपछि म बहिनी बोक्छु भनेर रुन थालें । पापाले सक्दैनस् भनेर भन्नुहुन्थ्यो तर पनि म भने जिद्धी गर्थें । त्यसपछि मामाले बहिनी समातेर दिनुभयो । अनि म बहिनी बोकेर बसें । त्यसरी बस्दाखेरी म अलि खुसी भएँ । बहिनी कोक्रोमा हुन्थ्यो, मैले हेर्नुपथ्यो । कहिलेकाहीं त बहिनीसँगै लड्थिउँ पनि । मामा-पापा छेउमै काम गरिराख्नु हुन्थ्यो । मामा आएर हामी लडेको ठाउँमा झारहरू पोका पारेर लट्ठीको टुप्पो

मा बाँध्नु हुन्थ्यो । अनि हामी लडेको ठाउँमा गाड्दै रोघो...रोघो भन्दै सातो बोलाउनु हुन्थ्यो ।

एक दिन म पापासँग गोरू जोत्न गएको थिएँ । पापा चाहिँ गहुँ छरेको बारीमा दाँदे लगाउँदै हुनुहुन्थ्यो । म खुब खुसी मान्दै दाँदेमा चढ्दै थिएँ । त्यही बेला पापालाई चाहिँ दिसा लागेछ । पापाले एकछिन नचला है भन्नु भएको थियो । मेरो पाली पापाको कुरा नसुनी दाँदेमा चढेर गोरूलाई लट्ठीले हानेको थिएँ गोरू अघि बढिगो । त्यतिबेला मेरो खुट्टा चाहिँ दाँदेमूनि पस्यो र निकाल्न पनि सकिनँ । गोरू पल्लो छेउ पुगेर रोकियो । पल्लो छेउ पुग्दा मेरो दुवै घुँडा त पिल्सिगएछ । पापा आएर कराउनु भयो । त्यसपछि म त रुन थालें । पापाले वनमारा माडेर लगाइदिनुभयो । अनि त छेउमा बसेर हेर्नु थाले । त्यति बेला हाम्रोतिर चाहिँ धेरैले दुमी कुरा बोल्दैन थियो । पापाहरूले कहिलेकाहीं बोल्नु हुन्थ्यो । त्यतिखेर वास्ता हुँदैन थियो हामीलाई । अहिले आएर बुझियो भाषा संस्कृतिहरू सिक्नु जरुर रहेछ । त्यसैले म पनि दुमी किरात राई फन्सीकीम दुम्कीम काठमाडौंले आयोजना गरेको १७ दिने दुमी भाषा अभ्यास तथा प्रशिक्षण कार्यक्रममा सहभागी भई दुमी भाषा सिक्ने अवसर मिल्यो ।

॥ नीरी ॥

## दुमी भाषामा महिला र पुरुषका केही नामहरू

-प्रस्तोता तेजमाया मुरह दुमी

| | |
|---|---|
| ङायुमा-राम्री | रिमेमा- किराती आदीम बजु |
| सानुहाङ्मा-ज्ञानको रानी | नायमा- रिमेमाको छोरी |
| सायाहाङ्मा-शीरको रानी/आत्मको रानी | सोजुहाङ-पैसाको राजा |
| तीहाङ्मा-आगोको रानी | बुलुहाङ्-पैसाको राजा |
| धीरीतुमा-धरती माता | चासुहाङ्-अन्नको राजा |
| साम्सीमा-साम्सी फूलको माउँ | वाछेहाङ्- चतुर |
| रीचीमा-रीची फूलको माउँ | |

## सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा दुमी किरात राई फन्सीकीम (दुकिराफ) छैठौँ महाधिवेशन आगामि कार्तिक २, ३ र ४ गते दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं.-१२, जालपामा सम्पन्न हुन गइरहेकोले संस्थाका सम्पूर्ण पूर्वपदाधिकारी, सल्लाहकार तथा शुभचिन्तक ज्यूहरु महाधिवेशनमा सहभागी भई सहयोग गरिदिन हुन अनुरोध छ ।

**चतुरभक्त राई**
संयोजक
दु.कि.रा.फ. छैठौं महाधिवेशन आयोजक मूल समिति





# इङ्की छेन्सी



**भैरव दुमी सत्म रदु**
केपिलासगढी-५,
तेयो- यालाखोम

खत्लबीका लाम्लु ने छेन्सी आक्सा शब्दपो अर्‌थ आउँलाइ खान्तेकायो होतानो । आउँआ चुक्तो यो छेन्सी आक्तीम छेन्ना, छेमुइसीना, छेङ्खालुना ङा हेङा लोता । ताम तुक्ली छेन्सी । मीनुपो छेन्सी नेपालपो छेन्सी, रदुपो छेन्सी, दुमीपो छेन्सी, पापाचुचुपो छेन्सी । ताम खत्ल इङ्कीपो होपुपोङा छेन्सी । मोखो यो उनीमुहाम्पो छेन्सीआ तुङा होपुपो छेन्सी लात्तानो । मका इङ्कीआ होपुपो छेन्सी होपुआ बनेमुना छुक्ता । होपुआ बनेमुक्तीम होपुपो छेन्सी देलगुथा, राष्ट्रपो छेन्सी छुक्ता । सगरमाथापो पा, गौतमबुद्‌दपो पा आस्सो आ इङ्की मुक्ती । ताम यो खी इङ्कीपो छेन्सी । इङ्की पेपे छेराबीम राजकुमार रदुपो वा आउँ । उनीपो देल्बीम आउँ आस्सोआ आउँआ खेम्चुलाइ ओ छेन्सी बीक्सा मोङ्तो । पाखाहु हुपास्त्तोयो बुद्ध का सगरमाथापो पा नेपालला होङुम आक्सा मुक्ती इङ्की मोखोयो माम्बीम छुङा तुम खे गोता । इङ्की पाखा हुक्पाक्तीयो इङ्की छेन्सी आक्तीम जुना मादोक्नोम, नु:मुलु मागुक्सा, मोयो माकोक्सा आस्सोआ छेइसीक्ती ।

इङ्की राजकुमार दाजे आक्ती मोखोयो दाजे हेङाम सो गुर्‌सा सुलाम दुवा मुना लम्सा नु मुक्तीनो । बुद्‌दपो पा आक्ती बुद्‌दआ आचोन्पो तुम्मु चेइसीना नु: मुक्तीनो । इङ्की सगरमाथापो पा आक्ती सगरमाथा सम्रछेन मुना मोनो फाल्सा मुक्ती इङ्की । मो ताम ङा इङ्कीपो छेन्सी ? होपुआ होपुलाइ छेन्ना पर्‌ने अवस्था हलम गोता । आउँ आसु, आउँआ मो मुना छुक्ता चुक्सा छेम हलम गोता दुमी चुहाम्आ ।

इङ्की प्रकीती पुजा मुक्सा, प्रकीतीबी गुक्सा खत्ल चीजलाइ पुजा मुक्ती, लालुखा मुक्ती, प्रकीतीबी गुक्सा खत्ल चीजलाइ होपु हेङा मानेमुक्ती मोखोयो मो गोता आक्तीयो पुजेमुना आक्तीम लालुखा मुना, लीस्मुना आस्सोआ चुक्तीनो । तुक्लीआ खेमलाइ सेक्सुक्ती, कोक्तीका जुक्ती । मो ताम पसु, प्रानी को क्सोका जुसोका इङ्कीआ प्रकतीपो पुजा मुक्तीम छुक्ता ? उनीमुलाइ कोक्सोका इङ्की मीहीम पुजा मुक्थङ्ती ? य हेम भगवानपो पुजा मुक्थङ्ती ? खम्बी हाम्मोता माम भगवान ? कोक्ना, से:ना धर्‌म खो लीस्मुना मो ? खेमलाइ कोक्तीयो, सेक्तीयो ही बगेमुक्तीयो गो जास्ला इङ्की भगवान मीहीम हाम्मोता ? खम्बी हाम्मोता ? आउँ लुम्थत्तो । दुम्सोका तुम सीङ्दीर लम गोता ।

इङ्की चु:पीहाम्आ मुहुत्नीम खत्ल सुलामदुवामु खत्ल खानुक्सा गोता आना मुर्‌खता छुक्ता । मो खानुक्सा, मो खाइक्सा गोता आस्सोआ छेन्ना चाप्ना आम्नाम आवस्यकता । खानुक्सा, खाइक्सा फक्सोका खानुक्सा सुलामदुवा, रीदुम-हदुम मुना इङ्कीपो छेन्सी । चु:पीहाम्आ मुहुत्नीम सुलामदुवा इङ्कीपो इतीहास । इतीहास हीयोयो चामुन्ना इता । च्वा मीनुहाम्पो तुम मो गोता आक्तीयो इङ्की चु:पीआ हाम्मुइसीम, मुहुत्नीम सुलामदुवामु ले:ना इता । मोखोयो इङ्कीआ ताम्बी मो तुम ले:ना इता आक्सा तुम इङ्कीआ फक्ना चाप्ना छुक्ता । धो हीयोयो तुक्लीङा छुक्तानो । आम्ना मो गोता आसाला माम छुक्तानो । तुक्छीन यपाका मो छुक्ता आसीआयो चुक्तीनो । ताम धो खीर्‌स्तीयो मोता । आझोम मीनुमु बुपो क्वा हाम्मुन्थइसी, स्वाताङा जुथत्नी, साउलोबीङा फु:लीबी हाम्मथीङु । माम मीनुमु यो इङ्की चु:पीङा । उनीपो चुचाचा इङ्की । धो खीर्‌सीतो खुची । खीप्सोका जुनाथालेमुन्पो, कीम बनेमुसोका मुना थालेमुन्पो, उक्तीखारा मुना थाले मुन्पो । बुपो क्वा मुइसीतो, कन्दनी प्वास्सोका वाउरो हाम्मुइसीम चुचुहाम ने आउँआ दोक्तुम गोता ।

सुक्ली सुप्तुलुबी जा खीप्सोका जुक्सा इङ्की ङा । तेयो ग्यासबी जा खीप्तीका जुक्ती । बप्ससी खर्सोका फेजा जङ्तो आउँ तेयो यो । आउँ यपाकाम छारुचुआ बप्ससी हाम्अइस्तीकायो सेन्तानीनो । आतासा म:म, चाउमीन, पानीपुरी, चट्पटे जुना थालेमुइसी । चु:पीहाम्आ साउलो बीम खलक्ती जुसो थाम्पुबी होपुआङा उक्तीखारा मुसो जुना आचेन्यो खोयो इङ्की पाखाला होताम जुना इक्सा जुनातुम जुक्लङ्ती । चु:पीआ मुहुत्लीम, आचेन्तुन्यो खानुक्सा तुम्मु खत्ल चामुस्सो खाइस्खा सुलामदुवालाइ धर्म, रीदुम-हदुम छेन्सी आक्सा, तुक्लीआ खेम्लाइ कोक्सा, सेक्सा, कुप्पुसुसीलाइ भगवान आस्सो ही बीक्सा , तुक थो जुक्सा चादुम तुक महीनागोबी लुम्सो का, घ्रीमुस्सोका न्यार्सा मन पाखाला च.: हुल्सीम जुना इक्सा जुना तुम हस्सोका, कीस्सोका जुक्सा, सुक महीना दुवा मुसोका नुक्उ/ङा महीना सेस्सोका, थीसो मुक्सा तेहेम यो रीदुम-हदुम का छेन्सी छुक्ता ?

इङ्कीआ डीन्यो गोता नुरु यो इङ्की चु:पी, सुसप्सा (केङ्सा) यो इङ्की चु:पीङा ए । चक्तीयो आउँ ओपो क:फु ऐनाबी सेङ्सा मोङ्तो । चक्तीयो ने आउँलाइ सुसप्सा (केङ्सा) हेङा दोइस्तु । म न खी हेङा यो लोता । छुना चाप्ता बुछलछ, सीखेबामाखेबा, लु-पुखु खत्ल इङ्की ङा । ताम खत्ल तुम्मु इङ्कीपो चु:पीमु । आसाला-नाम्ना मो-मो छुक्सो खक्ती माम्ले आप्लो हुक्सा माआ ङा बात्ता । खुचीम समयलाइ अइसीक्तीका सेङ्तीयो आउँ १७ थो लातीका १८ थो बी मोङ्यो सन् १९९८ बी पाखा हुपाचो । मयो आस्पो खुर्बीयो मोबाइल मागनो । सफु तायामाया मुनालाइ तु/स्वाक महीना लागेछुक्थीङु । लाम्लु फीङ्सा मोयो मागनो । नेपाल अइसीक्सा मीनु लम्सोका पोका मुसोआ फीङ्ना छुक्थीङु । बाँकी चप्सी होताम अर्को इसीलीमबी आस्सो ओपो चप्सीबी फालुम, मालात्नोम तुमबी क्षमा फीसो जय सुम्नीमा पारुहाङ ।



**अनुवाद**

## हाम्रो पहिचान

सर्वप्रथम त पहिचान भन्ने शब्दको अर्थ मलाई राम्रोसँग थाहा छैन । मैले बुझे अनुसार पहिचान भने को चिन्नु, चिनिनु, परिचित हुनु नै हो जस्तो लाग्छ। यो एउटा चिनारी हो । मानिसको पहिचान नेपालको पहिचान, राईको पहिचान, दुमीको पहिचान, बाउबाजे को पहिचान । यी सबै हाम्रो आफ्नै पहिचान हो । तर वहाँहरूको पहिचानले मात्रै आफ्नो पहिचान पूरा हुँदै न, पुग्दैन । तसर्थ हामीले आफ्नो पहिचान आफैंले बनाउनु पर्दछ । आफूले बनाएको आफ्नो पहिचानले गाउँ, समाज र राष्ट्रको पहिचान बन्छ । सगरमाथाको देश, गौतमबुद्धको देश भनेर हामी गर्व गर्छौं । यो पनि त हाम्रो पहिचान हो । हाम्रो साहसी दाजु छेराको राजकुमार राईको भाई हो म । वहाँको गाउँको हो म भनेर मैले अरुलाई परिचय दिने गरेको छु । विदेशतिर पुग्दा बुद्ध र सगरमाथाको देश नेपालबाट आएको भन्ने गर्छौं हामी तर त्यहाँको यथार्थ र वास्तविकता फरक छ । जब हामी विदेश पुग्छौं हाम्रो पहिचान भनेको खानु नपाएको साह्रै गरिव, बुद्धि नभएको मूर्ख, केही नजाने को लेवर भनेर बुझिन्छ ।

हामी राज कुमार राई दाजु भन्छौं तर दाईजस्तो साहसिक काम, उदाहरणीय काम गर्न चाहँदैनौं । बुद्धको देश भन्छौं बुद्धले सिकाएको बचनहरू सिक्न चाहँदैनौं । हामी सगरमाथको देश भन्छौं सगरमाथा संरक्षण गर्न होईन विनास गर्ने गर्छौं हामी । के यही हो त हाम्रो पहिचान ? आफूले आफैंलाई चिन्नु पर्ने अवस्था आएको छ। म को हुँ, मैले के गर्नुपर्छ थाहा पाउने बेला आएको छ प्रिय जन समुदाय ।

हामी प्रकृति पुजक, प्रकृतिमा भएको सबै चिजलाई पुजा गर्छौं पुज्छौं, प्रेम गर्छौं, प्रकृतिमा भएको सबै चिजलाई आफू झैं ठान्छौं तर विडम्बना के छ भने पुज्नु, पुजा गर्नु भनेको माया गर्नु, बचाउँनु हो भनेर बुज्दैनौं । एकले अर्कोलाई मारी दिन्छौं, काटेर खाई दिन्छौं । के यो पशु, प्राणी, जीवजन्तु, प्रकृतिमा भएको चिज होईन ? यो पशु, प्राणी, जीवजन्तुलाई काटेर खाएर पुजेको पुजा गरेको हुन्छ ? उनीहरूलाई काटेर हामी कस्तो पुजा गर्दैछौं ? पशुपंक्षी, जीवजन्तुलाई काटेर हामीले प्रकृतिको पुजा गरेको हो त ? कि कुन भगवानको पुजा गर्दैछौं ? कहाँ छन् त्यो भगवान ? उनीहरूलाई काटेर हामीले धर्म गरेको हो ? काट्नु, मार्नु धर्म हो भने बचाउनु पाप हो त ? अरूलाई काट्दा, मार्दा रगत बगाउँदा खुसी हुने हाम्रो भगवान कस्तो छन् ? कहाँ छन् ? मैले खोजिरहेको छु । भेटेर केही कुरा सोध्न मन लागेको छ ।

हाम्रो पितृपुर्खाहरूले गरेको सबै काम सबै सही छन् भन्नु मूर्खता हो । के सही छन्, के गलत छन् आजको आवश्यकता हो । सही, गलत छुट्याई सही काम कर्तव्य, सही संस्कार गर्नु हाम्रो पहिचान हो । पितापुर्खाहरूले गरेका कामहरू हाम्रो इतिहास हुन् । इतिहास कहिल्यै बिर्सनु हुँदैन । केही मानिसहरूको भनाई के छ भने हाम्रो पिता पुर्खाहरूले लाएको, आएको, गरेको कामहरू छोड्नु हुँदैन । तर हामीले यसमा कुन कुरा छोड्नुपर्छ कुन कुरा छोड्नु हुन्न भन्ने कुरा हामीले छुट्याउन सक्नु पर्छ । समय सधैं एउटै र हँदैन । आज जे छ भोली त्यो रहँदैन, हुँदैन । एक छिन पछि के हुन्छ कसैलाई थाहा हुँदैन । यो समय चक्र घुमिरहन्छ । पहिले मानिसहरू रूखको बोक्रा लगाउँथे, काचैं खान्थे, जंगल ओडारमा बस्थे । ती मानिसहरू पनि हाम्रै पिता पुर्खा हुन् । उनीहरूकै सन्तान हौं हामी । समयचक्र घुम्दै गयो । पकाएर खान थाल्यौं, घर बनाएर बस्न थाल्यौं, खेतीपाती सुरु गरियो, रूखको बोक्रा लगाउँदै, कन्धनी बाँधेर धोती लगाएको चुचुहरू त मैले देखेको छु ।

तीन चुलामा खाना पकाएर खाने हामी नै हौं । अहिले ग्यास चुलामा खाना पकाएर खान्छौं । मकै भुटेर खाजा खान्छु म अझै पनि । म पछिको पुस्ताहरूले मकै फर्केर हेर्दैनन् । अहिले म:म, चाउमिन, पानीपुरी, चट्पटे खान थालियो । पिता पुर्खाहरूले जंगलको कन्दमुल खादै बारीमा आफैंले उब्जाएर खान सिकाए तर हामी विदेशबाट आयात गरिएको विसादीयुक्त खानेकुराहरू खान थालेका छौं । पुर्खाहरूले गरेको, सिकाएको राम्रो कुरा जति सबै विर्सिएर गलत कामहरूलाई धर्म, संस्कार, संस्कृति, पहिचान भन्ने एकले अर्कोलाई काट्ने, मार्ने प्रकृति पुजक भन्ने भूतप्रेत, राक्षसहरूलाई भगवान भन्दै रगत चढाउने, वर्ष दिन खाने अन्न एक महिनाभित्र उसिनेर, कुहाएर सक्ने अनि विदेशबाट विषादीसहितको खानेकुरा आयात गरेर, किनेर खाने, तीन महिना काम गरेर नौ महिना मातेर, लर्बरिएर बिताउने यस्तो पनि संस्कार, संस्कृति र पहिचान हुन्छ ?

हामीले सुनेका छौं, बाघ पनि हाम्रै पुर्खा, बाँदर पनि हाम्रै पितापुर्खा रे । कहिले काँही म मेरो अनुहार ऐनामा हेर्ने गर्छु । कहिले काँही त मलाई बाँदर जस्तै देखिन्छु । अनि त होला जस्तो पनि लाग्छ । हुन सक्छ किरा, फट्याङ्ग्रा, जीवजन्तु, ढुंगा, माटो प्रकृतिमा भएका सबै चीजहरू हामी नै हौं । यी सबै कुराहरू हाम्रै पितापुर्खाहरू हुन् । भोलीका दिनमा के-के हुँदै गइन्छ समयचक्र अनि भावी दिनहरूले नै बताउँने छ । बितेका समयलाई फर्केर हेर्दा म १७ वर्ष पूरा भइ १८ वर्ष हुँदा सन् १९९८ मा विदेश पुगे । त्यतीखेर कसैको हातमा मोबाईल फोन थिएन । चिठ्ठी वारबेर हुनलाई २/३ महिना लाग्थ्यो । पहिला पठाउने कुनै माध्यम थिएन । नेपाल फर्किने मान्छे खोजेर पोका पारेर पठाउनु पर्थ्यो । बाँकी लेखन आउँदो अर्को इसीलीममा भन्दै मेरो लेखाईमा कमी, कमजोरी भूल भएमा क्षमा चाहँदै जय सुम्नीमा पारूहाङ । **(नोट: दुमी भाषामा भाव अनुवाद : कीर्ति कुमार दुमी )**

## चुःचुबीम मीम्सी



**जिनुकला राई**
केपिलासगढी गा.पा., दारेगौडा, खोटाङ
तेयो : भक्तपुर

धो हीतो परीवर्‌तनसील का महत्वपुर्‌न गोता आक्सा तुम आउँ तेयो मीम्वाक्तो । माम चुःचुभालबीम रमाइलो का नु हुर्‌सीम तुम खम्वी चामुन्ना चाप्तीका ! वरु छेम्छेम्आ माम चुःचुवी अइसीदीर लोता ।

तेयो आउँ २९ थोबी लाम्धीथीङ्तोयो । चक्तीयो ने आफ्नो देलबी च्याम्सीन्पो, बर्‌पो रमाइलो मुन्लन्पो चुःचुबीम दीनहाम तेयो यो हम्खो नहा ङेडा लोता । ओपो बुन्खोम खोटाङ जील्लापो मयोम सप्तेस्वर-५ का तेयो केपीलासगढी गा.पा. सप्तेस्वर, दारेगउडावी तुक्ली सामान्य कीम्नामबी छुकु । ओपो कीम्नामबी पापा, मामा, नानानु, तु-तुक्सु वानु का आउँकायो मुसोका सेक्सु मुन्पो ।

माम चुःचुवी ओपो दुङ्सा दुसु ओ वा ङा म । चेन्कीम खुचीयो छुनु य ब्याँसीवी खुचीयो छुनु । बोस्तु जकुबी खुचीयो यो आउँ वाकायोङा छुक्धीङो । चेन्कीम्वी वालाइ आसीआ मो आचीखो, वालाइ यम्नीखो आउँ वा यम्सालाइ ङा यम्थदु । वाकायो बोस्तु जकुबी खुचुयो बुबीम सफुहाम प्रेस्सोका सोजा बनेमुक्सा का हु यतायो कम्सीक्सा प्लास्टीकपो ओडालाइ फ्याक्सुम बने मुसोका माम सफुपो सोजा माम्बी तुसो च्याम्थइसीन्पो । चुङ्गी, गुच्चा हेङाम खेम यो च्याम्थइसीसीन्पो ।

चुःचुवीम दुमो-दुमो नुहुर्‌सीम तुम्मु छुक्ता का गोता यो । आउँलाइ विसेस लुक्सा तुक्ली घट्ना वाकायो उङ्कुपो कीम्बीका हीती कइजाले आक्सा खोम्बी बार्‌बोती धुसोका माम्पो बु माम्बी ङा लेन्तुन्पो का माम्पो सुक/बुक दीनयपाका खन्पोयो माम बुबी घ-घल्सा बार्‌वोती सीयुम ग । माम दोखुयो उन्चुपो दुमोङा नुः हुर्‌सीम ग ।

देलबी दसै, तीहारबी उङ्कुपो दुमो नुः हुर्‌थइसी । तीहारपो छेमआ उङ्कु देउसी च्याम्सीकुबी खन्थन्पो । माम्ला हम सोजाआ उङ्कु साउलो जा जुकुबी खन्थन्पो । महेम रमाइलो देलला मायु वायहु खन्पोयपाका हीयोयो मामुइसीनो । वि.स. २०६२ थोबी उङ्कु झारा मोरङपो लेटाङबी ताइसीन्पो । आउँआ लेटाङपो श्री सान्ती भगवती उ.मा.वि.बी कक्षा ७ बीका १२ तुम्बु पढेछुको । माम्ला पुस्पलाल मेमोरीयल क्याम्पस चावहील, यालाखोमला बी.एड.मोङु । तेयो एम.एड. भक्तपुर बहुमुखी क्याम्पसला मोङ्थत्तो । तेयोम ताम अस्तव्यस्त रीराम मीम्तोयो माम चुःचु मुन्पोयोम तुम्मु महत्वपुर्‌न का वीसेस लोता । माम अवस्थावी तेयोयो अइसीना दोनाखो नहा हेङा लोता ।

**(नोटःदुमी भाषामा अनुवाद-कीर्ति कुमार दुमी)**

॥ नीरी ॥

**अनुवाद**

### बाल्यकालको सम्झना

समय कति परिवर्तनशील र महत्वपूर्ण छ भन्ने कुरा म अहिले सम्झिरहेको छु । त्यो बालापनको रमाईला र खुसी कहाँ भुल्न सकिन्छ र बरु कहिलेकाहीं त्यो बालापनमा फर्किन मन लाग्छ ।

अहिले म २९ औं वसन्तमा हिँडिरहँदा गाउँमा खेलेको, हुर्किएको रमाईला पल अहिले पनि आइदिए हुन्थ्यो जस्तो लाग्छ । मेरो जन्म खोटाङ जिल्लाको साविक सप्तेश्वर-५ र हाल केपिलासगढी गाउँपालिका-सप्तेश्वर, दारेगौडामा एक सामान्य परिवारमा भयो । मेरो परिवारमा पापा, मामा, दुई नाना, एउटा भाई, एउटा बहिनी र मसेत गरी जम्मा सातजनाको परिवार हो ।

त्यो बालापनको मेरो साथी मेरो भाई नै थियो । स्कूल जाँदा होस् वा खेतबारीमा जाँदा वा वस्तु चराउन जाँदा म भाइसँगै हुन्थें । स्कूलमा भाइलाई कसैले केही भने वा भाइलाई पिटे म भाइलाई पिट्ने लाई नै पिटिदिन्थें । भाइसँग वस्तु चराउन जाँदा बोटबिरुवाको पातहरू टिपेर पैसा बनाउने र पानी पर्दा ओढ्ने प्लास्टिकको ओडालाई ब्याग बनाएर त्यो पातको पैसा त्यसमा राखेर खेल्थ्यौं । चुङ्गी, गुच्चा जस्ता अन्य खेलहरू पनि खेल्थ्यौं ।

बाल्यकालमा धेरै-धेरै रमाईला घट्नाहरू हुन्छन्, र छन् पनि तर मलाई विशेष लाग्ने एउटा घट्ना भाइसँग हाम्रो घरभन्दा तल कइजाले भन्ने ठाउँमा सुटुनी (सखरखण्ड) खनेर त्यसको बोट पुनः रोपिराखेर त्यसको ३, ४ दिनमा जाँदा त्यस बोटमा ठूला-ठूला सुटुनी फलेको थियो । यो देखेर हामी दुवै जना धेरै खुसी भएका थियौं ।

गाउँमा दशैं, तिहारमा हामी धेरै खुसी हुन्थ्यौं । तिहारको बेलामा हामी देउसी खेल्न जान्थ्यौं । त्यसबाट आएको पैसाले हामी वनभोज खाने गर्थ्यौं । त्यस्ता र माईला पलहरू गाउँबाट तराई गएपछि कहिल्यै पनि गरिएन । वि.सि. २०६२ सालमा हामी स-परिवार मोरङको लेटाङमा बसाई सरेर झरियो । मैले लेटाङको श्री शान्ती भगवती उ.मा.वि.मा कक्षा ७ देखि १२ सम्मको पढाइ पूरा गरेर पुष्पलाल मेमोरियल क्याम्पस चावहिल, काठमाडौंबाट वि.एड. गरें । हाल एम.एड. भक्तपुर बहुमुखी क्याम्पसबाट गर्दैछु । अहिलेको यो अस्त्व्यस्त जीवन र विभिन्न किसिमका उतारचढावहरू सम्झँदा त्यो बाल्यकाल महत्वपूर्ण र विशेष लाग्छ । त्यो अवस्थामा फेरि फर्किन पाए हुन्थ्यो जस्तो लाग्छ ।

॥ नीरी ॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.स. २००९/१०/१० गते**

**पितृबासः**
**वि.स. २०७५/१२/२४ गते**

**लक्ष्मी राई**

दुमी किरात राई फन्सीकीमका संस्थापक कोषाध्यक्ष **श्री तेज बहादुर सत्म राईको धर्मपत्नी** तथा दुम्कीम काठमाण्डौका उपाध्यक्ष **श्री सन्तोष दुमी राईको** ममतामयी आमा **लक्ष्मी राईको** असामयिक निधन भएको दुःखद घडिमा सोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै दिवंगत आत्माको चिर शान्तीको लागि सिमेभुमे, सुप्तुलु, युङ्खुलु एवम् सुम्नीमा–पारूहाङसँग प्रार्थना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

**दुमी किरात राई फन्सीकीम तथा इसीलीम परिवार**

## काबाबी चेम्सीकुबी खन्पोयो......



अस्मीता सत्म दुमी

आफ्नो आङु चुचु मोडोयो काबाबी खनाका पउडी चेम्सीना छोतेङा नुः लथीङु । तराईबीङा बुखोम, बुरोम्आ माम्बी सानो-सानो खहरे कावाहाम माम्बी-माम्बी गुल्थेङा तीन्थन्पो । मोडाङ्ङा ओपो देल्बी यो गछीया कावा ग । देल्पो नुः गछीया छुकुमआ कावापो नुः यो गछीया ङा छुकुम ।

माम कावाबी तायाक्काला मायाक्काला देल्बीम दुमो मीनुहाम सीग्यामा लाक्साका इङ्सा मुसोआ होपुपो मुपु तुल्थत्नी । का माम सीग्यामा लाम्पोम्बी घल्पा-घल्पा खाडल छुकुम छुक्थीङु । माम खाडलबी खुब नुः हुर्सोआ अङ्कु पेपे आङु का चुःचुहाम पउडी चेम्सीन्थन्पो । कावाबी पउडी चेम्सीना खन्पोम पापा-मामाआ मायात्थत्लीनो । पापा कामपो सुलामबी देल्बीका पाखा हाम्मथीङु । पेपेकायो आङु मामापो मीक्सीबीका सुल्सीसो पउडी चेम्सीकुबी खन्थन्पोका माया कावाबीङा दख्ल कायो रम हाङ्मुस्सोआ आसु आयो मामालाइ मावाक्सा वाया मुसोआ कीम अइसीन्थन्पो ।

तुक दीन पापा छुट्टीबी कीम हाम्हम ग । पेपे दुसुहाम्कायो पउडी चेम्सीकुबी हाम्खुचु छ । पापाआ माम तुम चुक्नीका हाम्खुचुका पेपेलाइ ब्रताका पीया हाम्आचुका फीङ्नी । आङु आम्ना पेपेआ यम्खा लुक्सा हाम्छ्कु आत्सो पेपे ब्रकुबी हुपाचोयो ने पेपेकायो देल्बीम चुःचुहाम हुर्सोका पउडी हाम्चेम्थइस्नीम ग । आङु चाहीँ पेपे ब्रकुबी खुचोम मायाङा वो चामो का होपुङा चेम्सीसो मोडो र छ । चेम्थइस्थीङोयो तुक्ली दुसुआ आचु- 'याका सेन्दा आ पापा हेडाम' आचु । मो आचुमपछी ओ लुङ्गुमा खुचु । याका सेन्दो पापा सानो पाबुपो सीर्कुना यबी छुम्रुबी सुल्सो हाम्पीथीङुम ग । पेपेकायो आङु गु रुप्सो आ कीम्हु चन्पो । कीम्बी हपान्पोम्पछी पापापो खुर लाका अन्चु फःलुबी खाइक्साकायो सीर्कुनापो डाम ङाइसी । माम्बीका कीम्कायो तुहे गुक्सा ङु तुल्सा पोखरीबी पउडी चेम्सीमुत्नी । ङु पोखरी लेउआ पोक्तुम फोहोर ग । पापाआ माम कावाबीम काङ्कु कायो ताम पोखरीबीम काङ्कु मोयो मादङ्सा माङ्गुनो आस्सो अन्चुलाइ यीर्नी । पेपेकायो आङु डोक्सो -डोक्सो पोखरीबी हुङ्पो । सात-आठ मीनेट यपाका पोखरीलाका लन्पो । माम्बीका खानुक्सा काङ्कुआ मामाआ हुर्खन्नी ।

सोम्ना जा जुना न्यार्पोका पापा अङ्कु नजीक खुरबी तोरीपो तेल ब्याक्सो जाखा ओपो कायो पेपेपो फःलुबी याल्सो अन्चुलाइ मीम्मुन्पो । फोहोर कावाबी पउडी चेम्सीनाआ वीभीन्न खालपो रोगहाम लइस्ताका इङ्की का इङ्की देल्बीम चुःचुहाम मीक्सीकायो डीचोपो समस्यालाका हाम्डीचुम ग । माम्पो कारण माम कावाबीम खाइक्सा काङ्कुबी चेम्सीनाआ ग । माम्बीका हीयोयो माचेम्सीक्सा आन्पो । यपाका पापा होपुपो सुलाम दुवाबी हाम्लन्चु । पापा हाम्लन्चुम्बीकाङा अन्चुआयो होपुपो जेन्पोम तुम चामुन्पोका मामापो मीक्सीला सुल्सीसो पउडी चेम्सीकुबी खन्पो । खोयो पापा कीम्बी हाम्हथीङुयो चाहीँ अन्चु हीयोयो कावा माखन्पोनो ।

**(नोटः नेपालीबाट दुमी भाषामा अनुवाद-मातेराज सत्म दुमी राई )**

॥नीरु॥





अनुवाद

## खोलामा खेल्न जाँदा.....

उहिले म सानो छँदा खोलामा गएर पौडी खेल्न साह्रै रहर लाग्थ्यो । तराईमा नै जन्मेर हुर्केको हुँदा त्यहाँ साना-साना खहरे खोलाहरू छोटो दूरीमा प्रशस्त पाइन्थ्यो । त्यस्तै मेरो गाउँमा पनि गछिया खोला थियो । ठाउँको नाम गछिया भएकोले त्यो खोलाको नाम गछिया रहन गएको थियो ।

त्यस खोलामा वरिपरि गाउँका अधिकांश मानिसहरू वालुवा निकाल्ने र बेच्ने गरेर आफ्नो जीविकोपार्जन गर्ने गर्दथे । त्यही वालुवा खनिएको ठाउँमा ठूलो-ठूलो खाडल बनेको हुन्थ्यो र त्यही खाडलमा खुब रमाइलो गरी हामी दाजु बहिनी र अन्य बच्चाहरू पौडी खेल्थ्यौं । खोलामा पौडी खेल्न गएको कुरा आमापापालाई मन पर्दैन थियो । प्राय जसो पापा कामको सिलसिलामा गाउँ बाहिर रहनुहुन्थ्यो । दाजु र म आमाको आँखा छलेर पौडी खेल्न जान्थ्यौं र उतै खोलामा नै कपाल, जीउ सुकाएर कसैले पनि आमालाई नभन्ने कसम खाएर घर फर्कन्थ्यौं ।

एक दिन पापा छुट्टिमा घर आउनुभएको थियो । दाजु साथीहरूसँग पौडी खेल्न जानुभएछ । पापाले त्यो कुरा थाहा पाउनुभयो र गएर दाजुलाई बोलाएर आइज भनेर पठाउनुभयो । म आज दाजुले कुटाइ खाने हुनुभयो भन्दै डराउँदै-डराउँदै दाजुलाई बोलाउन गएँ । त्यहाँ पुग्दा त दाजुसाँगै गाउँका अन्य बच्चाहरू रमाइलोका साथ पौडी खेलिरहेका थिए । म चाहिँ दाजुलाई बोलाउन गएको मान्छे उतै पो भुलेछु र आफैं पौडी खेल्न थालेछु । खेल्दाखेल्दै अचानक एउटा साथीले भन्यो- 'उ पर हेर त तिम्रो पापाजस्तो ' भन्यो । त्यसो भनेपछि मेरो सातोपुत्लो उड्यो । पर हेर्दा पापा बाँसको सानो लामो सिर्कना पछाडि ढाँडमा राखेर आउँदै हुनुहुन्थ्यो । दाजु र म लुगा पोका पारेर घरतिर भाग्यौं । घरमा पुगेपछि पापाको हातबाट हाम्रो खुट्टामा नराम्ररी सिर्कनाको छाप बस्यो । त्यसपछि घरसँगै रहेको माछा पाल्ने पोखरीमा पौडी खेल्न लगाउनुभयो । त्यो पोखरी लेउले भरिएको फोहर थियो । पापाले त्यो खोलाको पानी र पोखरीको पानीमा केही फरक छैन भन्दै हामीलाई गाली गर्नुभयो । दाजु र म चाहिँ रुँदै-रुँदै पोखरीभित्र पस्यौं । सात-आठ मिनेटपछि पोखरीबाट निस्क्यौं । अनि सफा पानीले आमाले नुवाइधुवाई गरिदिनुभयो । साँझ खाना खाइसकेपछि पापा हाम्रो नजिक आउनुभयो । हातमा तोरीको तेल लिएर विस्तारै मेरो अनि दाजुको खुट्टामा मालिस गर्नुहुँदै हामीलाई सम्झाउनुभयो । फोहोर खोलामा पौडी खेल्दा विभिन्न प्रकारको रोगहरू लाग्ने र हाम्रो गाउँको अधिकांश बच्चाहरू आँखा र कानको समस्याबाट ग्रसित भएका थिए । जसको मुख्य कारण त्यो दुषित खोलामा पौडी खेल्नु थियो । कहिलेकाहीं त गहिरो खाडलमा डुबेर बच्चाको मृत्यूसम्म पनि भएको थियो । त्यो सब कुरा पापाले हामीलाई भन्नुभयो र अबदेखि खोलामा पौडी खेल्न नजानु भन्नुभयो । त्यस दिनदेखि हामी कहिल्यै पनि पौडी नखेल्ने प्रण गर्यौं । केही दिनपछि पापा आफ्नो काममा फर्किनुभयो । पापा जानुभएसँगै हामीले आफ्नो प्रण बिर्सियौं । फेरि आमाको आँखा छलेर पौडी खेल्न जान थाल्यौं । तर पापा घरमा आउनुभएको बेला चाहिँ हामी कहिल्यै पनि पौडी खेल्न गएनौं ।

॥समाप्त॥

## आङु चुःचु मोङुयो



सन्तोष दुमी

आफ्नो ३०, ३२ थो लाम्लु आङु चुःचु ङा मोङु । कीम्बी आवामु मालो खामाम हाम्म । चक्तीयो मामा, पापाआ लुलेक्सा कङ्कुआ आहुर्थन्पो । मयो लुफाम्सोका लुङ्गुमा माखनु आस्सोका 'रोगोरोगो' हाम्आस्थीङु । उङ्कु पाखागो भाल च्याम्सीकुबी खन्थन्पो । च्याम्सीसो पुन्दुलुङ-पुन्दुलुङ थीसो युकु हीती साउलो सेक्सा दुःबी हाप्थन्पो । थीन्पो खोम्बी आजा मामा, पापा हुसो का 'थुथु........, रोगोरोगो.......दोवोउ फकावोउ' आस्सो कच्च्याआ लुङ्गुमा फुक्थत्नी ।

चक्तीयो उङ्कु चुःचुमु च्याम्सीन्पो हेःङा याका माया हुन्पान्थन्पो । आजा मामा, पापा यार्सो लुकुबी हुसोका सीर्कुनाआ स्याँट-स्याँट यम्सो कीम आखन्थन्पो । खाःना पाक्सा तुम चइँ ताम खत्ल तुम्मु दी ब्रबी माछुक्तीङ्न । छेम्छेमआ आङेन्थन्पोयो नोक्छो हुसोका दुमी ब्रबी ङा बेल्थत्नी । ते मीम्तो यो इङ्की भारा नोक्छो छुन्पोवाखो तेयो दुमी ब्र जीसोमुन्पोवा हेङा लोता । मोखोयो हीतो तुम्मु फोपो, छीचीम, चुचु, पीपी, तेते, तेतेम हेङाम साइनो ने दुमी ब्रला ङा हाजेन्थन्पो रछ ॥नीरी॥

**(नोटःदुमी भाषामा अनुवादः नेत्रमणि दुमी)**

**अनुवाद**

### म बच्चापन छँदा

उहिले ३०, ३२ वर्ष पहिला जतिबेला म बच्चा नै थिएँ । घरमा भाई-बहिनी पनि स-साना थिए । कहिले काहीं मामा, पापाले हामीलाई मनतातो पानीले नुहाइ दिनुहुन्थ्यो । त्यतीखेर तर्सिएर सातो नङग्मियोस् भनेर 'रोगोरोगो' भन्नुहुन्थ्यो । हामी पाखातिर खेल्न जान्थ्यौं । खेल्दा-खेल्दै पुल्टुङ-पुल्टुङ लड्दै तलतिर वनमारा घारीमा अड्किन्थ्यौं ।
लडेको ठाउँमा भरे मामा,
पापा आएर कचियाले 'थुथु.......रोगोरोगो लौ है उठ् है' भन्दै सातो उठाउनु हुन्थ्यो ।
कहिले काहीं हामी केटाकेटीहरू खेल्दा-खेल्दै टाढा-टाढा पुग्थ्यौं । भरे मामा, पापा रिसाउदै लिन आएर कुँिनाले स्वाँट-स्वाट हान्दै घर लानुहुन्थ्यो । दुःखको कुरा चाहिँ यी सब कुराहरू दुमी भाषामा हुन्न थियो । कहिले काहीं बिरामी पर्दा धामी आएर दुमी भाषाबाट नै झारफुक गर्थेन । यसो सम्झिदा हामी सबै धामी भइदिएको भए अहिले दुमी भाषा बोलिराख्थ्यौं होला जस्तो लाग्छ । तर पनि केही कुराहरू काका, काकी, बाजे, बजु, ठूलो बा, ठुली आमा जस्ता साइनोवाची शब्दहरू त दुमी भाषाबाट नै बोलाउनुहुन्थ्यो रहेछ ।

॥समाप्त॥

### भुल सुधार गरिएको

*यस दुमी किरात राई फन्सीकीमद्धारा प्रकाशित हुँदै आएको अर्धवार्षिक दुमी भाषिक पत्रिका इसीलीमको १९ औं अंकमा बाहिरी कभर पृष्ठको दोस्रो पृष्ठमा प्रकाशित स्व. स्यामशोभा राईको श्रद्धाञ्जलीमा प्राविधिक कारणले उहाँको स्वर्गारोहण मिति वि.स. २०७४ साल चैत्र २० गते हुनु पर्नेमा अन्यथा भएकोमा इसीलीम सम्पादक मण्डल क्षमाप्रार्थी चाहन्छौं ।*





## समाजसेवी व्यक्तित्व श्री ऋषिश्वर दुमीराईसँगको अन्तरङ्ग

वि. सं. २०१४ साल साउन २६ गते शनिबारका दिन साविक खार्मी-३, निभारे तारिखेत (हाल दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११) मा बाजे समरध्वज राई र बजु शुक्रलक्षी राईको नाती तथा बाबु हर्क बहादुर राई र आमा- हस्ती शोभा राईको जेठा सुपुत्रको रुपमा जन्मिनुभएका ऋषिश्वर सरचु दुमीराई, बाक्सिला चोखुमस्थित मावली घरमा हुर्कनु भयो । आठ वर्षको सेरोफेरोमा बाक्सिला मानेडाँडामा अध्ययन गर्दागर्दै स्थानीय बाक्सिला बजारको चन्दा उठाउने काममा विद्यार्थीको तर्फबाट अगुवाई गर्नुभयो । त्यस्तै बजारमा रक्सी जाँड बेच्ने र खाएर झगडा गर्ने जो को हीलाई निरुत्साहित पार्ने काममा सक्रिय रहनु भयो । जवानी कालमा त्यहाँ पढ्दा पढ्दै लाउरेको लागि गल्लामा उत्तीर्ण पनि हुनु भयो । वि.स. २०३५ साल कार्तिकमा A.W.O. सफल भएर त्यसै साल माघ १७ गते singpore prison Gurkha Unit को लागि भर्ती हुनु भयो । सिंगापुरमा गई नौ महिने तालिम पूरा गर्नु भयो । त्यसैबिच माउली बाजेको देहन्त



**इसीलीम प्रधान सम्पादक डा.नेत्रमणि राई फन्सीकीम उपाध्यक्ष ऋषिश्वर राईसँग अन्तरवार्ता लिनुहुँदै**

भएको दुखद खबर आयो, बाजेको काम चोख्याउनु अघिल्लो दिन नै आमाको पनि निधन भएको अर्को बिपदको खबर सुन्नु पर्‍यो । सोकाकुल अवस्थामा जसोतसो त्यो नौलो ठाउँको कष्टकर तालिम सकियो । वि.सं. २०३८ सालमा छुट्टी आएर आफ्नै गाउँठाउँको खार्मी स्कूलमा चारवटा GBS को विद्यालय भवन बनाइदिनुका साथै वडा नौलाई भलिबल, रनिङ जस्ता खेलकूदमा सरिक गराएर केही सिल्ड, पुरस्कारहरू प्रायोजनसमेत गर्नु भयो । त्यसपछि हाजिर भएर पछि फेरि वि.सं. २०४२ सालमा दोस्रो छुट्टि आएर आफ्नो गाउँघरमा युवाहरूलाई उत्साहित गराउने काम गर्दै आउनुभएको छ । हाल जीवनसङ्गिनी राम्री राई, तीन छोराहरू: तेज कुमार, रबिन्द्र राज र रबि तथा नातिद्रय विज्ञान र दिनायमका साथ ललितपुर ढोलाहिँटीमा बसोबासरत उनै समाजसेवी व्यक्तित्वसँग गरिएको अन्तरङ्गको सारसंक्षेत प्रस्तुत छ ।

**◐ इसीलीम: तपाई समाजसेवामा कहिलेदेखि लाग्नुभयो, प्रेरणा कसबाट मिल्यो ?**

समाज सेवामा कहिलेदेखि लागियो भन्नेबारे तिथिमिति नै त हेक्का रहेन । तैपनि म आफू यस क्षेत्रमा लाग्ने अवसर भने गाउँमा हाम्रो चुचु (बाजे) को देहान्त पश्चात सबै गाउँलेजनले तिम्रो बाजे यस्तो उस्तो, साह्रै असल मान्छे, हामी सबैलाई मद्दत गर्नुहुन्थ्यो भन्ने सुन्दा म भित्रभित्रै समाजसेवामा लाग्नुपर्दो रहेछ भन्ने कुरा बुझेँ । साथमा हाम्रो पीपी (बजु) ले पनि सधै भन्ने गर्नुहुन्थ्यो, 'मान्छेसँग कहिल्यै जुजोबाजो नगर्नु,

## आङु चुःचु मोङुयो



सन्तोष दुमी

आफो ३०, ३२ थो लाम्लु आङु चुःचु ङा मोङु । कीम्बी आवामु मालो खामाम हाम्म । चक्तीयो मामा, पापाआ लुलेक्सा कङ्कुआ आहुर्थन्पो । मयो लुझाम्सोका लुङ्गुमा माखनु आस्सोका 'रोगोरोगो' हाम्आस्थीङु । उङ्कु पाखागो भाल च्याम्सीकुबी खन्थन्पो । च्याम्सीसो पुन्दुलुङ-पुन्दुलुङ थीसो युकु हीती साउलो सेक्सा दुःबी हाप्थन्पो । थीन्पो खोम्बी आजा मामा, पापा हुसो का 'थुथु........, रोगोरोगो.......दोवोउ फकावोउ' आस्सो कच्च्याआ लुङ्गुमा फुक्थत्नी ।

चक्तीयो उङ्कु चुःचुमु च्याम्सीन्पो हेःङा याका माया हुन्पान्थन्पो । आजा मामा, पापा यार्सो लुकुबी हुसोका सीर्कुनाआ स्याँट-स्याँट यम्सो कीम आखन्थन्पो । खाःना पाक्सा तुम चइँ ताम खत्ल तुम्मु दी ब्रबी माछुक्तीङ्न । छेम्छेमआ आङेन्थन्पोयो नोक्छो हुसोका दुमी ब्रबी ङा बेल्थत्नी । ते मीम्तो यो इङ्की झारा नोक्छो छुन्पोवाखो तेयो दुमी ब्र जीसोमुन्पोवा हेङा लोता । मोखोयो हीतो तुम्मु फोपो, छीचीम, चुचु, पीपी, तेते, तेतेम हेङाम साइनो ने दुमी ब्रला ङा हाजेन्थन्पो रछ ॥नीरी॥

**(नोटःदुमी भाषामा अनुवादः नेत्रमणि दुमी)**

**अनुवाद**

### म बच्चापन छँदा

उहिले ३०, ३२ वर्ष पहिला जतिबेला म बच्चा नै थिएँ । घरमा भाई-बहिनी पनि स-साना थिए । कहिले काहीं मामा, पापाले हामीलाई मनतातो पानीले नुहाइ दिनुहुन्थ्यो । त्यतीखेर तर्सिएर सातो नडग्मियोस् भनेर 'रोगोरोगो' भन्नुहुन्थ्यो । हामी पाखातिर खेल्न जान्थ्यौं । खेल्दा-खेल्दै पुल्टुङ-पुल्टुङ लड्दै तलतिर वनमारा घारीमा अड्किन्थ्यौं ।
लडेको ठाउँमा भरे मामा,
पापा आएर कचियाले 'थुथु.......रोगोरोगो लौ है उठ् है' भन्दै सातो उठाउनु हुन्थ्यो ।
कहिले काहीं हामी केटाकेटीहरू खेल्दा-खेल्दै टाढा-टाढा पुग्थ्यौं । भरे मामा, पापा रिसाउदै लिन आएर र्कुिनाले स्वाँट-स्वाट हान्दै घर लानुहुन्थ्यो । दुःखको कुरा चाहिँ यी सब कुराहरू दुमी भाषामा हुन्न थियो । कहिले काहीं बिरामी पर्दा धामी आएर दुमी भाषाबाट नै झारफुक गर्थेन । यसो सम्झिदा हामी सबै धामी भइदिएको भए अहिले दुमी भाषा बोलिराख्थ्यौं होला जस्तो लाग्छ । तर पनि केही कुराहरू काका, काकी, बाजे, बजु, ठूलो बा, ठुली आमा जस्ता साइनोवाची शब्दहरू त दुमी भाषाबाट नै बोलाउनुहुन्थ्यो रहेछ ।

॥समाप्त॥

### भुल सुधार गरिएको

*यस दुमी किरात राई फन्सीकीमद्धारा प्रकाशित हुँदै आएको अर्धवार्षिक दुमी भाषिक पत्रिका इसीलीमको १९ औं अंकमा बाहिरी कभर पृष्ठको दोस्रो पृष्ठमा प्रकाशित स्व. म्यामशोभा राईको श्रद्धाञ्जलीमा प्राविधिक कारणले उहाँको स्वर्गारोहण मिति वि.स. २०७४ साल चैत्र २० गते हुनु पर्नेमा अन्यथा भएकोमा इसीलीम सम्पादक मण्डल क्षमाप्रार्थी चाहन्छौं ।*





## समाजसेवी व्यक्तित्व श्री ऋषिश्वर दुमीराईसँगको अन्तरङ्ग

वि. सं. २०१४ साल साउन २६ गते शनिबारका दिन साविक खार्मी-३, निभारे तारिखेत (हाल दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११) मा बाजे समरध्वज राई र बजु शुक्रलक्षी राईको नाती तथा बाबु हर्क बहादुर राई र आमा- हस्ती शोभा राईको जेठा सुपुत्रको रुपमा जन्मिनुभएका ऋषिश्वर सरचु दुमीराई, बाक्सिला चोखुमस्थित मावली घरमा हुर्कनु भयो । आठ वर्षको सेरोफेरोमा बाक्सिला मानेडाँडामा अध्ययन गर्दागर्दै स्थानीय बाक्सिला बजारको चन्दा उठाउने काममा विद्यार्थीको तर्फबाट अगुवाई गर्नुभयो । त्यस्तै बजारमा रक्सी जाँड बेच्ने र खाएर झगडा गर्ने जो को हीलाई निरुत्साहित पार्ने काममा सक्रिय रहनु भयो । जवानी कालमा त्यहाँ पढ्दा पढ्दै लाउरेको लागि गल्लामा उत्तीर्ण पनि हुनु भयो । वि.स. २०३५ साल कार्तिकमा A.W.O. सफल भएर त्यसै साल माघ १७ गते singpore prison Gurkha Unit को लागि भर्ती हुनु भयो । सिंगापुरमा गई नौ महिने तालिम पूरा गर्नु भयो । त्यसैबिच माउली बाजेको देहन्त



**इसीलीम प्रधान सम्पादक डा.नेत्रमणि राई फन्सीकीम उपाध्यक्ष ऋषिश्वर राईसँग अन्तरवार्ता लिनुहुँदै**

भएको दुखद खबर आयो, बाजेको काम चोख्याउनु अघिल्लो दिन नै आमाको पनि निधन भएको अर्को बिपदको खबर सुन्नु पऱ्यो । सोकाकुल अवस्थामा जसोतसो त्यो नौलो ठाउँको कष्टकर तालिम सकियो । वि.सं. २०३८ सालमा छुट्टी आएर आफ्नै गाउँठाउँको खार्मी स्कूलमा चारवटा GBS को विद्यालय भवन बनाइदिनुका साथै वडा नौलाई भलिबल, रनिङ जस्ता खेलकूदमा सरिक गराएर केही सिल्ड, पुरस्कारहरू प्रायोजनसमेत गर्नु भयो । त्यसपछि हाजिर भएर पछि फेरि वि.सं. २०४२ सालमा दोस्रो छुट्टि आएर आफ्नो गाउँघरमा युवाहरूलाई उत्साहित गराउने काम गर्दै आउनुभएको छ । हाल जीवनसङ्गिनी राम्री राई, तीन छोराहरूः तेज कुमार, रबिन्द्र राज र रबि तथा नातिद्वय विज्ञान र दिनायमका साथ ललितपुर ढोलाहिँटीमा बसोबासरत उनै समाजसेवी व्यक्तित्वसँग गरिएको अन्तरङ्गको सारसंक्षेत प्रस्तुत छ ।

**◐ इसीलीमः तपाई समाजसेवामा कहिलेदेखि लाग्नुभयो, प्रेरणा कसबाट मिल्यो ?**

समाज सेवामा कहिलेदेखि लागियो भन्नेबारे तिथिमिति नै त हेक्का रहेन । तैपनि म आफू यस क्षेत्रमा लाग्ने अवसर भने गाउँमा हाम्रो चुचु (बाजे) को देहान्त पश्चात सबै गाउँलेजनले तिम्रो बाजे यस्तो उस्तो, साह्रै असल मान्छे, हामी सबैलाई मद्दत गर्नुहुन्थ्यो भन्ने सुन्दा म भित्रभित्रै समाजसेवामा लाग्नुपर्दो रहेछ भन्ने कुरा बुझैं । साथमा हाम्रो पीपी (बजु) ले पनि सधै भन्ने गर्नुहुन्थ्यो, 'मान्छेसँग कहिल्यै जुजोबाजो नगर्नु,

कसैसँग नराम्रो नहुनु, घरमा मान्छे आउँदा छैन कहिल्यै नभन्नु, कसैलाई खालीहात नपठाउनु, केही खुवाएर हुन्छ या गाँस काटेरै भएपनि दिने गर्नु' भन्नुहुन्थ्यो ।

मानाले उघाएर थोरै केही अन्नपात दिइहाल्नुहुन्थ्यो । अनि हाम्रो घरपरिवारमा तेते (बडा), पापा (बाबु), फोपो (काका) हरूको पनि व्यवहार विचार त्यस्तै सहयोगी खाल्को थियो । अहिले हामी छोराहरूले भने त्यतिहद गर्न सकेको छुइना नै । गाउँका मानिसहरू जग्गा लिइदेऊ भन्दै रक्सी, दूध, दही, घ्यू लिएर हाम्रो घरमा आउथेन् । मैले देखेको, सुनेको पहिला हामी किन्न सक्दुइना भन्थेन् । पछि घरमा कुरा गर्दा हामीले उनीहरूको जग्गा किनिदियउ भने उनीहरू चाहिँ के खान्छन् भन्थेन् । तर पछि गैर किराती राईलाई बेचिनै त हाल्थेन् । अनि पछि बाबाहरूले नै किन्थेन् र अहिलेसम्मको पनि बारी त्यस्तै रहेको पाउँछु म । यसैबाट नै समाज सेवाप्रति मेरो चासो बढेर गयो ।

**◐ इसीलीमः समाज सेवामा लाग्दाका तीता-मीठा अनुभवहरू के कस्ता छन् ?**

तीता-मीठा भन्नाले समाजमा राम्रा र नराम्रा पक्ष त स्वाभिक रूपमा हुन्छन् नै । कति त समाजमा के नै होला, के नै गर्छ जस्तो लाग्दो रहेछ, तर गर्दै जाँदा कोही पदको लोभ, कोही संस्थाको पदले चिनिने, कोही राजनीतिमा देखापर्ने, संस्थाको सम्पतिमा खेलवाड गर्ने र अर्को संस्थालाई बचाइराख्ने, धर्म, संस्कार, संस्कृति जोगाउने चाहिँ ठूलो उपलब्धी हो । जानी नजानी राम्रो हो भन्दा पनि एकदमै बाजेपुर्खाको योगदानको कदर भएको जस्तो लागेको छ ।

**◐ इसीलीमः समाजसेवा गरेवापद समाजबाट चाहिँ के पाएँजस्तो लाग्छ तपाईलाई ?**

मैले समाजबाट के पाए भन्नुभन्दा पनि मैले केही दिन सकेँ भन्ने नै लागेको छ । त्यस्तो कुनै बहुमूल्य काम नभए पनि सानातिना कामहरूमा अग्रसर हुने मौका मिलेको छ । जस्तो धेरै संघसंस्था, साथीभाइहरूसँग हेलमेल हुने, विचार अन्तरक्रिया गर्ने अवसर मिलेको छ, र समुदायका जिज्ञासुजनबाट महत्वपूर्ण सल्लाह, सुझाव पाएको भनुभूति मिलेको छ । कहींकतै साथीभाइहरूलाई सानो सहयोग गर्न पाउँनु नै मेरो लागि सुर्वण अवसर हो भन्ने ठानेको छु, र यसप्रति म खुसी पनि छु । साथमा यस कर्मलाई भविष्यमा पनि जारी नै राख्नेछु ।

मलाई हाम्रा बाजे बलराम राईले भनिर ख्नु हुन्छ, 'नाति तिम्रो बाजेबाउहरू अर्कै किसिमले चिनिएका थिए भने तिमी ऋषिश्वर नाती आफैं चिनिएको छौ, मेरो आशिर्वाद छ', भन्नुहुन्छ । यसैमा एउटा प्रसङ्ग पनि राखौं, कुनैबेला वनकालीमा मलामी जाँदा एकजना व्यक्ति भोजपुर जिल्लाको हुनुहुँदो रहेछ । उहाँले 'दाइ नमस्कार' भन्नुभयो । मैले नमस्कार फर्काएँ अनि मैले भने हजुरलाई त मैले राम्रोसँग चिनिन त ? भन्दा उहाँले भन्नुभयो तपाई हामीलाई चिन्नुहुन्न, तर तपाई ललितपुरको यायोख्खा अध्यक्ष ऋषिश्वर राई हुनुहुन्छ, तर तपाईको काम र सहयोगप्रति भोजपुर को ९९ प्रतिशत मान्छेले तपाईलाई चिन्छन् भन्नुभयो । त्यसोभन्दा मलाई खुसी पनि लाग्यो र धन्यवाद पनि दिन चाहन्छु र समाजबाट पाउने कुराहरू पनि यिनै हुन् जस्तो लाग्छ ।

**◐ इसीलीमः किराया, जिकास ललितपुरमा यहाँको प्रवेश कहिले र कसरी भयो ?**

किराया ललितपुर जिल्लाको कुरो गर्दा वि.सं. २०६३ साल साउन २ गते किराया जिल्ला कार्यसमिति ललितपुरका तत्कालिन उपाध्यक्ष मनिकुमार राईले मलाई प्रा.का.स. उपाध्यक्षमा मनोनित गराउनुभयो र जिल्लामा चाहिँ वि.सं. २०६४ साल साउन २५ गते दुमी किरात राई फन्सीकीमको वनभोज टोखामा हुँदै





गर्दा मनिकुमार राईले फोनबाट तपाई कहाँ हुनुहुन्छ, जहाँ भए पनि आज ४:०० बजेभित्र यहाँ आइपुग्नु पर्‍यो भन्ने आदेश आयो । पछि दुकिराफको अध्यक्ष चतुरभक्त राई र कोषाध्यक्ष अशोक राईलाई अनुमति लिएर म बाटो लागेँ । ललितपुर आइपुग्दा उपाध्यक्ष मनिकुमार राई गेटमा पास र फूलको माला लिएर बस्नु भएको रहेछ । उहाँले अब हामीसँगै काम गर्नुपर्छ भन्दै स्वागत स्वरूप फूलको माला पहिराइदिनु भयो । पछि उहाँ अध्यक्ष बन्नुभयो म सदस्य भएँ । उहाँको पालामा एम्बुलेन्स किन्न घोषणा गरी सो काम सफल पनि भयो ।

**◐ इसीलीमः संस्थामा यति लामो समय योगदान पुऱ्याइरहँदा के-कस्तो अनुभव संगाली राख्नु भएको छ ?**

अनुभवको लागि पहिला २५ प्रतिशत थिएँ भने अहिले ५० प्रतिशत अनुभव पाएँ जस्तो लाग्छ । संस्था के हो र कस्को, राष्ट्रिय, अन्तर्राष्ट्रियसँग जोड, घटाउ, संस्था जो कोहीको लागि एक नम्बर हतियार हो । एक संस्थाले राम्रो काम गरेको देखेर सिक्नु, मानवीय विचार, सुख दुःखमा साथ दिनु संस्था आफ्नो मात्र नभएर सिंगो नेपालीको प्रथम गहना रहेछ । यस्तै संस्थामा हामी जन्मिन्छौं, संस्थामै हुर्कन्छौं र संस्थाबाट नै मृत्यु पनि हुँदै अर्को जन्मतिर अर्को संस्कार र संस्कृतिसँग जोडिन पुग्दछौं भन्ने ज्ञान अनुभव लिएँ ।

**◐ इसीलीमः किराया जिकास ललितपुरको दुई-दुई कार्यकाल अध्यक्षको जिम्मेवारी निर्वाह गर्दाको अनुभव कस्तो रह्यो ? के कस्तो उल्लेखनीय कामहरू गर्नुभयो ?**

दुई कार्यकाल अध्यक्ष हुने अवसर पाउनु मेरो लागि चुनौतीको समय थियोजस्तो लाग्छ । र काम गर्दै जाँदा विशेष उपाध्यक्ष सुमन राई, उपाध्यक्ष महेन्द्र बहादुर राई नम्बरीलगायत सचिवदेखि सदस्यसम्मका टिमको कदर, मनसाय जतिखेर पनि एउटै भएको हुँनाले हाम्रो टिमले निकै धेरैवटै कामहरू सम्पन्न गर्न सफल भयौं । ती सबै उपलब्धिहरूलाई सम्झँदा आज गर्व महसुस पनि हुने गर्दछ । ती कामहरूको नाम लिनुपर्दा-

१. ललितपुर सम्मान कोष,
२. अक्षय कोषको स्थापना
३. १० लाख बराबरको साकेला अक्षयकोष स्थापना
४. बिनायो फिल्मबाट ४६,४००।- साकेला कोष स्थापना
५. लेबी संकलनको सुरुवात
६. १४ आना २ पैसा ल.पु जिल्लाको लागि जग्गा खरिद
७. सानो हात्तीवनमा २ दिन धामी चिन्ता राखेर भुमे निकाल्ने काम
८. साकेला-भुमेथान निर्माण
९. सव बाहन खरिद
१०. साकेला कोषको लागि यारी फिल्म प्रदर्शन गरी १,३३,४००।- कोष संकलन

यी सम्पूर्ण कार्ययोजना सफल पार्नुमा सिंगो पदाधिकारीहरूको उल्लेख्य भूमिका रहेको छ । जतिबेला जे गर्न चाहयो उतिखेरै सहयोग गर्नुहुने दाताहरूको संस्थाप्रतिको माया र जिम्मेवारी बुझिदिनु भएर नै यी योजनाहरू सफल भएको अनुभुति गरेका छौं ।

**◐ इसीलीमः संस्थाको भवन निर्माणको लागि तपाईलाई संयोजकको जिम्मेवारी सुम्पिइएको छ, यसबारे तपाईंको प्रतिक्रिया के छ ?**

जिम्मेवारी भनेको सबभन्दा ठूलो कुरा हो । नबुभ्नेले हो भने जिम्मेवारी केही पनि होईन किनकि कति मान्छेले कुनै कामको जिम्मेवारी लिइन्छ, कति बोलिन्छ तर काम भनेको केही हुन सक्दैन र केही अप्ठारो महसुस पनि हुँदैन । त्यो चाहिँ गैरजिम्मेवारी हो जस्तो लाग्छ, तर साँच्चिकै जिम्मेवारीको महसुस गने

हो भने यो धेरै चुनौतीपूर्ण छ र संघर्ष पनि गर्नु पर्छ। जिम्मेवारी भन्ने कुरा कुनै पनि व्यक्ति वा संस्थाले कसैलाई त्यत्तिकै हलुका रूपमा दिँदैन।

जसलाई विश्वास गरिन्छ र जसले जिम्मेवारी पुरा गर्न सक्छ भन्ने लाग्छ उसैलाई जिम्मेवारी दिइन्छ, तसर्थ किराया ललितपुरले आफ्नो भवन निर्माण कार्यको लागि मलाई जुन संयोजकको जिम्मेवारी दिएको छ, त्यो भनेको म प्रतिको विश्वास, इमान्दारिता, सक्षमताको आधारमा संयोजक जिम्मेवारी दिएको हो जस्तो लाग्छ। यसमा संस्थाले म प्रति जुन विश्वास एवं भरोसा गरेको छु, यो काम पुरा गर्नु मेरो लागि गौरवपूर्ण अवसर पनि हो। संस्थाले जुन अवसर दिएको छ, यसको लागि संस्थाप्रति आभार प्रकट गर्दछु।

**◐ इसीलीमः भवन निर्माण कार्यलाई सफल पार्नेबारे तपाईंको योजना के-कस्तो छ ?**

भवन निर्माण कार्यलाई सफल पार्ने योजनाहरू धेरै छन्। योजनाको बारेमा सबैकुरा अहिले नै सार्वजनिक गर्नु राम्रो नहोला कि, तर मेरो टिम लगायत संस्थामा योजना सफल पार्ने बारेमा हामीबिच सल्लाह भइसकेको छ।

**◐ इसीलीमः यो काम कहिलेसम्ममा सम्पन्न गर्ने योजना छ त ?**

यो काम कहिलेसम्ममा सम्पन्न गर्ने भन्ने सन्दर्भमा हामीले जुन यो कार्यकालभित्र सम्पन्न गर्ने योजना छ, तर मुख्य कुरा नेपालको प्रशासनिक कुराहरूले असर पार्ने रहेछ, किनकि भवन निर्माणको लागि नक्सा पास गर्नलाई मात्र १ वर्ष ५ महिना लाग्यो। जबकी यति समयमा त भवन पूर्ण रूपमा सम्पन्न भएर पनि एकतले बिल्डिङ उठिसक्ने थियो। त्यसैले हामीले चाहेजस्तो, सोचेजस्तो समयमा उक्त भवन निर्माण कार्यलाई अगाडि बढाउन सकिरहेका छैनौं, र अब भने अस्थायी नक्सा आइसकेको छ। अपेक्षा गरेअनुसार शुभचिन्तक, शुभेच्छुक, सहयोगदाताहरूको साथ सहयोग तथा प्रशासनिक क्षेत्रबाट सहयोग पाइएको खण्डमा यो कार्यकाल (वि. सं. २०७८) भित्र नै सम्पन्न गर्ने योजना रहेको छ।

**◐ इसीलीमः यस महान कार्यमा हात र साथ दिनुहुने तमाम सहयोगदाताहरूलाई के भन्न चाहनु हुन्छ ?**

कुनै पनि सामुहिक तथा संस्थागत कार्यलाई सम्पन्न गर्नको लागि सबैसँग एकअर्कामा मिलेर काम गर्नै पर्छ, जसको लागि सहयोगको आवश्यकता पर्छ नै। एक्लैले कार्य सम्पन्न गर्न खोज्नु दिवा स्वप्ना मात्र हो। त्यसैले यस महान कार्यलाई सफल बनाउनको लागि साथ र हात दिनुहुने, सल्लाह-सुझाव दिनुहुने, देश-विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरूमा तपाईंहरूले हामीमाथि विश्वास गरी लगानी गर्नु भएकाले कहींकतै नचुकाई पारदर्शीका साथ त्यसको हिसाब-किताब राख्ने प्रतिबद्धताका साथ मेरो व्यक्तिगत र संस्थाको तर्फबाट उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

इसीलीमः समाज विकासमा आफूलाई घत लागेका केही घट्नाहरू पनि छन् कि ?

समाज विकासमा घत लागेको कुरा त्यति स्मृत्य र उदाहरणीय त नहोला, तर पनि संस्था २८ औं वर्ष पार गरी रहँदा १४ आना २ पैसा जग्गा खरिद गर्न सक्नुलाई ठूलै उपलब्धी मान्नु पर्ने हुन्छ। तात्कालिन समयमा ६८ लाख रुपैयाँमा किनेको ललितपुर जिल्लास्थित सो जग्गा अहिले २ करोड ८० लाख रुपैयाँ पर्ने भइसकेको छ। जग्गा किन्दा र अहिले मुल्य बढ्दा कता हो कता साढै नै ढक्कसँग घत लागेको अनुभूति भएको छ।

**◐ इसीलीमः संस्थाभित्र टिममा काम गर्दाको राम्रो पक्ष के कस्तो पाउनु भएको छ ? अनि नराम्रो पक्ष पनि छन् कि ?**

संस्थाभित्र टिममा काम गर्दाको राम्रो पक्ष जो नेतृत्वले सरल र सजिलो समितिमा मन पराउने खालको योजना बनाएर अगाडि राखिन्छ जो सबैले समर्थन हुन्छ जस्तो लागेको छ। नराम्रो पक्षको कुरो गर्दा नराम्रोलाई राम्रो, राम्रोलाई अरु राम्रो बनाउने विचार ल्याउन सकियो भने स्वतः राम्रो हुन सक्छ नै। हामी सबै मान्छे सबै कुरामा अगाडि बढ्न सकिरहेका छैनौं, तथापि संस्थामा नराम्रो पक्षको विचार नै ल्याउनु हुँदैन जस्तो लाग्छ। मकै पिन्दा अलिलि घुन त नचाहँदा नचाहँदै पनि पिसिन्छ नि।

**◐ इसीलीमः संस्थामा तपाईंलाई सबैभन्दा राम्रो लागेको पक्ष चाहिँ के होला ? सुधार गर्नुपर्ने पनि केही छन् कि ?**

सामाजिक संस्थामा मलाई मन परेको कुरा चाहिँ नेपाल अधिराज्य भरीका साथीभाइलाई संस्थाले एउटै चुलामा खाना खाने एकै परिवारका सदस्य बनाउँदो रहेछ। एकै ठाउँ संस्थामा बसेपछि विज्ञदेखि सर्वसाधारण, देश-विदेशका ज्ञान आदान-प्रदान गर्ने, पाउने गाउँ अरु पनि थुप्रै छन् सुधार गर्नु पर्ने कुरा त मैले गर्दैछु, के बोल्दैछु र कसरी शब्द आफैंले जाँच गर्ने अनि तलदेखि माथि शिरसम्म आफ्नो फोटो खिचेर आफैंलाई हेरियो भने सुधार आफैं आइहाल्छ जस्तो लाग्छ।

**◐ इसीलीमः समाज सेवाबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? कारण बताई दिनुहुन्छ कि ?**

समाज सेवाबाट म धेरैभन्दा धेरै सन्तुष्ट छु र कहिलेकाहीं आफैंलाई आफैले एकछिन घमण्ड पनि आउँछ। तर वा कतै म ज्यादै सन्तुष्ट हुनु पनि राम्रो नहोला कि ! कुनै ठूलो बहुमुल्य काम त गरेको छुइनँ त जस्तो लाग्छ, तर पनि सन्तुष्ट भएकै महसुस हुने गरेको छ। कारण अरुलाई हेर्दा मैले अरुको मन जित्न सकेको छु जस्तो लाग्छ।

**◐ इसीलीमः निष्ठापूर्वक समाज सेवामा लाग्दा आफूलाई हतोत्साहित बनाउने पक्षहरू पनि भेटिने गरेका छन् कि ?**

निष्ठापूर्वक समाज सेवामा लागि रहँदा हतोत्साहित बनाउनेभन्दा पनि बनिनु हुँदैन, किनभने संस्थाको विधान अनुसार कसम खाइएको हुन्छ। म गर्न सक्छु, गर्छु भनेर लागिएको हुन्छ। जो आफूले नदेखे को सपना अरुले देख्छ भने त्यसको लागि खुट्टा तान्ने त एउटा पल्टन नै हुँदो रहेछ। त्यो जहाँ पनि जैले पनि हुने गरेको पाइन्छ, तर जत्ति खुट्टा तानियो झन खुट्टा लामो भएर अग्लो भएर जाँदो रहेछ, अनि उल्टै शिखर छुन पाउने मौका पो जुर्दो रहेछ त।

**◐ इसीलीमः अरु कति संघसंस्थामा पनि आवद्ध हुनुहुन्छ कि ?**

वि.सं. २०५० सालदेखि २०७६ सालसम्ममा २१ वटा संस्थाहरूमा लागेको रहेछु। जहाँ तरहरा भुपु सैनिक, हङ्कङ, सिङ्गापुरको टिम मिलाएर म आफैंले संस्था समिति गठन गर्न सफल भएँ। सबैभन्दा राम्रो पक्ष चाहिँ उतिखेर सानो हातीवन मन्दिरमा धामी बस्ने घर चित्राको छानाको थियो।

त्यहाँ पनि अध्यक्ष मनि कुमार राईले मलाई सचिव पदमा राख्नुभयो। चार वर्षको कार्यकालमा अहिले हेर्दाको मन्दिर, अफिस इत्यादि हेर्दा खुसी लाग्छ, गर्वले छाती फुलेको महसुस हुने गर्दछ। अहिले चाहिँ ती २१ वटै सामाजिक संस्थाहरूलाई त्यागेर माउ संस्था किराया ललितपुर र आफ्नो घरभित्रको संस्था दुकिराफ उपाध्यक्षमा मात्रै क्रियाशील रहिआएको छु। त्यसको पछाडि पनि विशेष कारण छ।

**◐ इसीलीमः तपाई दुमी संस्थाको केन्द्रीय वरिष्ठ उपाध्यक्ष पनि हुनुहुन्छ, दुमी संस्था र समुदायबारे केहीं भन्नु छ कि ?**

दुमी संस्थाको वरिष्ठ केन्द्रीय उपाध्यक्ष भइरहँदा मैले पनि वि.सं. २०६३ सालदेखि अहिलेसम्म संस्थाको केही सानातिना कार्यहरूमा आफ्नो केही साथ सहयोग गर्न पाउने अवसर संस्थाले दिएकोमा संस्थाप्रति आभार व्यक्त गर्न चाहन्छु । संस्था उत्पत्ति, पुर्खादेखि लिएर भावी सन्तानको लागि पनि हो यो जिम्मेवारी । अहिलेको पुस्ताको हो अब यसले बिग्रेको, नमिलेको कुरालाई मिलाएर नयाँ पुस्तालाई हस्तान्तरअण गर्दै लानु पर्दछ । जस्तो कि केही कुराहरू यसपालीको छैटौं केन्द्रीय महाधिवेशनले चिरेर अगाडि बढ्नुपर्छ जस्तो लाग्छ, र केही कुराहरू अगाडि आइसकेका पनि छन् ।

अब आउने दिनहरूमा बिर्सेर पनि कसैद्वारा कसैको घाँटी बङ्ग्याउने वा नाक खोच्याउने काम गर्नु हुँदैन । अहिलेसम्म जो यो संस्थालाई हरेक क्षेत्रबाट मद्दत गरी यहाँसम्म ल्याइपुऱ्याउनु हुने तमाम दुमी तथा गैरदुमी बाजेबजु, दाजुभाइ, दिदीबहिनीहरूलाई मेरो व्यक्तिगत र संस्थाको तर्फबाट आभार व्यक्त गर्न चाहन्छु, र भावि दिनहरूमा यसै संस्थाको माध्यमबाट आफ्नो समुदायको लागि थोरथोर योगदान पुऱ्याउन हरप्रयासरत रहनेछु ।

॥ नीरी (समाप्त) ॥

## शुभ-कामना



रत्नमाया साम्पाङ दुमीराई
महाराजगञ्ज, काठमाण्डु

बालुङ धूप-बाती चढाऊँ फूलपाती
ज्यान दिएर नदिऊँ बलि-भोक,
म बाला छु बाती चढाउँछु फूलपाती

मालिङ्गो काटी बुनुङ्ला चित्रा
अदुवा रोपी मनाउँला कुलपित्र
बोलेउ चरा नबली
ढोलैं भ्याम्टा सेवली

हिमालमुनि ती सुन्दर गुराँस र चिमलको बोट
नेपालमा हराउँदै गयो दौरा-सुरुवाल ईष्टकोट
गुन्यु चोलो, दौरा-सुरुवाल त्यसै छोडियो
सर्ट-पेन्ट र कुर्था-सुरुवालले नेपाल भरियो

नौरङ्गे डाँफे र मुनालहरू आफ्नै भाकामा नाच्दै रमा( उछन्
मिठो स्वाद चारैतिर चिसो ओठहरूले स्वागत पाउँछन्
लाहुरे डाँडामा चिहाएर हेर्दा सेतो मोति झैँ देखिन्छ
मिठो सुवास र मनोरम वातावरणको याद आइरहन्छ

चिलिम्दुङ्ग चारैतिर गुराँसले ढाकेको छ
बिहानीको झुल्के घाम सुनौलो सवत छ
फूल फुलाऊँ पहिरिएर वनपाखा जहाँ गएपनि
आफ्नै गाउँघर प्यारो लाग्छ आफू जहाँ रहेपनि

॥ नीरी (समाप्त) ॥





# चार पाछाभित्र हराएको पाँचौं पाछा



**मातेराज सत्म दुमी राई**
ऐसेलुखर्क गा.पा.-७, माक्पा, लुम्दु

हामी दुमी राईको उर्वर तथा उत्पति त म भन्न सक्दिन । तर मैले देख्दाको अवस्था हेर्दा चाहिँ रावाखोला भन्ने त्यो क्षेत्रको प्रसिद्ध खोला हो । जसको आसपास वारि र पारी भन्ने गरिन्छ । मेरो यही जन्मथलोको हिसावले रावा खोलाको उत्तरी आसपासमा पर्ने साविक माक्पा गा.वि.स. वडा नम्बर ४, लुम्दु हाल ऐसेलुखर्क गाउँपालिका-७, माक्पा, लुम्दुदेल भएकोले हामी वारिखोले भन्ने गर्छौं । त्यसै गरेर रावा खोलाभन्दा दक्षिणपूर्व आसपास बसोबास गर्ने समुदायलाई पारीखोले भन्ने गर्छौं ।

यसै सन्दर्भमा भन्नुपर्दा जुन म बसेको रावाखोलाभन्दा उत्तरपट्टिको क्षेत्रमा बसोबास गर्ने राईहरूभित्र दुमीहरूको जे जति बसोबास रहेको छ त्यहाँ पाछाको हिसावले जोड्दा यस भेगमा जम्मा चार पाछा छन् भन्ने गरिएको छ र चारपाछामा हजुर, हलक्सु, वालक्पा र खारुबु हुन् तर म चाहिँ सत्म पाछा हुँ भने सामे चाहिँ ब्राक्सुपा हो । यसरी हेर्दा मैले सुने अनुसार मेरो कुन पुस्ताको जुजु बाजे माउलीमा खारुबुले खारुबुको चुलोमा हाँड भाँचि भाई तुल्याएको हो भन्ने सुनेको हो । तर हामी त्यहाँका सत्महरूले सत्माली भन्ने गर्छौं र हामी सत्माली हौं । तर पनि हामी त्यहाँका सत्महरूले खारुबुकै चुलो अनुसार हरेक कुलपितृको पुजाआजा गर्छौं । त्यसै कारणले पनि उक्त क्षेत्रमा चार पाछामात्र भएको हो भन्न सकिन्छ तर मलाई अलिकति अप्ठेरो लागेको चाहिँ के हो भने हामी त्यहाँ मैले जानेदेखि नै हामी सत्म हो भन्ने बुझेको, बाउबाजेले पनि सत्म नै भन्ने गरेकोले हामी सत्म नै हौं । अब मेरो आफ्नो ....त छदैछ कि म खारुबुकै चुलोमा सत्म भन्दै बस्ने कि आफ्नो पहिचानको निम्ति सत्मको चुलो राखेर बस्ने ? यसरी हेर्दा अथवा इतिहास हेर्दा त्यो आसपासमा सत्म पनि छन् भन्न सकिने अवस्था छ किनभने म त सत्म नै हो अब हो भने जुन चार पाछा भनिएको क्षेत्र अब पाँचौ पाछा बन्ने निश्चित छ ।

कतिपय चार पाछाका जानकारहरूले मैले मेरो सामान्य परिचय दिइरहँदा सुनिरहनु भएको छ तर आपसमा कसैले त्यो चार पाछाको क्षेत्रमा कहाँबाट पाँचौ पाछा आए भनेर सोधेको, चासो लिएको सुनेको छुइन । अनि मलाई निराशापनको महसुस हुन थाल्छ किनभने मलाई आशा के छ भने कसैले सुनिदिँदा मेरो इतिहास, इतिहास निर्माण कर्ताहरूद्धारा खोजियोस् ता कि म पनि जान्न पाउँ कि म कहिले कहाँबाट आएको हो ।

मैले के देखिरहेको छु भने विभिन्न तवरबाट विभिन्न कालखण्डमा हामी वंशावली संकलन तथा प्रकाशनको काम भयो र निरन्तर संकलन कार्य चलिरहेको छ । त्यसैको शिलशिलामा मैले बुझाउन खोजेको थिए सत्मको बारेमा मैले जे जति जानेको थिए तर प्रयास भएको जस्तो लागेन र मलाई लाग्छ वंशावली संकलन गर्दा आफ्नो वंश-वंश संकलन सँगै हराउँछ जहाँ जहाँ मेरो वंश त हराउँछ नै अझ अर्कोले पनि गुमाउछ ।

अन्तिममा मेरो यो भन्नुको आसय कसैले वंशावली संकलन गर्दा कुनै वंश हराएर छुटेको भए यो दुई-चार शब्दले वंश खोज्ने आधार बन्न सक्छ भन्ने हो ।

॥नीरु (समाप्त) ॥

दुमी किरात राई फन्सीकीम र हिमाली आदिवासी समाज, नेपालको सहकार्यमा दुमी भाषाको वर्णमाला प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको छ । हिमाली आदिवासी समाज नेपालले विभिन्न ब्यानर, वर्णमाला चार्ट, सहभागीहरूको लागि स्टेशनरी तथा खाजाको साथै अन्य प्राविधिक सहयोग तथा दुकिराफ दुम्कीमहरूको व्यवस्थापनमा कार्यक्रम सम्पन्न गरिएको हो । गत २०७५ साल फागुन १८, १९ र २० गते बाक्सिला, चैत्र ९ र १० गते धरान सुनसरी, चैत्र २३ र २४ गते दिक्तेल रुपाकोट मजुवागढी नगरपालीका वडा नं.-१२, जालपा, चैत्र २५ गते ऐसेलुखर्क गाउँपालिका वडा नं.- ७ माक्पा, माक्पा र २६ गते नोरुङका साथै वि.स. २०७६ साल वैशाख ७ र ८ गते धोबीघाट, ललितपुरमा वर्णमाला प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा सहभागीहरूको भनाई, सहभागीहरूको नामावलीआदिको सारसंक्षेप तल प्रस्तुत गरिएको छ ।

## वि.स. २०७५ फागुन १९ र २० गते केपीलासगढी गाउँपालिका-४ बाक्सिलामा सम्पन्न दुमी भाषाको वर्णमाला प्रवर्द्धन कार्यक्रमको सार संक्षेप तथा सहभागीहरूको नामावली:

**१. सहभागीहरूको प्रतिक्रिया, भनाईहरू:**

दुमी भाषाको वर्णमाला तथा दुमी भाषा लेखन प्रवर्द्धन कार्यक्रममा सहभागी सम्पूर्ण दुमीहरूको प्रतिक्रिया अत्यन्त सकारात्मक रहेको पाइयो । मनिसा दुमीराई (१५) ले कक्षामा सहभागी भएर दुमी भाषा कसरी बोल्ने, कसरी लेख्ने भन्ने बारेमा जानेको बताउँनुभयो । केपीलासगढी गाउँपालिकाका प्रशासकीय अधिकृत छविलाल दुमीराईले आफू काम विशेषले कक्षामा पछिल्लो एक दिनमात्र बस्न पाएको र दुमी भाषा लेखन अभ्यासमा आफूले ह्रस्व, दीर्घ दुवै मात्रा प्रयोग गरिरहेको तर कक्षामा दुवै दिन बस्नु हुने गाउँपालिका अध्यक्ष कृष्ण कुमार दुमीराईले एउटैमात्र मात्रा प्रयोग गर्नु हुँदा मैले पछि के थाहा पाएँभन्दा हाम्रो दुमी भाषामा ह्रस्व, दीर्घ भन्ने नहुँदो रहेछ । एक दिन बस्दा उहाँले धेरै कुरा जान्नु भयो । मैले लेखन अभ्यासमा दुवै चिन्हको प्रयोग गरे र अन्त्यमा ह्रस्व लेखेको जति सबै गलत भयो । पछि सोध्दा थाहा भयो दुमी भाषामा एउटै चिन्ह मात्र प्रयोग हुँदो रहेछ भन्ने कुरा जानेको र कक्षा छुटाउनु हुँदैन थिएछ भनेर पछुताउनु परेको भनाई व्यक्त गर्नुभयो । गाउँपालिका अध्यक्ष कृष्ण कुमार दुमी राईले आफूले यो कक्षा कसरी सञ्चालन हुन्छ भनेर हेरिरहेको र कार्यक्रम समग्रमा राम्रो लागेको जानकारी दिनुभयो ।

सरला दुमीराई (२७) ले कार्यक्रम राम्रो लागेको जानकारी दिनुहुँदै दुमी भाषा फरर बोल्न पाए कस्तो राम्रो हुन्थ्यो, भन्नुभयो । सुम्नीमा दुमीराई (१२) ले दुमी भाषाको स्वर वर्ण र व्यञ्जन वर्ण, छोटो र लामो शब्दहरूबारे सिक्न पाएको प्रतिक्रिया व्यक्त गर्नुभयो । मिना कुमारी दुमी राई (५३) ले पहिलो दिन साह्रै गाह्रो भएको, घरमा दुमी भाषामा केही न केही लेखेर ल्याउनुहोस् भनी दिइएको गृहकार्यले रातभर निन्द्रा, भोग नलागेको तर दोस्रो दिनको सिकाइ अभ्यासले सिके सकिदो रहेछ भन्ने लागेको छ भन्नुभयो । दुमी भाषामा गृहकार्य गर्न नआउँदा भोक तिर्खा हराएको यथार्थ समेत मिना राईले सुनाउनु भयो । आफ्नो भाषा नजान्नुको पिडा बोध अत्यन्तै भएको कुरा व्यक्त गर्दै जसरी पनि भाषा सिक्ने, बोल्ने, लेख्ने अभिव्यक्ति जाहेर गर्नु भएको थियो ।

**२. कार्यक्रमको सबभन्दा राम्रो र सम्झन लायक कुरा र चुनौतीहरू:**

**(क) राम्रो र सम्झन लायक कुराहरू:**

कक्षामा सहभागीहरू आफ्नो भाषा सिक्न, बोल्न, लेख्न, जान्न धेरै नै उत्सुकताका साथ उपस्थित हुनु भयो । कक्षामा १२ वर्षदेखि ६५ वर्षसम्मका व्यक्तित्वहरूको सहभागिता रहेको थियो । आफ्नो घरायसी काम छाडेर गृहिणी, विद्यालयको पठनपाठन लाई छाडेर शिक्षकशिक्षिका, विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बढीमा ३० जना सहभागी संख्या रहनु पर्ने भएता पनि ५७ जनाको सहभागिता रहन पुग्यो । सबै वर्ग, लिङ्ग, उमेर समूहको उपस्थिती रहनु अत्यन्त राम्रो पक्ष रहयो । अझ केपिलासगढी गाउँपालिका अध्यक्ष कृष्ण कुमार दुमी राई निरन्तर दुई दिन नै उपस्थित हुनु भएको थियो ।

दुई दिने कार्यक्रमसँगै हरेक शनिबार र अन्य सार्वजनिक बिदाको दिन समेत दुमी भाषा सिकाइको कक्षा सञ्चालन भयो । कार्यक्रममा बाक्सिलाको मात्र नभएर सप्तेश्वर, खार्मी, सुङ्देल, जालपा एक देखि तीन घन्टासम्म हिड्नु पर्ने टाढा-टाढाको गाउँहरूबाट समेत सहभागी हुनु भएको थियो । दुमी थातथलोभित्रका विभिन्न गाउँ, क्षेत्र, खोलाटोलामा रहेको दुमी भाषा बोलाइमा रहेको क्षेत्रीय विभेदबारे सहभागीहरूलाई जान्ने, बुझाउने अवसर प्रदान गर्‍यो । र हाम्रो क्षेत्रमा हामीले बोलेको मात्र ठीक हो भन्ने बुझाइ रहेकोमा होइन एउटै रहेछ, उच्चारणमात्र फरक परेको वा कसरी फरक पर्दो रहेछ भन्नेबारेमा जान्नु, बुझ्नु सहज भयो ।

साथै, कार्यक्रममा दुमी किरात राई फन्सीकीमद्वारा प्रकाशित 'दुमी जीसी' पुस्तक समेत सार्वजनिक गरिएको थियो । डा. नेत्रमणि दुमी राईले खेलको माध्यमबाट दुमी भाषा सिकाउनु भइ मनोरञ्जन गराउनु भएको थियो । उक्त अवसर मा खेल जित्नु हुँने सबैलाई फन्सीकीमको तर्फबाट इसीलीमलगायतका पुस्तकहरू पुरस्कार स्वरुप प्रदान गरिएको थियो । फन्सीकीम अध्यक्ष चतुभक्त दुमी राईले अत्यन्त सक्रिय, जिज्ञासु सहभागी सुम्निमा दुमी राई (१२) लाई 'दुमी राई समाजमा पाइने मिथक, किंवदन्ती र लोककथाहरू विश्लेषणात्मक अध्ययन' शीर्षकको पुस्तक उपहार स्वरुप प्रदान गर्नुभयो ।

**(ख) चुनौतीहरू:**

यस कार्यक्रममा दुमी भाषा प्रष्टसँग बोलचाल गर्न सक्ने दुमी वक्ताहरू सहभागी हुनु पर्ने भएता पनि यस क्षेत्रमा दुमी भाषा बुढापाका पुस्तामा मात्र सीमित रहेको र सम्पूर्ण सहभागीहरूले प्रष्ट रुपमा दुमी भाषा बोल्न नसक्नु भएकोले हरेक दुमी शब्दलाई नेपाली भाषामा अनुवाद गरेर कार्यक्रम सञ्चालन गर्नु पर्दा केही असहजता महसुस भयो ।

कार्यक्रम सुरुवात गर्ने र अन्त्य गर्ने समयसीमा निर्धारण गरिएता पनि निर्धारित समयमा कार्यक्रम सुरुवात गर्नु र समापन गर्नु केही कठिनाइ भयो ।

**३. कार्यक्रमको समग्र सारांश मूल्याङ्कन:**

कार्यक्रम सफलता पूर्वक र उत्साहजनक रुपमा सम्पन्न भयो । सम्पूर्ण सहभागीहरूको भनाई, प्रतिक्रिया बुझ्दा कक्षामा सहभागी दुमी जनहरू दुमी भाषा प्रष्ट बोल्न नसक्ने भएकोले सुरुमा गाह्रो लागेको तर कार्यक्रमको अन्त्यसम्ममा आइपुग्दा सहभागीहरूमा आत्मविश्वास र हौसला जगायो । दुमी भाषा कसरी लेख्ने, बोल्ने र पढ्ने भन्ने विषयमा दुविधा रहेको अवस्थामा यो कार्यक्रम आधार स्तम्भ बन्यो । दुमी भाषाको स्वर वर्ण तथा व्यञ्जन वर्णहरूको निर्धारण, वर्णहरूको संख्या, उच्चारण गर्ने तरिका, आगन्तुक शब्दहरू लगायतको विषयमा सहभागीहरूले ज्ञान प्राप्त गर्नुभयो । स्थानीय जनप्रतिनिधी, प्रशासकिय अधिकृतलगायतको उपस्थित रहयो ।

४. सहभागीहरूको उपस्थिती विवरण:

| क्र.स. | नामावली | ठेगाना | उमेर | शिक्षा | पेसा |
|---|---|---|---|---|---|
| १. | मिना कुमार राई | बाक्सिला | ५३ | | कृषि |
| २. | दिर्पना राई | सुङ्देल | २८ | आ.एड. | शिक्षण |
| ३. | मनिला राई | बाक्सिला | ३१ | दश | व्यापार |
| ४. | हिरा कर्ण राई | बाक्सिला | ३२ | दश | कृषि |
| ५. | रमेश राई | जालपा | ४६ | आ.ए. | कृषि |
| ६. | निल प्रसाद राई | " " | ४५ | बी.ए. | कृषि |
| ८. | रत्न राई | " " | ४७ | आ.ए. | कृषि |
| ९. | टंक राई | " " | ३१ | दश | कृषि |
| १०. | जस बहादुर राई | बाक्सिला | ६५ | एस.एल.सी. | कृषि |
| ११. | अनिता राई | " " | २० | " " | विद्यार्थी |
| १२. | युनिसा राई | " " | २१ | नौ | " " |
| १३. | शान्तीकला राई | " " | ३७ | आइ.एड. | शिक्षण |
| १४. | दिल कुमारी राई | " " | २५ | एस.एल.सी. | शिक्षण |
| १५. | सुस्मिता राई | " " | २२ | एस.एल.सी. | विद्यार्थी |
| १६. | आकृति राई | " " | १३ | नौ | " " |
| १७. | मनिसा राई | सप्तेश्वर | १५ | दश | " " |
| १८. | प्रेम कुमारी राई | " " | ३४ | छ | कृषि |
| १९. | केशर मति राई | " " | ४० | एस.एल.सी | कृषि |
| २०. | आलोक राई | " " | १२ | सात | " " |
| २१. | रत्न कुमारी राई | " " | ४२ | नौ | कृषि |
| २२. | शेर बहादुर राई | बाक्सिला | ६५ | तीन | कृषि |
| २३. | रोमन राई | " " | १३ | सात | विद्यार्थी |
| २४. | लीला राई | खार्मी | ४९ | आठ | व्यापार |
| २५. | सुम्निमा राई | बाक्सिला | १२ | छ | विद्यार्थी |
| २६. | बम बहादुर राई | जालपा | ५० | एम.एड. | शिक्षण |
| २७. | पुष्प राज राई | बाक्सिला | २७ | | कृषि |
| २८. | शान्ती कला राई | बाक्सिला | ३३ | २ | कृषि |
| २९. | रञ्जना राई | सुङ्देल | १८ | २ | विद्यार्थी |
| ३०. | अनिता राई | राखा | | २ | कृषि |
| ३१. | अगमराज राई | दसगते | ५७ | दुई | कृषि |
| ३२. | छत्र कुमार राई | बाक्सिला | ५२ | एम.एड. | शिक्षण |
| ३३. | उत्सव राई | जालपा | २८ | मास्टर | इन्जिनियर |
| ३४. | प्रदिप राई | बाक्सिला | ३२ | एस.एल.सी | कृषि |
| ३५. | रञ्जना राई | " " | १३ | चार | विद्यार्थी |
| ३६. | रचना राई | " " | २८ | सात | कृषि |
| ३७. | अनिता राई | " " | १३ | पाँच | विद्यार्थी |
| ३८. | डम्बर कु. राई | " " | ३३ | एस.एल.सी | कृषि |
| ३९. | याम कु राई | " " | ३० | " " | " " |
| ४०. | सविना राई | " " | ३२ | नौ | " " |
| ४१. | रत्न कु राई | " " | ४२ | नौ | " " |
| ४२. | अम्बिरा राई | राखा | २७ | प्लस टु | " " |
| ४३. | किशोर कु. राई | बाक्सिला | ५१ | एस.एल.सी | " " |
| ४४. | सावित्रा राई | " " | ३१ | प्लस टु | गृहिणी |
| ४५. | हर्क राज राई | " " | ६५ | बी.एड | कृषि |
| ४६. | कृष्ण कु. राई | " " | ५० | प्लस टु | राजनीति |
| ४७. | लक्ष्मी हिरा राई | " " | ४७ | दश | व्यापार |
| ४८. | सरला राई | " " | २७ | प्लस टु | " " |
| ४९. | रेश्मी राई | " " | २० | स्नातक | विद्यार्थी |
| ५०. | लव कु. राई | " " | ३२ | बी.ए. | शिक्षण |
| ५१. | किशोर दुमी | " " | ३० | प्लस टु | व्यापार |
| ५२. | शिर ब. राई | " " | ६५ | एस.एल.सी | कृषि |
| ५३. | मनिला राई | " " | ३१ | " " | व्यापार |
| ५४. | भुमिका राई | सप्तेश्वर | २८ | " " | कृषि |
| ५५. | पावर राई | बाक्सिला | २१ | दश | कृषि |
| ५६. | शुसिला राई | खार्मी | २१ | प्लस टु | शिक्षण |
| ५७. | छबिलाल राई | जालपा | ३६ | मास्टर | निजामति |

## वि.स. २०७५ चैत्र ९ र १० गते धरान सुनसरीमा सम्पन्न दुमी भाषाको वर्णमाला प्रवर्द्धन कार्यक्रमको सार संक्षेप तथा सहभागीहरूको नामावली:

**१.सहभागीहरूको प्रतिक्रिया, भनाईहरू:**

दुर्गा बहादुर दुमी राई भन्नुहुन्छ -'दुमी भाषाका स्वर तथा व्यञ्जन वर्णमालाहरू छुट्टै रहेछ भन्ने जान्न पाइयो ।' प्रेम कुमार दुमी राई भन्नु हुन्छ 'दुमी भाषा कसरी बोल्ने, उच्चारण कसरी गर्ने र लेख्ने भन्ने कुरा उदाहरण सहित प्रस्तुत गरिदा त्यो नै मलाई एउटा शिक्षा भयो' ।

हामीलाई दुमी भाषा कसरी लेख्ने र पढ्ने भन्ने बारेमा साह्रै दुविधा भई रहेको अवस्थामा यो दुई दिने कार्यक्रमले हामीलाई साह्रै सहयोग पुगेको छ (हेम वहादुर दुमी राई, ४१) । सिद्धी बहादुर दुमी राई (४५) ले दुमी स्वर वर्ण, व्यञ्जन वर्णहरूको संख्या, उ. र कन्ठ्य स्पर्श (?) को विशेषता जान्न पाएको जानकारी दिनु भयो । दिलचन्द्र दुमी राई (४७) ले दुमी भाषाको लेखन प्रवर्द्धन कार्यक्रमले लेखाइ र सिकाइको विषयमा चित्त बुझेको कुरा व्यक्त गर्नुभयो ।

मधुकर दुमी राई (४८) भन्नुहुन्छ- दुमी भाषाको स्वर र व्यञ्जन वर्णहरूको पारस्परिक नजिकको सम्बन्धको ज्ञान राम्रो लाग्यो । आफूले नजानेका कुरा अरुमार्फत सिक्न, ज्ञान प्राप्त गर्न, हामीले दुमी राईभित्रका भाषा शैलीलाई तलमाथि नसम्झनु रहेछ भन्ने लाग्यो । आफूले जानेको आफ्नै भाषा भाषा नजान्नु हुनेप्रति भन्न नसक्दा, प्रश्नको प्रति उत्तर सहज तरिकाले दिन नसक्दा अप्ठ्यारो महसुस भयो (प्रेम बहादुर दुमी राई , ४४) । योगेन्द्र दुमी राई (३२) ले दुमी भाषा लेख्न र आफूले नजानेका दुमी शब्दहरू जान्न पाएको जानकारी दिनु भयो । लोप हुन लागेको दुमी भाषामा कता-कता मूल रसाए जस्तो लाग्यो र पहिलो पटक दुमी शब्द लेख्दा अप्ठ्यारो लाग्यो (प्रताप दुमी राई, ४९) । लंकमनी दुमी राई (६३) ले आफ्नो मातृभाषा आफैले बोल्न नसक्नु नै अप्ठ्यारो महसुस भएको जनाउँनु भयो ।

**२. कार्यक्रमको सबभन्दा राम्रो र सम्झन लायक कुरा र चुनौतीहरू:**

**(क) राम्रो र सम्झन लायक कुराहरू:**

कक्षामा सहभागीहरू आफ्नो भाषा सिक्न, बोल्न, लेख्न, जान्न धेरै नै उत्सुकताका साथ उपस्थित हुनु भयो । कक्षामा ७ वर्षदेखि ७३ वर्षसम्मका व्यक्तित्वहरूको सहभागिता रहेको थियो । सानो नानी काखमा लिएर पनि दुमी भाषा लेखन कक्षामा सहभागी हुनु भएको थियो ।

कक्षा १ मा अध्ययनरत ७ वर्षीय नायाम्मा दुमी राईले कार्यक्रमको राम्रो पक्ष र आफूले जाने, बुझेका नयाँ नौला ज्ञानगुनका बारेमा यसरी लेखिन्-

१. राम्रो लोगका कुराहरू:

(क) पुरस्कार पाएको ।

(ख) कार्यक्रममा रमाइलो भएको ।

(ग) दुमी भाषा सिक्न पाएको ।

(घ) दुमी भाषामा आफ्नो नाम भन्न पाएको ।

२. अवसर र मौका:

(क) दुमी भाषामा नाम भन्न सिके ।

(ख) म भनेको आङ् भन्ने सिके ।

(ग) दाउरालाई सुः भन्ने सिके ।

(घ) दुमी ले (गीत) सिके ।

**(ख) चुनौतीहरू:**

मुलतः यो कार्यक्रम दुमी भाषा बोल्न, बुझ्न





सक्ने वक्ताहरूको लागि भएता पनि दुमी भाषा राम्रोसँग बोल्ने वक्ताहरू कम हुनु, दुमी भाषा प्रष्ट रूपमा बोल्न, बुझ्न नसक्ने सहभागीहरूको लागि केही चुनौतीपूर्ण रहयो । कतिपय सहभागीहरूले आफू दुमी भाषामा शून्य तहबाट उठ्नु परेकोले केही अप्ठेरो परेको, गाउँ-गाउँबीचको बोलाईको लवजमा केही नमिल्दा केही अप्ठेरो रहेको बताउँनुभयो ।

**३.कार्यक्रमको समग्र सारांश मूल्याङ्कनः**

सम्पूर्ण सहभागीहरूको भनाई, प्रतिक्रिया बुझ्दा कक्षामा सहभागी अधिकांश दुमी जनहरू दुमी भाषा प्रष्ट बोल्न नसक्ने भएकोले सुरुमा गाह्रो लागेको तर कार्यक्रमको अन्त्यसम्ममा आइपुग्दा सहभागीहरूमा आत्मविश्वास र हौसला जगायो । दुमी भाषा कसरी लेख्ने, बोल्ने र पढ्ने भन्ने विषयमा दुविधा रहेको अवस्थामा यो कार्यक्रम आधार स्तम्भ बन्यो । दुमी भाषाको स्वर वर्ण तथा व्यञ्जन वर्णहरूको निर्धारण, वर्णहरूको संख्या, उच्चारण गर्ने तरिका, आगन्तुक शब्दहरू लगायतको विषयमा सहभागीहरूले राम्रो ज्ञान प्राप्त गर्नुभयो । दुमी भाषा राम्ररी बोल्नेहरूको लागि पनि लेखन र पठन अभ्यास नहुँदा केही असहजता चाहिँ हुँदो रहेछ ।

कार्यक्रममा दुमी राईहरूको मुख्य थातथलो मानिने खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर र माक्पा गरी सबै क्षेत्रका दुमी वक्ताहरूको सहभागिता रहन गयो । जसमा भाषा नजान्नेहरूसँगै भाषा जान्ने सहभागीहरू पनि हुनुहन्थ्यो ।

**४. सहभागीहरूको उपस्थिती विवरणः**

| क्र.स. | नामावली | ठेगाना | उमेर | शिक्षा | पेसा |
|---|---|---|---|---|---|
| १. | सन्जु राई | इटहरी- २ | १५ | नौ | विद्यार्थी |
| २. | योगेन्द्र राई | धरान -१५ | ३२ | एघार | पोल्ट्रीफर्म |
| ३. | सूर्य कुमार राई | " " | ४७ | एस.एल.सी | कृषि |
| ४. | जसमनी राई | धरान - ५ | ४८ | दश | कृषि |
| ५. | प्रताप राई | " " | ४९ | दश | कृषि |
| ६. | टेक बहादुर राई | धरान -१५ | ५९ | बी.ए. | समाजसेवा |
| ७. | कमल ब. राई | " " | ४८ | दश | व्यवसाय |
| ८. | मधुकर राई | " १७ | ४८ | एम.ए. | शिक्षक |
| ९. | लंकमणि राई | " " | ६३ | सात | समाजसेवा |
| १०. | प्रेम कुमार राई | धरान - ८ | ३५ | दश | |
| ११. | संसार राई | " " | २० | बाह्र | विद्यार्थी |
| १२. | मिला राई | इटहरी २० | ४५ | पाँच | गृहिणी |
| १३. | मनु राई | " " | ३९ | एस.एल.सी. | " |
| १४. | अर्पिना राई | धरान - ८ | २८ | दश | " |
| १५. | कला राई | " " | ३६ | दश | " |
| १६. | बिपाशा राई | " " | १२ | सात | विद्यार्थी |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | नायाम्मा राई | " " | ७ | एक | " |
| १८. | हेम बहादुर राई | इटहरी-२० | ४१ | बी.बी.एस. | व्यवसाय |
| १९. | प्रेम बहादुर राई | " -२ | ४४ | एस.एल.सी | कृषि |
| २०. | रणशेर राई | इटहरी -२ | ४७ | दश | मजदुरी |
| २१. | सिद्धी ब. राई | " " | ४५ | साधारण | " |
| २२. | प्रेम कुमार राई | धरान-१७ | ५० | " | " |
| २३. | दुर्गा ब. राई | धरान -८ | ६४ | " | " |
| २४. | कृष्ण कुमार राई | इटहरी -२ | ५९ | बी.कम | शिक्षण |
| २५. | गोपाल राई | इटहरी-२० | ५९ | " | कृषक |
| २६. | जगत ब.राई | धरान-१९ | ६० | " | कृषक |
| २७. | दिलचन्द्र राई | इटहरी-१९ | ४६ | बी.ए. | नोकरी |
| २८. | भूमिराज राई | धरान-१५ | ५० | डिप्लोमा | कृषि |
| २९. | दिप बहादुर राई | " " | ६१ | आठ | कृषि |
| ३०.. | बुद्ध राई | धरान-१९ | ६६ | आठ | कृषि |
| ३१. | सागर राई | धरान-२ | २० | बी.बी.एस. | विद्यार्थी |
| ३२. | शान्ती राई | धरान-८ | ३५ | आठ | |
| ३३. | अस्मिता राई | धरान-१५ | १८ | बाह्र | |
| ३४. | कमला राई | इटहरी-२० | ३९ | एस.एल.सी | गृहिणी |
| ३५. | राज राई | धरान-१७ | ४१ | आठ | |
| ३६. | एन्जल राई | धरान-८ | १३ | सात | विद्यार्थी |
| ३७. | भोज कृमार राई | इटहरी-२० | ५० | साधारण | खेती |
| ३८. | लंक ब. राई | " " | ६८ | पाँच | |
| ३९. | सजिना राई | धरान-८ | ७ | एक | विद्यार्थी |
| ४०. | खड्ग ब. राई | धरान-८ | ७३ | साधारण | कृषक |
| ४१. | कृपा राई | " " | ४० | " " | |
| ४२. | भूमिराज राई | धरान-१५ | ५० | डिप्लोमा | कृषि |
| ४३. | बीर ब. राई | धरान-२५ | ७३ | साधारण | कृषक |
| ४४. | बुद्ध दुमी राई | धरान-१९ | ६६ | आठ | कृषक |
| ४५. | लक्ष्मी दुमी | तरहरा | ३९ | " | " |
| ४६. | गंगादेवी राई | बाभ्रोगरा | ६५ | | |
| ४७. | गंगा ब. राई | धरान-१५ | ६३ | एस.एल.सी | रिटा आर्मी |
| ४८. | लालमनी राई | धरान-८ | ३९ | दश | " " |
| ४९. | विज्ञान राई | " " | १५ | आठ | विद्यार्थी |





**वि.स. २०७५ चैत्र २३ र २४ गते दिक्तेल रुपाकोट मजुवागढी नगरपालीका वडा नं.-१२, जालपामा सम्पन्न दुमी भाषाको वर्णमाला प्रवर्द्धन कार्यक्रमको सार संक्षेप तथा सहभागीहरूको नामावली:**

**१. सहभागीहरूको प्रतिक्रिया, भनाईहरू:**

दुमी भाषाको वर्णमाला तथा दुमी भाषा लेखन प्रवर्द्धन कार्यक्रममा सहभागी सम्पूर्ण दुमी जनहरूको प्रतिक्रिया अत्यन्त सकारात्मक रहेको पाइयो । लक्ष्मीध्वज दुमी राई (५२) भन्नुहुन्छ- यो कार्यक्रमबाट दुमी भाषाको स्वर वर्ण र व्यञ्जन वर्णको बारेमा स्पष्ट भयो ।

चन्द्रकला दुमी राई (३४) कार्यक्रमबारे आफ्नो प्रतिक्रिया यसरी दिनुभयो- भाषा बोलाइ,लेखाइको शुद्धता, सहभागितामुलक लेखन पद्धतिबारेमा जान्ने मौका पाइयो । धन प्रसाद दुमी राई (३५) ले भने 'दुमी भाषा सिक्नको लागि एक आपसमा सधै बोलचाल हुनुपर्छ' भन्नुहुन्छ । बम बहादुर जीपुचु दुमी राई (५०) ले दुमी वर्णमालाबारे जान्न पाएको, लेखनशैलीको ज्ञान, उच्चारण गर्ने र पढ्ने तरिका जानिएको प्रतिक्रिया दिनुभयो ।

शुसीला सरचु दुमी राई (३६) ले त अझ कार्यक्रमको योजना नै मन परेको भन्नेहुँदै 'पिता पुर्खाहरूले गरेको कामहरू लोप हुनबाट जोगाउन लागि गरेको योजना मन पऱ्यो' भन्नुभयो । पदम बहादुर हम्रुचु दुमी राई (५५) लाई यो कार्यक्रममा दुमी भाषा बोलाई, सिकाइ राम्रो लाग्यो । नरभक्त हम्रुचु दुमी राई (४७) ले पहिला नजानेको नयाँ दुमी शब्दहरू जान्नुभयो । चन्द्र कुमारी राई (३२) ले 'दुमी भाषा जति अरुले भनेको र सुनेकामात्र थियौं भने २ दिनमै भए पनि प्रत्यक्ष बोल्न, लेख्न र सिक्न पायौं'

**२. कार्यक्रमको सबभन्दा राम्रो र सम्झन लायक कुरा र चुनौतीहरू:**

**(क) राम्रो र सम्झन लायक कुराहरू:**

कक्षामा सहभागीहरू आफ्नो भाषा सिक्न, बोल्न, लेख्न, जान्न धेरै नै उत्सुकताका साथ उपस्थित हुनु भयो । कक्षामा ११ वर्षदेखि ७३ वर्षसम्मका व्यक्तित्वहरूको सहभागिता रहेको थियो । आफ्नो घरायसी काम छाडेर गृहिणी, विद्यालयको पठनपाठन लाई छाडेर शिक्षक, विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रम सञ्चालनको लागि जालपा मा.वि.ले निःशुल्क रुपमा हल उपलब्ध गराइ सहयोग गऱ्यो ।

दिक्तेल रुपाकोट मजुवागढी नगरपालिका वडा नं. १२ वडा अध्यक्ष विकास दुमी राई व्यस्त भइकन पनि कार्यक्रममा प्रमुख अतिथीको रुपमा उपस्थित हुनुभयो । उहाँले आफू पनि दुमी भएकोले आफ्नो समुदायको लागि सक्दो सहयोग गर्ने बताउँनु भयो । तर आफू सबैको प्रतिनिधी भएको कारण दुमीलाई मात्र हेर्न नहुने जसको लागि दुमीहरूले राम्रो कार्यक्रमको प्रपोजल तयार गरी ल्याउन सुभाव दिनुभयो ।

साथै कक्षामा सहभागीहरूमध्ये सक्रिय, छिटो, मिल्दो जवाफ दिनु हुने, गृहकार्य गरेर ल्याउनु हुने सहभागीहरूको तत्काल मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गरिएको थियो जसले सहभागीहरूमा हौसला बढाएको थियो । सक्रियता बढाएको थियो ।

**(ख) चुनौतीहरू:**

कक्षामा सहभागी दुमी जनहरूले आफू दुमी भाषा प्रष्ट बोल्न नसक्ने भएकोले सुरुमा गाह्रो लागेको तर कार्यक्रमको अन्त्यसम्ममा आइपुग्दा आफूमा

आत्मविश्वास, हौसला जागेको, सिके जानिदो रहेछ भन्ने लागेको भनाइ राखिएको थियो । कार्यक्रम सञ्चालन हुने समयमा ठूलो पानी पर्दा सहभागीहरूको उपस्थिती ढिलो भइ कार्यक्रम समयमा सञ्चालन गर्न गाह्रो भयो ।

**३. कार्यक्रमको समग्र सारांश मूल्याङ्कन:**

४४ जना दुमी वक्ताहरूको सहभागिता रहेको यस कार्यक्रममा सम्पूर्ण सहभागीहरूको भनाई, प्रतिक्रिया बुझ्दा कक्षामा सहभागी दुमी जनहरू दुमी भाषा प्रष्ट बोल्न नसक्ने भएकोले सुरुमा गाह्रो लागेको तर कार्यक्रमको अन्त्यसम्ममा आइपुग्दा सहभागीहरूमा आत्मविश्वास र हौसला जगायो । दुमी भाषा कसरी लेख्ने, बोल्ने र पढ्ने भन्ने विषयमा दुविधा रहेको अवस्थामा यो कार्यक्रम आधार स्तम्भ बन्यो । दुमी भाषाको स्वर वर्ण तथा व्यञ्जन वर्णहरूको निर्धारण, वर्णहरूबमे संख्या, उच्चारण गर्ने तरिका, आगन्तुक शब्दहरू लगायतको विषयमा सहभागीहरूले राम्रो ज्ञान प्राप्त गरेको जानकारी दिनुभयो । आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरू आयोजना गरिनु पर्ने सुझाव दिनुभयो ।

दिक्तेल रुपाकोट मजुवागढी नगरपालिका वडा नं. १२ वडा अध्यक्ष विकास दुमी राई कार्यक्रमको प्रमुख अतिथीको रुपमा उपस्थित हुनुभएको थियो । उहाँले आफू पनि दुमी भएकोले आफ्नो समुदायको लागि सक्दो सहयोग गर्ने बताउँनु भयो ।

**४.सहभागीहरूको उपस्थिती विवरण:**

| क्र.स. | नामावली | ठेगाना | उमेर | शिक्षा | पेसा |
|---|---|---|---|---|---|
| १. | अतम्बर दुमी राई | ससल्का,जालपा | ४५ | एस.एल.सी | कृषि |
| २. | रामकाजी दुमी राई | " " | ४९ | आठ | " |
| ३. | प्रताप दुमी राई | " " | ४४ | नौ | " |
| ४. | दुर्गा ब. दुमी राई | " " | ५३ | आठ | " |
| ५. | रणकुमार दुमी राई | " " | ४३ | आठ | " |
| ६. | मन ब.दुमी राई | पुरानो गाउँ,जालपा | ५० | एस.एल.सी | " |
| ७. | लक्ष्मीध्वज दुमी राई | " " | ५२ | " " | " |
| ८. | राममणी दुमी राई | " " | ५० | सात | " |
| ९. | दिपेश दुमी राई | " " | १८ | दश | विद्यार्थी |
| १०. | राजिप दुमी राई | राइसिंगे | १५ | नौ | विद्यार्थी |
| ११. | सिताराम दुमी राई | " " | ३० | दश | " |
| १२. | चन्द्रकला दुमी राई | जालपा | ३४ | एस.एल.सी | " |
| १३. | चन्द्र दुमी राई | पुरानो गाउँ | ५१ | " " | " |
| १४. | सोनुप दुमी राई | खरदेल | ११ | पाँच | विद्यार्थी |
| १५. | फिस्ट ब. दुमी राई | पुरानो गाउँ | ६८ | साधारण | कृषि |
| १६. | पदम ब. दुमी राई | ससल्का, जालपा | ५५ | " " | " |
| १७. | केशर ब. दुमी राई | पुरानो गाउँ | ६५ | " " | कृषि |
| १८. | प्रशान्त दुमी राई | खरदेल | १४ | आठ | विद्यार्थी |
| १९. | प्रतिमा दुमी राई | जालपा | ५० | दश | कृषि |
| २०. | काली दुमी राई | दिम्लो | ३५ | साधारण | कृषि |
| २१. | धन प्रसाद दुमी राई | दिम्लो | ३५ | एस.एल.सी | " |
| २२. | पत्थर ब दुमी राई | " | ४२ | साधारण | कृषि |
| २३. | प्रेम कुमार दुमी राई | " | ४६ | " | " |
| २४. | जयश्वर दुमी राई | जालपा | ६२ | इन्टर | " |
| २५. | कटक दुमी राई | " | ८० | साधारण | " |
| २६. | बम ब. दुमी राई | पुरानो गाउँ | ५० | स्नातकोत्तर | शिक्षण |
| २७. | नरभक्त दुमी राई | जालपा, ससल्का | ४७ | साधारण | कृषि |
| २८. | हेमन्त दुमी राई | खरदेल | ३२ | आइ.ए. | " |
| २९. | चन्द्रकुमारी दुमीराई | जालपा, सावालुड | ३२ | बी.एड. | शिक्षण |
| ३०. | पर्शुराम दुमी राई | खार्मी, साब्रु | ३२ | एम.ए. | " |
| ३१. | रमेश दुमी राई | जालपा | ४६ | स्नातक | कृषि |
| ३२. | अमल दुमी राई | पुरानो गाउँ | ७० | साधारण | " |
| ३३. | जागिर दुमी राई | जालपा | ७३ | " | " |
| ३४. | इन्द्रमाया दुमी राई | " | ५१ | " | " |
| ३५. | सुम्निमा दुमी राई | " | २५ | सात | " |
| ३६. | एन्जल दुमी राई | " | १७ | दश | विद्यार्थी |
| ३७. | अनिता दुमी राई | " | १८ | दश | " |
| ३८. | कमल दुमी राई | पुरानो गाउँ | ७० | | कृषि |
| ३९. | निलप्रसाद दुमी राई | घलेगाउँ, जालपा | ४५ | बी.ए. | " |
| ४०. | टंक दुमी राई | खरदेल | ३१ | दश | " |
| ४१. | गुणराज दुमी राई | जालपा | ३० | एस.एल.सी | " |
| ४२. | प्रताप दुमी राई | जालपा | २५ | आठ | " |
| ४३. | कालुमान दुमी राई | दिम्लो | ६८ | साधारण | " |
| ४४. | सुशील दुमी राई | जालपा | ३६ | साधारण | व्यापार |

## वि.स. २०७५ चैत्र २५ गते ऐसेलुखर्क गाउँपालिका वडा नं.- ७ माक्पा, माक्पा र २६ गते नोरुङमा सम्पन्न दुमी भाषाको वर्णमाला प्रवर्द्धन कार्यक्रमको सार संक्षेप तथा सहभागीहरूको नामावली:

**१. सहभागीहरूको प्रतिक्रिया, भनाईहरू**

दुमी भाषाको वर्णमाला तथा दुमी भाषा लेखन प्रवर्द्धन कार्यक्रममा सहभागीहरूको सकारात्मक प्रतिक्रिया व्यक्त गर्नुभयो। हराउँदै गएको दुमी भाषाको संरक्षणमा यस्तो कार्यक्रमले थप टेवा दिने कुरा बताउनु भयो। प्रेमशंकर दुमी राई (७१) ले भन्नुभयो- 'इङ्कीपो लागी हम ताम कार्यक्रम सारोङा खानुक्सा का चानुक्सा गोता (हाम्रो लागि आएको यो कार्यक्रम साह्रै राम्रो र मीठो छ)' भन्नुभयो। हिमाल राई (४०) ले दुमी भाषाको वर्णमालाहरूको बारेमा जान्ने अवसर पाएको जानकारी दिनुभयो। विकास दुमी राई (३३) ले आगामी दिनहरूमा पनि यस्ता कार्यक्रम आयोजना हुनुपर्दछ भन्नुहुँदै यो कार्यक्रम आयोजना गर्नको लागि सहयोग गर्नुहुने दुमी किरात राई फन्सीकीम र हिमाली आदिवासी समाज, नेपाललाई विशेष धन्यवाद दिनुभयो। अरुण दुमी राई (३०) ले दुमी भाषामा ७ वटा स्वर र ३० वटा व्यञ्जन वर्णहरू भएको र कसरी वर्ण पहिचान हुँदो रहेछ भन्नेबारेमा जानेको प्रतिक्रिया दिनुभयो। कबिराज दुमी राई (२५) ले हाम्रो दुमी भाषा कसरी लेख्ने भन्नेबारेमा पनि जान्न पाएको र साथै आफूले जानेको कुरा अरुलाई पनि सिकाउन पाउँदा खुशी लाग्यो भन्नुभयो।

**२.कार्यक्रमको सबभन्दा राम्रो र सम्झन लायक कुरा र चुनौतीहरू:**

**(क) राम्रो र सम्झन लायक कुराहरू:**

माक्पा क्षेत्रको कार्यक्रममा दुमी भाषा बोल्ने वक्ताहरूको पूर्ण सहभागिता रहेको कारण कार्यक्रम दुमी र नेपाली भाषामा सञ्चालन गरिएता पनि दुमी भाषाको नेपाली अनुवाद गरिरहनु नपरेकोले कार्यक्रम सञ्चालनमा सहजता भयो। कक्षामा ४ वर्षदेखि ७३ वर्षसम्मका व्यक्तित्वहरूको सहभागिता रहेको थियो। कविराज दुमी राई (२५) ले दुमीभाषाका अंकहरूलाई लेखेर सबै सामु प्रस्तुत गर्नुभयो। लेखन अभ्यासको लागि सहभागीहरूलाई अगाडि बोलाउँदा सि. जस बहादुर दुमी राईले कसैले नलेख्ने हो भने म बुढो लेख्छु भन्दै अगाडि आएर लेख्नुभयो, अन्य सहभागिहरूलाई हौसला दिनुभयो।

कार्यक्रम समापनको समयमा ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला विशेष अतिथीको रुपमा उपस्थित हुनुभयो। उहाँलाई दुमी भाषाको वर्णमालाको चार्ट फन्सीकीम महासचिव डा. नेत्रमणि दुमी राईले हस्तान्तरण गर्नुभयो। विशेष अतिथिको रुपमा मन्तव्य दिनुहुँदै उहाँले दुमी भाषाको संरक्षणको लागि आफ्नो व्यक्तिगत र गाउँपालिकाको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो। उहाँले भन्नुभयो- "दुमी भाषाको संरक्षणको लागि तपाईहरू लाग्नु भएको छ, यसको लागि गाउँपालिकाको तर्फबाट विशेष आभार व्यक्त गर्दछु। यसमा स्रोत, साधनको व्यवस्थापन गर्न गाह्रो पर्दछ, यसको लागि गाउँपालिकाको तर्फबाट सहयोग गर्छु र विगतमा पनि गर्दै आएको छ। भाषा आयोगमा पनि दुमी भाषालाई सहयोग पुऱ्याउनको लागि कुरा उठिरहेको छ, दुमी भाषाको लागि केही बजेट आउँने संकेत मिलेको छ" भन्नुभयो।

**(ख) चुनौतीहरू:**

माक्पा क्षेत्रको कार्यक्रममा दुमी भाषा बोल्ने वक्ताहरूको पूर्ण सहभागिता रहेको कारण कार्यक्रम दुमी र नेपाली भाषामा सञ्चालन गरिएता पनि दुमी





भाषाको नेपाली अनुवाद गरिरहनु नपरेकोले कार्यक्रम सञ्चालनमा सहजता भयो। सहभागीहरू केही टाढादेखि हिंडेर आउनु पर्ने भएकोले निर्धारित समयमा कार्यक्रम सुरु गर्न ढिलाइ भयो।

**३. कार्यक्रमको समग्र सारांश मूल्याङ्कन:**

माक्पा क्षेत्र दुमी भाषा राम्ररी बोलिने क्षेत्र भएकोले कार्यक्रम सफलता पूर्वक र उत्साहजनक रुपमा सम्पन्न भयो। सम्पूर्ण सहभागीहरूको भनाई, प्रतिक्रिया बुझ्दा कक्षामा सहभागी दुमी जनहरू दुमी भाषा प्रष्ट बोल्न सक्ने हुनुहुन्थ्यो। दुमी भाषा बोल्ने वक्ताहरूको लागि कसरी लेख्ने र पढ्ने भन्ने विषयमा यो कार्यक्रम आधार स्तम्भ बन्यो। दुमी भाषाको स्वर वर्ण तथा व्यञ्जन वर्णहरूको निर्धारण, वर्णहरूको संख्या, उच्चारण गर्ने तरिका, आगन्तुक शब्दहरू लगायतको विषयमा सहभागीहरूले राम्रो ज्ञान सिक्न सकेको प्रतिक्रिया दिनुभयो। गाउँपालिका अध्यक्ष विश्वनाथ निरौलाले दुमी भाषाको लागि आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउँनुभयो।

**४. सहभागीहरूको उपस्थिती विवरण:**

**चैत्र २५ गते माक्पामा सम्पन्न कार्यक्रममा सहभागीहरू:**

| क्र.स. | नामावली | ठेगाना | उमेर | शिक्षा | पेसा |
|---|---|---|---|---|---|
| १. | सन्त कुमार हजुरचु दुमी राई | बेप्ला, माक्पा | ६३ | साधारण | कृषि |
| २. | नन्द कुमार वालक्पा दुमी राई | माक्पा | ५१ | साधारण | " |
| ३. | प्रेमशंकर हजुरचु दुमी राई | बेप्ला | ७१ | साधारण | " |
| ४. | शिब कुमार वालक्पा दुमी राई | " | ६७ | " | " |
| ५. | गणेश कुमार वालक्पा दुमी राई | माक्पा | ४८ | " | " |
| ६. | जयन्ती लिम्बु दुमी राई | नोरुङ | २३ | प्लस टु | " |
| ७. | हरिता खारुबु दुमी राई | माक्पा | ३० | साधारण | " |
| ८. | रमा खारुबु दुमी राई | " | २९ | एस.एल.सी | " |
| ९. | झोकीमाया वालक्पा दुमी राई | " | ४० | साधारण | " |
| १०. | पदम खारुबु दुमी राई | " | ४५ | एस.एल.सी | " |
| ११. | दुर्गा खारुबु दुमी राई | " | ४५ | " | " |
| १२. | हित कुमार वालक्पा दुमी राई | " | ४८ | " | " |
| १३. | हिमाल वालक्पा दुमी राई | " | ४० | एम.एड | शिक्षण |
| १४. | सन्जु हजुर दुमी राई | " | ३० | एस.एल.सी | कृषि |
| १५. | सन्तोष हलक्सु दुमी राई | नोरुङ | २० | प्लस टु | |
| १६. | दिवस हलक्सु दुमी राई | लेवा | २१ | एस.एल.सी | कृषि |
| १७. | टंक ब. हलक्सु दुमी राई | नोरुङ | २३ | " | " |
| १८. | अरुण हलक्सु दुमी राई | नोरुङ | ३० | " | " |
| १९. | उत्तम हजुरचु दुमी राई | बेप्ला | २१ | " | " |
| २०. | विवेक हलक्सु दुमी राई | नोरुङ | २० | प्लस टु | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | अमृता खारुबु दुमी राई | माक्पा | ४५ | साधारण | कृषि |
| २२. | धन कुमारी खारुबु दुमी राई | " | ५४ | " | " |
| २३. | तेज कुमारी खारुबु दुमी राई | " | २१ | " | " |
| २४. | परीसा हजुरचु दुमी राई | " | २१ | " | " |
| २५. | रमिता हजुरचु दुमी राई | " | ५५ | " | " |
| २६. | बल ब. वालक्पा दुमी राई | बेप्ला | ५७ | " | " |
| २७. | नारन हजुरचु दुमी राई | इलीम | ३१ | एस.एल.सी | " |
| २८. | बमल ब. हजुरचु दुमी राई | बेप्ला | ३२ | साधारण | " |
| २९. | लाल ब. वालक्पा दुमी राई | " | २९ | " | " |
| ३०. | तारामणि खारुबु दुमी राई | माक्पा | २९ | एस.एल.सी | " |
| ३१. | बृहष्पती वालक्पा दुमी राई | " | २९ | " | " |
| ३२. | उमासरी हजुरचु दुमी राई | " | ४७ | साधारण | " |
| ३३. | गौतमबुद्ध खारुबु दुमी राई | " | ४९ | एस.एल.सी | " |
| ३४. | विकास हजुरचु दुमी राई | " | ३३ | " | " |
| ३५. | राजन निरौला | " | ३७ | एम.एड | शिक्षण |
| ३६. | पुष्प खारुबु दुमी राई | " | ३७ | एस.एल.सी | कृषि |
| ३७. | सुवास वालक्पा दुमी राई | " | २६ | " | " |
| ३८. | धन कुमारी हलक्सु दुमी राई | लेवा | ४९ | साधारण | " |
| ३९. | बिन्दु हसक्सु दुमी राई | " | ५० | " | " |
| ४०. | बासुमाया हलक्सु दुमी राई | " | ४९ | " | " |
| ४१. | बाल कु. हजुरचु दुमी राई | लुम्दु | | एस.एल.सी | " |
| ४२. | रोसन हजुरचु दुमी राई | लुम्दु | ४१ | साधारण | " |
| ४३. | सूर्य ब. हलक्सु दुमी राई | माक्पा | ४७ | " | " |
| ४४. | युवराज हलक्सु दुमी राई | लुम्दु | ३७ | " | व्यापार |
| ४५. | तिर्थ ब. हजुरचु दुमी राई | बेप्ला | ६३ | | कृषि |
| ४६. | रामकृष्ण हजुरचु दुमी राई | इलीम | २७ | एस.एल.सी | " |
| ४७. | पवन हजुरचु दुमी राई | " | १८ | " | " |
| ४८. | लक्ष्मण हजुरचु दुमी राई | " | २७ | " | " |
| ४९. | खेम राज हजुरचु दुमी राई | " | २७ | " | " |
| ५०. | झमक ब. हलक्सु दुमी राई | माक्पा | ३९ | आइ.ए. | " |
| ५१. | टीकामाया वालक्पा दुमी राई | " | ५० | साधारण | " |
| ५२. | मकर ब. वालक्पा दुमी राई | बाक्चुवा | ५९ | एस.एल.सी | शिक्षण |





**चैत्र २६ गते नोरुङमा सम्पन्न कार्यक्रममा सहभागिहरू:**

| | | | | | |
|---|---|---|---|---|---|
| ५३. | संगम हलक्सु दुमी राई | नोरोङ | ६ | दुई | विद्यार्थी |
| ५४. | आयुश हलक्सु दुमी राई | " | ८ | तीन | " |
| ५५. | आशिका खारुबु दुमी राई | " | ९ | तीन | " |
| ५६. | करुणा हलक्सु दुमी राई | " | ११ | छ | " |
| ५७. | सृष्टि राई | " | ४ | एक | " |
| ५८. | जिवन खारुबु दुमी राई | " | २१ | दश | कृषि |
| ५९. | धन ब. खारुबु दुमी राई | " | २४ | " | " |
| ६०. | भि. जस ब. हलक्सु दुमी राई | " | ६७ | पाँच | व्यापार |
| ६१. | टेक ब. हलक्सु दुमी राई | " | २३ | दश | कृषि |
| ६२. | कबिराज हलक्सु दुमी राई | " | २५ | बाह्र | " |
| ६४. | अस्मीता नाछिरिङ राई | " | ३० | साधारण | कृषि |
| ६५. | दुर्गा खारुबु दुमी राई | " | ५२ | " | " |
| ६६. | धन कुमार हलक्सु दुमी राई | " | १९ | " | |
| ६७. | लक्ष्मी " " | " | ३६ | " | " |
| ६८. | मन कुमारी " " | " | ५८ | " | " |
| ६९. | लिलामाया " " | " | २८ | " | " |
| ७०. | सीतादेवी वालक्पा दुमी राई | " | ५४ | एस.एल.सी | शिक्षण |
| ७१. | राधिका खारुबु दुमी राई | " | ३० | " " | कृषि |
| ७२. | नरमुणी हलक्सु दुमी राई | " | ६१ | साधारण | " |
| ७३. | टेक ब. " " | " | ५४ | " | " |
| ७५. | पुकार " " | " | २० | प्लस टु | |
| ७६. | डम्बर " " | " | १२ | पाँच | विद्यार्थी |
| ७७. | खगेन्द्र " " | " | ११ | चार | " |
| ७८. | मनकुमारी " " | " | ५८ | साधारण | व्यापार |
| ७९. | हेम कुमारी खारुबु दुमी राई | " | २० | एस.एल.सी | |
| ८०. | सि. जस ब. हलक्सु दुमी राई | " | ७३ | साधारण | कृषि |
| ८३. | बिमलादेवी " " | " | ४५ | साधारण | " |
| ८४. | लोक ब. " " | " | ५६ | एस.एल.सी | " |
| ८५. | अम्बिका " " | " | ५५ | साधारण | " |
| ८६. | पेशल खारुबु दुमी राई | " | १४ | नौ | विद्यार्थी |
| ८७. | सरुमाया हलक्सु दुमी राई | " | ६० | साधारण | कृषि |
| ८८. | अमिता " " | " | ४० | " | " |
| ८९. | दिलकुमारी " " | " | ५५ | " | " |

## वि.स. २०७६ बैशाख ७ र ८ गते धोवीघाट, ललितपुरमा सम्पन्न दुमी भाषाको वर्णमाला प्रवर्द्धन कार्यक्रमको सार संक्षेप तथा सहभागीहरूको नामावली:

**१. सहभागीहरूको प्रतिक्रिया, भनाईहरू:**

शुभ कुमार दुमी राई (६०) ले यही सिकाईबाट हामीले भविष्यमा मातृभाषामा अध्ययन, अध्यापन गर्नको लागि हामीलाई पाठ्यक्रम बनाउनको लागि यो अनुभवले ठूलो मद्दत गर्ने कुरा बताउँनुभयो ।

सरीता दुमी राई (२५) भन्नुहुन्छ- हाम्रो पनि भाषा रहेछ नि भन्ने आभाष दिलाइ दिनुभयो, सुनेको मात्रै थिए दुमी भाषा छ भनेर तर यस दुई दिनको कार्यक्रममा प्रत्यक्ष सिक्ने, बोल्ने अवसर पाईयो । अर्पना दुमी राई (१९) ले भाषा लेखन सिकाई, बुझाई र अभ्यासलाई प्राथमिता दिइएको, आफ्नो भाषाका शब्दहरू लेख्न र थोरै भए पनि बुझ्न सक्नुभयो ।

दौ बहादुर दुमी राई (४२) ले दुमी भाषा बोलचाल र लेखनको लागि स्वर वर्ण सात र व्यन्जन वर्ण ३० गरी जम्मा ३७ वटा हुँदो रहेछ र मेरो मनमा लागेका (रहेका) खुल्दुली यहाँ आएर प्रष्ट भयो भन्नुहुन्छ । कुल बहादुर दुमी राई (३७) ले 'दुमी भाषा सिक्न र सिकाउन पाइयो, दुमी शब्द, लेखाई, मात्रा, आधा अक्षर लेखन, बोलचाल अभ्यास राम्रो लाग्यो ' भन्नुभयो । भैरव दुमी राई (४०) लाई चाहिँ दुमी भाषाको गीत अति राम्रो लाग्यो ।

मातेराज दुमी राई (४१) ले दुमी वर्णमाला, मात्राजरूको प्रयोगबारे प्रष्ट भएको प्रतिक्रिया दिनुभयो । अक्ष कुमार दुमी राई (५४) ले दुई दिनको यो भाषा सिक्दा निकै जानेको महशुस गर्नुभयो । सन्तोष दुमी (३४) लाई दुमी भाषा लेखनशैली, दुमी भाषा बोलाइ र सहजकर्ता दुवै जनाले पालैपालो सिकाएको कुरा मन पऱ्यो ।

**२. कार्यक्रमको सबभन्दा राम्रो र सम्झन लायक कुरा र चुनौतीहरू:**

मातेराज दुमी राई (४१) ले कार्यक्रमको उद्देश्य प्रष्ट हुनु र अन्तरक्रियाको माध्यमबाट समस्याको समाधान खोज्ने विधि राम्रो लागेको प्रतिक्रिया दिनुभयो । उहाँले अघिल्लो दिनको कक्षाबारे भोलिपल्ट दुमी भाषामा प्रतिवेदन लेखेर ल्याएर सबैको अगाडि वाचन गरेर सुनाउनु भयो ।

कक्षामा सहभागी दुमी भाषा प्रष्ट बोल्न नसक्नेहरूको लागि सुरुमा गाह्रो भएता पनि कार्यक्रमको अन्त्यसम्ममा आइपुग्दा सबैमा आत्मविश्वास, हौसला जागेको, सिके जानिदो रहेछ भन्ने राम्रो प्रभाव कार्यक्रमले पाऱ्यो । सिकाई सामग्रीहरूको अधिकतम रुपमा प्रयोग गरी सहभागीहरूलाई नै निष्कर्ष तथा नेपाली अनुवाद समेत गर्न लगाउँदा अझ सिकाई विधि प्रभावकारी बन्यो ।

**३.कार्यक्रमको समग्र सारांश मूल्याङ्कन:**

सम्पूर्ण सहभागीहरूको भनाई, प्रतिक्रिया अत्यन्त सकारात्मक रहयो । कक्षामा दुमी भाषा प्रष्ट बोल्न सक्ने र नसक्ने गरी दुवै किसिमका सहभागीहरू रहनु भयो । हरेक क्रियाकलापमा सहभागीहरूको प्रत्यक्ष सहभागितामा कक्षा सञ्चालन गरियो ।

भाषा नजाल्नेहरूको लागि सुरुमा गाह्रो भएता पनि तर कार्यक्रमको अन्त्यसम्ममा आइपुग्दा सहभागीहरूमा आत्मविश्वास र हौसला जगायो । दुमी भाषा कसरी लेख्ने, बोल्ने र पढ्ने विषयमा यो कार्यक्रम आधार स्तम्भ बन्यो । दुमी भाषाको स्वर वर्ण तथा व्यन्जन वर्णहरूको निर्धारण, वर्णहरूको संख्या, उच्चारण गर्ने तरिका, आगन्तुक शब्दहरू लगायतको विषयमा सहभागीहरूले राम्रो ज्ञान प्राप्त गर्नुभयो





**४.सहभागीहरूको उपस्थिती विवरण:**

| क्र.स. | नामावली | ठेगाना | उमेर | शिक्षा | पेसा |
|---|---|---|---|---|---|
| १. | अस्मिता राई | धुम्बाराही | २७ | मास्टर | |
| २. | सरीता राई | खोटाङ | २५ | | |
| ३. | गणेशभक्त राई | भक्तपुर | ५४ | एम.पी.ए. | |
| ४. | शुभ राई | शान्तीनगर | ६० | एम.बी.ए. | |
| ५. | अक्ष कुमार राई | काठमाडौं | ५४ | एस.एल.सी | |
| ६. | भैरव राई | काँडाघारी | ४० | " | |
| ७. | गोपी राई | अत्तरखेल | ५० | | |
| ८. | मधुकला राई | " | ६२ | एस.एल.सी | |
| ९. | जानुका राई | भक्तपुर | ६२ | एम.एड. | |
| १०. | अर्पना राई | खोटाङ | १९ | प्लस टु | |
| ११. | चतरभक्त राई | सप्तेश्वर, केपीलास | ६३ | स्नातकोत्तर | प्राध्याप |
| १२. | सन्तोष दुमी | " | ३४ | प्लस टु | संगीत |
| १३. | कुल ब. दुमी | नोरुङ, खोटाङ | ३७ | | |
| १४. | दौ ब.राई | ऐसेलुखर्क-७, नोरुङ | ४२ | एस.एल.सी | |
| १५. | सुरेश राई | सप्तेश्वर, हाल बालाजु | ३२ | बी.ए. | वै.रोज |
| १६. | आर.एस. राई | ल.पु. | ६६ | | |
| १७. | मातेराज राई | काठमाडौं | ४१ | बी.ए. | कृषि |
| १८. | वर्षा राई | " | १२ | सात | विद्यार्थी |
| १९. | बबी राई | " | ५० | | |
| २०. | तेज कुमार राई | ललितपुर | ३० | ए लेभल | |
| २१. | प्रदिप स्युबा | बौद्ध (हिज नेपाल) | ३४ | | |
| २२. | डा. नेत्रमणि राई | आरुबारी | ५० | पीएचडी | भाषाविद |
| २३. | कीर्ति कुमार राई | तीनचुली, बौद्ध | | एम.ए. | |
| २४. | तेजमाया राई | धोबीघाट | | एम.ए. भाषा विज्ञान | |

# चितामाथि जिउँदो मसान



-युवराज छिद्र
केपिलासगढि-४, लाम्दीजा माक्पालीडाँडा

आकाशतिर फर्केर
भाग्य छाम्नेहरूको भिडमा
उच्छ्वासको पयर टुक्रिएको म
खोरन्डो निधार दोषी देखाउँदै
लामबद्ध हुने कृतिम कोशिस गर्छु ।

बैशाखीको मन नै बिरक्तले
आकुल-व्याकुल भएको बेला
के चल्छ र जोड कठै !
रगताम्य सपनाको मसानमा
सिंगो म एक्लै
मलामीको लहर लगाउँछु ।

चित्तामाथि जिउँदो मसान
जब, देश निलेर रगत डकार्ने
हुंकार फुक्छ,
म लज्जाकाबोधले अझ लंगडो हुन्छु
ऊ यति सुन्दर थियो कि
बलात्कारीको उद्देश्यमा ऊ स्वयम् कंकाल ठहरियो ।

म के भनौं
उहीं घाटबाट झिल्का टिपेर
आगो जोड्ने चेष्टा छ म मा ।

रगतले भिजेको माटोमाथि उभिएर
किंकर्तव्यबिमुढ
उसले निलेको मानवहरूबाट नै
उसकै कविता लेख्ने अभियान छ म मा
बादलको बेवास्ता गर्छु,
र अध्याँरोको बिरोध गर्छु
उज्यालोको संवाहक
तिमी पनि हौ र म पनि
मरेका सपनाहरू ब्युताएर
भोलिको सुन्दर बिहानी घोषणा गर्ने इन्कलाब
यहींबाट हुन्छ ।

# जीवन



हेम हलक्सु दुमी राई
इटहरी, तरहरा-२०, सुनसरी

जीवन एक अवसर हो, यसको लाभ उठाउनुहोस्
जीवन सुन्दर छ, यसलाई प्रशंसा गर्नुहोस्
जीवन एक सपना हो, यो महसुस गर्नुहोस्
जीवन एक चुनौती हो, यसलाई भेट्नुहोस् ।

जीवन एक खेल हो, यसलाई खेल्नुहोस्
जीवन एक वचन हो, यसलाई पूरा गर्नुहोस्
जीवन दुख्छ, यसलाई पराजित गर्नुहोस्
जीवन एक गीत हो, यसलाई गाउनु होस् ।

जीवन संघर्ष हो, यसलाई स्वीकार गर्नुहोस्
जीवन एक डर हो, यसको सामना गर्नुहोस्
जीवन साहस हो, यो हिम्मत गर्नुहोस्
जीवन भाग्य हो, यसलाई बनाउनुहोस् ।

जीवन धेरै बहुमूल्य छ, यसलाई नष्ट नगर्नुहोस्
जीवन जीवन हो, यसको लागि लड्नुहोस् ।





## साम्सी सार्वजनिक

मिति २०७६/०५/२७ शुक्रबारको दिन किराया केटेश्वर सुम्निमा हलमा किरात राई लेखक संघको आयोजनामा तेजमाया मुरह दुमी राईद्वारा लिखित साम्सी नामक गीति सङ्ग्रहको लोर्कापण भएको छ । उक्त लोर्कापण कार्यक्रमसँगै साम्सी के हो ? कहाँ पाइन्छ ? यस्को किराती सभ्यता, संस्कार संस्कृतिभित्र कस्तो महत्व रहेको छ भन्ने बारे बहस बिमर्श भएको थियो । जस्मा प्रमुख वक्ताहरू प्रा.चतुरभक्त सत्म दुमी राई(दुकिराफ अध्यक्ष), डा.नेत्रमणि हलक्सु दुमी राई(दुकिराफ महासचिव), डा. तारामणि राई(स.प्रा.त्रि.वि.भाषा विज्ञान) रहेका थिए भने प्रमुख अतिथि किराया केन्द्रीय महासचिव जनक राई, नक्छो प्रेम राईचु, भाषिक तथा भात्र संस्थाका प्रतिनिधि साथै कवि, लेखक लगायत अन्य व्यक्तित्व माझ सम्पन्न भएको थियो । कार्यक्रमको उदघाटन नक्छोद्वारा दाखुरुले गरी तीन चूल्हामा आगो बाली सुनपाती धुप जलाएर पूर्खालाई खामादीमा चढाएर गरिएको थियो । विशेषत साम्सी भित्र खोटाङ जिल्लाको उत्तरी भेगको दुमी थात थलोमा गाइने लोक भाकाका पृथक हाक्पारेहरू, किराती पौराणिक कला संस्कार-सस्कृति चाड पर्वमा गाईने साल्पा गीत, सकला, लोक, झ्याउरे, आधुनिक, बाल जो मानविय जीवनमा प्रचलित सबै किसिमका गीतहरू समाविष्ट रहेको उक्त संग्रहमा जम्मा ३८ ओटा गीति रचनाहरू रहेका छन् ।



## 'दुमी ब्र चप्लाम' पुस्तकको दोस्रो संस्करण प्रकाशित

दुमी किरात राई फन्सीकीम केन्द्रीय कार्य समिति महासचिव डा. नेत्रमणि दुमी राईद्धारा लिखित दुमी भाषा लेखन (दुमी ब्र चप्लाम) दोस्रो संस्करण २०७६ (सन् २०१९) पुस्तक प्रकाशित भएको छ । दुमी किरात राई फन्सीकीम र हिमाली आदिवासी समाज, नेपाल (हिज नेपाल) प्रकाशक रहेको यस पुस्तक हिमाली आदिवासी समाज, नेपालको आर्थिक सहयोगमा प्रकाशित भएको हो ।

उच्चारणको सही प्रतिनिधित्व, लेखाइमा एकरूपता, सिक्नको लागि सजिलो, सरलता एवम् सहजता र सहमतिपूर्ण र स्वीकार्यता गरी पाँच वटा प्रचलित मान्यताहरूलाई ध्यानमा राखी तयार पारिएको यस पुस्तक दुमीभाषीहरू, भाषा विशेषज्ञ, लेखक, पत्राकार, शिक्षक, संस्थाका पदाधिकारीहरू समेतको सल्लाह र सुझाव अनुसार दुमी भाषा लेखनलाई मानवीकरण गर्ने उद्देश्य लिइएको छ ।

